# चौदण्डीगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेलटार, उदयपुर,

१ नं. प्रदेश

# चौदण्डीगढी नगरपालिकाको पार्श्वचित्र, २०७९

## बेलटार, उदयपुर



२०७९

# अन्तिम प्रतिवेदन

परामर्शदाता संस्था

ऋएसन नेपाल इन्जिनियरिङ सोलुसन् प्रा. लि.

का.म.न.पा.- १०,

नयाँबानेश्वर, काठमाण्डौं

# आभार

चौदण्डीगढी नगरपालिको कार्यालयले चौदण्डीगढी नगरको पार्श्व चित्र तयार गर्ने कार्यको कम्रमा मस्यौदा प्रतिवेदन तयार गर्ने कार्य अनुरुप स्थानीय सरोकारवालाहरुको कार्यशाला गोष्ठी संचालन गरी नगरपालिका वस्तुगत विवरण तयारी कार्यविधि, २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय योजना आयोगको योजना तर्जुमा सम्वन्धी निर्देशिका तथा संघिय मामिला तथा संघीय मामिला मन्त्रालयको निर्देशन अनुरुप यस चौदण्डीगढीको पार्श्वचित्र प्रतिवेदन तयार पारिएको छ ।

यस पार्श्वचित्र प्रतिवेदनलाई सफलतापुर्वक लेखन, विश्लेषण तथा अनुसन्धान कार्यमा शुरुवात देखि अध्ययन टोलीलाई सहयोग गर्नुहुने मेयर, उपमेयर ज्युलाई धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

चौदण्डीगढी नगरपालिकाको योजना दस्तावेजमा रहेको द्वितिय स्तरीय सुचनालाई व्यवस्थित गर्नका र योजनाको प्रतिवेदन लेखन कार्यको लागी नगरपालिकाको प्रशासकिय प्रमुख र योजना शाखाका प्रमुख, सूचना अधिकारी ज्युको सकृयता एंव सचेतनता र साथै जनचाहानाको आधारमा संभाव्यताको पहिचान गर्न र त्यसको समाधानका लागी विकासका साझेदारहरुसंगको अन्तर सम्बन्ध र पारदर्शि कार्यशैली अपरिहार्य महशुस गरिएको छ ।

चौदण्डीगढी नगरपालिकाको पार्श्वचित्र मस्यौदा प्रतिवेदन  अन्तरगत विवरणवाट प्राप्त विश्लेषणलाई आवधिक विकास योजनामा उतार्नका लागी पक्षवाट आत्मासात गरी साकार पार्न सबै वर्गले योगदान गर्नु हुनेछ भन्ने कामनाका साथ यो पार्श्वचित्र प्रतिवेदन तयारीका दौरानमा सहयोग गर्नु हुने सम्पूर्ण निर्वाचीत प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु लगाएत पदाधिकारीहरु, वुद्धिजिवी, समाजसेवी, हाम्रा गणक भाइबहिनीहरु ,अग्रज, महिला दिदीबहिनी, व्यवसायी, चेतनशिल जनसमुदायहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

अध्ययन टोलि प्रमुख

# अनुसुचीहरु

# तालिका

**परिच्छेद १ : परिचय ........ 1**

१.१ पृष्ठभूमि........ 1

१.२ योजना तर्जूमाको उद्देश्य ........ 2

१.३ योजना तर्जूमाको आधारहरू........ 2

१.४ सीमाहरू........ 3

१.५ चौदण्डीगढी नगरपालिकाको वस्तुगत विवरण र समीक्षा........ 4

**परिच्छेद २ : समष्टिगत योजना र स्रोत व्यवस्थापन ........ 6**

२.१ पृष्ठभूमि........ 6

२.२ चुनौती तथा अवसर........ 6

२.३ योजना खाका ........ 7

२.३.१ स्थानीय तहको दीर्घकालीन सोच........ 7

२.३.२ स्थानीय तहको लक्ष्य ........ 8

२.३.३ स्थानीय तहको उद्देश्य ........ 9

२.३.४ समष्टिगत प्राथमिकता तथा रणनीति र कार्यनीतिहरू........10

२.३.५ परिमाणात्मक लक्ष्य ........11

२.३.६ अपेक्षित उपलब्धि ........12

२.३.७ क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतिहरु ........12

२.३.८ गौरवका आयोजना........20

**परिच्छेद ३ : आय तथा व्यय र अन्य स्रोत परिचालन ........21**

३.१ आय तथा व्यय र अन्य स्रोत परिचालन........21

३.२ योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण........22

३.२ सार्वजनिक खर्च........23

३.३ राजस्व ........27

३.४ अन्य स्रोत परिचालन(सार्वजनिक, निजी र सहकारी साझेदारी)........31

**परिच्छेदक ४ : आर्थिक क्षेत्र........35**

४.१ कृषि ........35

४.२ पशुपन्छी विकास ........40

४.३ खाद्य सुरक्षा तथा पोषण........44

४.४ सिँचाइ ........48

४.५ भूमि व्यवस्था........52

४.६ वन तथा वनस्पति सम्पदा ........56

४.७ उद्योग........60

४.८ वाणिज्य........64

४.९ आपूर्ति........68

४.१० पर्यटन ........71

**परिच्छेद ५ : सामाजिक क्षेत्र ........ 75**
५.१ जनसङ्ख्या तथा बसाइसराइँ ........ 75
५.२ शिक्षा ........ 82
५.३ स्वास्थ्य तथा पोषण ........ 93
५.४ युवा ........ 101
५.५ खेलकुद ........ 106
५.६ महिला ........ 110
५.७ बालबालिका तथा किशोरकिशोरी ........ 115
५.८ ज्येष्ठ नागरिक ........ 118
५.९ अपाङ्गता भएका व्यक्ति ........ 120
५.१० सामाजिक सुरक्षा तथा संरक्षण ........ 122
५.१३ श्रम तथा रोजगारी ........ 136
**परिच्छेद ६ : पूर्वाधार क्षेत्र ........ 141**
६.१ ऊर्जा ........ 141
६.२ वैकल्पिक तथा अन्य ऊर्जा ........ 144
६.३ सडक ........ 148
६.४ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ........ 153
६.५ विज्ञान तथा प्रविधि ........ 157
६.६ शहरी विकास ........ 161
६.७ आवास तथा बस्ती विकास ........ 168
६.८ खानेपानी तथा सरसफाइ ........ 172
**परिच्छेद ७ : वन, वातावरण तथा प्रकोप व्यवस्थापन ........ 178**
७.१ वन, वातावरण तथा प्रकोप व्यवस्थापन ........ 178
**परिच्छेद ८ :संस्थागत विकास तथा सुशासन ........ 185**
८.१ संस्थागत विकास ........ 185
८.२ शासकीय सुधार ........ 190
८.३ प्रशासकीय सुशासन ........ 195
८.४ वित्तीय सुशासन ........ 199
**परिच्छेद ९ : अन्तरसम्बन्धित विषय ........ 203**
९.१ गरिबी निवारण ........ 203
९.२ उद्यमशीलताको विकास ........ 211
९.३ समानता तथा समावेशिता ........ 215
९.४ वातावरण संरक्षण ........ 219
९.५ जलवायु परिवर्तन ........ 225
**९.५.५ रणनीति र कार्यनीति ........ 226**
९.६ विपद् व्यवस्थापन ........ 229

९.७ मानव संशाधन विकास ........ 234
**परिच्छेद १० : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ........ 238**
१०.१ योजना तर्जुमा ........ 238
१०.२ आयोजना बैङ्क ........ 238
१०.३ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय ........ 242
१०.४ अनुगमन तथा मूल्याङ्कन ........ 246

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ साल देखि प्रारम्भ भएको हो । आरम्भमा केन्द्रीय सरकारको पूर्ण जिम्मेवारी रहने व्यवस्था भएको योजना प्रणाली समय समयमा भएका राजनीतिक परिवर्तन र राज्यले अबलम्बन गरेका ऐननियमहरू मुताबिक फेरबदल हुँदै आएको छ । खासगरी २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् सरकारले अपनाएको विकेन्द्रीकरण नीतिअनुसार केन्द्रीकृत योजना प्रणालीमा परिवर्तन भई स्थानीय योजना पद्धतिले संस्थागत हुने मौका पाएको हो । सरकारद्वारा जारी गरिएको आवधिक योजना तर्जुमा गर्ने प्रावधान गरेको कुरा आफैंमा एक ऐतिहासिक कदमको रूपमा लिइन्छ । पछिल्लो समयको राजनीतिक परिवर्तनपछि जारी गरिएको नेपाल संविधान २०७२ अनुसार देशमा सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकार रहेका छन् । नागरिकका विकास र समृद्धिका अपेक्षाहरू पूरा गर्न यी सरकारहरूले मूलतः सहभागितामा आधारित योजना पद्धति अपनाउन संविधान र सो अनुरूप बनाइका ऐननियमहरूको परिधिमा रही आवश्यक कार्य गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ भन्ने व्यवस्था भएबाट सबै स्थानीय तहले आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने देखिन्छ ।

स्थानीय योजनाले नागरिकका विकासका तत्कालीन तथा दीर्घकालीन आवश्यकता पूर्ति गर्नुका साथै स्थानीय तहमै रोजगारी सिर्जना तथा सेवा प्रवाह भई राज्यले लिएको सुखी नेपाली समृद्ध नेपालको लक्ष्य पूरा गर्न टेवा पुऱ्याउने अपेक्षा गरिन्छ । खासमा स्थानीय योजनाले स्थानीय क्षेत्रकै मानवीय तथा भौतिक स्रोत र साधनको परिचालन गरी जनचाहना र नेतृत्वका राजनीतिक प्रतिबद्धता अनुरूप स्थानीय तथा क्षेत्रीय विकासका लक्ष्यहरू पूरा गर्ने उद्देश्य राख्तछ । चाहे योजना वार्षिक होस् या आवधिक या रणनीतिक होस्, जनसहभागिता यसको पूर्व शर्त हो । यिनको तर्जुमा स्थानीय निकायले ओगट्ने क्षेत्रका विभिन्न टोल इलाकाका बासिन्दाहरूले आपसी छलफल र परामर्शका आधारमा गर्दछन् । प्रक्रियागत रूपमा समय लाग्ने भएतापनि जनताका दैनिक तथा दीर्घकालीन आवश्यकता दिगो रूपमा पूरा गर्दै सङ्घीय सरकारले अख्तियार गर्ने विकास रणनीति र लक्ष्यसँग समेत सम्बन्ध राख्ने हुनाले स्थानीय योजनाको महत्त्व धेरै छ ।

अहिले स्थानीय तहले आफै आवधिक योजना निर्माण गर्नुपर्ने हुन्छ । यस्ता योजनामा विकासका समस्या र तिनको समाधानका उपायको पनि सुक्ष्म विश्लेषणसमेत गरिन्छ । योजनाको अभावमा प्रत्येक कार्यको गलत सुरुवात हुन्छ भन्ने भनाइ छ । तसर्थ स्थानीय तहहरूको अगुवाइमा आवधिक योजना तर्जुमा गर्ने कार्य कानुनतः बाध्यात्मक र व्यवहारतः नागरिकका आकाङ्क्षा एवम् गाउँ, ठाउँ र बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा विकासका विषयको पहिचान, क्रियाकलाप निर्धारण एवम् स्रोतसाधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, उत्साह बढाउने, विश्वास दिलाउने र विकास-न्याय स्थापित गर्ने महत्त्वपूर्ण उपाय हो । विकास प्रदायक निकाय, सेवाग्राही, सहयोगी र पर्यवेक्षकसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्याङ्कन, विश्लेषण, परामर्श र सहमतिका साथै सरोकारवाला सबैको पूर्ण स्वामित्वमा आवधिक योजनाको दस्तावेज तयार

पारी स्थानीय तहको विकास योजना तर्जुमा गरी स्थानीय क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। नगरपालिकाको अगुवाइमा तर्जुमा हुने आवधिक विकास योजना नगरपालिकाको सम्भावनालाई समृद्धिमा रूपान्तरण गर्ने स्पष्ट दीर्घकालीन सोचसहितको योजना दस्तावेज हो। यसमा समस्या र समाधानका उपायको पनि सुक्षम विश्लेषण गरिन्छ।

## १.२ योजना तर्जूमाको उद्देश्य

नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी निर्देशिका, मापदण्ड र ढाँचाको अनुशरण गरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति तथा योजना र दिगो विकासका लक्ष्यसँग तादाम्यता कायम हुने गरी नगरको दीर्घकालीन सोच, स्थानीय आवश्यकता, प्राथामिकता र विकासका सम्भावनाहरूका आधारमा एकीकृत विकास / आवधिक योजना तयार भएको हुनेछ। नगर आवधिक विकास योजना तर्जुमाको उद्देश्य देहायबमोजिम रहेको छ। दीर्घकालीन सोच (Vision) र उद्देश्य (Goal) अनुरूप आवधिक विकास योजना तर्जुमा गरी त्यसैबाट निर्देशित वार्षिक कार्यक्रम तर्जुमा गर्न उत्प्रेरणा जगाउनेछ :

- आर्थिक बृद्धि र सामाजिक रूपान्तरणलाई आधार बनाई नतिजामा आधारित वार्षिक कार्यक्रम र बजेट तर्जुमालाई निर्देशन गर्न,
- सेवासुविधालाई सर्व सुलभ, गुणस्तरीय र विश्वसनीय बनाउन,
- बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासनलाई योजना प्रक्रियामा समाहित गरी सुनौलो भविष्य निर्माण गर्न,
- समावेशी सहभागिता प्रवर्द्धन गर्न,
- राजनीतिक दल लगायत सबै सरोकारवालालाई सहभागी गराई सम्वादका माध्यमबाट विकासमैत्री वातावरणको निर्माण र विकास सम्बन्धी सोचमा समभ्रुदारी, खोजमा सहकार्य र छनोटमा सहमति कायम गरी विकासमा नयाँ लहर पैदा गर्न,
- वार्षिक विकास कार्यक्रम तथा बजेटलाई दीर्घकालीन सोचबाट अभिप्ररित भई तर्जुमा हुने परिपाटी बसाउन,
- आवधिक विकास योजना तर्जुमाको सिलसिलामा आयोजना हुने अनुशिक्षण र परामर्श गोष्ठीका माध्यमबाट जनतालाई विकास गतिविधिबारे जानकार हुने अवसर प्रदान गर्न र उनीहरूको आवश्यकताको सम्बोधन हुने तरिकाबारे आश्वस्त पार्न,
- विकास प्रदायक निकायहरूलाई जनताप्रति जिम्मेवारी र जवाफदेही बनाउन,
- विकास प्रकृयामा नेतृत्व, स्वामित्व र सहयोगी भूमिकाबारे स्पष्ट कार्य क्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्न,
- स्थानीय सम्भावनालाई समृद्धिमा रूपान्तरण गर्न अवरोध (Bottleneck) को पहिचान, समाधानको किटान र स्रोतसाधनको विनियोजनलाई मार्गनिर्देश गर्न,
- स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकता बीच तालमेल कायम गर्न,
- सबै विकास प्रदायक निकायले आवधिक विकास योजनालाई शिरोधार गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गरी स्थानीयस्तरमा विकास कार्य गर्ने अवस्था सिर्जना गर्न।

## १.३ योजना तर्जूमाको आधारहरू

**योजना तर्जूमाको आधारहरू निम्न रहेका छन।**

- नीतिगत र कानुनी व्यवस्था
  - नेपालको सविधान, २०७२
  - स्थानीय सरकार सञ्चालन ऐन २०७४,
  - स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ले प्रत्येक नगरपालिकाले आवधिक योजना बनाउनुपर्ने अनिवार्य व्यवस्था, प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा पाँच वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्ने,

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४,
- विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू,
- राष्ट्रिय भूउपयोग नीति २०७२
- विद्यमान ऐन, नियमहरू,

आवधिक योजनाको प्रमुख उद्देश्य देशको आर्थिक सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो । योजनाको कार्यान्वयनबाट योजना अवधिमा देशको आर्थिक सामाजिक साथै वातावरणीय पक्षमा समेत सुधार हुनु आवश्यक हुन्छ । तसर्थ योजना तर्जुमा गर्दा देशको संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न ऐन नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ । तसर्थ योजना तर्जुमा गर्दा निम्नलिखित आधार लिनु आवश्यक हुन्छ :

१) राष्ट्रिय/ प्रादेशिक/ स्थानीय तहको दीर्घकालीन सोच,
२) राष्ट्रिय /प्रादेशिक आवधिक योजना,
३) दिगो विकास लक्ष्य,
४) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशन,
५) स्थानीय तहको प्रमुख समस्या र सम्भावना,
६) स्थानीय तहमा सहभागी दलहरूको घोषणापत्रहरू,

आवधिक विकास योजना (आवियो) तर्जुमासँग प्रत्यक्ष सम्बन्धित तल उल्लेखित कार्यहरूसमेत आवधिक योजना तर्जुमाको पूर्वाधार भएकाले अग्रीम रूपमा यो तयार गर्नुपर्ने कुरा ऐन र नियमावलीमा व्यवस्था भएको छ ।

## १.४ सीमाहरू

योजना भनेको भविष्यको अनिश्चिततालाई वस्तुगत आधारमा निश्चिततामा परिणत गरी भविष्यलाई आफूले चाहेको जस्तो अवस्था (दीर्घकालीन सोच र लक्ष्य) तर्फ उन्मुख गराउने पद्धति हो ।

परामर्शदाताले सम्पन्न गर्नु पर्ने कामको क्षेत्र निम्नानुसार रहेको छ :

क) राष्ट्रिय तथा प्रदेश तहका नीति, योजना र सान्दर्भिक कानुनको अध्ययन गर्ने,
ख) नगरपालिकाको नीति, योजना, कानुन र दस्तावेजको अध्ययन गर्ने,
ग) विषयगत समितिहरू गठन र छलफल गर्न सहजीकरण गर्ने,
घ) नगरपालिकामा आवधिक योजना बारे अभिमुखीकरण गर्ने,
ङ) आवश्यक तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रमाणीकरण गर्ने,
च) एकीकृत आवधिक योजना तर्जुमाको लागि विभिन्न तह र चरणमा कार्यशाला र छलफल आयोजना गर्ने,
छ) आवधिक योजना निर्माण गर्दा परामर्शदाताले कार्यस्थलमै प्राविधिक सहजकीकरण समितिको प्रत्यक्ष निगरानीमा आवश्यक दस्तावेजहरू तयार गर्ने,
ज) आवधिक योजनाका आधारमा आगामी तीन वर्षको मध्यकालीन खर्च संरचनाको आधार तयार गर्ने,
झ) आवधिक योजना कार्यान्वयका लागि आवश्यक पर्ने (वार्षिक रूपमा) सम्भावित स्रोतको आँकलन गर्ने,
ञ) आवधिक योजना निर्माणको क्रममा आबश्यक दस्तावेजहरू तयार गर्ने,
ट) यस कार्यशर्तमा तोकिएअनुसारको विधि, प्रक्रिया, चरण तथा क्रियाकलापहरू पूरा गरी तोकिएको मापदण्ड र ढाँचामा आवधिक योजनाको मस्यौदा तयार गर्ने,
ठ) आवधिक योजना तर्जुमा निर्देशक समितिको निर्देशन र प्रादेशिक सुशासन केन्द्रसँगको आवश्यक समन्वय, सल्लाह–सुझाव र पृष्ठपोषणअनुसार आवधिक योजनालाई अन्तिम रूप दिने,

ड) यस कार्यशर्त विवरण, सम्झौता तथा कार्ययोजना अनुसार कार्य सम्पन्न प्रतिवेदन, तथ्याङ्क, दस्तावेज एवम् कागजातहरू पेश गर्ने,

ढ) आवधिक योजना तयारीको चरणमा रास्ट्रिय योजना आयोग, नेपाल सरकारका मन्त्रालयका नीति, दिग्दर्शन, निर्देशिकालाई अवलम्बन गर्ने ।

## १.५ चौदण्डीगढी नगरपालिकाको वस्तुगत विवरण र समीक्षा

नेपालको संविधान २०७२ को निर्माण पश्चात् देशमा नयाँ सङ्घीय संरचना अनुरूप स्थानीय तहहरूको स्वरूप र सङ्ख्यामा परिवर्तन भएको छ। जसअनुसार हाल देशमा कुल ७५३ स्थानीय तह रहेका छन। जसमध्ये ४६० गाउँपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका रहेका छन । उत्पन्न नयाँ परिपेक्षमा संविधानको मर्मअनुसार विकासलाई बृहत रूपमा प्रत्याभूत गर्न स्थानीय निकायहरूलाई नीति र ऐनकानुन आवश्यक रहेको देखिन्छ। यसै सन्दर्भमा नेपालको सहरी विकास योजनालाई मूर्त रूप दिन नयाँ चुनौतीहरू जस्तै; सामाजिक ढाँचामा भएको परिवर्तन, साँस्कृतिक विचलन, बढ्दो सहरी क्षेत्रको बसाइसराइँ, जीविकोपार्जनमा उत्पन्न कठिनाइ आदि विकसित हुँदै गरेका छन। विगत दशकहरूमा सहरीकरणको मागमा आएको अस्वभाविक बृद्धिलाई सम्बोधन गर्न अल्पकालमा अनियोजित रूपमा निर्माण हुने भौतिक संरचना तथा विकास निर्माणका कार्यहरूले थप असन्तुलन तथा नयाँ समस्याहरू सृजना गरेको पाइन्छ । जनसङ्ख्या बृद्धि, भौतिक संरचनाहरूको अभाव, अव्यवस्थित बसोबास, फोहोर उत्पादन, वातावरणीय ह्रास, बेरोजगारी आदी विकाससिल देशको सहरी क्षेत्रमा सामान्य रूपमा बढ्दै गएका समस्याहरू हुन जसले गर्दा सहरीकरणबाट सृजित हुने आर्थिक अवसरहरूको पूर्ण रूपमा उपायोग हुन सकिरहेको छैन ।

नेपालको पुर्वी पहाडी क्षेत्रमा अवस्थित चौदण्डीगढी नगरपालिका सङ्घीय १ नं प्रदेशको उदयपुर जिल्लामा पर्दछ । जिल्लाको मध्य भागमा अवस्थित चौदण्डीगढी नगरपालिका आधुनिक सहरी सुविधाहरूको कमी रहेको छ जसकारण यस नगरपालिकाका बासिन्दालाई विभिन्न सेवासुविधा, विशेष गरी प्रशासनिक काम, स्वास्थ्य सुविधा, उच्च शिक्षा, रोजगारी र व्यापार व्यवशायका लागि छिमेकी तथा विराटनगरका अन्य सहरी केन्द्रहरूमा निर्भर हुनुपरेको छ ।

राष्ट्रिय जनगणना अनुसार, यस नगरपालिकामा इ.सं. २०२१ को कूल जनसङ्ख्या ४८,५७६ रहेको छ। त्यसैगरी इ. सं. २०१८ को घरधुरी सर्वेक्षणबाट नगरपालिकाको कूल घरधुरी १०,५२९ रहेको देखिन्छ ।

यहाँका बासिन्दाले कृषि तथा पशुपालन, नोकरी, व्यापार र वैदेशिक रोजगार आदि पेशा अँगालेका छन। यस नगरपालिकामा भू तथा प्राकृतिक स्रोत साधनहरूमा वन क्षेत्र (५९.०९ %), कृषि क्षेत्र (२६.१४ % र २.४९ % क्षेत्रफल निर्माण क्षेत्र Built-up को रूपमा रहेको छ। यस क्षेत्रको नँया शहरको रूपमा विकास भएको यस चौदण्डीगढी नगरपालिकामा सामाजिक पूर्वाधारहरू पर्याप्त रूपमा विकास भएको पाइन्छ। यी पूर्वाधारहरू सङ्ख्यामा पुगेको देखिन्छ तर पनि छरिएर रहेको बस्तीहरूमा भने सामाजिक सेवा राम्रोसँग पुगेको देखिँदैन । यसका साथै सामाजिक पूर्वाधारहरू रहेता पनि सेवाको गुणस्तर भने सन्तोष जनक रहेको पाइँदैन । नगरपालिका क्षेत्रमा सहरी सेवा सुविधाहरूको वितरणको अवस्था विष्लेषण गर्दा हालको सहरी पूर्वाधार अपर्याप्त रहेको देखिन्छ। नयाँ सडकको निर्माण बढेको भएता पनि धेरै जसो सडकको अवस्था सुदृढीकरण गर्नुपर्ने देखिन्छ। यसै गरी महत्त्वपूर्ण सूचकको रूपमा रहेको सडक ७.११ कि.मी कालो पत्रे र बाँकी कही गाभेल तथा धुले गरी जम्मा २९९.७३ कि.मी स्तर उन्नती गर्नु पर्ने

देखिन्छ । यसबाहेक अन्य भौतिक पूर्वाधार जस्तै; सतही ढल व्यवस्थापन, फोहोर व्यवस्थापनका साथै नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि गर्नेतर्फ पनि तत्काल ध्यान केन्द्रित हुन आवश्यक छ ।

चरणबद्ध रूपमा भएका छलफल, अभिमुखीकरण, कार्यशाला गोष्ठी र बैठकहरूबाट नगरपालिका विकासको सम्भावना, समस्या, चुनौतीका साथै अग्रणी क्षेत्रहरूको पहिचान गरी नगरपालिका विकासको खाका तयार गरिएको छ । नगरपालिकाका प्रतिनिधि, स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी तथा अन्य सरोकारवालाहरूको अपेक्षा, सुझावसहित, नगरपालिकाको आवधिक विकास योजनाको आधार तय गर्नका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरूको निर्धारण गरिएको छ । नगरपालिकाको दीर्घकालीन सोच ***"चौदण्डीगढी नगरको समृद्धिको आधार : कृषि, शिक्षा र स्वास्थ्यमा विकास"*** निर्धारण गरिएको छ । चौदण्डीगढी नगरपालिकाको विकासका लागि ५ वर्षीय रणनीतिक योजनाको रूपमा रहनेछ । तसर्थ उपलब्ध संसाधनहरूको उचित तथा नियोजित प्रयोगको माध्यमबाट दिगो विकास प्राप्त गर्नु, यहाँका बासिन्दाको सशक्तीकरण, वातावरण संरक्षण र भौतिक पूर्वाधार र आवश्यक सेवाहरूको समान वितरणका साथ सन्तुलित सहरको विकास गर्नु नै यस नगरपालिकाको दीर्घकालीन सोँचको मुख्य लक्ष्य हुनेछ । यसको उद्देश्य, भविष्यमा हुने विकासको लागि रणनीतिक मार्गनिर्देशन प्रदान गर्नु, नगरपालिका क्षेत्रको भौगोलिक विकासको साथसाथै पूर्वाधार विकास, रोजगारीको सिर्जना, नगरपालिकाको अर्थव्यवस्थाको सुदृढीकरण र विद्यमान स्रोतहरूको दिगो तथा उचित परिचालनबाट पूँजीको निर्माण गरी जनताको जीवनस्तर उकास्ने रहेको छ । आवधिक विकास योजनाले चौदण्डीगढी नगरपालिकाको विकास कार्य सहज गर्न सहरी योजना उपकरणको रूपमा सहयोग पुर्‍याउनेछ । यो योजना तयार गर्नका लागि अघिल्लो आवधिक योजनाहरू, प्रतिवेदनहरू, नगरस्तरीय अभिलेखको पुनरावलोकन, अध्ययन विश्लेषण र विस्तृत अध्ययन गरिएको छ । स्थलगत सर्वेक्षण, चरणबद्ध छलफल र विभिन्न बैठकहरूबाट, नगरको वर्तमान अवस्था जानकारी गराउन नगर पार्श्वचित्र तयार गरिएको छ । नगरपालिकाको सवल र कमजोर पक्षहरू पहिचान, सम्भावना र चुनौतीहरूको विश्लेषण गरिएको छ । आवश्यक पूर्वाधारहरूको विश्लेषण, प्रवृत्ति विश्लेषण, स्थलीय (Spatial) विश्लेषण, वित्तीय र आर्थिक विश्लेषण गरी विभिन्न विषयगत उद्देश्यहरू तय गरिएको छ ।

हालको सहरीकरणको अवस्थाको विष्लेषण गर्दा, बस्तीहरू छरिएर रहेको चौदण्डीगढी नगरपालिकाको मदन भण्डारी राजमार्ग । यस अलवा भविष्यमा नगरपालिकाको मुख्य व्यापारिक केन्द्रका रूपमा विकास गर्न सकिने अन्य साना बजार केन्द्रहरू पनि छन । नगरपालिका क्षेत्रमा सहरी सेवा सुविधाहरूको वितरणको अवस्था विष्लेषण गर्दा हालको सहरी पूर्वाधार अपर्याप्त रहेको देखिन्छ । विद्यमान अवस्थाको विष्लेषण गरी, मुख्य व्यापारिक केन्द्र तथा सडक सञ्जाल लगायतका पूर्वाधारको वितरणका आधारमा, नगरपालिका विकासको अवधारणा प्रस्तुत गरिएको छ । मुख्य सहरी केन्द्र, वरिपरिका बाह्य क्षेत्र तथा अन्य बजार केन्द्रहरूमा बस्ती विकासको भिन्न भिन्न अवधारणा अपना गर्नु पर्ने आवश्यकता रहेको छ ।

# परिच्छेद २ : समष्टिगत योजना र स्रोत व्यवस्थापन

## २.१ पृष्ठभूमि

नेपालको संविधान र कानुनमा व्यवस्था भएबमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आ-आफनो प्रदेशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खासगरी प्रदेशस्तरका आर्थिक सामाजिक नीति, प्रदेशस्तरका आयोजना, आफ्नो प्रदेशभित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक विकास योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादाम्यता कायम गर्नुपर्दछ ।

नेपालमा प्रादेशिक योजनाको लामो अनुभव छैन । नेपालको संविधानले सात प्रदेशको गठन गरेबाट नै यस अवधारणाले प्रवेश पाएको हो । अलिक अघिको समयमा जाने हो भने चौथो योजनादेखि लागू गरिएको क्षेत्रीय विकास योजना (Regional Development Planning) को अवधारणा र खाका आज बहसमा आइरहेको प्रादेशिक योजनासँग मिल्दोजुल्दो छ । तथापि दुई योजनाबीचमा राजनीतिक भौगोलिक सीमा तथा स्रोत परिचालन सम्बन्धी अधिकार बाँडफाँडका दृष्टिकोणले धेरै भिन्नता रहेको छ ।

१ नं. प्रदेश नेपालका सात प्रदेशहरूमध्ये आर्थिक, सामाजिक तथा जनसांख्यिक हिसाबले एक महत्त्वपूर्ण प्रदेश हो । यस प्रदेशमा देशको ठुलो हाइड्रो पावर रहेको, चौदण्डीगढी क्षेत्र जस्ता पर्यटकीय दृष्टिकोणले प्रसिद्ध ठाउँहरू यसै प्रदेशमा पर्दछन् । औधोगिक तथा व्यापारिक मालसामान तथा अन्य उत्पादनका हिसाबले समेत यो प्रदेश पछाडि छ। जनसङ्ख्याको दृष्टिकोणले सात प्रदेशहरू मध्ये तेस्रो स्थानमा पर्ने १ नं प्रदेशले विकासले राष्टिय विकासको मुख्य हिस्सा ओगट्न सकेको छैन । खासगरि उत्पादनशील क्षेत्रमा लगानी बृद्धि गर्ने, उत्पादन र उत्पादकत्वको बृद्धि मार्फत आर्थिक बृद्धि गरी गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने, शिक्षामा गुणात्मक सुधार गर्ने, स्वास्थ सेवालाई सर्वसुलभ बनाउने, खेलकुदको विकासद्वारा स्वास्थ नागरिक तयार गर्ने, दिगो पूर्वाधार विकास गर्ने आयोजना तथा कार्यक्रमहरूको कार्यन्वयनमा योजनाले ध्यान दिएको छ। दक्ष मानव पूँजीको विकास गरी प्राकृतिक र सांस्कृतिक सम्पदाको दिगो उपयोगबाट रोजगारी सिर्जना, व्यवस्थित सहरीकरण र भौतिक पूर्वाधार विकास, पर्यावरणीय सन्तुलन, लैङ्गिक समता र सामाजिक समावेशीकरणको माध्यमबाट सामाजिक न्यायसहितको उच्च, दिगो र फराकिलो आर्थिक बृद्धिदर हासिल गर्ने सवल आधार तयार गर्नु रहेको छ ।

## २.२ चुनौती तथा अवसर

ऐतिहासिक कालदेखि नै उदयपुरको चौदण्डीगढी क्षेत्र प्रसिद्ध क्षेत्र रहेको छ । यो १ नं. प्रदेश मानव विकास सूचकाङ्क र प्रतिव्यक्ति आयमा पनि कमी छ । १ नं. प्रदेश प्रदेशको राजधानी (इटहरी- विराटनगर)सँग जोडिएको स्थलीय अर्थतन्त्रको फाइदा समग्र उदयपुर जिल्ला लिन सक्ने प्रशस्त सम्भावना छ । पूँजी परिचालनको सापेक्षिक सहजता, वित्तीय र व्यवस्थापन सेवाहरूमा दक्षता, अधिकांश कृषि र औद्योगिक उत्पादनका लागि बजारको सहज पहुँच, उर्जाको सापेक्षित उपलब्धता, शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा विशिष्ट जनशक्ति र मानव संसाधनको उपस्थिति नगरको विकासका निम्ति मात्र नभए उत्पादन र सेवाको स्थलीय विविधीकरणका निमित्त सहयोगी हुन सक्छन । सूचना प्रविधिका नवीनतम प्रवर्तन केन्द्रहरू र जनशक्तिको उत्पादन र प्राचुर्यताले गर्दा विद्युतीय संचारमा समग्र प्रदेशले नै सहजै फडको मार्न सक्ने अवस्थामा छ । पर्यटनमा विशिष्टीकरण र स्थलीय विविधिकरण गर्न प्रदेशकै

निमित्त धेरै सहज हुन सक्छ। विशाल छिमेकी चीन जोडने यो प्रदेशमा विद्यमान राजमार्गले गर्दा द्विपक्षीय व्यापार र विशिष्टीकृत कृषि उत्पादन र निर्यात उद्योगका निम्ति बजार सम्बन्ध सहजै स्थापित हुनसक्छ।

यसका साथै अन्य विविध पहिचान र संस्कृतिका जातजातिहरूको यो प्रदेशमा बसोबास छ। द्रततर जनसङ्ख्या बृद्धि, सहरीकरण न्यून भौतिक आधारशीला, सहरी गरिबी, जातीय तथा लैङ्गिक विभेद आदि जस्ता विषयहरू प्रदेशको चुनौतीका रूपमा रहेका छन। यो प्रदेश खाद्यात्र सुरक्षा, उत्पादन र उत्पादकत्वका हिसाबले पनि जोखिममा छ। आयातमाथिको निर्भरता बढ्दो छ। शासकीय प्रणाली र सार्वजनिक र निजीसहित समग्र उत्पादन र सेवा क्षेत्रमा आधुनिक प्रविधिको अपेक्षित प्रयोग हुन सकिरहेको छैन। फलस्वरूप सेवाप्रवाह सहज, सरल र सुगम हुन सकेको छैन।

सबै सहरहरूमा जल, जमिन र वायु प्रदूषण बढदो र वातावरणीय ह्रासको गति तीब्र छ। सहरी पूर्वाधार पूर्णतः अपर्याप्त हुनुका साथै गुणस्तर न्यून छन्। अन्तरसहरी द्रुत र सुगम यातायात प्रणालीको सर्वथा अभाव छ। भू-उपयोग र आवासको समस्याले विकराल रूप लिन लागिसकेको छ। ग्रामिण जनजीविका कृषिमा आश्रित छ। तर कृषि भूमिको दुरूपयोग बढ्दो छ। कृषि आधुनिकीकरण र जीविकाको विविधीकरणका चुनौतीहरू जटिल हुँदैछन्। बहुसङ्ख्यक साना किसान कृषि पेशाबाट पलायन हुँदैछन्। सहरी र ग्रामीण दुवै क्षेत्रमा आयमूलक रोजगारीको विस्तार अपेक्षित रूपमा हुन सकिरहेको छैन। फलस्वरूप अप्रिय भएपनि श्रम बसाइँसराइको आकर्षण बलियो छ। प्राकृतिक विपद्को उच्च जोखिम क्षेत्र भए पनि विपद्को संस्थागत तयारी र व्यवस्थापनमा निकै अपूर्णता छ। प्रदेशको विकास योजनाले यी सबै चुनौतीहरूको सम्बोधन गनुपर्ने अवस्था छ।

## २.३ योजना खाका

### २.३.१ स्थानीय तहको दीर्घकालीन सोच

उपलब्ध स्रोतसाधनको प्रभावकारी परिचालन गरी विकास कार्यक्रमलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन योजनावद्ध विकासको आवश्यकता पर्दछ। योजनावद्ध विकासले समष्टीगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य, उद्देश्य, उपलब्धि र नतिजा निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवं परिभाषित गर्दछ। चौदण्डीगढी नगरपालिकाको विकासका प्राथमिकताका क्षेत्रहरूमा कृषि, पर्यटकीय विकास, शिक्षा, स्वास्थ्य, निर्धारण गरिएको छ। नगरपालिकाको समग्र पक्षलाई समेटी सुदूर भविष्यको परिकल्पनाका साथ वर्तमान अवस्था, सम्भावना र भावी गन्तव्यलाई दृष्टिगत गरी नगरपालिकाको आवधिक योजनामा दीर्घकालीन सोंच (Long Term Vision) ***"चौदण्डीगढी नगरको समृद्धिको आधार : कृषि, शिक्षा र स्वास्थ्यमा विकास"*** तय गरिएको छ।

चौदण्डीगढी नगरपालिकामा कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, औद्योगीकरण र विविधीकरणको माध्यमबाट आर्थिक विकास र साथै सामाजिक विकासको ढोकासमेत खोल्न संभव रहेकोछ। साथै नगरपालिकामा खोलालगायत जलस्रोतका थुप्रै स्रोत रहेका छन्। उपलब्ध जलस्रोतको सिंचाई तथा खानेपानी, वैकल्पिक उर्जा, माछापालन, पर्यटन सेवा सञ्चालनलगायतका क्षेत्रमा उपयोग गरी नगरपालिकालाई सम्पन्न बनाउन सकिने सम्भावना रहेको छ। यसैगरी विकासको प्रमुख माध्यमको रूपमा रहेको सडक यातायातको क्षेत्रमा हालैका वर्षहरूमा भएका कार्य र प्रगति हेर्दा नगरपालिकामा सडक सुविधामा पहुँच बृद्धि भई जीवनस्तरमा गुणात्मक सुधार ल्याउन सकिने सम्भावना देखिएको छ। यसैगरी शैक्षिक तथा तथा स्वास्थ्य अवस्था तुलनात्मक रूपमा सुधार गर्नुपर्ने रहेको यस सम्बन्धी सूचकहरूबाट देख्न सकिन्छ। नगरपालिकाले यसै क्षेत्रमा अवस्थित विभिन्न प्राकृतिक

स्रोतसाधनको परिचालन तथा नगरपालिकाबाट पर्ने हिमश्रङ्खलाहरू हेर्न आउने पर्यटकहरूबाट समेत प्रत्यक्ष अप्रत्यक्ष लाभ लिन सक्ने देखिन्छ । यसैगरी खानेपानी र सरसफाई, लक्षित वर्गको मूलप्रवाहीकरण, जैविक विविधता संरक्षण, वन तथा वातावरण व्यवस्थापन र संस्थागत विकास तथा सुशासनका प्रयासहरूबाट चौदण्डीगढीनगरपालिकालाई समृद्ध बनाउन सकिने ठम्याई नगरपालिकाबासी तथा सरोकारवालाहरूको रहेको छ ।

सारांशमा भन्दा नगरपालिका विकासका योजनावद्ध प्रयासहरूबाट लक्षित वर्गलगायत आमनागरिक सक्षम हुने, सक्षम नागरिक तथा साझेदारहरूको संलनता र साझा प्रयासबाट नगर विकासका अग्रणी एवं प्राथमिकताका क्षेत्रहरूमा व्यवस्थित र प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रम सञ्चालन भई नगरपालिका समृद्ध बन्ने र समृद्धिको परिणामस्वस्प वातावरणीय र सामाजिक सन्तुलन कायम भई सुन्दर चौदण्डीगढी नगरपालिका हुने परिकल्पना गरिएको छ। यो परिकल्पनाको परिदृश्य यस योजनाको विभिन्न परिच्छेदमा प्रस्तुत छ ।

### २.३.२ स्थानीय तहको लक्ष्य

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्यसँग तालमेल र स्थानीय बस्तुस्थितिको अनुकुल हुनेगरी चौदण्डीगढी नगरपालिकाको लक्ष्य **"नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकासमा अभिबृद्धि भई नगरबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ**" भन्ने तय गरिएको छ ।

विकासका भौतिक पक्षलाई ध्यान दिने हो भने विकास भनेको पूर्वाधार विकास नै हो । यो विकासको पूर्वशर्त नै हो । त्यसकारण उदयजुर जिल्लाको चौदण्डीगढी नगरपालिका क्षेत्रमा अवस्थित यस नगरपालिकामा मुलतः जिल्ला सदरमुकाम र प्रदेश रानधानी जोडिने गरी बाटो, बिजुली, पानी तथा सूचना तथा सञ्चारलगायतका आवश्यक पूर्वाधार विकास गर्नु पहिलो आवश्यकता रहेको छ । यसरी पूर्वाधारको विकास भइसकेपछि नगरपालिका क्षेत्रमा उद्योग कलकारखाना, सेवा तथा कृषि क्षेत्रमा विकास हुने छन् । यस प्रकारका आर्थिक गतिविधि मार्फत नागरिकलाई उनीहरूको शिक्षा, सीप तथा क्षमतामा आधारित रोजगारीका विविध अवसरहरू सिर्जना हुने छन् । रोजगारीका अवसरहरू मार्फत आयमा बृद्धि भई नगरपालिकाबासीको जीवनस्तरमा गुणात्मक सुधार हुनेछ । माथि उल्लेख गरिएको समग्र लक्ष्यलाई हासिल गर्न नगरपालिकाले देहायबमोजिमका लक्ष्यहरू निर्धारण गरेको छ ।

क) नगरपालिकामा उद्योग, कलकारखाना, पर्यटनलगायतका आर्थिक गतिविधिहरू सञ्चालन भई रोजगारीका अवसर सिर्जना गर्ने ।

ख) कृषिको उत्पादकत्व बृद्धि गर्ने ।

ग) बाटो, विजुली, सञ्चार लगायतका पूर्वाधार विकास मार्फत कनेक्टिभिटी बढाउने ।

घ) शिक्षा, स्वास्थ्यका क्षेत्रमा आधारभूत परिवर्तन गरी समाजिक विकासको आधार तय गर्ने ।

ङ) कृषिमा आधुनिकीकरण गर्ने ।

च) महिला, बालबालिका, दलित, जनजाति तथा अल्पसङ्ख्यक समुदायहरूलाई आर्थिक सामाजिक विकासको मूलधारमा ल्याउने ।

यो नगरपालिकामा ६ वटा साना उद्योग रहेको छ । जसको कारणले युवाहरूलाई रोजगारी सिर्जना गर्न सकिएको छैन । यसर्थ कृषि क्षेत्रको उत्पादकत्व बृद्धिका साथै उद्योगधन्दा कलकारखाना खोलेर गैर कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको छ

। कृषि क्षेत्रमा आधुनिक प्रविधि, उचित मलखादको आपूर्ति गराई उच्च उत्पादन हासिल गरिनेछ। नगरपालिकामा बाटो, बिजुली, खानेपानी, सूचना तथा सञ्चार क्षेत्रमा विविध योजना कार्यान्वयन गरी भौतिक पूर्वाधारको विकास गरिनेछ। शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक सेवाका क्षेत्रको विकासका लागि आवश्यक कदम चालिनेछ। समावेशी विकासको लक्ष्य हासिल गर्न महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति तथा अल्पसङ्ख्यक समुदायको हित गर्ने कार्यक्रमहरू तय गर्नु आवश्यक छ।

योजना अवधिको अन्त्य (आ.व २०८०/८४)सम्ममा,

- गरिबीको रेखामुनिको जनसङ्ख्या १६.८ प्रतिशतबाट १० प्रतिशतमा पुगेको हुनेछ।
- नगरपालिकाबासीको औषत आयु ७१.१ बाट ७५ वर्ष पुगेको हुनेछ।
- मानव विकास सुचकाङ्क ०.७१४ बाट ०.६५ मा पुगेको हुनेछ।
- जलवायु परिवर्तन अनुकुलन तथा विपद् उत्थानशीलतामा बृद्धि भएको हुनेछ।
- कृषि क्षेत्रको उत्पादकत्व उच्च दरले बृद्धि भएको हुनेछ ।
- विद्यमान १,१६० हेक्टर जमिनमा सिंचाइ सुविधालाई बढाएर १५०० हेक्टर पुगेको हुनेछ।

### २.३.३ स्थानीय तहको उद्देश्य

यस योजनाबाट निम्न उल्लेखित उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ।

**"नगरपालिकाको सामाजिक, आर्थिक, मानवीय विकास समावेशी, गुणस्तरीय र वातावरणीय रूपमा सन्तुलित भई नगरपालिकाबासीको जीवनयापन सहज तथा सुरक्षित भएको हुनेछ।"**

यस योजना अवधिमा मुलतः नगरपालिकाको आर्थिक समुन्नति हासिल गर्ने दिशामा विविध कार्यहरू गरिनेछन्। नयाँ उद्योग कलकारखाना खोल्ने, भएका उद्योगको स्तरोन्नति गर्ने कृषि क्षेत्रमा आधुनिकीकरण गरी उत्पादन बृद्धि गर्ने जस्ता कार्य गरिनेछन्। शिक्षा स्वास्थ्य सूचना तथा सञ्चारको विकास गरी पालिकाको सामाजिक क्षेत्रको विकास गरिनेछ। पूर्वाधार विकासका कार्यक्रमहरू जस्तै बाटोघाटो, पुलपुलेसा, खानेपानी, बिजुली, आधुनिक सहरको निर्माण लगायतका कार्य गरी रोजगारी सिर्जना मार्फत नागरिकको वार्षिक आय बृद्धि गरी मानवीय विकास हासिल गरिनेछ। वातावरण मैत्री विकासका उपायहरू अवलम्बन गरी योजना तथा विकासलाई वातावरणमुखी बनाइनेछ।

नगरपालिका विकासको उपरोक्त समष्टिगत उद्देश्य हासिल भए/नभएको देहायका सूचकहरूबाट मापन गरिनेछ।

**योजना अवधिको अन्त्य (आ.व २०८३/८४) सम्ममा,**

- आफ्नो उत्पादनबाट १२ महिना खानपुग्ने परिवार ४५ % बाट ६० % पुगेको हुनेछ।
- ५ वर्षमुनिका कम तौल भएका बालबालिकाको प्रतिशत शुन्यमा झरेको हुनेछ।
- समाजमा विभेद भएको महसुस गर्ने दलित परिवारको सङ्ख्या ० % भएको हुनेछ।
- सामाजिक (जातिय, लैङ्गिक तथा सामुदायिक) विभेद हटेको हुनेछ।
- कार्वन उत्पादन दरमा ५% ले घटी भएको हुनेछ।
- स्थानीय निकायको आयको बृद्धि रु. ६११,१४६,७४० बाट रु. १,०८२,६८३,७३० पुगेको हुनेछ।
- औसत परिवार सङ्ख्याः ४.६५ कायम रहनेछ।

- जनघनत्व: १७५ कायम रहनेछ ।

**२.३.४ समष्टिगत प्राथमिकता तथा रणनीति र कार्यनीतिहरू**

चौदण्डीगढी नगरपालिका क्षेत्रको समिष्टगत विकासका लागि नगर आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछ :

१. कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण तथा औद्योगीकरण द्वारा दिगो उत्पादन, रोजगारी तथा आय बृद्धि गर्ने,

२. कला र संस्कृतिको जगेर्ना गर्दै पर्यटन व्यवसायको प्रवर्द्धन गरी रोजगारी तथा आयमा बृद्धि गर्ने

३. व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण तथा सशक्तीकरणको प्रवर्द्धन मार्फत स्वस्थ, सिर्जनशील, सीपयुक्त र सभ्य मानव शक्तिको विकास गर्ने,

४. व्यवस्थित यातायात, बजार र सुरक्षित आवास तथा संचारका पूर्वाधार विकासको माध्यमबाट अन्तरसम्वन्ध विकास, बजार तथा आधारभूत सुविधाको स्तर र पहुँच बृद्धि गर्ने,

५. जलस्रोत, वायु तथा सौर्य स्रोतको अधिकतम परिचालनबाट प्रचुर मात्रमा उर्जा उत्पादन गरी औधोगिक विकास तथा उच्पादनकार्यलाई सहज बनाउने,

६. वातावरण विकास, जलवायु परिवर्तन अनुकुलन तथा जैविक विविधता संरक्षणलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी र दिगो बनाउने,

७. विपद् व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य, उद्दार कार्य र पुनस्थापना कार्यको सम्पूर्ण क्षमतामा अभिबृद्धि गरी विकास तथा जनजीवनलाई विपद् जोखिममुक्त बनाउने,

८. अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाजको साझेदारी र सहशासनको माध्यमद्वारा स्थानीय स्रोत परिचालन र विकास व्यवस्थापनमा सुशान प्रवर्द्धन गर्दै विकासको गतिलाई तीव्र बनाउने ।

### २.३.५ परिमाणात्मक लक्ष्य

चौदण्डीगढी नगरपालिकाको आर्थिक सामाजिक तथा भौतिक विकास सम्बन्धी प्रमुख सूचकहरूको परिमाणात्मक लक्ष्य तपसिलअनुसार रहेको छ ।

| क्र.स. | आर्थिक, सामाजिक तथा भौतिक सूचक | नेपाल | | चौदण्डीगढी नगरपालिका | |
|---|---|---|---|---|---|
| | | वर्तमान अवस्था (आ.व. ०७६/७७) | पन्धौ योजनाको लक्ष्य (२०८० ८१) | (आ.व. २०७८/७९) | लक्ष्य (२०८३/८४) |
| १ | गरीबीको रेखामुनी रहेका जनसङ्ख्या (प्रतिशत) | १८.७ | ११ | १६.८ | १० |
| २ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | १०४७ (अमेरिकी डलर) | १५९५ (अमेरिकी डलर) | NA | ५० प्रतिशत बढाइने |
| ३ | स्वास्थ्यकर्मीबाट प्रसुती गराउने महिला (प्रतिशत) सन् २०२० | ६० | ९० | १५ | ४० |
| ४ | परिवार नियोजन साधन प्रयोगदर (प्रतिशत) | ४० | ५५ | NA | |
| ५ | खानेपानी पुगेको जनसङ्ख्या | ८८ प्रतिशत | ९९ प्रतिशत | ८० (करिब) | १०० |
| ६ | आधारभूत सरसफाई सुबिधा पुगेको जनसङ्ख्या (प्रतिशत) | ९९ | १०० | ९९ | १०० |
| ७ | आधारभूत (१ देखि ८) तहमा खुद भर्नादर प्रतिशत | ९२.३ | ९९.५ | NA | - |
| ८ | सडक यातायात जोडिएको जिल्ला/(सङ्ख्या) | ७६ | ७७ | १० वटै वडामा | १० वटै वडाका सबै बस्तिमा |
| ९ | टेलिफोन, मोबाइल प्रयोगकर्ता (प्रतिसय घनत्व) | १३९ | २०० | NA | - |
| १० | इन्टरनेट सेवाको पहुँच (प्रतिशतमा) | ५५.४ | ८० | NA | १०० |
| ११ | विद्युत् विस्तार | १०२० | ५००० | ९९ | १०० |
| १२ | विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या प्रतिशत | ९०.७ | ९९ | ९९ | १०० |
| १३ | सिंचाई (हेक्टर) | ९,८५०० | ३,९८५०० | ११६० | १५०० |
| १४ | वनजङ्गलले ढाकेको क्षेत्र प्रतिशतमा | ४४.८ | ४५ | ३५.४६ | ४० |
| १५ | सडक यातायातको कूल लम्बाइ (कि.मी.) | ६१,३९५ | १००,००० | २२६ | २५६ |
| १६ | बालबालिका खोप कभरेज (प्रतिशत) | ६८ | ९५ | ५६ | १०० |
| १७ | औसत आयु (वर्ष) | ६९.७ | ७२ | ७१.४ | ७५ |
| १८ | साक्षरता दर (१५ वर्षमाथि) | ५८ | ९५ | ७४ | ९५ |
| १९ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका (प्रतिशत) | २७ | १५ | २.० | ० |

### २.३.६ अपेक्षित उपलब्धि

आधुनिक, व्यवसायिक, अर्गानिक एवं प्रतिस्पर्धी कृषि उत्पादनमा बृद्धि भएको हुनेछ । खेती योग्य भूमीमा भरपर्दो सिंचाई सुविधा पुगेको हुनेछ । पशुपालन व्यवसायिक एवं आधुनिक भई पशुजन्य उत्पादनबाट आयमा बृद्धि भएको हुनेछ । कृषिमा आधारित उद्योगको स्थापना एवं प्रवर्द्धन भई रोजगारीमा बृद्धि भएको हुनेछ । बैंक तथा वित्तीय सेवामा कृषकको पहुँच कायम भएको हुनेछ ।

प्राविधिक शिक्षामा पहुँच तथा विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि भएको हुनेछ । आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा बृद्धि भएको हुनेछ । सुरक्षित खानेपानी सुविधामा बृद्धि भई सरसफाइजन्य व्यवहारमा सुधार भएको हुनेछ । लक्षित वर्गको निर्णय प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा बृद्धि भएको हुनेछ । युवा लक्षित व्यवसायिक अवसर सृजना भइ युवाहरू आत्मनिर्भर हुनेछन् ।

सबै वडा केन्द्र सर्वयाम सडकले जोडिएको हुनेछ । आधा घण्टाको दूरीमा सर्वयाम सडकसम्मको पहुँच पुगेको हुनेछ । कालोपत्रे सडक, सर्वयाम सडक, झोलुङ्गे पुलको सङ्ख्या, पक्की पुल सङ्ख्यामा बृद्धि भएको हुनेछ । यातायातका साधनहरूको नियमितताले आवागमन सहज भएको हुनेछ । आवास र बस्ती विकास व्यवस्थित र सुरक्षित भएको हुनेछ । आवास र बस्ती विकास व्यवस्थित र सुरक्षित भएको हुनेछ । भू-उपयोग योजना तयार भएको हुनेछ । भवन मापदण्ड तयार भई कार्यान्वयन भएको हुनेछ । जोखिम नक्साङ्कन भएको हुनेछ । एक नमूना बस्तीको निर्माण भएको हुनेछ ।

### २.३.७ क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतिहरु

| सबलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| **१. भौतिक पुर्वाधार** | | | |
| **१.१ सडक तथा यातायात** | | | |
| ▪ नगरपालिकाको मध्यभाग मदन भण्डारी राजमार्गमा जोडिएको।<br>▪ अधिकांश ग्रामीण सडकको डिपीआर सम्पन्न भएको ।<br>▪ साना, ठुला सवारी साधनको उपलव्धता ।<br>▪ वस्तीहरुका साना सडकहरु निर्माणाधीन अवस्थामा रहेको । | ▪ राजमार्गमा कैयौं क्षेत्रका पुलहरु सडक संग जोड्न काम बाँकी रहेको ।<br>▪ डिपीआर भएको मापदण्ड अनुसार सडक बन्न नसक्नु ।<br>▪ सवारी साधनको भाडा मनपरि।<br>▪ प्राविधिक जनशक्ति कम हुनु ।<br>▪ हरित सडक योजना नहुनु । | ▪ प्रदेश तथा संघवाट बजेट ल्याई थप सडकहरु निर्माण र मर्मत गर्न सकिने ।<br>▪ कृषि तथा पशुउपजहरुको वजार तथा संकलन केन्द्र स्थापना गरी थप आर्थिक सम्वृद्धि गर्न सकिने ।<br>▪ निजी क्षेत्र, संघसंस्थासंग मिलेर सडक सञ्जाल मार्फत पर्यटन ल्याउन सकिने ।<br>▪ ग्रामीण कृषि सडकमार्फत संकलन केन्द्र स्थापना गरी कृषि उपजको बजारीकरण गर्न सकिने । | ▪ राजनैतिक दबाव ।<br>▪ सडकका कारण पानीका मुहानहरु सुक्नसक्ने ।<br>▪ पुरानो सवारी साधनवाट असुरक्षित यात्रा र दुर्घटना । |
| **१.२ खानेपानी तथा सरसफाई** | | | |
| ▪ खानेपानीको मुहानहरु हुनु । | ▪ पानी संरक्षण कार्यक्रमहरु कमी। | ▪ लिफ्ट खानेपानी सञ्चालन गर्न सकिने । | ▪ लिफ्ट खानेपानी सञ्चालनमा खर्च बढ्ने । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| ▪ पानीको मुहान दीगो संरक्षणको लागि पर्याप्त जंगलहरु हुनु ।<br>▪ एक घर एक धारा खनेपानी कार्यक्रम संचालन हुनु । | ▪ प्रशोधित खानेपानी प्लान्टको कमि<br>▪ फोहरमैला उचित व्यवस्थापन नहुनु<br>▪ मुहानहरु वस्ती भन्दा तल भएकोले सवै क्षेत्रमा पानीमा पहुँच नपुग्नु ।<br>▪ फोहरमैला व्यवस्थापनको लागि सार्वजनिक स्थानमा डस्वीनहरुको प्रयोग नहुनु ।<br>▪ डम्पीङ साइडको कमी ।<br>▪ वजार क्षेत्रमा ढल निकास कमी। | ▪ श्रोत भएको क्षेत्रवाट मिनरल वाटर उद्योग सञ्चालन गरी बेच्न सकिने ।<br>▪ पानीको नीति नियम पारित गरी अन्य पालिका, जिल्लामा विक्री गरी आम्दानी गर्न सकिने । | ▪ जथाभावी सडक निर्माणले पानीको श्रोत मासिन सक्ने ।<br>▪ डम्पीङ साइडहरुको लागि जग्गा उपलव्धता<br>▪ ढल निकासको लागी निर्माणाधिन सडकहरु |
| **१.३ सिंचाइ** | | | |
| ▪ सिचाइको लागिचौ. न. पा. माप्रर्याप्त मात्रमा श्रोतहरु रहेको ( ४७ खोलाहरु ) ।<br>▪ नगरको अधिकांश भागमा सिंचाईको सुविधा पुगेको | ▪ सिंचाइको लागि वाहिरी संघसंस्थाहरुले काम नगर्नु ।<br>▪ कुलोको लागि भौगोलिक विकटता | ▪ पानीको श्रोत नभएको क्षेत्रमा थोपा सिँचाइ तथा नयाँ प्रविधि भित्रिन सक्ने ।<br>▪ व्यवसायिक माछा पालन गर्न सकिने ।<br>▪ व्यवसायिक खेतीको लागि संघ, प्रदेशवाट रकम विनियोजन गराउन सकिने । | ▪ कुनै क्षेत्रमा पानीको श्रोतहरु वस्तीभन्दा तल हुनु ।<br>▪ केन्द्रको बजेट ढिलो आउने। |
| **१.४ विद्युत तथा सञ्चार** | | | |
| ▪ प्रायः वस्तीमा विद्युतकीरण भइसकेको ।<br>▪ सवैको पहुँचमा फोन, मोवाइल सेवा पुगेको<br>▪ घरायसी प्रयोजनको लागि विद्युत सेवाको पहुँच भएको । | ▪ केही क्षेत्रमा विद्युत पुग्न बाँकी।<br>▪ फोन, मोवाइलको सेवा गुणस्तर कम<br>▪ इन्टरनेटको पहुँचमा कमी ।<br>▪ विद्युत अभावमा उद्योगहरुको कमी । | ▪ विद्युत सञ्चालन क्षेत्रमा व्यसायिक उद्योग, कलकारखाना खुल्ने र रोजगारी वढ्ने ।<br>▪ साना हाइड्रोपावरहरु सञ्चालन गर्न सकिने।<br>▪ विद्युत विक्रीवाट पालिकाको आम्दानी श्रोत बन्ने । | ▪ विद्युत उत्पादनमा कानुनी झन्झटता ।<br>▪ सामाजिक सञ्जालबाट आउने विकृतिहरु ।<br>▪ विद्युतिय दुर्घनाहरु ।<br>▪ जलाधार व्यवस्थापन र श्रोत संरक्षण। |
| **१.५ भु उपयोग** | | | |
| ▪ पर्याप्त (२६.१४ %) खेतीयोग्य जमिन रहेको ।<br>▪ जडिवुटीको उपलव्धता ।<br>▪ बजारको लागि राजमार्ग भएको । | ▪ प्राकृतिक श्रोतक संरक्षण कमी।<br>▪ जोखिमको व्यवस्थापन योजना कमी। | ▪ प्राकृतिक श्रोतको पहिचान गरी आम्दानी वृद्धि ।<br>▪ खानीहरु सञ्चालन ।<br>▪ वनमा आधारित उद्यम सञ्चालन ।<br>▪ सार्वजनिक तथा वाँझो जग्गा परिचालन । | ▪ खेतीयोग्य जमिन कंक्रिटमा परिणत हुँदै ।<br>▪ सुकुम्बासी व्यवस्थापन गर्नु ।<br>▪ भु उपयोग नीतिको कार्यान्वयन । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| ▪ पर्याप्त( ५९.०९ %)वन जंगल क्षेत्र रहेको । | ▪ कृषि तथा पशुपालन विकासमा बजेट व्यवस्था कम।<br>▪ एकीकृत वस्तीको लागि क्षेत्र पहिचान नहुन<br>▪ सरकारी जग्गाको अतिक्रमण।<br>▪ सरकारी व्यक्ति सीमाना अस्पष्ट ।<br>▪ अव्यवस्थित वस्ती र शहरीकरण । | ▪ पर्यापर्यटन ।<br>▪ खेतीयोग्य भुमि र अन्प्रयोजनको भुमि पहिचान गरी विभिन्न योजनाहरु लागु गर्न सकिने । | |
| **१.६ वजार तथा वस्ती विकास** | | | |
| ▪ विभिन्न स्थानमा बजारहरु रहेको ।<br>▪ वस्ती विकासको क्षेत्रहरु पहिचान हुँदै ।<br>▪ कृषि तथा पशु उपजहरुको विक्री वितरण सहज भएको ।<br>▪ बजार क्षेत्रमा यातायातको सुविधा ।<br>▪ आवासको लागि उपयुक्त हावापानी । | ▪ नगरपालिका भित्र ठुलाखाले विक्री तथा संकलन केन्द्र अभाव।<br>▪ वजारको आवश्यक पुर्वाधार कमी।<br>▪ वस्ती विकास योजना नहुनु ।<br>▪ छरिएको वस्तीको कारण लगानी धेरै गर्नुपर्ने । | ▪ स्थानीय रुपमा रोजगारी सिर्जना हुन सक्ने ।<br>▪ एकिकृत, सुरक्षित र नमुना वस्ती विकास तथा विस्तार ।<br>▪ पर्यटन विकास । | ▪ विचौलिया हावी ।<br>▪ एकिकृत वस्तीको लागि जग्गा एकीकरण । |
| **२. सामाजिक विकास** | | | |
| **२.१ शिक्षा** | | | |
| ▪ ७०.३९ प्रतिशत साक्षरता<br>▪ अंग्रेजी माध्ययमा पढाइको शुरुवात ।<br>▪ सवै वडाहरुमा स्कुल (६९ वटा) रहेको<br>▪ कक्षा ११, १२ को विद्यार्थीको लागि निशुल्क कम्प्युटर शिक्षा ।<br>▪ महिलामैत्री वातावरण र पुर्वाधार।<br>▪ विभिन्न लक्षित छात्रवृति कार्यक्रम ।<br>▪ १ वटा बहुप्रविधिक शिक्षालय रहेको | ▪ कक्षागत, विषयगत दरवन्दी अपुरा ।<br>▪ अपांङ्गमैत्री, वालमैत्री पुर्वाधार कमी।<br>▪ खेल मैदान तथा सामाग्रीको अभाव ।<br>▪ खेलकुद प्रशिक्षक नहुनु ।<br>▪ पुराना शिक्षकहरुको लागि नयाँ अध्यापन तालिमको अभाव ।<br>▪ निजिश्रोत शिक्षकहरुको लागि पेशागत तालिम नहुनु । | ▪ प्रविधिमैत्री शिक्षण सिकाइ ।<br>▪ पालिकास्तरमा प्राविधिक शिक्षालय स्थापना।<br>▪ सरकारीमा विद्यालयमा आकर्षण बढाउन सकिने ।<br>▪ LIVE Teaching व्यवस्थापन गर्न सकिने ।<br>▪ विरामी हुने वालवालिकाको लागि प्राथमिक उपचार गर्न पुर्वाधार तथा औषधिको व्यवस्थापन । | ▪ निजी विद्यालयमा आकर्षण ।<br>▪ घोकन्ती शिक्षा ।<br>▪ निजी श्रोतका शिक्षकको तलब।<br>▪ वाल विवाह र विद्यालय छोड्ने दर ।<br>▪ सामुदायिक विद्यालयमा अभिभावकले सवै व्यवस्थापन गर्नुपर्ने र कमजोरी गर्ने कर्मचारीलाई कारवाही गर्न नपाउने प्रावधानले शैक्षिक सुधार हुन नसक्नु ।<br>▪ उपलब्धि दर न्युन । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| ▪ २ वटा नमुना विद्यालय निर्माण।<br>▪ ३ वटा आइसिटी विद्यालय संचालन । | ▪ खुला विद्यालय अभाव हुनु ।<br>▪ अभिभावकको चासोमा कमी ।<br>▪ विद्यालयको वृहत योजनाहरु नहुनु ।<br>▪ नियमन निकायवाट अनुगमण नियमित नहुनु । | | ▪ शैक्षिक उपलब्धि कक्षा १० मा मात्र हेरिने वा जाँचिने प्रणाली |
| **२.२ स्वास्थ्य** | | | |
| ▪ प्रत्येक वडामा स्वास्थ्य संस्था हुनु ।<br>▪ महिला स्वास्थ्य स्वयंसेविका हुनु ।<br>▪ सुरक्षित मातृत्व कार्यक्रम लागु हुनु।<br>▪ आयुर्वेद औषधी तथा सेवा शुरु हुनु।<br>▪ सवैको घरघरमा शौचालय हुनु ।<br>▪ वाल मृत्यु, मातृमृत्यु दर कम हुनु ।<br>▪ मापदण्ड अनुसारको स्वास्थ्य भवन हुनु ।<br>▪ कुपोषित वालवालिका नहुनु । | ▪ गाउँघर क्लिनिक भवन नहुनु ।<br>▪ दरवन्दी अनुसार स्वास्थ्यकर्मी कमी।<br>▪ औषधीहरु पर्याप्त र नियमित नहुनु ।<br>▪ पुर्णखोपको रेकड व्यवस्थित नहुनु ।<br>▪ खाद्य विषादी जाँच नियमित नहुनु ।<br>▪ स्वास्थ्य संस्थामा आपतकालिन हेलीप्याड नहुनु ।<br>▪ एम्वुलेन्सको व्यवस्था कमि।<br>▪ सुविधा सम्पन्न अस्पताल नहुनु।<br>▪ सामुदायिक औषधी पसल नहुनु। | ▪ स्वास्थ्य सेवा सवै वडामा पुर्‍याउने सरकारी नीति हुनु ।<br>▪ नगरपालिका स्तरमा स्वास्थ्य सम्वन्धि कार्यक्रम सञ्चालन गर्ने विभिन्न संघसंस्थाहरु जिल्लामा हुनु ।<br>▪ स्वास्थ्यका क्षेत्रमा राज्यको लगानी पर्याप्त गरिनु । | ▪ आधुनिक जीवनशैली ।<br>▪ विषादीहरुको असुरक्षित प्रयोग ।<br>▪ मदिरा तथा सुर्तिजन्य पदार्थहरुको वढ्दो प्रयोग ।<br>▪ स्वास्थ्य अवस्थावारे नियमित चेक नगर्नु ।<br>▪ महामारीमा विज्ञ स्वास्थ्य टोली अभाव ।<br>▪ आपतकालिन उद्धारमा कठिनाई । |
| **२.३ संस्कृति संरक्षण** | | | |
| ▪ गुम्वा, मन्दिर, चर्चहरुको निर्माण तथा मर्मत भइरहनु ।<br>▪ नगरपालिका भित्रको सवै जातजातिको भेषभुषा नाच सामाग्रीहरुको संरक्षण । | ▪ धर्म संस्कृतिलाई समयसापेक्ष बनाउन नसक्नु ।<br>▪ परम्परागत सीप, ज्ञान र प्रविधिलाई वजारीकरण गर्न नसक्नु ।<br>▪ पश्चिमी संस्कारहरुको प्रभाव। | ▪ मातृभाषाको लिपी तथा पाठ्यक्रमहरु वनाई संरक्षण गर्न कानुनी सरलता हुनु ।<br>▪ संस्कृति संरक्षणको लागि तीनै तहको सरकार तयार भएको कारण पर्यटन व्यवसायवाट लाभ लिनसक्ने । | ▪ पश्चिमी संस्कारहरुको हाबी ।<br>▪ मौलिक संस्कृतिको लोप ।<br>▪ धार्मिक साम्प्रदायिक मतभेद बढ्दै ।<br>▪ वदलिँदो समाज र नाष्तिकहरुको वृद्धि । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| | ▪ मौलिक भेषभुषाहरु लोप हुदै जानु । | ▪ संस्कारको कारण संचालन गर्न सकिने व्यवसायवाट रोजगारीको व्यवस्था हुनसक्ने। | |
| **२.४ खेलकुद** | | | |
| ▪ नगरपालिका स्तरीय विविध खेल संचालन ।<br>▪ सडक संजालले जोडिएको खेल मैदानहरु र युवाहरुको सहभागीता।<br>▪ खेलमा पालिकावाट वजेटको व्यवस्था ।<br>▪ साहसिक खेलका लागि स्थानहरु हुनु । | ▪ पर्याप्त खेल मैदान तथा खेलकुदका सामाग्रीको अभाव हुनु ।<br>▪ कवर्ड हल तथा स्टेडियम नहुनु।<br>▪ सवै खेलको लागी प्रशिक्षकको व्यवस्था नहुनु ।<br>▪ विद्यालयस्तरमा खेल प्रशिक्षक नहुनु<br>▪ खेलाडीहरुको वर्गीकरण नहुनु । | ▪ खेलप्रति सवै पक्षको मतक्यैता कारण खेलको भविश्य राम्रो ।<br>▪ साहसिक खेलको सम्भाव्यता अध्ययन गरी पर्यटन प्रवर्धन गर्न सकिने । | ▪ खेलकुदबाट जीविका धान्न नसकिने।<br>▪ दक्ष तथा सीप भएका खेलाडीहरुको लागि उपयुक्त वातावरण कमी । |
| **२.५ सामाजिक सुरक्षा** | | | |
| ▪ जेष्ठ नागरीक,एकल महिला,दलित तथा वालवालिकाको लागि भत्ता तथा छात्रवृतिको व्यवस्था हुनु ।<br>▪ कानुनी साक्षरता कार्यक्रम संचालन हुनु ।<br>▪ अन्यायमा परेकाहरुको न्यायिक समिति मार्फत न्याय सम्पादन गरिनु ।<br>▪ उमेर र हैसियत अनुसारको सीप मार्फत थप आयआर्जन तथा अनुदानका कार्यक्रम संचालन हुनु । | ▪ तालिम सीपको दीगो उपयोग नहुनु ।<br>▪ एकैजनाले धेरै खालको तालिम पाउने हुँदा अन्यले अवसर कमी।<br>▪ लगानीको नियमित अनुगमण नहुनु ।<br>▪ वृद्ध तथा असहायको लागि आश्रय स्थल नहुनु ।<br>▪ सेफ हाउसको व्यवस्था नहुनु ।<br>▪ अपांगमैत्री, वालमैत्री पुर्वाधार तथा व्यवहार नहुनु । | ▪ सरकारी नीति तथा कार्यक्रम नियमित हुनाले जीवन धान्नको लागि अरुको भर पर्नु नपर्ने ।<br>▪ कानुनी साक्षरताको कारण अरु सरह जीवनयापनमा सहज हुने ।<br>▪ संगठित हुने र आफ्नो क्षेत्रको लागि पहल गरी नेतृत्व लिने । | ▪ राज्यको अनुत्पादक लगानी वृद्धि ।<br>▪ दायित्व कम लिने तथा अधिकार वढि लिने सामाजिक प्रवृत्ति । |
| **३. आर्थिक विकास** | | | |
| **३.१ कृषि** | | | |
| ▪ ५१.३४ प्रतिशत कृषि योग्य जमिन<br>▪ कृषिमा आधारित व्यवसाय ।<br>▪ तरकारी, नगदेवालीको उपयुक्त वातारण। | ▪ सबै गाउँमा कृषि सडकमा पहुँच नपुग्नु ।<br>▪ रसायनिक मल, विषादीको प्रयोग । | ▪ युवाहरुलाई गाउँमै रोजगारकिो अवसर ।<br>▪ कृषिको माध्ययमवाट पर्यटन व्यवसाय गर्ने। | ▪ विषादीहरुको असुरक्षित प्रयोग ।<br>▪ जलवायु परिवर्तन तथा सुख्खा क्षेत्र । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| ▪ १ वटा कोल्ड स्टोर र १ वटा दुग्ध चिस्यान केन्द्र स्थापना भएको ।<br>▪ पशुजन्य उत्पादनलाई उपयुत्त (आलु, कागती, किवी, र एभोकाडो)<br>▪ युवाहरु गाउँघरमा नै वसोवास हुनु।<br>▪ कृषि र पशुपालनको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु हुनु ।<br>▪ आम्दानीको वलियो आधार । | ▪ वीमाको कार्यक्रम प्रभावकारी नहुनु ।<br>▪ पकेट क्षेत्र पहिचान नगरी वजेट वितरण गर्नु ।<br>▪ प्राविधिकहरु पर्याप्तता नहुनु ।<br>▪ नयाँ प्रविधीको खासै जानकारी नहुनु।<br>▪ दुग्ध पदार्थको उद्योग स्थापना नहुनु ।<br>▪ कृषि पेशलाई हेलाको पेशा मान्ने प्रवृति ।<br>▪ ठुलो क्षमता कोल्ड स्टोरको कमि<br>▪ कृषि वजारको अभाव । | ▪ जैविक तथा अर्गानिक खेतिवाट वढी मुल्यमा विक्री।<br>▪ दुग्धजन्य पदार्थको प्रशोधन ।<br>▪ लिफ्ट सिँचाइवाट खेती गर्न सकिने ।<br>▪ पशुपंक्षीको माग अत्याधिक हुनु ।<br>▪ एकिकृत कार्यक्रम संचालन ( फलफुल,तोरी खेती र माहुरीपालन, कुखुरापालन माछापालन र वंगुरपालन)<br>▪ फलफुलमा आधारित कृषि वन कार्यक्रम ।<br>▪ सहकारी मार्फत दिगो कृषि विकास । | ▪ सिँचाइको लागी पानीको मुहान तल हुनु ।<br>▪ वीचमा नै कृषि व्यवसायवाट पन्छिने र दीगो नहुने ।<br>▪ कृषि वीमा तथा पशुवीमा कृषक आफैले नगर्ने ।<br>▪ कृषि उपजहरुमा विचौलिया हावी । |
| **३.२ पर्यटन** | | | |
| ▪ पर्यटीय स्थलहरु पर्याप्त हुनु ।<br>▪ केही मात्रामा होमस्टेको शुरुवात हुनु ।<br>▪ साहसिक खेलको लागि उपयुक्त स्थान ।<br>▪ केही स्थानमा पदमार्ग निर्माण गरिनु । | ▪ पर्यटकको लागि आवश्यक पुर्वाधार तथा पथप्रदर्शक व्यवस्था नहुनु ।<br>▪ होमस्टे तथा होटलमा कार्यरत कर्मचारीहरुमा थप तालिमको व्यवस्था नहुनु ।<br>▪ पर्यटकीय स्थललहरुको प्रचार प्रसार अभाव ।<br>▪ स्थानीय सामाग्रीहरुको निर्माण कमी।<br>▪ संचारको राम्रो गुणस्तर नहुनु ।<br>▪ पर्यटनको गुरु योजना तयार नहुनु । | ▪ पर्यटन व्यवसायवाट प्रसस्त आम्दानी गर्न सकिने ।<br>▪ रोजगारी सिर्जना हुने ।<br>▪ साहसिक खेलको लागि अध्ययन गरी खेल संचालन गर्न सकिने ।<br>▪ पर्यटकीय नगरी स्थापना गरी नमुनाको रुपमा पहिचान गर्न सकिने ।<br>▪ कृषि र पर्यटनलाई एकैसाथ अघि वढाउन सकिने । | ▪ पर्यटकको सुरक्षा व्यवस्था ।<br>▪ सवै व्यवस्थापन गर्नको लागि समय धेरै लाग्ने र आर्थिक व्यवस्थाले धान्न कठिन ।<br>▪ स्थानीय मौलिकताहरुको क्रमस कमी ।<br>▪ एकिकृत कर व्यवस्थापन । |
| **३.४ उद्योग** | | | |
| ▪ कृषिमा आधारीत उद्योगको लागि पर्याप्त कच्चा पदार्थ हुनु।<br>▪ उद्योगको लागि विद्युत संचार तथा पानीको व्यवस्था हुनु ।<br>▪ वन क्षेत्र धेरै हुनु । | ▪ आवश्यक श्रोतहरुको योजना नवन्नु ।<br>▪ युवाहरुलाई उद्यममा आकर्षित गर्ने योजना तथा नीति नहुनु ।<br>▪ उद्योग संचालनमा पुँजीको अभाव। | ▪ स्थानीय रोजगारी सिर्जना ।<br>▪ नगरपालिकामा उद्योगग्राम स्थापना गर्न सकिने।<br>▪ उद्यम र पर्यटनलाइ संगसंगै लैजान सकिने।<br>▪ खेर गएको श्रोतवाट नगद प्राप्त गर्न सकिने। | ▪ श्रोतहरुको जथाभावी प्रयोग ।<br>▪ वनमा आधारित उद्यम संचालनमा कानुनी झन्झट । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| ▪ केही उद्योगहरु संचालनमा रहनु ।<br>▪ स्थानीयस्तरमा रोजगारी पाउनु । | ▪ दक्ष जनशक्तिको अभाव । | ▪ विभिन्न खाले उद्यम सम्वन्धी तालिमहरु प्राप्त हुने र स्वरोजगार हुन सक्ने । | |
| **३.५ जनशक्ति व्यवस्थापन** | | | |
| ▪ नगरपालिकामा कर्मचारी दरवन्दी धेरै हुनु ।<br>▪ नगरपालिकाको कामको लागि आउने सेवाग्राहीले सुविधा पाएको ।<br>▪ करारमा भए पनि कर्मचारी राखेको। | ▪ दरवन्दी अनुसारको पदपूर्ति अपुग।<br>▪ करार कर्मचारीको पेशागत तालिम नहुनु ।<br>▪ तालिम केन्द्रहरु टाढा हुनु । | ▪ अन्य कर्मचारीलाइ पनि सीप र क्षमताको विकास।<br>▪ करारमा स्थानीयले रोजगारी पाउने । | ▪ कर्मचारीहरुको सरुवाको कारण सेवामा गुणस्तर कायम गर्न कठिन ।<br>▪ करारको कर्मचारीलाई दिगो व्यवस्थापन । |
| **३.६ वैक तथा वित्त** | | | |
| ▪ पर्याप्त सहकारी तथा हुनु ।<br>▪ सहकारीवाट ऋण लिइ व्यवसाय गर्नु ।<br>▪ क्षमता विकासले नेतृत्वको विकास हुनु ।<br>▪ आर्थिक अनुशासन कायम हुनु ।<br>▪ वचत गर्ने वानीको विकास हुनु ।<br>▪ वैकवाट रेमिट संचालनको कारण समय र पैसाको वचत हुनु । | ▪ वैकहरुको कमि<br>▪ कमजोर अनुगमण प्रणाली ।<br>▪ केही संस्थाहरुले चर्को व्याज लिनु ।<br>▪ सहकारी प्रतिको विश्वास कम हुनु ।<br>▪ ऋण लिनको लागि वैकमा झन्झटिलो प्रक्रिया । | ▪ स्थानीय रोजगारी ।<br>▪ व्यवसायको लागि साहुको भन्दा कम व्याजमा लगानी।<br>▪ साना पुँजी भए पनि काम गर्ने अवसर। | ▪ सहकारीमा सुरक्षा नहुनु ।<br>▪ उद्देश्यअनुसार ऋण परिचालन नहुनु।<br>▪ लगानी भएको रकम असुलीमा समस्या ।<br>▪ नियमित अनुगमण नहुनु । |
| **४. वन वातावरण तथा विपद्** | | | |
| **४.१ वन व्यवस्थापन** | | | |
| ▪ उपभोक्ता मार्फत वन व्यवस्थापन हुनु ।<br>▪ विभिन्न जडिवुटीहरु हुनु ।<br>▪ वन पैदावारहरु ढुवानीको लागि सडकको व्यवस्था हुनु ।<br>▪ ३८ वटा सामुदायक वन र ९ वटा कवुलित वन रहेको | ▪ वैज्ञानिक वन व्यवस्थापन हुन नसक्नु।<br>▪ सरकारी वन जंगलहरुमा सडक निर्माण हुनु ।<br>▪ खेतीपातीमा वन्यजन्तुको अतिक्रमण। | ▪ वनलाई आर्थिक उपार्जनसंग जोडेर लैजान सकिने।<br>▪ वन्यजन्तु तथा जैविक विविधतायुक्त क्षेत्र स्थापना गर्न सकिने ।<br>▪ वनमा आधारित उद्यमहरु संचालन गर्न सकिने । | ▪ वनक्षेत्रको अतिक्रमण ।<br>▪ सरकारी वन निजी जमीनको सीमा समस्या ।<br>▪ वन्यजन्तु तथा वन पैदावारको चोरी निकासी ।<br>▪ आगलागी तथा भुक्षयको समस्या । |
| **४.२ जलश्रोत व्यवस्थापन** | | | |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| ▪ मुहान संरक्षण तथा वृक्षारोपन कार्यक्रम संचालन हुनु । ▪ विभिन्न जलाधार क्षेत्रहरु हुनु । ▪ जनचेतनामुलक कार्यक्रम संचालन हुनु । | ▪ रुख कटान तथा खुल्ला चरिचरण ▪ जथाभावी सडक निर्माण । ▪ वन्यजन्तु संरक्षणको कार्यक्रम संचालन नहुनु । | ▪ जलश्रोत पर्याप्त भएको क्षेत्रमा साना विद्युतिकरण मार्फत नियमित आम्दानी । ▪ विद्युतीकरनबाट विभिन्न उद्यमहरु संचालन गर्न सकिने । ▪ लिफ्ट् सिँचाइवाट खेती गर्न सकिने । | ▪ पुर्वाधारजन्य कृयाकलापले जैविक विविधता र वातावरणमा असर । ▪ लिफ्ट् सिँचाईको दिगोपन । |
| **४.३ जैविक विविधता संरक्षण** | | | |
| ▪ मौरीपालन व्यवसाय संचालन हुनु । ▪ विभिन्न खाले जैविक विविधतायुक्त जंगल हुनु । | ▪ विषादीको प्रयोग भइरहनु । ▪ चोरी निकासी बढ्नु। | ▪ पर्याप्त जलाधार क्षेत्र । ▪ पर्यापर्यटन । | ▪ जैविक विविधतामैत्री पुर्वाधार चेत । ▪ जैविक विविधता संरक्षणको कार्यक्रम न्युन हुनु । |
| **४.४ जोखिम न्यूनिकरण तथा प्रकोप व्यवस्थापन** | | | |
| ▪ पहिरो नियन्त्रणका कार्यक्रमहरु संचालन। ▪ पहिरो क्षेत्रमा तारजाली तथा वृक्षारोपण। | ▪ जोखिमस्थल वर्गिकरण नहुनु । ▪ ठुला डोजरको प्रयोगवाट सडक निर्माण गरिनु । ▪ जोखिम न्युनिकरण तथा प्रकोप व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु नियमित नहुनु । ▪ वन्यजन्तु तथा मानवको द्वन्द्व बढ्नु । | ▪ वायो इन्जीनियरीङ प्रविधीको प्रयोग गरी न्युनिकरण गर्न सकिने ▪ पर्यापर्यटनको संभावना हुनु । ▪ जलवायू परिवर्तन न्युनिकरण कार्यक्रम संचालन गर्न सकिने । | ▪ चुरे क्षेत्र र भूक्षय । ▪ अग्नी नियन्त्रण । |
| **४.५ फोहरमैला व्यवस्थापन** | | | |
| ▪ १ घर १ चर्पी कार्यक्रम हुनु । ▪ वजार क्षेत्रमा ढल तथा नालाहरु निर्माण। | ▪ सार्वजनिक शौचालयको अपुग। ▪ डम्पिङ साइडको व्यवस्थापन नभएको । ▪ ढल तथा नालाको सबै क्षैत्रमा पहुँच नपुग्नु । ▪ नियमित अनुगमण तथा मुल्यांकनमा कमी। | ▪ होमस्टे तथा पर्यटन प्रवर्धनमा टेवा पुग्ने । ▪ फोहरमैलामुक्त पालिकाको रुपमा पहिचान। ▪ फोहरवाट मोहर कमाउन सकिने । | ▪ डम्पिङ साइड व्यवस्थापन। ▪ प्लाष्टिकजन्य फोहरहरुको प्रयोग। |
| **४.६ पर्यटन व्यवस्थापन तथा धार्मिक स्थल संरक्षण** | | | |
| ▪ धार्मिक तथा पर्यटकीय सम्भावना बोकेको पर्याप्त स्थानहरु हुनु। ▪ हावापानीले उपयुक्त स्थान । | ▪ पर्याप्त होमस्टे तथा होटलहरु नहुनु । ▪ दक्ष जनशक्तिको अभाव तथा पथप्रदर्शक नहुनु । ▪ प्रचारप्रसारको कमी । | ▪ दक्ष जनशक्ति निर्माण । ▪ पर्यटन विकासमार्फत रोजगारी सिर्जना। | ▪ पर्यटक सुरक्षा । |

| सवलता | कमजोरी | अवसर | चुनौति |
|---|---|---|---|
| | ▪ पर्यटकीय क्षेत्र खुल्ला हुनु । | ▪ पाराग्लाइडिङ, साइक्लिङ, रकक्लाइमिङ ,वन्जीजम्पको सम्भावना। | |
| **५. संस्थागत विकास** | | | |
| **५.१ ऐन नीति नियमको अवस्था** | | | |
| नगरपालिकाको लागि आवश्यक ऐन कानुन १९ वटा बनेर कार्यान्वयन भइरहेको । | ▪ ऐन कानुनको विज्ञता र पर्याप्त अध्ययन कमी ।<br>▪ ऐनहरु पहिले वन्नु र प्रदेशको पछि वनेकोले वाझिनु ।<br>▪ ऐन कानुन निर्माण र संशोधनमा खर्च । | ▪ नगरपालिकाले निर्माण गरेको ऐन कानुन नीति नियमलाई प्रभावकारी कार्यान्वयले सुशासन जवाफदेहिता कायम हुने । | ▪ कानुनहरु बाझिइरहने ।<br>▪ संघ र प्रदेशको ऐन कानुन निर्माणमा ढिलाई |
| **५.२ कार्यालय व्यवस्थापन** | | | |
| ▪ वडा नं १,३,४,५,६,७,१० को आफ्नै कार्यालय भवन हुनु ।<br>▪ जनप्रतिनिधिहरुको नियमित उपस्थिति र कार्य सम्पादन ।<br>▪ जनप्रतिनिधि र कर्मचारीवीच सुमधुर सम्वन्ध।<br>▪ आवश्यकता अनुसार कर्मचारीले कार्यालय समय वाहेक पनि खटेको। | ▪ वडा नं २, ८ र ९ कार्यालय अभवन भवन नहुन<br>▪ दरवन्दी अनुसारको कर्मचारी नहुनु ।<br>▪ नगरपालिकाको ठुला सवारी साधन नहुनु । | ▪ वडा कार्यालय तथा भवन निर्माण गर्नको लागि वजेट विनियोजन हुनु।<br>▪ जग्गा खरीद गरिनु ।<br>▪ प्रविधियुक्त कार्यालय, गुणस्तरीय सेवा प्रवाह। | ▪ नगरपालिकाकावाट निजी श्रोतमा रहेको कर्मचारीहरुको व्यवस्थापन खर्च ।<br>▪ कर्मचारी छिटोछिटो फेरवदल । |
| **५.३ कर्मचारी व्यवस्थापन तथा क्षमता विकास** | | | |
| ▪ दरवन्दीबाहेकका कर्मचारीवाट पनि कार्य सम्पादन भएको।<br>▪ कर्मचारीले अफिसभन्दा बढी समय दिएको | ▪ दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्न नसक्नु।<br>▪ कर्मचारीको क्षमता विकास नहुनु । | ▪ कर्मचारीहरुको क्षमता विकास।<br>▪ स्थानीयले रोजगारी पाउने । | ▪ कर्मचारीहरुको पूर्णता र दिगोपन । |

### २.३.८ गौरवका आयोजना

विकासको प्रतिफललाई नगरपालिकाका धेरैभन्दा धेरै जनतालाई ठोस र दिगो उपलब्धिको रुपमा अनुभूत हुने गरी परिणाम हासिल गर्नका लागि स्रोत साधनहरुको सघन परिचालन गर्ने गरी विकासका संवाहक योजनाहरुलाई गौरवका आयोजनाहरु रुपमा पहिचान र कार्यान्वयन गर्ने उद्देश्यले निम्न आयोजनाहरुलाई गौरव आयोजनाका रुपमा सञ्चालन हुनेछः । यससम्बन्धि वृस्तित विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

# परिच्छेद ३ : आय तथा व्यय र अन्य स्रोत परिचालन

## ३.१ आय तथा व्यय र अन्य स्रोत परिचालन

**आयको प्रक्षेपण**

नगरपालिकाको २०७८/०७९ को प्रस्तावित आयलाई आधार मानि वार्षिक बजेटमा १० प्रतिशत वृद्धिदर कायम गरी वार्षिक आय प्रक्षेपण गरिएको छ जसअनुसार नगरपालिकाले आवधिक योजनाको अवधिमा कुल ४२१,१९२(हजारमा), आन्तरिक राजश्व संकलन हुने प्रक्षेपण गरिएको छ । त्यसैगरी राजश्व बाँडफाँड, संघीय अनुदान, प्रादेशिक अनुदानमा संकलन हुने प्रक्षेपण गरिएको छ । नगरपालिकाको आवधिक योजना अन्तर्गत  वित्तीय प्रक्षेपणका आधारहरू र विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ । वार्षिक बजेटमा १० प्रतिशत वृद्धिदर कायम गरी वार्षिक प्रक्षेपण गरिएको छ ।

**आयको प्रवृति र प्रक्षेपण विवरण**

| **शीर्षक** | **आ.व ( २०७७/०७८ आधार वर्षको) बजेट.** | **०७८/०७९ को अनुमान** | **पहिलो वर्षको आम्दानी अनुमान** | **दोस्रो वर्षकोआम्दानी अनुमान** | **तेस्रो वर्षको आम्दानी अनुमान** | **चौथो वर्षको आम्दानी अनुमान** | **पाँचौं वर्षको आम्दानी अनुमान** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| **सङ्घीय सरकारबाट प्राप्त** | **४४५,३०५,१००** | ४८९,८३५,६१० | ५३८,८१९,१७१ | ५९२,७०१,०८८ | ६५१,९७१,१९७ | ७१७,१६८,३१७ | ७८८,८८५,१४८ | ३,२८९,५४४,९२१ |
| समानिकरणअनुदान | ८६,०००,००० | ९४,६००,००० | १०४,०६०,००० | ११४,४६६,००० | १२५,९१२,६०० | १३८,५०३,८६० | १५२,३५४,२४६ | ६३५,२९६,७०६ |
| सशर्त अनुदान | ३४९,३०५,१०० | ३८४,२३५,६१० | ४२२,६५९,१७१ | ४६४,९२५,०८८ | ५११,४१७,५९७ | ५६२,५५९,३५७ | ६१८,८१५,२९२ | २,५८०,३७६,५०५ |
| समपुरक अनुदान | १०,०००,००० | ११,०००,००० | १२,१००,००० | १३,३१०,००० | १४,६४१,००० | १६,१०५,१०० | १७,७१५,६१० | ७३,८७१,७१० |
| **प्रदेश सरकारबाट प्राप्त** | **३१,९४३,०००** | ३५,१३७,३०० | ३८,६५१,०३० | ४२,५१६,१३३ | ४६,७६७,७४६ | ५१,४४४,५२१ | ५६,५८८,९७३ | २३५,९६८,४०३ |
| समानिकरणअनुदान | ११,९४३,००० | १३,१३७,३०० | १४,४५१,०३० | १५,८९६,१३३ | १७,४८५,७४६ | १९,२३४,३२१ | २१,१५७,७५३ | ८८,२२४,९८३ |
| सशर्त अनुदान | ५,०००,००० | ५,५००,००० | ६,०५०,००० | ६,६५५,००० | ७,३२०,५०० | ८,०५२,५५० | ८,८५७,८०५ | ३६,९३५,८५५ |
| समपुरक अनुदान | ५,०००,००० | ५,५००,००० | ६,०५०,००० | ६,६५५,००० | ७,३२०,५०० | ८,०५२,५५० | ८,८५७,८०५ | ३६,९३५,८५५ |
| अन्य अनुदान चालु | १०,०००,००० | ११,०००,००० | १२,१००,००० | १३,३१०,००० | १४,६४१,००० | १६,१०५,१०० | १७,७१५,६१० | ७३,८७१,७१० |
| **राजश्व बाँडफाँट** | **७६,८८१,८३०** | ८४,५७०,०१३ | ९३,०२७,०१४ | १०२,३२९,७१६ | ११२,५६२,६८७ | १२३,८१८,९५६ | १३६,२००,८५२ | ५६७,९३९,२२५ |

| शीर्षक | आ.व (२०७७/०७८ आधार वर्षको) बजेट. | ०७८/०७९ को अनुमान | पहिलो वर्षको आम्दानी अनुमान | दोस्रो वर्षकोआम्दानी अनुमान | तेस्रो वर्षको आम्दानी अनुमान | चौथो वर्षको आम्दानी अनुमान | पाँचौं वर्षको आम्दानी अनुमान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ५७,०१६,८१० | ६२,७१८,४९१ | ६८,९९०,३४० | ७५,८८९,३७४ | ८३,४७८,३१२ | ९१,८२६,१४३ | १०१,००८,७५७ | ४२१,१९२,९२५ |
| जम्मा | ६११,१४६,७४० | ६७२,२६१,४१४ | ७३९,४८७,५५५ | ८१३,४३६,३११ | ८९४,७७९,९४२ | ९८४,२५७,९३६ | १,०८२,६८३,७३० | ४,५१४,६४५,४७४ |

**व्ययको प्रक्षेपण**

आय जस्तै खर्चको प्रक्षेपणपनि २०७८/०७९ को व्ययलाई आधारमानि कुल खर्चमा १० प्रतिशत वृद्धिदर कायम गरी वार्षिक व्यय अनुमान गरिएको छ जसअनुसार यस आवधिक योजनाको अन्तसम्ममा करिब ४५८२३७१(रकम हजारमा) खर्च हुने अनुमान गरिएको छ। योजनाको अन्तसम्ममा चालुतर्फ करिब २८८०३०८ हजार र पुँजीगततर्फ करिब १७०२०६२ हजार खर्च हुने आँकलन गरिएको छ। जसको वृस्तित विवरण तलको तालिकामा देखाइएको छ।

| शीर्षक | आ.व (२०७७/०७८ आधार वर्षको) खर्च | ०७८/०७९ को अनुमाति खर्च | ०७९/८० को अनुमाति खर्च | ०८०/८१ को अनुमाति खर्च | ०८१/८२ को अनुमाति खर्च | ०८२/८३ को अनुमाति खर्च | ०८३/८४ को अनुमाति खर्च | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| चालु खर्च | ३८९,९०६,८९० | ४२८,८९७,५७९ | ४७१,७८७,३३७ | ५१८,९६६,०७१ | ५७०,८६२,६७८ | ६२७,९४८,९४५ | ६९०,७४३,८४० | २,८८०,३०८,८७१ |
| पूँजीगत खर्च | २३०,४०७,८५० | २५३,४४८,६३५ | २७८,७९३,४९९ | ३०६,६७२,८४८ | ३३७,३४०,१३३ | ३७१,०७४,१४७ | ४०८,१८१,५६१ | १,७०२,०६२,१८८ |
| जम्मा | ६२०,३१४,७४० | ६८२,३४६,२१४ | ७५०,५८०,८३५ | ८२५,६३८,९१९ | ९०८,२०२,८११ | ९९९,०२३,०९२ | १,०९८,९२५,४०१ | ४,५८२,३७१,०५८ |

## ३.२ योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण

आवधिक योजनामा नगरपालिकाको संचित कोषवाट प्रक्षेपित कूल खर्चलाई क्षेत्रगत बाँडफाँड गर्दा आर्थिक क्षेत्रमा १६.६ प्रतिशत, सामाजिक क्षेत्रमा २९.८ प्रतिशत, पूर्वाधार क्षेत्रमा ४७.८ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४.५ प्रतिशत, वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा ०.७ प्रतिशत रकम खर्चहुने प्रक्षेपण गरिएको छ। नगरपालिकाको आवधिक योजना अन्तर्गत सार्वजनिक खर्चको बर्गिकरण तथा क्षेत्रगत बाँडफाँड र प्रक्षेपणका आधारहरु सोहि क्षेत्र तथा उपक्षेत्रसँगैको वृस्तित कार्यक्रममा समावेश गरिएको छ। अनुमानित कुल ५,६६२,९२० (हजारमा) लागत योजना खर्चको १,१४८,२७५ (हजारमा) रकम अपुग हुने भाएकाले सो योजना कार्यान्वयनका लागी सरकारी, निजी, सामुदायिक, व्यक्तिगत र अन्य संघ संस्था तथा दाताबाट प्राप्त हुनसक्ने आँकलन गरिएको छ।

| चौदण्डीगढी नगरपालिकाको आवधिक योजनामा नतिजा प्राप्तिको लागि तर्जूमा गरिएका कार्यक्रम तथा योजना, २०८० देखी २०८१ सम्मको प्रक्षेपित खर्च | | | |
|---|---|---|---|
| **क.स.** | **क्षेत्रगत विकास** | **लागत अनुमान (रु हजारमा)** | **प्रतिशत** |
| १ | सार्वजनिक खर्च | १६,६०० | ०.३ |
| २ | आर्थिक क्षेत्र | ९३८,६५० | १६.६ |
| ३ | सामाजिक क्षेत्र | १,६८६,३२० | २९.८ |
| ४ | पूर्वाधार क्षेत्र | २,७०९,००० | ४७.८ |
| ५ | वन वातावरण तथा प्रकोप व्यवस्थापन | ३९,००० | ०.७ |
| ६ | संस्थागत विकास तथा सुशासन क्षेत्र | ९८,०५० | १.७ |
| ७ | अन्तरसम्बन्धि क्षेत्र | १६०,३०० | २.८ |
| ८ | योजना तर्जुमा | १५,००० | ०.३ |
| **जम्मा लागत अनुमान रु हजारमा** | | **५,६६२,९२०** | **१००.०** |

### ३.२ सार्वजनिक खर्च

उपलब्ध स्रोत र साधनको कुशल तथा प्रभावकारी उपयोग गरी समुन्नत अर्थतन्त्रको आधार निर्माण गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ। नागरिकका बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही सम्बोधन गर्नुपर्ने आवश्कयता छ। साथै, संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनले सिर्जना गरेका आर्थिक दायित्वहरूको व्यबस्थापन गर्नुपर्नेछ। नयाँ सङ्घीय प्रणाली अनुरूप सार्वजनिक खर्चको संरचना र खर्च गर्ने भूमिका एवम् जिम्मेवारीमा परिवर्तन भएकोले सङ्घ, प्रदेश तथा स्थानीय निकायले आआफ्नो खर्च जिम्मेवारीबमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपर्नेछ। समग्र सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन तीन तहमा सार्वजनिक खर्चको उपयोग गर्ने क्षमता अभिबृद्धि गर्न अपरिहार्य हुन्छ। विगतका वर्षहरूमा के कसरी सार्वजनिक खर्च भयो, त्यसको दरमा केकस्तो परिवर्तन आयो त्यसको समीक्षा गर्नुपर्नेछ। सर्वाजनिक खर्चको कुशलता, प्रभावकारिता, उच्च दिगोपना, गुणस्तरीयता, पारदर्शीता कायम गर्ने दिशामा यो योजना केन्द्रित छ।

#### ३.२.१ प्रमुख समस्या

चालु खर्चको तुलनामा पूँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नु, खर्चको विनियोजन कुशलतापूर्वक नहुनु, कार्यान्वयन दक्षतामा कमी हुनु, प्रतिवद्धता अनुरूप विकास सहायता परिचालन हुन नसक्नु र आर्थिक अनुशासनको पालना नहुनु सार्वजनिक खर्च व्यवस्थापनका समस्याहरू हुन्। खर्च गर्ने क्षमताभन्दा बढि बजेट माग हुनु, निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुनु र आयोजनामा सुशासन कायम हुन नसक्नु थप समस्याहरू हुन्।

#### ३.२.२ चुनौती र अवसर

यस नगरपालिकाको दीर्घकालीन सोच, दिगो विकासको लक्ष्य र सङ्घीय सरकारद्वारा प्रक्षेपित पन्ध्रौं योजनाको लक्ष्य हासिल हुने गरी सार्वजनिक खर्च व्यवस्थापन गर्नु, सार्वजनिक खर्चको बढ्दो मागलाई कुशलतापूर्वक व्यवस्थापन गर्दै बित्तीय सङ्घीयता कार्यान्वयन गर्नु, खर्च विनियोजनमा कुशलता र खर्च गर्ने क्षमता अभिबृद्धि गर्नु र चालु खर्चलाई नियन्त्रण गरी पूँजीगत खर्चलाई बढावा दिनु प्रमुख चुनौती रहेका छन्। साथै राष्ट्रिय तथा स्थानीय आवश्यकताका विकास परियोजनामा खर्च विनियोजन गर्नु र स्थानीय आवश्यकता र उपलब्ध स्रोत बीच तादात्म्यता कायम गर्नु थप चुनौती रहेका छन्।

सार्वजनिक खर्च प्रणालीमा भएका नीतिगत, कानुनी, प्रक्रियागत एवम् प्रविधिजन्य सुधार, निर्वाचित स्थानीय सरकार, स्थानीय आर्थिक विकास र उपलब्ध स्रोत परिचालनको उच्च सम्भावना र राष्ट्रिय, प्रादेशिक तथा वैदेशिक सहायता उपलब्ध हुनसक्ने अवस्था प्रमुख अवसर हुन् ।

### ३.२.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्वारा समृद्ध स्थानीय अर्थतन्त्रको निर्माण गर्ने ।

**लक्ष्य**

सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक बृद्धि हासिल गर्ने ।

**उद्देश्य**

१.उपलब्ध सीमित स्रोतलाई नगरपालिकाको समृद्धि हाँसिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु
२. नगरपालिकाको अर्थतन्त्रमा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्नु
३. सामाजिक न्यायसहितको लगानीको वितरण गर्नु ।

### ३.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: उपलब्ध सीमित स्रोतलाई नगरपालिकाको समृद्धि हाँसिल गर्नसघाउने क्षेत्रमा विनियोजन गर्नु | |
| १.१ सार्वजनिकखर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने । | १.१.१ सार्वजनिक खरिद कानूनको परिपालनामा जोडदिइनेछ ।<br>१.१.२ बजेटप्रणालीका सबैप्रकृयालाई प्रभावकारी बनाउन दक्ष मानवसंसाधन विकासमा जोडदिइनेछ । |
| १.२ स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्दै नगरपालिकाको राजस्व परिचालनमा गर्ने। | १.२.१ प्रभावकारी राजस्व परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.२.२ राजस्व परिचालनलाई सूचना र प्रविधिमा आधारित बनाइनेछ । |
| उद्देश्य २: नगरपालिकाको अर्थतन्त्रमा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्नु | |
| २.१ रोजगारीका अवसरको सिर्जना,उत्पादन र उत्पादकत्वमा वृद्धि एवम् पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने । | २.१.१ कृषि तथा गैरकृषि क्षेत्रमा रोजगारमूलक उद्योग स्थापनामा जोडदिइने छ । |
| उद्देश्य ३: सामाजिक न्यायसहितको लगानीको वितरण गर्नु | |
| ३.१ पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने । | ३.१.१ सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइनेछ । |

### ३.२.५ कार्यक्रमका प्राथमिकता

- सार्वजनिक वित्त व्यवस्थापन ।

### ३.२.६ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | सार्वजनिक वित्त र सार्वजनिक खरिद कानूनको तर्जुमा | संख्या | | १ | | | | | | ३०० | |
| २ | | | १.१.२ | | बजेट तर्जुमा अभिमुखीकरण तालिम | पटक | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ३ | | १.२ | १.२.१ | | वडासँग तहसँग अन्तरक्रिया | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ४ | | | १.२.२ | | राजस्व ट्र्याकिङका लागि प्रविधिको विकास | संख्या | | १ | | | | | १ | २५०० | |
| ५ | २ | २.१ | २.१.१ | | कृषि तथा गैरकृषि क्षेत्रमा लगानी मैत्री नीति तर्जुमा | संख्या | | १ | | | | | | ५०० | |
| ६ | ३ | ३.१ | ३.१.१ | | विपन्न वर्गमा पूर्वाधार र सामाजिक क्षेत्रमा भएको लगानीको प्रभाव मूल्याङ्कन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ८०० | |

### ३.२.७ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | उपलब्ध स्रोतसाधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो तथा उच्च आर्थिक वृद्धि हाँसिल भएको हुने | आर्थिक वृद्धि दरमा वृद्धि हुने | प्रतिशत | | | | | | | | | |
| | | लगानी मैत्री नीति तर्जुमा हुने | संख्या | | | १ | | | | १ | | |
| | | लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण भएको हुने | | | | | | | | | | |
| **असर १** | उपलब्ध सीमित स्रोत नगरपालिकाको समृद्धि हाँसिल गर्न सघाउने क्षेत्रमा विनियोजन भएको हुने | गौरवका आयोजना र उत्पादनको क्षेत्रमा लगानी हुने | प्रतिशत | | | | | | | | | |
| **प्रतिफल १.१** | सार्वजनिक खरिद कानूनको तर्जुमा भएको हुने | सार्वजनिक वित्त र सार्वजनिक खरिद कानूनको तर्जुमा | संख्या | | १ | | | | | १ | | |
| **प्रतिफल १.२** | बजेट प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन निकास भएको हुने | स्थानीय तहका बजेट शाखाका कर्मचारीहरूलाई बजेट तर्जुमा अभिमुखीकरण तालिम | पटक | | १ | १ | १ | १ | १ | ५ | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रतिफल १.३** | राजस्व परिचालन सूचना प्रविधिमा आधारित भएको हुने | राजस्व ट्याकिङ प्रविधिको विकास र प्रयोग | संख्या | | १ | | | | | १ | | |
| **असर २** | नगरपालिका अर्थतन्त्रमा रोजगारी सिर्जना र उत्पादन वृद्धि भएको हुने | वार्षिक रोजगार सिर्जना (हजारमा) | संख्या | | | | | | | | | |
| | | स्वरोजगार सिर्जना (हजार मा) | संख्या | | | | | | | | | |
| **प्रतिफल २.१** | कृषि तथा गैर कृषि क्षेत्रमा रोजगारमूलक उद्योगको स्थापना भएको हुने | कृषि प्रशोधन गर्ने उद्योगको संख्या | संख्या | | | | | | | | | |
| **असर ३** | लगानीको वितरणले समाजका सबै वर्ग र क्षेत्रलाई समेटेको हुने | लगानीको वितरणले समेटेका समाजका वर्गहरू र क्षेत्र (संख्या र वर्गको नाम) | संख्या | | | | | | | | | |
| **प्रतिफल ३.१** | लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध भएको हुने | लगानीको प्रतिफल वितरणले समेटेका सबै वर्गहरू | संख्या | | | | | | | | | |
| | | लगानीको प्रतिफल वितरणले समेटेका सबै क्षेत्रहरू | संख्या | | | | | | | | | |
| | | सामाजिक सुरक्षा कार्यक्रमले समेटेका नागरिकको संख्या | प्रतिशत | | | | | | | | | |

### ३.२.८ अपेक्षित उपलब्धि

बजेट विनियोजनमा कुशलता, सरकारी कोषको प्रभावकारी उपयोग र बजेटको अपेक्षित नतिजा प्राप्ति भएको हुने, सार्वजनिक खर्चमा पूँजीगत खर्चको हिस्सा उल्लेख्य बढेको हुने, विभिन्न विषयगत समितिहरूबीच वित्तीय अन्तरआवद्धता सुदृढ हुने, बजेट प्रणाली पारदर्शी, वैज्ञानिक र विद्युतीय प्रणालीमा आधारित भएको हुने र आयोजना तोकिएको गुणस्तर, परिमाण, लागत र समयमा सम्पन्न भएको हुनेछ ।

## ३.३ राजस्व

### ३.३.१ पृष्ठभूमि

नेपालको संविधानमा उल्लेख भएका मौलिक हक, निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्न, नगरपालिकाबासीका विकास र समृद्धिका आवश्यकता पूरा गर्न, नगरपालिकाको परनिर्भरता घटाउने आन्तरिक स्रोतको परिचालनमा बृद्धि आवश्यक छ । बदलिएको राज्य प्रणाली अनुरूप सार्वजनिक खर्च संरचना सुदृढ गरी लगानी, व्यवसाय र करदातामैत्री कर प्रशासन मार्फत उत्पादन बृद्धिलाई सहयोग पुऱ्याउँदै अधिकतम राजस्व परिचालनतर्फ यो योजना केन्द्रित छ ।

### ३.३.२ प्रमुख समस्या

आर्थिक क्रियाकलाप न्यून हुनु, राजस्वको ठूलो हिस्सा केन्द्रीय अनुदानमा निर्भर रहनु, राजस्वमा करको अंश कम हुनु, करको दायरा कम हुनु तथा सम्भावना अनुरूप राजस्व उठ्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.३.३ चुनौती र अवसर

कर परिपालनामा देखिएको अन्तर सुधार गर्नु प्रमुख चुनौती रहेको छ । सम्पूर्ण आर्थिक क्रियाकलापहरूलाई करको दायराभित्र ल्याउनु, आर्थिक बृद्धि र राजस्वबीच सबल अन्तरसम्बन्ध कायम गर्नु, करदाता र कर प्रशासनमा व्यवसायिकता, पारदर्शीता र सद्चारिता कायम गर्नु यस क्षेत्रका सहायक चुनौतीहरू हुन् ।

नीतिगत स्थीरता र स्थायित्व भई सहज व्यवसायिक वातावरण निर्माण हुनु, उच्च आर्थिक बृद्धि र अर्थतन्त्रको आकारमा विस्तार हुँदै जानु, विषय समितिहरूको कार्यक्षेत्र बमोजिम राजस्व परिचालनको सम्भावना बृद्धि हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् । कर सहभागितामा भएको बढोत्तरीसँगै करको दायरा विस्तार हुँदै जानु, प्रगतिशील कर प्रणाली लागू हुनु, स्थानीय उद्योग व्यवसायको संरक्षण र प्रवर्धन गर्ने नीतिगत व्यवस्था हुनु, कर प्रशासनको संस्थागत विकास र करदाताको करमा पहुँच बढ्नु र राजस्व प्रशासन आधुनिक सूचना प्रणालीमा आधारित हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्ने ।

**लक्ष्य**

आन्तरिक उत्पादन र आयमा आधारित करको बृद्धि गर्दै राजस्व सङ्कलनमा तीब्रता ल्याउने ।

**उद्देश्य**

१. राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउनु

### ३.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउनु | |
| १.१ नगरपालिकाको प्रभावकारी राजस्व परिचालनमा जोड दिने । | १.१.१ प्रदेश सरकारसँगको सहकार्यमा राजस्व संकलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानूनी व्यवस्था गरिनेछ ।<br>१.१.२ राजस्व परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । |
| १.२ कर प्रणालीमा संस्थागत र संरचानागत रुपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने । | १.२.१ राजस्व संकलन प्रणालीका सबै प्रकृयालाई प्रभावकारी बनाउन दक्ष जनशक्ति विकासमा जोड दिइनेछ ।<br>१.२.२ नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरिनेछ । |

### ३.३.६ कार्यक्रमका प्राथमिकता

- आन्तरिक राजस्व वृद्धि ।
- कर प्रणालीको आधुनिकिकरण ।

### ३.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ | १.१.१ | | राजस्व परिचालन सम्बन्धी अध्ययन | संख्या | | १ | | | | | १ | १५०० | |
| २ | | | | | राजस्व परिचालन नीति तर्जुमा | संख्या | | | १ | | | | | ५०० | |
| ३ | | | १.१.२ | | करको दायरा बढाउने | प्याकेज | | | १ | | | | | ५०० | |
| ४ | | १.२ | १.२.१ र १.२.२ | | कर्मचारीहरूलाई राजस्व संकलन सम्बन्धी क्षमता अभिवृद्धि तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ५ | | | | | कर प्रणालीमा आधुनिकीकरण | संख्या | | | १ | | | | | ५०० | |

### ३.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभाव** | चालु खर्चलाई आन्तरिक स्रोतबाट धान्न सक्ने अवस्थाको सिर्जना भएको हुने | चालु खर्चको आन्तरिक स्रोत | प्रतिशत | | | | | | | | | |
| | | कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट | प्रतिशत | | | | | | | | | |
| | | बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने) | प्रतिशत | | | | | | | | | |
| **असर १** | राजस्व परिचालन प्रणाली कुशल, पारदर्शी र प्रभावकारी भएको हुने | आन्तरिक राजस्वमा वृद्धि हुने | रु. हजारमा | | | | | | | | | |
| | | कर प्रणालीको आधुनिकीकरण हुने | पद्धति | | | १ | | | | १ | | |
| | | करको दायरा बढेको हुने | | | | | | | | | | |
| **प्रतिफल १.१** | कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानूनी व्यवस्था भएको हुने | राजस्व परिचालन र बाँडफाँड नीति तर्जुमा | संख्या | | | १ | | | | १ | | |
| | | राजस्व बांडफांटको अंश | प्रतिशत | | | | | | | | | |
| | | नयाँ थपिएको करको क्षेत्रहरू (नाम र संख्या) | संख्या | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रतिफल १.२** | दक्ष जनशक्तिको विकास भएको हुने | राजस्व संकलनमा आधुनिक प्रविधि र प्रकृया सम्बन्धी तालिम प्राप्त दक्ष जनशक्ति | संख्या | | | | | | | | | |

### ३.३.९ अपेक्षित उपलब्धि

राजस्व प्रणाली लगानी, व्यवसाय र करदातामैत्री भएको हुने, सबै किसिमको राजस्व विद्युतीय माध्यमबाट भुक्तानी गरी कर सङ्कलनका लागि र करदाताको सहभागिताका लागत घटेको हुने र कुल गार्हस्थ उत्पादनको अनुपातमा राजस्व ३२.२ प्रतिशत र आयकर १० प्रतिशत पुगेको हुनेछ ।

## ३.४ अन्य स्रोत परिचालन(सार्वजनिक, निजी र सहकारी साझेदारी)

स्थानीय विकास र समृद्धिको लक्ष्य हासिल गर्न आवश्यक पर्ने लगानी जुटाउन सार्वजनिक, निजी र सहकारी बीच साझेदारी अपरिहार्य भएको छ । सार्वजनिक निजी र सहकारी क्षेत्रबीच साझेदारीमार्फत लगानीको वातावरण तयार गरी त्यसको उपयुक्त व्यवस्थापनबाट समृद्धिको लक्ष्य हासिल गनुपर्ने आवश्यकता छ । सार्वजनिक लगानीलाई मुख्यतयाः स्थानीय विकासको पूर्वशर्तको रूपमा रहेको आधारभूत सेवा प्रदान गर्न विशेष केन्द्रित गरिनेछ । निजी क्षेत्र एक्लैले लगानी गर्न नसक्ने कार्यक्रम तथा परियोजनाहरूमा समेत सार्वजनिक निजी तथा सहकारी क्षेत्रको सहकार्य, साझेदारी र सहभागिताका आधारमा लगानी जुटाई थप स्रोत व्यवस्थापन गरिनेछ ।

सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीचको साझेदारीको लगानीलाई भौतिक पूर्वाधार निर्माण तथा सञ्चालन, सेवा क्षेत्र व्यवस्थापन, कृषि तथा वन र ग्रामीण औद्योगिकीकरणमा प्राथमिकता दिइनेछ । साथै, जलविद्युत्, सिँचाइ, यातायात, सूचना र प्रविधि पूर्वाधारको क्षेत्रमा पनि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीच साझेदारीको लगानीबाट आयोजनाको विकास तथा निर्माण गरिनेछ । सार्वजनिक निजी तथा सहकारी साझेदारी सम्बन्धी स्पष्ट नीतिगत व्यवस्थासहित प्रोत्साहित गरिनेछ । निजी क्षेत्रको ज्ञान, प्रविधि, व्यवस्थापकीय सीप र कुशलताका साथै जोखिम बहन गर्न सक्ने क्षमता अभिबृद्धि गरिनेछ ।

### ३.४.१ प्रमुख समस्या

विकासका लागि वित्तीय स्रोतको कमी हुनु, सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच अवधारणामा स्पष्टता नहुनु प्रमुख समस्याका रूपमा रहेका छन् । यसका अतिरिक्त सार्वजनिक, निजी तथा सहकारी साझेदारी सम्बन्धी नीतिगत संरचना पर्याप्त नहुनु प्रमुख समस्या रहेका छन् ।

### ३.४.२ चुनौती र अवसर

यो नगरपालिकाले अङ्गिकार गरेका विकासका लक्ष्य र उद्देश्य हासिल गर्न उलेख्य रूपमा थप लगानीको परिचालन गर्नका लागि लगानीको उचित वातावरण सिर्जना गर्नु, व्यवसाय सञ्चालनमा सहजता र कुशलता कायम गर्नु र लगानी सुरक्षाको प्रत्याभूति दिई स्थानीय आर्थिक विकासमा परिचालन गर्ने कार्य चुनौतीपूर्ण छ । निजी र सहकारी क्षेत्र सीमित क्षेत्रमा परिचालन भइरहेको स्थितिमा उनीहरूमा भएको विद्यमान स्रोतसाधन, श्रम, सीप, प्रविधि, व्यवसायिक क्षमताको अधिकतम उपयोग गर्ने वातावरण सुनिश्चित गर्नु चुनौतीपूर्ण छ ।

बदलिएको सङ्घीय संरचना अनुरूपको थप वित्तीय लगानीको माग र विभिन्न विषयगत समितिहरूका बीचमा हुने सहकार्य प्रमुख अवसरका रूपमा रहेका छन् । विकासमा निजी तथा सहकारी क्षेत्रको भूमिका अभिबृद्धि गर्न पालिका र निजी तथा सहकारी क्षेत्रबीचको सहकार्यद्वारा सामाजिक आर्थिक रूपान्तरणको अवसर प्राप्त भएको छ ।

### ३.४.३ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीको माध्यमद्वारा उत्पादनशील र रोजगारमूलक आर्थिक बृद्धि ।

**लक्ष्य**

सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीको लगानी अभिबृद्धि गरी थप स्रोत एवम् व्यवस्थापकीय सीप परिचालन गर्ने ।

**उद्देश्य**

१. लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउनु ।
२. सहकारी क्षेत्रलाई वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै नगर वा ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्नु ।

### ३.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: लगानी मैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउनु | |
| १.१ लगानी मैत्री नीति, कानून र संस्थागत प्रबन्ध गर्ने । | १.१.१ निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्न कानूनी व्यवस्था गरिनेछ । |
| उद्देश्य २: सहकारी क्षेत्रलाई वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्नु । | |
| २.१ सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने । | २ १.१ सहकारी क्षेत्रमा संकलित बचतलाई एकीकृत् गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । |
| २.२ सरकारी, निजी र सहकारी क्षेत्रको लगानीलाई प्रतिस्पर्धा भन्दा परिपूरकको रूपमा लगानी गर्ने वातावरण सिर्जना गर्ने । | २.२.१ सरकारी क्षेत्रको लगानीलाई निजी र सहकारी क्षेत्रको परिपूरकको रुपमा लगानी गरिनेछ ।<br>२.२.२ सहकारी क्षेत्रलाई ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानी गर्न प्रोत्साहन गरिनेछ । |

### ३.४.५ कार्यक्रमका प्राथमिकता

- सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने
- सार्वजनिक निजी क्षेत्रको लगानी उत्पादमूलक क्षेत्रमा विस्तार गर्ने ।

### ३.४.६ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८४ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ | १.१.१ | | निजी लगानीकर्तालाई सहयोग गर्न प्रकृया सहजीकरण समिति गठन गर्ने | प्याकेज | | १ | | | | | १ | ३०० | |
| २ | | | | | लगानीकर्ताहरूलाई व्यवसाय दर्ता प्रकृया, लगानी र लाभांश फिर्ता लैजाने प्रकृया सम्बन्धी जानकारी पुस्तिका | संख्या | | १ | | | | | | ३०० | |
| ३ | २ | २.१ | २.१.१ | | नगर क्षेत्रका गौरबका योजनाहरुको सम्भाव्यता अध्ययन | संख्या | | | १ | १ | १ | | ३ | ५००० | |
| ४ | | | २.१.२ | | निजी र सहकारी क्षेत्रको लगानीको अनुगमन गर्ने | संख्या | | १ | | १ | | १ | | ९०० | |

### ३.४.७ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आध ०७८/०७९ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८४ | | | |
| **प्रभाव** | निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गरी नगरपालिकको समृद्धि हाँसिल भएको हुने | कुल ग्राहस्थ्य उत्पादनमा वृद्धि हुने | | | | | | | | | अध्ययन प्रतिवेदन | |
| | | वेरोजगारी घटेको हुने | प्रतिशत | | | | | | | | " | |
| **असर १** | निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न लगानी मैत्री वातावरणको सिर्जना भएको हुने | सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने | संख्या | | | १ | | | | १ | | |
| | | सार्वजनिक निजी क्षेत्रको लगानी उत्पादमूलक क्षेत्रमा हुने | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल १.१** | निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्न कानूनी व्यवस्था भएको हुने | सम्बन्धित कानूनको तर्जुमा | संख्या | | | १ | | | | १ | प्रतिवेदन | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आध ०७८/ ०७९ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/ ०८१ | ०८१/ ०८२ | ०८२/ ०८३ | ०८३/ ०८४ | ०८४ / ०८४ | | | |
| **असर २** | सहकारी क्षेत्रमा वित्तीय पारदर्शिता प्रवर्द्धन हुँदै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन भएको हुने | सहकारी क्षेत्रको लगानीमèये ३०% उत्पादनमूलक क्षेत्रमा भएको हुने | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल २.१** | सहकारी क्षेत्रमा संकलित बचतलाई एकीकृत् गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन भएको हुने | उत्पादनमूलक क्षेत्रमा सहकारी क्षेत्रको लगानी | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल २.२** | निजी क्षेत्रको लगानी वृद्धि गर्न सरकारको तर्फबाट पूर्वाधारका क्षेत्रमा लगानी (परिपूरक लगानी) गरी वातावरण सिर्जना भएको हुने | निजी लगानी प्रवर्द्धनका लागि सार्वजनिक क्षेत्रको परिपूरक लगानी हुने | रू ( लाखमा) | | | | | | | | " | |

### ३.४.८ अपेक्षित उपलब्धि

सार्वजनिक निजी तथा सहकारी साझेदारी सम्बन्धी कानुन तयार भई एक आयोजना सार्वजनिक निजी साझेदारीमा क्षेत्रगत आयोजना कार्यान्वयनमा आएका हुनेछ ।

# परिच्छेदक ४ : आर्थिक क्षेत्र

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

कृषि एउटा व्यवसाय हो। स्थानीय कृषकहरूको जीवन सञ्चालन गर्ने माध्यम हो। जीविकोपार्जन, रोजगारी र आम्दानीको आधार हो। गरिबी निवारण गर्ने बलिया संयन्त्र कृषि हो । निवार्हमुखी खेतीप्रणालीलाई आधुनिक र व्यापारिक खेतीमा रूपान्तरण नगरेसम्म स्थानीय अर्थतन्त्रको दिगोपना सम्भव छैन्। स्थानीय अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि नै हो। कृषि क्षेत्र तीनै तहका सरकारहरूको प्राथमिकताको क्षेत्र हो। कृषिको विकास मुलुकको विकासको मेरुडण्ड मात्र नभई खाद्य सम्प्रभुता र खाद्य अधिकारको महत्त्वपूर्ण आधार पनि हो। मानिसको व्यक्तित्वसँग जोडिएको जमिनको न्यायपूर्ण स्वामित्व, सामाजिक प्रतिष्ठा र गौरव पनि हो। गरिबी निवारण, खाद्य सुरक्षा, रोजगारीको स्रोत नेपाली अर्थतन्त्रको मुख्य आधार पनि कृषि नै हो। स्थानीय आर्थिक विकासको प्रवेशद्धार कृषि हो।कृषि क्षेत्रमा भएको विकासले स्थानीय अर्थव्यवस्थाका अन्य क्षेत्रहरूलाई प्रत्यक्ष प्रभाव पार्दछ। अत्यधिक कृषिको विकासले अत्यधिक औद्योगिक विकास र अत्यधिक औद्योगिक विकासले स्थानीय आर्थिक विकासलाई दिशा निर्देश गर्दै राष्ट्रिय पूँजी निर्माणमा ठोस योगदान पुऱ्याउँछ। औद्योगिक पूँजीको निर्माण गर्ने सबैभन्दा महत्त्वपूर्ण क्षेत्र कृषि नै हो। राष्ट्रिय सुरक्षाका साथै भविष्यमा आउन सक्ने अन्य रोगव्याधी, महामारी र प्राकृतिक प्रकोपको सामना गर्न सक्ने राष्ट्रिय सामर्थ्यको विकास आवश्यक छ। हाल चौदण्डीगढी नगरपालिकाको मुख्य पेशाको हिसाबले कृषि २६.१४ प्रतिशत रहेको छ। दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा समाधानका उपायहरू कृषिको रूपान्तरण र विकासबाट सम्भव छ। खाद्य असुरक्षा समाधान गर्न कृषिमा लगानीको दर बढाउनुपर्दछ। नतिजामुखी कार्यक्रमको आवश्यकता पर्दछ जसले खाद्य असुरक्षाका मूल तथा आधारभूत कारणहरूलाई सम्बोधन गरोस्।

### ४.१.२. प्रमुख समस्या

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु र यसका लागि आवशयक स्रोत साधान र जनशक्तिको परिचालन यस क्षेत्रमा देखिएका प्रमुख समस्या हुन । आवश्यक पुहुँचयोग्य पूर्वाधारहरू जस्तै सिँचाइ, गोदाम घर, मल, बिउ तथा किटनाशक औषधिको उपलब्धता हुन नसक्नु, सङ्कलन केन्द्र, कृषि अनुसन्धान एवम् प्राविधिक विकासको सुस्तता, मौसममा निर्भर खेती प्रणाली, जलवायु परिवर्तन तथा पर्याप्त वित्तीय सेवाको अभाव कृषि क्षेत्रको विकासमा देखिएका प्रमुख समस्याहरू हुन्। कृषियोग्य जमिनको अद्यावधिक नगरिनु। भू-उपायोग नीति अनुरूप जमिनको प्रयोग नहुनु, व्यवसायिक तथा वैज्ञानिक भू-उपयोग नहुनु, परम्परागत तथा निवार्हामुखी कृषि प्रणाली कायम रहनु, कृषि, उद्योग र कृषि उत्पादनबीचको अन्तरसम्बन्ध कमजोर हुनु, कृषि बीमाको कार्यान्वयन तथा प्रचारप्रसारको कमी हुनु, शिक्षा, अनुसन्धान र कृषि प्रसारमा समन्वय हुन नसक्नु आदि कृषि क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन्। यी समग्र तथ्यलाई विश्लेषणगरी समष्टिगत आर्थिक नीति र विगतका योजनामा कृषिलाई उच्च प्राथमिकतामा राखिए तापनि कार्यान्वयन पक्ष प्रभावकारी हुन नसक्दा अपेक्षित परिणाम हासिल गर्न सकेको देखिँदैन ।

### ४.१.३ चुनौती र अवसरहरू

कृषि, सिँचाइ तथा पशुपालन पेसा व्यवसायिक, सम्मानित र रोजगारमूलक बनाउनु कृषि क्षेत्रको प्रमुख चुनौती बन्दै आएको छ। कृषिको प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमि भएको हुँदा यी क्षेत्रको विकासको सम्भावनालाई सहकारी मार्फत सञ्चालन गर्न सकिन्छ। श्रमशक्तिमा आशा र आत्मविश्वासको वातावरण सिर्जना गरी साना कृषकलाई जमिन दिलाउन सकेमा उत्पादनमा बृद्धि ल्याउन

सकिन्छ । उपलब्ध श्रम शक्तिलाई कृषि पेसामा संलग्न आकर्षित गर्नु तथा कृषिलाई मर्यादित पेसाको रूपमा विकास गर्नु यस क्षेत्रमा देखिँदै आएका चुनौतीहरू हुन् ।

सहकारीको माध्यमबाट वडा वडामा नमूना कृषि बजारको व्यवस्था गर्न सकेमा घरघरमा रोजगारी सिर्जना हुन सक्छ । नगरपालिकाभित्र प्रर्याप्त पानीका स्रोतहरू छन् । सहकारीमार्फत व्यक्तिगत तथा सामूहिक रूपमा सिँचाइ तथा खानेपानीको विकास गर्न सकिने सम्भावना पनि त्यतिकै छ । यस्तै सहकारीसँगको सहकार्यबाट कृषकको लागि आधुनिक औजार, व्यवसायिक पशुपालन, आधुनिक फलफूल खेती, रासायनिक मल, उन्नत बीउ, नवीन प्रविधिको विकास गर्न सकिने अवसरहरू पनि छन् । नेपाल सरकारको नीति अनुसार कृषि उपजको न्यूनतम शर्त मूल्य निर्धारण गरी सहकारीको माध्यमद्वारा कृषि क्षेत्रको विकास गर्न सकिने अवसर देखिन्छ ।

**४.१.४ क्षेत्रगत सोच, लक्ष्य उद्देश्य, रणनीति तथा कार्यनीति**

**सोच**

कृषि मर्यादित र आधारभूत व्यवसायको अङ्ग ।

**लक्ष्य**

जीवनपयोगी, आत्मनिर्भर तथा सामाजिक उद्यमशीलतामा आधारित व्यवसायको रूपमा कृषि क्षेत्रको रूपान्तरण गर्ने ।

**उद्देश्य**

१. कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।

**४.१.५ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ :कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु । | |
| १.१ परम्परागत कृषि प्रणालीलाई व्यवसायिक प्रणालीमा रूपान्तरण गरी कृषिको व्यवसायीरण र विविधीकरणको माध्यमबाट कृषिमा औद्योगीकरण गर्ने । | १.१.१. कृषिको व्यसायीकरण, विविधीकरण तथा सघनीकरण, गुणस्तर र अनुगमनका क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने तालिम प्राप्त कृषक, उद्यमी, युवा तथा विज्ञहरूको क्षमता विकास गरिनेछ ।<br>१.१.२. खेतीयोग्य खाली जमिनलाई कृषि उत्पादन गर्न स्थानीय श्रमशक्तिलाई प्रोत्साहन गरिनेछ ।<br>१.१.३. कृषि भूमिको चक्लाबन्दी गरि व्यावसायिक खेति गर्नेलाई सुविधा देने नीतिगत व्यवस्था गरिनेछ |
| १.२. भू-उपयोग नीति बमोजिम जमिनको प्रयोग गर्ने । | १.२.१. आवश्यक ज्ञान, सीप र लगानीको माध्यमद्वारा कृषि पर्यटनको प्रवर्धनमा युवा तथा कृषकहरूलाई आकर्षण गरिनेछ ।<br>१.२.२. कृषि उत्पादन समग्रीको सहज पहुच तथा कृषि उपजको सहज निकासिको लागि कृषि सडक विस्तार गरिनेछ । |
| १.३. निर्यातमुखी कृषि उपजमा जोड दिने । | १.३.१. व्यवसायिक कृषि तथा पशु फर्म सञ्चालन, व्यवसाय विकास र विस्तारको लागि कृषि ऋणको विकास र विमाको विस्तार गर्न विकास तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ ।<br>१.३.२.जलवायु परिवर्तनको असरसँग अनुकुलन हुने स्थानीय बालीहरूको प्रयोग बढाइनेछ ।<br>१.३.३.साना र सीमान्त कृषकलाई समूह/सहकारीमा आवद्ध गराई कम आयतन र उच्च मूल्य प्राप्त हुने बेमौसमी बाली उत्पादन गर्न प्रोत्साहन गरिनेछ । |

**४.१.६ कार्यक्रमका प्राथमिकता**

- अनुसन्धान र नयाँ प्रविधिको विकास र प्रयोग कृषि क्षेत्रमा उत्पादकत्व र उत्पादन वृद्धि गर्ने
- वेसार, अदुवा, आलु, कागती, एभोकाडो र तरकारी खेतीमा आधुनिकीकारण गरि आत्मनिर्भर हुने

### ४.१.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. | १.१. | १.१.१. | क,ख,ग | कृषि भुमि चक्लाबन्दी नीति तर्जुमा | संख्या | | १ | | | | | १ | ५०० | |
| २ | | | १.१.२. | क,ख | पकेट स्थापनामा सहयोग कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ३ | | | १.१.३. | क,ख | यान्त्रिकरण व्यवसायीकरण तथा औधिकरण | प्याकेज | | | | | | | २ | ४००० | |
| ४ | | १.२. | १.२.१ | क | भूमिहीनलाई बाझो जग्गा लिजमा उत्पादन गर्न दिने तथा व्यावसायिक करार खेति संचालन | हेक्टर | | १० | १० | १० | १० | १० | ५० | २५०० | |
| ५ | | | १.२.२. | क | कृषि जन्य जैविक विविधताको संरक्षण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |
| ६ | | १.३. | १.३.१. | क,ख,ग | जलवायु अनुकुलन कृषि प्रविधिको अध्ययन | प्याकेज | | | | | | | १ | १५०० | |
| ७ | | | १.३.२. | क,ख,ग | कृषि सडक, कृषि उपज, संकलन केन्द्रको निर्माण | संख्या | | २ | २ | २ | २ | २ | १० | १५०००० | |
| ८ | | | १.३.३. | क | व्यवसायिक योजनाको आधारमा सुलभ ऋण प्रवाह | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ९ | २ | १.४. | १.४.१. | क,ख | उन्नत बीउ, मल, सिचाईको पहुँचमा वृद्धि | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| १० | | | १.४.२. | क | जमिन सुहाँउदो कृषि यान्त्रीकरण | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १५० | |
| ११ | | | १.४.३. | क | कृषि सहकारी गठन तथा संचालनमा प्रभावकरी कार्यान्वयन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ५०० | |
| १२ | | | १.४.४. | क,ख | उत्पादनमा आधारित प्रोत्साहन, फलफूल बेर्ना हुर्काय बाफत निश्चित रकम पुरस्कृत गर्ने | संख्या | | २ | ५ | २ | ५ | २ | १६ | ८०० | |

### ४.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| प्रभावः कृषिको यन्त्रीकरण, औधोगिकीकरण रव्यावसायीकरणको मध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि भाएको हुनेछ | | | | | | | | | | | | | | | | |
| असर १ | उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुने | मुख्य खाद्यान्न बलिको उत्पादकत्व धान, मकै, कोदो, गहुँ, जौ (मे.टन./हे) | प्रतिशत | | | | | | | ३.५ | | | | ३ | ४ | २ |
| प्रतिफल १.१ | कृषि भुमिको चक्लाबन्दी भएको हुने | चक्ला बन्दी भएको कृषि भुमिको क्षेत्रफल | हेक्टर | | | | | | | २ | | | | ३ | ४ | २ |
| | | भूमिहिनलाई बाझो जग्गा लिजमा उत्पादन गर्न दिएको व्यावसयक करार खेति कार्यक्रम अन्तर्गतको जग्गाको क्षेत्रफल | हेक्टर | | | | | | | ५ | | | | ३ | ४ | २ |

### ४.१.९ अपेक्षित उपलब्धि

- कृषिमा आश्रित कुल घरधुरी मध्ये कम्तिमा १० प्रतिशत सामुहिक तथा व्यवसायिक कृषिमा आवद्ध हुनेछन ।
- आफ्नो उत्पादनबाट ६ महिनाभन्दा कम खाद्या आपूर्ति हुने घरधुरी प्रतिशत कम हुनेछ ।

## ४.२ पशुपन्छी विकास

### ४.२.१. पृष्ठभूमि

पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन प्राप्त गर्न पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रूपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारीले महत्त्पूर्ण योगदान पुऱ्याउँदै आएको छ। कृषि तथा पशुपन्छी क्षेत्रको विकास कृषिको एक अभिन्न अङ्ग हो। दिगो कृषिको विकास र समाकालीन आर्थिक बृद्धिमा पशुपालन क्षेत्रको विकास वाञ्छिनीय मानिन्छ। गरिबी न्यूनीकरण र आमकृषक वर्गको आय तथा रोजगारका अवसर बृद्धि गरेर खाद्य सुरक्षाका साथै आर्थिक अवस्थामा सुधार हुन सक्ने सम्भाव्यता रहेको छ।

### ४.२.२ प्रमुख समस्या

परम्परागत कृषि उत्पादन प्रणालीमा पशुपक्षीपालन पेशा कृषकहरूको आयमूलक व्यवसायको रूपमा रही आएको छ। यस व्यवसायबाट प्राप्त हुने दूध, फूल र मासुबाट मात्र कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा झण्डै एक तिहाई योगदान हुने गरेको छ। जुन उच्च, मध्य र तल्लो पहाडी भागमा छरिएर रहेको छ। जडीबुटी, वन्यजन्तुको बासस्थान, घरपालुवा जनावरहरूको जीवन धान्ने स्रोत, नदीनालाको पानीको स्रोत, मनोरम भू-दृश्यहरूका साथै वैज्ञानिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वका यस्ता क्षेत्रहरू अनादिकालदेखि नै मानव जीवनयापनको अभिन्न अंशको रूपमा रहेका छन्। पशुपन्छी ब्यवसायले महिला तथा पिछडिएका कृषक परिवारलाई रोजगारीका अवसर दिलाई आयआर्जन वढाउन पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। तापनि कृषकहरूले न्युनतम सेवासुविधासमेत पाउन नसक्दा यो क्षेत्रको किवास हुन सकेको छैन। विगतका योजना अवधिमा पशुपक्षी विकासबाट आशातीत सफलता हासिल नहुनुमा योजनामा निर्धारण गरिएको लक्ष्यहरू वार्षिक कार्यक्रममा रूपान्तरित हुन नसक्नु, सेवासुविधाको प्रवाह वाञ्छित मात्रामा हुन नसक्नु, कार्यान्वयन पक्षमा शिथिलता आउनु, कार्यक्रम सञ्चालनमा दक्ष जनशक्तिको सही परिचालन नहुनु, कार्यक्रम कार्यान्वयनको नियमित अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी स्थलगत रूपमा समस्या समाधान गर्ने निश्चित कार्यब्यवस्था नहुनु, भरपर्दो तथ्याङ्क प्रणालीको अभाव हुनु र पशुपक्षीजन्य पदार्थको समुचित बजार ब्यवस्थाको कमी आदि प्रमुख समस्याहरू हुन्।

### ४.२.३. चुनौती तथा अवसर

बढ्दो जनसङ्ख्या, भू-क्षय, अव्यवस्थित चरीचरन, डढेलो र जलवायु परिवर्तनका कारण खास गरी पहाडी क्षेत्रमा अवस्थित जैविक विविधतामा निकै क्षति पुगेको छ भने चरिचरन क्षेत्र तथा उत्पादन पनि क्रमिक रूपमा घट्दै गएको छ। पशुपालन व्यवसाय परम्परागत तरिकाबाट सञ्चालन हुनु तथा आधुनिक वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन नभइसकेको अवस्थामा तीनको दिगो व्यवस्थापन निकै चुनौतीपूर्ण देखिएको छ। पशुपालन सम्बन्धी अनुसन्धान तथा दक्षताको अभाव, खर्क र चरिचरन क्षेत्रको विकास तथा व्यवस्थापनमा हुने गरेको अपर्याप्त आर्थिक लगानी, भौगोलिक विकटता र अपर्याप्त जनशक्ति आदि कारणले गर्दा पनि पशुपालन क्षेत्रको विकासले गति लिन सकेको छैन। स्थानीय तहमा प्रचुर मात्रामा चरिचरन क्षेत्र तथा घाँसपातको उपलब्ध भएको र ती स्रोतहरूको व्यवस्थित उपभोग गर्न सकेमा पशुपालन व्यवसायले गति लिन सक्ने अवसर देखिन्छ।

स्थानीय स्रोतमा आधारीत उद्यमहरूको विकास गर्न, परम्परागत ज्ञान, सीप, प्रविधि तथा आनुवांशिक स्रोतको उचित संरक्षण गर्ने कार्यलाई स्पष्ट दिशा निर्देशन गर्न पशुपक्षी क्षेत्रको किवास नीतिको आवश्यकता महसुस गरिएको हो। पशुपक्षी क्षेत्रको समुचित विकासका निमित्त नश्ल सुधारका लागि पशु प्रजननको नीतिगत व्यवस्था, पशु स्वास्थ्य उपचार र रोग निदान, चरन तथा पशु आहार, बजार व्यवस्था, हावापानी सुहाउँदो उन्नत पशुपालन पद्धतिको विकास तथा प्रचारप्रसार, सुलभ ऋण व्यवस्था र कृषकहरूको आवश्यकता अनुरूप स्तरयुक्त

सीपमूलक तालिमको व्यवस्थाजस्ता पक्षमा विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ । अनुकुल मौसम, जलवायु, भौगोलिक अवस्था तथा चरिचरन क्षेत्र भएको, व्यवसायिक पशुपालन (बाख्रापालन, कुखुरापालन, गाई, भैंसी) गर्न सकिने पशुजन्य उद्योग (डेरी, मासु) को विकास र विस्तारसहित विभिन्न कारणले खाली रहन गएका जग्गामा घाँस खेतीको विस्तार गर्न सकिने यस क्षेत्रको विकासका अवसरहरू हुन् ।

### ४.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

पशुपन्छी क्षेत्रको सुधार, स्थानीय जनजीविकाको आधार

**लक्ष्य**

पशुपालन व्यवसायको दिगो व्यवस्थापनको लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरणमैत्री प्रविधिहरू अपनाई वैज्ञानिक विधि र व्यवस्थापन पद्धति अवलम्बन गर्ने ।

**उद्देश्य**

१. पशुपालन व्यवसायको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी गरिबी निवारण तथा खाद्य सुरक्षामा सहायोग पुऱ्याउने ।

### ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: पशुपालन व्यवसायको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी गरिबी निवारण तथा खाद्य सुरक्षामा सहायोग पुऱ्याउने । | |
| १.१. पशुपालन व्यवसायको विकास गरी पशुजन्य उत्पादनवाट उच्चतम लाभ हासिल गर्न कृषक समूह/सहकारी संस्थाको स्थापना र विकासलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने । | १.१.१ .सामुदायिक वन क्षेत्र भित्र परम्परागत रूपमा चरन क्षेत्रको रूपमा संरक्षण गर्ने ।<br>१.१.२. कृषि तथा पशुपालन व्यवसायको प्रर्वधनका लागि कृषक तालिम केन्द्रको स्थापना गरिनेछ । |
| १.२ स्थानीय स्तरमा उपलब्ध पोषिलो घाँसपातहरूको वीज बृद्धि एवम् नर्सरी स्थापनामा सहयोग पुऱ्याई पुनःरोपण तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउने । | १.२.१. पशुबजार स्थापना तथा व्यवस्थापन गर्ने ।<br>१.२.२. उन्नत नश्लका पशुपंक्षीको उपलब्धता सरल र सुलभ तुल्याउनुको साथै कृत्रिम गर्भाधान सेवा विस्तार गर्दै लगिनेछ । |
| १.३. पशुपालन व्यवसाय गर्न कृषकहरूका लागि पशु विमा कार्यक्रम सञ्चालन गर्ने । | १.३.१. उन्नत जातको पशुपालन व्यवसायिक रूपमा प्रवर्द्धन गरी पशुजन्य उत्पादन बृद्धि गरिनेछ ।<br>१.३.२. नगरपालिकामा आवश्यकता अनुसार भेटेरिनरी डाक्टरको व्यवस्था गरिने छ । हरेक वडामा कम्तीमा १ जना पशु सेवा स्वास्थ्य प्राविधिक व्यवस्था गरिनेछ । |
| उद्देश्य २: आर्थिक तथा जनस्वास्थ्यका दृष्टिकोणले महत्त्वपूर्ण पशुरोगहरूको नियन्त्रण र उन्मूलन गर्ने । | |
| २.१. कृषक, व्यवसायी र उपभोक्ताको लागि प्रतिस्पर्धात्मक तथा गुणस्तरीय पशुवस्तुको बजार पहुँचमा सहज बनाउन | २.१.१. पशु विमा अनिवार्य गर्नुपर्ने नीतिगत व्यवस्था गरिने छ ।<br>२.२.२. नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरूमा गुणात्मक सुधार ल्याइनेछ । |
| २.२. पशुपंक्षीमा आधारित आयआर्जन गर्ने खालका पशुजन्य उद्यमी अभिबृद्धि गरी खाद्य सुरक्षा स्थिति सुदृढ गर्ने । | २.२.१.. पशु आहारमा सुधार ल्याउन विभिन्न घाँसेवाली, पशु चरण तथा डालेघाँसको सम्बर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । |

### ४.२.६ कार्यक्रमका प्राथमिकता

- व्यावसायिक पशुपालन फार्मको विस्तार गर्नु
- पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर हुनेछ

### ४.२.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८३/०८४ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१. | १.१.१. | क,ख | माछा पकेट विकास | संख्या | | ३ | २ | ३ | २ | २ | १२ | ६००० | |
| २ | | | १.१.२. | क | कृषिक र उधमी क्षमता अभिबृद्धि कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ३ | | १.२ | १.२.१. | क | उन्नत नश्ल्ला गाई भैसी विकास | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ३००० | |
| | | | | | पशुपंक्षीको विकास तथा प्रवर्धनको लागि तालिम भ्रमण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| | | | १.२.२. | क,ख | भेटनरी अस्पतालमा आधारभूत प्रयोगशाला स्थापना, सुधार तथा संचालन | संख्या | | १ | | १ | | | २ | ६०००० | |

### ४.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| असर १ | पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात | मत्स्यजन्य खाद्या वस्तुको आयातमा कमि हुने | प्रतिशत | | ५ | ५ | ५ | ५ | | २० | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| | प्रवर्द्धन तथा आयात भएको हुने | दुध, मासु तथा अण्डा उपलब्धता | लि/के.जी./संख्या | ११०/१५/४३ | | | | | | १५०/२०/६० | | |
| प्रतिफल १.१ | पशुपन्छी नश्ल सुधार, पशुपन्छीजन्य उत्पादनमा वृद्धि | कृषक र उधमी क्षमता अभिवृद्धि कार्यक्रमको सहभागि संख्या | संख्या | | २० | ३० | १० | १० | | ७० | | |

### ४.२.९ अपेक्षित उपलब्धि

- पशुपन्छीमा आश्रित कुल घरधुरी मध्ये कम्तिमा २० प्रतिशत घरधुरी संगठित तथा व्यवसायिक पशुपालनमा आबद्ध हुने छन ।

## ४.३ खाद्य सुरक्षा तथा पोषण

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट बच्ने हकका साथै प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेबारे व्यवस्था गरेको छ। दिगो विकासको लक्ष्यमा भोकमारीको अन्त्य गर्ने खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार गर्ने तथा दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्ने उल्लेख भएको छ। खाद्य र कृषि क्षेत्रमा प्रत्यक्ष असर पार्ने प्रवृत्तिहरूलाई सामना गर्नका लागि बढी व्यवसायिक र प्रतिस्पर्धात्मक कृषि क्षेत्रको विकास गर्नु अत्यावश्यक छ किनकि कृषिको विकासले नै खाद्य सुरक्षा र पोषणको आपूर्ति गर्दछ। खाद्य सुरक्षाका प्रमुख ४ स्तम्भहरू उपलब्धता, पहुँच, उपयोग र स्थिरतामध्ये प्रथम आधारस्तम्भ उपलब्धता पूर्णतः कृषिमा निर्भर गर्दछ।

### ४.३.२ प्रमुख समस्या

गरिबीको एउटा चिन्ताजनक पक्ष भनेको कुपोषण हो। परम्परागत खाद्य अभाव भएका क्षेत्र बाहेकका खाद्य बचत भएका क्षेत्रमा पनि खासगरी बच्चाहरूमा कुपोषण अहिले पनि उच्च छ। राष्ट्रिय खाद्य वासलात करिब वचत न्यून बराबरीको अवस्थामा छ, तर वर्षा कम भएको बेला त्यो न्यूनमा जान्छ। खाद्य तथा पोषण सुरक्षा बहुक्षेत्रीय विषय भएको सन्र्दभमा सरोकारवालाहरूबीच प्रभावकारी समन्व तथा सहकार्यको कमी खाद्य र पोषण सुरक्षाको क्षेत्रमा समस्याको रूपमा रहेको छ। स्थानीय नगरक्षेत्रभित्र उत्पादन हुने मौलिक प्रजातिका खाद्यबालीको प्रर्वद्धन गर्न नसक्नु, आहारविहार सम्बन्धी बानी व्यहोरामा परिवर्तन गर्न नसक्नु, भएको खाद्य वस्तुलाई पनि परिकार बनाएर पकाउने विधिको प्रचार प्रसार गर्न नसक्नु आदि खाद्य तथा पोषणको क्षेत्रमा देखिँदै आएको प्रमुख समस्याहरू हुन्।

### ४.३.३ चुनौती तथा अवसर

अवसरः न्यून विकास स्तरका बाबजुद कृषि क्षेत्रमा केही सकारात्मक सङ्केतहरू देखिएका छन्। उदाहरणका लागि, प्रति व्यक्ति आय र कृषि श्रमको उत्पादकत्व बढेको छ, गरिबी न्यूनीकरण भएको छ, र कुपोषण घटेको छ। सडक सञ्जाल उल्लेख्य मात्रामा बढेको छ र सिँचाइ सुविधाको क्षेत्र पनि बढेको छ। कृषिका सबै उपक्षेत्रहरू (बाली, पशुपन्छी, मत्स्य र वन) मा उत्पादन र उत्पादकत्वमा सुधार भएको छ। नेपालमा हालको संस्थागत संरचना र नीतिगत सन्दर्भ खाद्य सुरक्षा र पोषणको कार्यक्रमको पक्षमा सकारात्मक छ। खाद्य सुरक्षा र पोषणको अवस्था सुधार्न विभिन्न संस्थागत तथा नीतिगत तहहरूमा सुधार तथा सबलीकरण गरिएको छ।

विद्यमान चुनौतीहरू छेड्दै अगाडि बढ्नका लागि केही अवसरहरू पनि सँगै छन्। नेपालको संविधानमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रूपमा स्थापित गरिनु र सोको कार्यान्वयनका लागि ऐनको व्यवस्थासमेत हुनुले प्रत्येक नागरिकको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न गतिलो अवसर प्रदान गरेको छ। दिगो विकास लक्ष्यको भोकमारी अन्त्य गर्ने उद्देश्य पूरा गर्न दिगो विकास लक्ष्यका कार्यक्रमहरूलाई स्थानीयकरण गर्दै जानु, दीर्घकालीन कृषि विकास रणनीतिमा खाद्य तथा पोषण सुरक्षाका कार्यक्रमहरूलाई महत्त्वका साथ हरिनु, प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अभियानका साथ सञ्चालन हुनु तथा बहुक्षेत्रीय पोषण योजना दोस्रो लागू हुनुसमेतलाई अवसरको रूपमा लिन सकिन्छ। धुलिखेल नगरपालिका लगायत सबै स्थानीय तहहरूमा विभिन्न गैरसरकारी संथाहरूले खाद्य सुरक्षा तथा पोषण सम्बन्धी परियोजना र कार्यक्रममार्फत जनतामा जनचेतना, बानीव्यहोरा, परिकार निमार्ण आदि क्षेत्रमा गर्दै आएको गतिविधिहरूले जनतामा विस्तारै देखिदै आएका परिवर्तनका संकेतहरू, क्रयशक्तिमा देखिएको बृद्धि, बजार तथा कृषि पूर्वाधारमा आएको क्रमिक सुधारले खाद्यवस्तुको पहुँचमा बृद्धि हुनु आगामी दिनका लागि खाद्य तथा पोषण सुरक्षाको सबालमा थप अवसरहरू हुन्।

### ४.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

खाद्यान्नमा आत्मनिर्भरता तथा पोषण सुरक्षासहितका नगरपालिका ।

**लक्ष्य**

स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता र पहुँचमा बृद्धि गर्दै खाद्य तथा पोषणको अवस्थामा सुधार ल्याउनु ।

**उद्देश्य**

१. पोषणयुक्त खानाको आपूर्तिमा बृद्धि गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्नु ।

### ४.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: पोषणयुक्त खानाको आपूर्तिमा बृद्धि गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्नु । | |
| १.१. नगरक्षेत्र भित्र खाद्य भण्डारको व्यवस्था गर्ने । | १.१.१.घरपरिवार र समुदायमा कृषि तथा पशुपन्छीजन्य उत्पादनका लागि नश्ल सुधार तथा आवश्यक बिउ, मलजस्ता सामग्री उपलब्ध गराइनेछ ।<br>१.१.१.घरपरिवारमा विविन्न प्रकारका खानेकुराहरू खाने बानी-व्यवहारमा सुधार ल्याउनको लागि यस सम्बन्धी प्राविधिक सहयोग पुग्ने किसिमका तालिम र प्रर्दशनी गरेर विभिन्न प्रकारका फलफूल, तरकारी, अन्न, गेडागुडीको उत्पादन प्रवर्द्धन गरिनेछ । |
| १.२ स्थानीय रैथाने बाली तथा पशुपन्छीको खोज, संरक्षण र बृद्धि गर्दै स्थानीय समुदायको पोषण अवस्थामा सुधारका लागि खानपानको बानी व्यवहारमा सुधार ल्याउने । | १.२.१.. स्थानीय टोलहरूमा उत्पादन हुने रैथाने लगायतका खाद्य उपभोगमा जोड दिँदै सम्भाव्य कृषि वस्तुको उत्पादन र उपयोग कार्यक्रम सञ्चालन गरिनेछ । |

### ४.३.६ कार्यक्रमका प्राथमिकता

- खाद्या असुरक्षित घरपरिवारको रोजगारी र उत्पादन वृद्धि
- खाद्या भण्डारण बढाउने

### ४.३.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | लक्ष्य ०८१/०८२ | लक्ष्य ०८२/०८३ | लक्ष्य ०८३/०८४ | लक्ष्य ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | योजना अवधिको जम्मा बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान | संख्या | | १ | | | | | १ | ५०० | |
| २ | | | १.१.२. | क,ख | पोषण तथा खाद्य सुरक्षाका लागि वार्षिक योजना निर्माण | संख्या | | | | १ | | | १ | ५०० | |
| ३ | | १.२ | १.२.१. | क | पोषणयुक्त स्थानीय रैथाने बाली संरक्षण वस्तुहरुको तथा उत्पादन प्रवर्द्धन | प्याकेज | | १ | | १ | | | २ | १००० | |
| | २ | २.१. | २.१.१ | क | खाद्यानको सन्तुलित उपभोग गर्ने बालीको विकास गर्न जनचेतना कार्यक्रम संचालन गर्ने | प्याकेज | | | १ | | | | १ | ५०० | |

### ४.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | उपलब्धि ०८१/०८२ | उपलब्धि ०८२/०८३ | उपलब्धि ०८३/०८४ | उपलब्धि ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर १ | कृषि तथा पशु जन्य उत्पादनमा वृद्धि भई खाद्या तथा पोषण उपभोग स्थतिमा सुधार भएको हुने | कृषि उत्पादनमा वृद्धि हुने | मे.ट. | | | | | | | | | | |
| | | पशुजन्य उत्पादनमा वृद्धि हुने | मे.ट. | | | | | | | | | | |
| प्रतिफल १.१ | स्थानीय रैथाने बालिको उत्पादन हुने र खाने बाली परिवर्तनमा सचेतना वृद्धि भएको हुने | खाद्यान्नको सन्तुलित उपभोग सम्बन्धि जनचेतेनाका कार्यक्रमको संचालन भाएको हुने | प्याकेज | | | | | | | १ | | | |

### ४.३.९ अपेक्षित उपलब्धि

- योजनाको अन्तमा आधारभूत खाद्य असुरक्षाको स्थितिमा रहेका सबै घरपरिवारहरू खाद्य सुरक्षाको अवस्थामा पुगेका हुनेछन् ।
- सबै घरधुरीमा खानपान सम्बन्धी आनीबानीमा सुधार आएको हुनेछ ।
- स्थानीय रैथाने बालीहरूको प्रवर्धन भई खाद्य पोषणमा सकारात्मक सुधार आएको हुनेछ ।
- खाद्य तथा पोषण सम्बन्धमा आम नागरिकहरूको चेतना अभिबृद्धि र त्यससम्बन्धी वानी-व्यवहारमा सुधार आएको हुनेछ ।

## ४.४ सिँचाइ
### ४.४.१ पृष्ठभूमि

कृषकहरूको सर्वाङ्गीण समुन्नति तथा राष्ट्रिय कृषि उत्पादन बृद्धिको लागि सिँचाइको भूमिका महत्त्पूर्ण हुने कुरा आवधिक योजनाकालको सुरुदेखि नै पहिचान हुँदै आएको छ । कृषि आर्थिक बृद्धिलाई हासिल गर्न कृषि उत्पादन र उत्पादकत्व बृद्धि प्रमुख आवश्यकता हो भने सिँचाइ विकास मलखाद उपयोगसमेतको लागि अपरिहार्य आवश्यकता हो । नगरपालिका क्षेत्रका बहुसंख्यक जनताको मख्यु पेसा र जीविकोपार्जनको मूल आधार कृषि हो । फलफूल, तरकारी, मसलाबाली, मौरीपालन, :रैथानेबाली साथै पशुपालन  यहाँका जनताको जीविकाको आधार हो । सिँचाइको थप पूर्वाधार विकास र सम्पन्न सिँचाइ प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी बृद्धि गर्न आवश्यक छ ।

### ४.४.२ प्रमुख समस्या

सिँचाइ आयोजनाहरूमा मरम्मत सम्भार, सञ्चालन र व्यवस्थापन कार्यमा कमी कमजोरीको कारणले भरपर्दो हुन सकेको छैन । सिँचाइ आयोजनाको तर्जुमा, डिजाइन र निर्माण गुणस्तरमा कमी कमजोरीको कारणले सिँचाइ आयोजनाहरूबाट अपेक्षित लाभ प्राप्त नहुनु । सिँचाइ हुने भूमि स-सानो टुक्रामा विभाजित र विभिन्न स्वामित्वमा रहेको हुनाले सिँचाइ व्यवस्थापनमा कठिनाइ हुनु । अधिकाशं सिँचाइ योजना प्राकृतिक नदी प्रणाली अवधारणामा निमार्ण गरिएकोले वर्षैभरि एकैनासले सिँचाइको भरपर्दो सेवा पुऱ्याउन नसक्नु, निमार्ण सम्पन्न भएका सिँचाइ प्रणालकिो मर्मत संभार तथा दिगापना नहुनु, भूमिको खण्डीकरण हुँदे जानु, जलवायु परिवर्तनका कारण खेतियोग्य जमिनमा सहरीकरणले प्रभाव पार्दै जानु, उपलब्ध पानीका स्रोतहरूमाथ चाप बढ्नु, सिँचाइ तथा जल उपयोग दक्षता न्यून हुनु, नदी जन्य निमार्ण सामग्रीहरूको अत्यधिक दोहन हुनगई नदीको बेड लेभल घट्दै जानु तथा ठूला तथा बहुउद्देश्य आयोजनामा पर्याप्त लगानी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ४.४.३ चुनौती तथा अवसर

कृषिलाई व्यवसायकि पेसाका रूपमा आर्कषण गर्दै उद्योगको विकास गर्नु वर्तमान सरकारको प्रमुख चुनौती बन्दै आएको छ । बढदो जनसङ्ख्याको चाप तथा बाली विविधीकरणका लागि हाल देखा परेको कृषकहरूको चाखलाई समेत दृष्टिगत गर्दा वर्षैभर सिँचाइ सुविधा पुऱ्याउनसक्ने खालको प्रविधिको क्रमिक रूपमा विकास गर्दै सम्भाव्यता अध्ययन, छनौट र कार्यान्वयनमा कृषकहरूको सहभागिता जुटाएर सिँचाइ प्रणालीको सञ्चालन र व्यवस्थापनको जिम्मा क्रमिक रूपमा उपभोक्ता कृषकहरूलाई दिदै जाने नीतिलाई सशक्त बनाउनु चुनौतीपूर्ण देखिन्छ । जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने प्रतिकुल खेतीपाती अझै पनि आकाशे पानीमा निर्भर रहेको कारण कृषि उत्पादन आशातीत रूपमा वढ्न सकिराखेको देखिदैन । खेती गरिएको सबै जग्गामा सिँचाइको सुविधा उपलब्ध हुन सकेको छैन र अधिकांश भू-भागमा गरिने खेती मनसुनमा नै निर्भर रहनु पर्ने वाध्यता रहेको छ ।

### ४.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

दिगो कृषि विकासको आधार, सिँचाइ सुविधा मुख्य पूर्वाधार

**लक्ष्य**

कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने ।

**उद्देश्य**

१. मौसमी वर्षामा निर्भर रहेको कृषि प्रणालीमा सुधार गर्न बालीको आवश्यकता अनुसार सिँचाइ उपलब्ध गराई कृषि उत्पादनको बृद्धिमा सघाउ पुऱ्याउने ।

२. उपयुक्त प्रविधिको विकास गर्दै कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने ।

### ४.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: मौसमी वर्षामा निर्भर रहेको कृषि प्रणालीमा सुधार गर्न बालीको आवश्यकता अनुसार सिँचाइ उपलब्ध गराई कृषि उत्पादनको बृद्धिमा सघाउ पुऱ्याउने । | |
| १.१. नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गरी सिँचाइ दक्षतामा बृद्धि गर्ने । | १.१.१.नगर क्षेत्र भित्रको भौगोलिक बनावट अनुसार उपयुक्त प्रविधि सहितको सिँचाइ सुविधा विस्तार गरिनेछ ।<br>१.१.२. चेपे खोलाबाट लिफ्ट सिँचाइ प्रविधिको विकास गरिनेछ ।<br>१.१.३. पानीको बहु उपयोग प्रविधिको विकास |
| उद्देश्य २: उपयुक्त प्रविधिको विकास गर्दै कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने । | |
| २.१. कृषि क्षेत्रका रणनीति अनुकुल हुने गरी सिँचाइ विकासको गुरुयोजना विकास गर्ने । | २.१.१. भौगोलिक, आर्थिक, वातावरणीय र प्राविधिक पक्षबाट सम्भाव्य हुने साना तथा मझौला सतह सिँचाइ आयेजनाको निर्माण गरिनेछ ।<br>२.१.२. जलाधार क्षेत्रहरुको संरक्षणका कार्यक्रमहरु संचालन गर्ने<br>२.१.३. पानीका स्रोतहरुको संरक्षण र दिगो परिचालन गर्ने साना कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

### ४.४.६ कार्यक्रमका प्राथमिकता

- ठुला टारहरुमा संचालन रहेका सिंचाई योजनाको नियमित मर्मत तथा विस्तार गर्ने
- साना सिंचाई कुलो निर्माण तथा सिंचाई नपुगेको ठाउँमा नयाँ प्रविधि मार्फत सिंचाईको सुविधा पुर्याउने

### ४.४.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. | १.१. | १.१.१. | क,ख,ग | सिंचाई आयोजना स्तारोन्नती | प्रतिशत | | | | | | | १०० | १०००० | |
| २ | | | १.१.२. | ख,ग | मूल नहर भन्दा माथि रहेको भुमिका लागि लिफटिंङ सिंचाइ | संख्या | | | १ | | | १ | २ | ५०००० | |
| ३ | | | १.१.३. | क | त्रीयुगा सिंचाई आयोजना पुननिर्माण तथा स्तारोन्नती | प्रतिशत | | | | | | | १०० | २००० | |
| ४ | २ | २.१ | २.१.१. | क | सुख्खा पोखरी निर्माण | संख्या | ३ | २ | ३ | ५ | ३ | २ | १५ | ७५०० | |
| | | | २.१.२. | क,ख | जलाधार क्षेत्रहरुमा वृक्षारोपण | संख्या | | ३ | ४ | ३ | ४ | २ | १६ | ३२०० | |
| ५. | | | २.१.३. | क | आकसे पानी संकलन टंकी | संख्या | छैन | ३ | ४ | ४ | ४ | ५ | २० | १०००० | |

### ४.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुख संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभावः गुणस्तरीय र भरपर्दो सिंचाई प्रणालीको विकास तथा कुशल उत्पादन र उत्पादकत्व बृद्धि भएको हुने छ | | | | | | | | | | | | | | | | |
| असर १ | ह्डीया, दुवार खोला क्षेत्रमा सिंचाई सुविधा विस्तार भएको हुने | सिंचित टार क्षेत्रफल | हेक्टर | | | | | | | | | | | ५ | ९ | ४ |
| प्रतिफल १.१ | त्रीयुगा खोलाको फाँटमा पर्ने वडा १० देखि ९ र ५ सम्म र लामाखोला फाँटहरुमा | ठुला तथा मझौला टार सिंचाई विकास कार्यक्रम | हेक्टर | | | | | | | | | | | ५ | ९ | ४ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | द्विविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिंचाईको सुविधा नियमित भएको हुने | | | | | | | | | | | | | | | |
| प्रतिफल १.२ | सतह सिंचाई सम्भावना नभएका सिवाइन ठाँउमा सोलार लिफ्ट, साना जालाशय तथा पोखरी निर्माण र वर्षा पानी संकलन गरी सिंचित क्षेत्रको विस्तार भएको हुने | नयाँ प्रविधिमा आधारित सिंचाई विकास | हेक्टर | | | | | | | | | | | ५ | ९ | ४ |

### ४.४.९ अपेक्षित उपलब्धि

- हालको परिमाणमा सिंचित क्षेत्र कम्तिमा दोब्बर हुने गरी सिंचाई आयोजनाहरु सम्पन्न हुने छ ।
- नगर क्षेत्रभित्रका खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध भएको हुनेछ ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा दोहोरो अङ्कले बृद्धि भएको हुनेछ ।

### ४.५ भूमि व्यवस्था

#### ४.५.१ पृष्ठभूमि

नेपालको परिप्रेक्षमा आय तथा रोजगार अभिबृद्धिको प्रमुख आधार र उत्पादनको प्रमुख स्रोत कृषि नै रहेको तर यस्तो स्रोतको उपयोग गरी उत्पादकत्व बढाउने दिशामा पर्याप्त लगानी नभएको र भएका प्रयासहरू त्यति उपलब्धिपूर्ण हुन नसकेको स्थिति छ । विगतमा कम खर्चिलो प्रविधिबाट अधिकांश कृषि भूमि सिञ्चित गर्न सकिने अवसरको उपयोगमा जोड नदिई खर्चिला प्रविधितर्फ उन्मुख भएको देखिन्छ । भू-उपयोग योजनाको तर्जुमाले मात्र नगर सुन्दर एवम् व्यवस्थित हुन सक्दैन र यसको कार्यान्वयनको लागि भू-उपयोग क्षेत्र अनुसारका जग्गा तथा त्यस्ता क्षेत्रमा निर्माण हुने भवनहरूमा के कस्ता गतिविधिहरू सञ्चालन गर्न दिने, के कस्ता गतिविधिहरूमा बन्देज लगाउने जस्ता नियमावलीसमेत तर्जुमा गरी लागू गर्नुपर्ने हुन्छ ।

#### ४.५.२ प्रमुख समस्या

कृषियोग्य भूमिको गैरकृषि प्रयोजनमा बढ्दो प्रयोग, अधिकांस कृषियोग भूमि बाँझै रहनु, अनियनित्रत खण्डीकरण बढ्दै जानुले कृषि उत्पादनमा र उत्पादकत्वमा ह्रास आँउदा खाद्य सुरक्षामा प्रतिकुल प्रभाव परेको छ । भूमिको वैज्ञानिक वर्गीकरण, विकास र व्यवस्थापन हुन नसक्दा जनधनको संरक्षण र विपद् व्यवस्थपन कार्य जटिल बन्दै आएको छ ।

#### ४.५.३ चुनौती तथा अवसर

नेपालको सर्न्दभमा बढदो जनसङ्ख्या, आन्तरिक बसाइसराइँ, अव्यवस्थित र बढ्दो सहरीकरण लगायतका कारणले कृषियोग्य जमिन, वन जङ्गल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक स्रोतहरूमा अतिक्रमण हुन गई सो को संरक्षण गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ । भौगोलिक र भौगर्भिक अवस्था तथा पर्यावरणीय परिवर्तनको असरले भूक्षयीकरण, बाढी पहिरोजस्ता विपद्हरूको जोखिम बढिरहेको छ । यस्ता विपद्हरूको व्यवस्थापन प्रमुख चुनौती बन्दै आएको छ । वैज्ञानिक भूमि सुधारकायम गरी भूमिमाथि सबै नागरिकहरूलाई समन्यायिक पहुँच स्थापित गर्नु, भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नु, भूमि प्रसाशन प्रणालीलाई समयानुकुल बनाउनु भूमि व्यवस्थाका प्रमुख चुनौती हुन् ।

मूलक सङ्घीय संरचनामा रूपान्तरणसँगै भूमि सम्पदाको दिगो व्यवस्थापन गर्ने हेतुले सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीभित्र पर्दछ । यो नै यस क्षेत्रको अवसर हो । सबै राजनीतिक दल र निकायहरूले भूमिको दिगो व्यवस्थापन तथा वैज्ञानिक भूमि व्यवस्थापनमा एउटै आवाज गर्नु यस क्षेत्रको अर्को नयाँ अवसर हो ।

#### ४.५.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सामाजिक न्यायमा आधारित, उत्पादनमुखी दिगो भूमि व्यवस्थापन ।

**लक्ष्य**

दीर्घकालीन सोचअनुसार भूमि व्यवस्थालाई सुखि र समृद्ध नगरवासीको आधार बनाउने ।

**उद्देश्य**

१. भू-उपयोग नीतिअनुसार जमिनको उपयोग गर्ने,

२. जमिनको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने,

३. भूमिको व्यवस्थित र आधुनिक तरिकाले अभिलेख राख्ने ।

### ४.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: भू-उपयोग नीतिअनुसार जमिनको उपयोग गर्ने, | |
| १.१. भू-उपयोग नीतिबमोजिम क्षमता, उपयुक्तता र आवश्यकतामा भूमिको वर्गीकरण गर्ने । | १.१.१. राष्ट्रिय भू-उपयोग नीतिअनुसार भूमिको वर्गीकरण गरी आवश्यकता अनुसार योजना बनाएर कार्यान्वयनमा ल्याइनेछ ।<br>१.१.२. उपलब्ध सबै जमिनलाई आधुनिक प्रविधिको प्रयोग गरी पूरै डिजिटलमा राखिनेछ । |
| उद्देश्य २: जमिनको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने, | |
| २.१. वर्गीकरणअनुसार जमिनको संरक्षण गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने । | २.१.१. कृषि भूमिको उत्पादकत्व बृद्धि गर्न जोखिमयुक्त ठाउँमा घेरबार गरिनेछ ।<br>२.१.२. भू-उपयोग ऐन अक्षरस कार्यान्वयन गरिनेछ । |

### ४.५.६ कार्यक्रमका प्राथमिकता

- एकीकृत भू-प्रणालीको विकास गर्ने ।
- चक्लाबन्दी कार्यक्रमको प्रवर्द्ध गर्ने ।

## ४.५.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ | १.१.१. | क,ख,ग | एकीकृत वस्ती विकास निर्माण | प्याकेज | | | | १ | | | १ | ४०००० | |
| २ | | | १.१.२. | क,ख | निजी, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक तथा व्यस्थापन | प्याकेज | | १ | | | | १ | २ | १००० | |
| ३ | २ | २.१ | २.१.१. | क,ख,ग | भूमिहिन र सुकुम्वासीहरुको पहिचान गरी निश्चित मापदुण्ड बनाएर वस्ती निर्माण गरि व्यवस्थित गर्ने | संख्या | | १ | | | | | १ | ३०००० | |
| ४ | | | २.१.२ | क,ख,ग | भुमि बैंक मार्फत जग्गा चक्लाबन्दी, करार तथा भोगअधिकार | प्याकेज | | १ | | | | | १ | २५०० | |

## ४.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुखं संकेत | दीगो संकेत | दिविग संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** नगरभित्र भएका सबै प्रकारको जमिनको संरक्षण तथा जमिनको सदुपयोग गरी आयआर्जन रिर्जना गर्न कार्यक्रमहरु संचालन गर्ने | | | | | | | | | | | | | | | | |
| **असर १** | भू-उपयोग प्रणाली लागू भई भूमि स्रोतको उचित प्रयोग तथा संरक्षण हुने | भू-उपयोग प्रणालीको विकास भएको हुने | प्याकेज | | | | | | | १ | | | | ३ | ४ | १२ |
| **प्रतिफल १.१** | वस्ती विकास व्यवस्थित भएको हुने | सुरक्षित बसोबास तथा जग्गा | हेक्टर | छैन | | | | | | १५ | | | | ३ | ४ | १२ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | | एकीकरण समेटेको क्षेत्रफल | | | | | | | | | | | | | | |
| | | चक्लाबन्दी प्रवर्द्धन कार्यक्रमले समेटेका क्षेत्रफल | हेक्टर | छैन | | | | | | २ | | | | ३ | ४ | १२ |

### ४.५.९ अपेक्षित उपलब्धि

- भू-उपयोग योजनाको आधारमा कम्तिमा ५ कृषि पकेट  क्षेत्र विस्तार, १ वटा एकीकृत वस्ती विकास सम्पन्न हुनेछ।
- योजनाको अन्तसम्म नगरक्षेत्रभित्रका सबै जमिनको आधुनिक प्रविधिअनुसार अद्यावधिक भइसकेको हुनेछ।
- भू-उपयोग नीति र ऐनको पूरै कार्यान्वयन भई जमिनको प्रकृति अनुसार प्रयोग भएको हुनेछ।

## ४.६ वन तथा वनस्पति सम्पदा

### ४.६.१ पृष्ठभूमि

चौदण्डीगढी न.पा.को दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहिआएको छ। प्राकृतिक सम्पदा एवम् जैविक विविधताको दृष्टिले नेपाल सम्पन्न छ। प्राकृतिक नवीकरणीय स्रोत तथा सम्पदाको समुचित वैज्ञानिक व्यवस्थापन एवम् सदुपयोग गर्न सके विकासलाई तीव्र गतिमा अघि वढाउन सकिन्छ। जनताको चाहना र प्रतिबद्धतामा नेपालको वातावरणको भविष्य निर्भर गर्दछ। देशमा रोजगारीको सिर्जना, आय बृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घासपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ। जलवायु परिवर्तनका असर तथा अव्यवस्थित सहरीकरणको क्रममा उब्जिएका समस्याहरू खासगरी हरित गृह ग्याससँको उत्सर्जन, फोहरमैला, वायु प्रदूषणका तथा पानी प्रदूषणको समस्या निराकरण गर्न वन तथा वनस्पतिहरूको अपरिहार्य छ । यिनै चाहना र आवश्यकतालाई दृष्टिगत गरी वातावरण कार्यक्रम तर्जुमा गर्न सो को कार्यान्वयनको लागि आवश्यक जनसहभागिता जुटाउनु तथा आवश्यकतानुसार ऐन नियम कार्यान्वयन गर्नु आवश्यकता भएको छ।

### ४.६.२ प्रमुख समस्या

चौदण्डीगढी न.पा.को सन्दर्भमा दिगो स्रोत व्यवस्थापन भनेको चाहना र आवश्यकतालाई परिपूर्ति गर्दै यहाँ उपलब्ध स्रोत र साधनको संरक्षणमा दिगोपना हासिल गर्नु हो। भूक्षय, बाढी, पहिरो तथा वन विनासजस्ता समस्या विद्यमान छन् भने सहरी क्षेत्रमा धुवाँ, धूलो, पानी प्रदूषण, फोहर मैलाको समुचित व्यवस्था नहुनाले प्राकृतिक स्रोतमा नकारात्मक प्रभाव परिरहेको छ। वन सम्पदाको उपलब्धता भएर मात्र समृद्धि प्राप्त गर्न सकिँदैन समृद्धिका लागि स्रोतमाथि जनताको पहुँच तथा ती स्रोतको सापेक्ष सरक्षण आवश्यक छ। तर नगरक्षेत्रमा भएको जतिपनि वन तथा वनस्पतिहरू छन् ती सम्पदाको दिगो सदुपयोग हनु नसक्नु, मूल्यवान जडीबुटीको सदुपयोग हुन नसक्नु, दिगो वन व्यवस्थापनको कार्यान्वयन हुन नसक्नु तथा वन क्षेत्रको क्षयीकरण र ह्रासलाई नियन्त्रण गर्न नसक्नु यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन्।

### ४.६.३ चुनौती तथा अवसर

वन सम्पदाको वर्तमान स्थितिको आधारमा प्राकृतिक वातावरण र विकासलाई समग्र प्रणालीको आधार मान्दै वन क्षेत्रका स्रोत परिचालन, संरक्षण र व्यवस्थापन गरी वन पैदावारको माग र आपूर्ति बीच सन्तुलन कायम गरी गरिब एवम् सीमान्त परिवारका लागि रोजगारी एवम् आय आर्जनका अवसर बढाउँदै व्यापक जनसहभागिताद्वारा वन क्षेत्रको उत्पादकत्व बढाउने र उपयुक्त भू-उपयोग प्रणाली अपनाउने वन क्षेत्रको प्रमुख चुनौती रहेको छ। विश्वव्यापी रूपमा बढ्दै गएको जलवायु परिवर्तनको असरबाट सुरक्षित तरिकाले वन सम्पादको संरक्षण तथा वनजन्य स्रोतहरूको दिगो व्यवास्थापन अर्को चुनौतीको विषय हो । वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा मूलप्रवाहीकरणको प्रभावकारी कार्यान्वयन गर्नु, वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्न शासकीय सुदृढीकरण गर्दै स्थानीय जनताको आधारभूत आवश्यकताहरू (काठ, दाउरा, घाँस, स्याउला) को आपूर्ति व्यवस्थापनलाई समुदायस्तरदेखि प्रदेश हुँदै राष्ट्रियस्तरसम्म व्यवस्थापन गर्नुका साथै सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौती हुन्।

नेपालको प्राकृति स्रोतमध्यै वन र वनस्पतिहरू जनताका दैनिक जीविकोपार्जनसँग जोडिएका संवाहक हुन्। यस्ता स्रोतहरूको दिगो र उत्पादन मूलक प्रयोग गरेर स्थानीय तहमा रोजगारीका अवसरहरू सिर्जना गर्न सक्ने अथाहा अवसरहरू छन्। वनजन्य स्रोतमा आधारित घरेलु, साना तथा मझौला उद्योगहरूको स्थापना गर्दै नगरक्षेत्रको आर्थिक प्रणालीलाई गतिशील, उत्पादनमुखी र आत्मनिर्भर बनाउने अवसर उच्च देखिन्छ। वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक उत्पादन र वितरण हुने

अवस्था बन्नु, विश्व उष्णीकरण र जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिबृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् ।

### ४.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

वन तथा वनस्पतिमा विविधता, समृद्धि र खुसियाली अर्थतन्त्रको आधार ।

**लक्ष्य**

वन, वनस्पति तथा जैविक विविधताको  अध्ययन, संरक्षण र दिगो सदुपयोगल द्वारा सिर्जित सेवा सुविधाहरूको न्यायोचित वितरण मार्फत स्थानीय अर्थतन्त्रलाई सबलीकरण गर्ने ।

**उद्देश्य**

१. वन तथा वनस्पति सम्पदाको आधिकारीक  अभिलेख सहित दिगो संरक्षण र व्यवस्थापन गर्ने,
२. वन तथा वनस्पति सम्पदाको उत्पादन, उत्पादकत्व र वातावरणीय सेवामा बृद्धि गर्ने ।

### ४.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: वन तथा वनस्पति सम्पदाको आधिकारीक अभिलेख सहित दिगो संरक्षण र व्यवस्थापन गर्ने, | |
| १.१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन बृद्धिको लागि सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने । | १.१.१. वन क्षेत्रको साङ्गठनिक तथा नीति नियमहरूको समयसापेक्ष सुधार गरिनेछ ।<br>१.१.२. विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन संवर्द्धन प्रणालीमा आधारित वनको दिगो र वैज्ञानिक व्यवस्थापन गरिनेछ । |
| १.२. दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने । | १.२.१. निजी तथा सार्वजनिक खाली जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.२. नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ। |
| उद्देश्य २: वन तथा वनस्पति सम्पदाको उत्पादन, उत्पादकत्व र वातावरणीय सेवामा बृद्धि गर्ने । | |
| २.१. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी बृद्धि गर्ने । | २.१.१. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी बृद्धि गरिनेछ । |
| २.२. वन क्षेत्रको दिगो व्यवस्थापनका लागि तीनै तहका सरकारबीच समन्वय गरी आवश्यक कानुन निमार्ण र कार्यान्वयन गर्ने । | २.२.१. तीन तहका सरकारहरूबीच वन सम्बन्धी अनुगमन र समन्वयको लागि उपयुक्त कानुनी संरचना निमार्ण गरिनेछ ।<br>२.२.२. नगरक्षेत्रभित्र भएको खाली जमिनमा जलवायु अनुकुलन हुने वनस्पतीहरूको नर्सरी तयार गरी वृक्षारोपण कार्य गरिनेछ । |

### ४.६.६ कार्यक्रमका प्राथमिकता

- कुल वन क्षेफलको कम्तिमा १.५ प्रतिशत वृद्धि भएको हुने छ ।
- वन पैदावारमा आधारित कम्तिमा ५ वटा उद्यम विकास भएको हुने छ ।

### ४.६.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ं | १.१.२. | क,ख | विरुवा नर्सरी, गैरकाष्ठ वन पैदावार तथा जडिवुटी खेतीको विस्तार | सा.व. | | ५ | ५ | ५ | ५ | ५ | २५ | १२५०० | |
| २ | | १.२ं | १.२.१ | क | वृक्षारोपण र संरक्षण | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ३ | | | १.२.२ | क,ख,ग | संबेदनशील जलाधार क्षेत्रको संरक्षण(त्रीयुगा, दुवार, तेलिया,सिवाइ, लामा, घियार खोला, आदि) | संख्या | | २ | २ | २ | २ | २ | १० | १०००० | |
| ४ | २ | २.२ | २.२ं.२ | क,ख,ग | वन, जलाधार, जलवायु परिवर्तन र जैविक विविधता सम्बन्धि अध्ययन तथा तालिम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |

### ४.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः वातावरा सन्तुलन कायम भई स्रोतहरुको उत्पादकत्वमा वृद्धि भएको हुने छ** | | | | | | | | | | | | | | | | |
| **असर १** | वन व्यवस्थापन बाट उत्पादनमुखी रुपान्तरण हुने छ | सामुदायिक वनमा आधारित वन क्षेत्र | प्रतिशत | | | १ | | १ | | २ | | | | ३ | १५ | ७ |
| **प्रतिफल १.१** | काठजन्य वस्तुको उत्पादन भई रोजगारी सिर्जना भएको हुने | वनमा आधारित ठुलो उद्योग स्थापना | संख्या | | | | १ | | | १ | | | | ३ | १५ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल १.२.** | गैरकाष्ठ वन पैदावारको खेति विस्तार तथा बजारीकरण भएको हुने | जडिवुटी नर्सरी स्थापना र संचालन | संख्या | | २ | ३ | २ | २ | १ | १० | | | | ३ | १५ | ७ |

### ४.६.९ अपेक्षित उपलब्धि

- दिगो वन व्यवस्थापनका आधारभूत सिद्धान्तहरूको कार्यान्वयन भएको हुनेछ।
- स्थानीय जनसमुदायको समावेशी सहभागिताअनुसार वन संरक्षणका क्रियाकलापहरू सञ्चालन भएका हुनेछन्।
- समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएको हुनेछ।
- वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको विविधीकरणसहित उक्त वस्तु तथा सेवाहरू विपन्न तथा वञ्चित समूहहरूसम्म पुगेको हुनेछ।

## ४.७ उद्योग

### ४.७.१ पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिबृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुर्‍याउँदछ । सुखी जीवन र समृद्ध अर्थतन्त्रको निमार्णमा ठोस योगदान दिन्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । त्यस्तै निजी क्षेत्रलाई लगानीप्रति आकर्षित तुल्याउँदै र वैदेशिक लगानीलाई नवीनतम प्रविधिका साथ भित्र्याउँदै नगरको उच्च, दिगो र फराकिलो आर्थिक बृद्धिदर हासिल गर्न महत्त्वपूर्ण योगदान दिने गर्दछ ।

स्थानीय तहमा हुने औद्योगिक एकीकरणले स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित साना उद्योगहरूको संरक्षण गरी ठूला र आयात व्यवस्थापन गर्ने क्षेत्रमा वैदेशिक लगानी भित्राउन लगानीमैत्री वातावरण तयार गर्नुपर्नेछ । साथै, स्थानीय तह, प्रदेश र सङ्घ बीच समन्वय स्थापित गराई औद्योगिक विकासलाई गतिशीलता प्रदान गर्नु पर्नेछ । आर्थिक बृद्धिको संवाहकको रूपमा रहेको कृषि, पर्यटन, पूर्वाधार र जलविद्युत् विकासको परिपूरकका रूपमा औद्योगिक क्षेत्रलाई निर्यात प्रर्वद्धन गर्ने गरी विकास गर्नुपर्नेछ ।

### ४.७.२ प्रमुख समस्या

नेपालमा औद्योगिक लगानीमैत्री वातावरणमा सुधार नहुनु, औद्योगिक वस्तुहरूको उच्च प्रतिस्पर्धा हुनु, औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास नहुनु, आवश्यक जनशक्ति पलायन हुनु आदिले गर्दा औद्योगिक विकासले गति लिन र अपेक्षित रूपमा अर्थतन्त्रको विस्तार हुन नसक्नु औद्योगिक विकासमा देखिएको समस्या हुन् । उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योगमा पूँजीको परिचालन र उपलब्धता हुन उद्योगले एकद्वार प्रणालीमा आबद्ध नहुनु, औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धी तथा गुणस्तरीय नहुनु र निर्यातयोग्य वस्तुहरूको उत्पादन र विविधीकरण हुन् नहुनु यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् । लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धधनमा पूँजी, सीप, कच्चापदार्थ र विचारको संयोजन गराउन निजीक्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिक विकासमा नवीन प्रविधि र उपकरणको प्रयोग गर्न नसक्नु यस क्षेत्रमा देखिएका थप समस्याहरू हुन् ।

### ४.७.३ चुनौती तथा अवसर

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति चौबीसै घण्टा हुने अवस्था सिर्जना गर्नु, श्रम नीति उद्योगमैत्री बनाउनु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गर्नु, औद्योगिक नीतिका प्रावधानहरूलाई आर्थिक ऐनले सम्बोधन गर्नु र विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

आर्थिक समुद्धिको साझा एजेण्डा रहनु, तुलनात्मक लाभका क्षेत्रहरू पहिचान हुनु, शक्ति सम्पन्न स्थानीय सरकार रहनु, खुला अर्थतन्त्र र उदारीकरणसहितको विश्व बजारसँगको सञ्जाल, स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, भूमण्डलीकरणसँगै औद्योगिक उत्पादनको श्रृङ्खला विकासोन्मुख मुलुकहरूतर्फ विस्तार हुँदै जानु, सूचना तथा आधुनिक सञ्चार

प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उद्योगको उत्पादकत्व र उत्पादनमा बृद्धि गर्न सकिने अवसरहरू देखिन्छन् ।

### ४.७.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सुखी नगरवासीको लागि आयमूलक तथा आर्थिक रूपान्तरणकारी उद्योगको विकास ।

**लक्ष्य**

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा बृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी स्थानीय अर्थतन्त्रको समृद्धि गर्ने ।

**उद्देश्य**

१. उद्योग क्षेत्रको उत्पादन बृद्धि गरी स्थानीय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु,

२. औद्योगिक क्षेत्रमा विकास गरी स्थानीय तहमा रोजगारीका अवसरहरू सिर्जना गर्नु ।

### ४.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: उद्योग क्षेत्रको उत्पादन बृद्धि गरी स्थानीय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु, | |
| १.१. उद्योगको विकासका लागि आवश्यक नीति, कानुन र संस्थागत संरचनामा सुधार गर्ने । | १.१.१. उद्योगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चितता गर्न आवश्यक व्यवस्था गरिनेछ ।<br>१.१.२. उद्योगहरूलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाको क्षमता विकास गरिनेछ ।<br>१.१.३. औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइनेछ । |
| उद्देश्य २: औद्योगिक क्षेत्रमा विकास गरी स्थानीय तहमा रोजगारीका अवसरहरू सिर्जना गर्नु । | |
| २.१. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभाव कारी बनाउने । | २.१.१. लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु, साना तथा मझौला उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ ।<br>२.१.२. श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापन हुने लगानीलाई प्राथमिकता दिइनेछ ।<br>२.१.३. लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु, साना तथा मझौला उद्योग मार्फत रोजगारी सिर्जना गरिनेछ । |

### ४.७.६ कार्यक्रमका प्राथमिकता

- औधोगिक ग्राम स्थापना गर्न सहयोग गर्ने छ ।
- कृषि प्रसोधन, वन पैदावार र खानिज जन्य उद्योगको स्थापना गर्न सहयोग गर्ने छ ।

### ४.७.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१. | १.१.१. | क,ख,ग | स्थानीय श्रोत साधनको अधिकतम सदुपयोग गरी लघु, घरेलु, साना, मझौला स्थापना र संचालन गर्ने (राडीपाखी, डोको डालो, टपरी) | संख्या | | १ | | २ | | १ | ४ | २००००० | |
| २ | | | १.१.२. | क | लघु उद्यमीहरुको क्षमता र दक्षता अभिवृद्धि कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १०००० | |
| ३ | | | १.१.३. | क,ख | औधोगिक ग्रामको स्थापनाको लागि पूर्वाधार विकास गर्ने | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १००००० | |
| ४ | २ | २.१ | १.२.३. | क,ख,ग | औधोगिक लगानी आकर्षण गर्न कानुनी सरलिकरण र ऋणको व्यवस्था | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |

### ४.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुख संकेत | दिगिल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** उद्योग क्षेत्रको विकास र विस्तार भई आय तथा रोजगारी वृद्धि भएको हुने छ । | | | | | | | | | | | | | | | | |
| **असर १** | उद्योगहरु स्थापना र संचालन हुने वातावरण सिर्जना भएको हुने छ | दर्ता भएका प्रमुख उद्योग | संख्या | | | | | | | | | | | ४ | ८ | ९ |
| | | प्रमुख उद्योगमा उपलब्ध रोजगार | संख्या | | | | | | | | | | | ४ | ८ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल १.१** | औधोगिक ग्राम क्षेत्र स्थापना र संचालन | नगर स्तरीय औधोगिक ग्राम | संख्या | छैन | | | | | | १ | | | | ४ | ८ | ९ |
| **प्रतिफल १.२.** | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको हुने | लघु उद्यम विकास कार्यक्रम संचालन | संख्या | | | | | | | १० | | | | ४ | ८ | ९ |
| **प्रतिफल १.३** | वन पैदावारमा आधारित उद्योगहरुको स्थापनामा वृद्धि भएको हुने | वन पैदावारमा आधारित उद्योग स्थापनामा अनुदान प्रदान | संख्या | | | १ | १ | १ | | ३ | | | | ४ | ८ | ९ |

### ४.७.९ अपेक्षित उपलब्धि

- उद्योगहरूको स्थापना तथा विस्तारमा बृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ।
- आधुनिक प्रविधिको अधिकतम प्रयोगसँगै गुणस्तरीय वस्तुहरूको उत्पादनद्वारा निर्यात बढ्न गई स्थानीय अर्थतन्त्रको व्यापार घाटा कम भएको हुनेछ।
- योजनाको अन्त्यसम्म करिब २०० र उद्यमी तथा श्रमिकहरूलाई तालिम दिइएको हुनेछ।
- स्थानीय कच्च पदार्थमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना भएको हुनेछ।

## ४.८ वाणिज्य

### ४.८.१ पृष्ठभूमि

वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक बृद्धि हुन सक्दछ । वैदेशिक वस्तुको व्यापार साथै सेवाको व्यापारबाट नवोदित अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । यसर्थ व्यापार नै आर्थिक विकासको मेरुदण्ड हो भन्ने मान्यताकासाथ सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत आयात व्यवस्थापन एवम् निर्यात प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिएको छन् ।

### ४.८.२ प्रमुख समस्या

आय गरिबी आन्तरिक र बाह्य व्यापारको प्रमुख समस्या हो । तल्लो तहका जनताको क्रयशक्ति कमजोर छ । विप्रेषण र मौसमी आम्दानीका कारण जनताको क्रयशक्ति बृद्धि भए पनि उपभोग्य सामग्री र विलासीताका वस्तुको मागमा उच्च बृद्धि भएपनि उक्त माग धान्ने गरी आन्तरिक उत्पादन बढ्न नसक्नु वाणिज्य क्षेत्रको समस्या हो । कृषि क्षेत्रलाई यान्त्रीकरण, विविधीकरण, औद्योगिकीकरण तथा व्यवसायीकरण गर्न नसक्दा आमकृषक वर्गको आम्दानीले वाणिज्यमा ठोस योगदान दिँन सकेको छैन ।

### ४.८.३ चुनौती तथा अवसर

नेपाली वस्तुले लाभ लिन सक्ने अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङसम्बन्धी क्षमता अभिबृद्धि गर्नु, विशेष आर्थिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा ल्याउनु, कमजोर औद्योगिक श्रम सम्बन्धजस्ता विषयहरू सम्बोधन गर्नु, कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयातमा उच्च रूपमा भएको बृद्धि निरुत्साहित गर्नु, उत्पादनात्मक र प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि गरी व्यापार क्षेत्रमा संरचनागत परिवर्तन गर्नु, निर्यात प्रवर्द्धन गर्दै उच्च व्यापार घाटालाई कम गर्नु वाणिज्य क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ४.८.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

अनुकुल व्यापारमार्फत गतिशील स्थानीय अर्थतन्त्र र आर्थिक समृद्धि ।

**लक्ष्य**

स्थानीय, आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा  निर्यात प्रवर्द्धन गरी आर्थिक गतिशीलताद्वारा रोजगारीमा बृद्धि गर्ने ।

**उद्देश्य**

१. आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई बस्ती स्तरसम्म विस्तार गर्नु,

### ४.८.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई बस्ती स्तरसम्म विस्तार गर्नु, | |
| १.१. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको प्रमुख रूपमा स्थापित गर्न यस क्षेत्रलाई आर्थिक मूल प्रवाहीकरण र विदेशी एवम् स्वदेशी व्यापार र लगानीलाई एकीकृत दृष्टिले सहजीकरण गर्ने । | १.१.१. निर्यातका लागि सम्भाव्य मुख्य-मुख्य वस्तु तथा सेवाको निर्यात रणनीति तयार गरिनेछ ।<br>१.१.२. निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा स्थानीय श्रम, सीप र प्रविधिको उपयोग गर्दै पृष्ठ तथा अग्र सम्बन्धहरू सुदृढ गरिनेछ । |

| | |
|---|---|
| | १.१.३. निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिबृद्धिका लागि निजी क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन, गुणस्तर सुधार र निर्यात प्रवर्द्धन गरिनेछ । |

**४.८.६ कार्यक्रमका प्राथमिकता**

- आयात प्रतिस्थापना गर्न उत्पादनहरुलाई प्रोत्साहन गर्ने
- निकासीयोग्य सामान उत्पादन गर्न उद्योगहरुलाई प्रोत्साहन गर्ने

### ४.८.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | लक्ष्य ०८१/०८२ | लक्ष्य ०८२/०८३ | लक्ष्य ०८३/०८४ | लक्ष्य ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | योजना अवधिको जम्मा बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१. | १.१.१. | क | व्यवसायी संजालिकरण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| २ | | | १.१.२. | क,ख | वाणीज्य तथा व्यपार सम्बन्धी सुचना संकलन, वितरण र व्यापार प्रवर्द्धन | प्याकेज | | १ | | | | १ | २ | ५०० | |
| ३ | | | १.१.३. | क | व्यवसायीहरुलाई व्यापार व्यवसाय क्षमता तथा दक्षता अभिवृद्धि | प्याकेज | | १ | | १ | | १ | ३ | १५०० | |
| ४ | २ | २.१. | २.१.१. | क | स्थानीय स्तरबाट निकासी गर्न सकिने उत्पादन तथा वस्तुहरुको पर्दशन केन्द्र स्थापना र संचालन | संख्या | | १ | | | | १ | २ | ५०००० | |
| | | | २.१.३. | क,ख,ग | परम्परागत सीप व्यवसायीकरणका लागि अनुदान सहयोग कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |

### ४.८.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | उपलब्धि ०८१/०८२ | उपलब्धि ०८२/०८३ | उपलब्धि ०८३/०८४ | उपलब्धि ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रममुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** वाणिज्य क्षेत्रको विकास तथा विस्तार भई आर्थिक समृद्धि हासिल गर्न योगदान पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको प्रवर्द्धन गर्ने वाणिज्य क्षेत्रको विकास भएको हुने | कच्चा पदार्थ देशको अन्य स्थानमा निर्यात गरिएको हुने | संख्या | | | | | | | | | | | ४ | १२ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुमं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल १.१** | वस्तु तथा सेवा व्यापार प्रवर्द्धनको लागि आवस्यक संरचना निर्माण र आवस्यक कानुन निर्माण भएको हुने | नगरको संरचना | संख्या | | | | | | | १ | | | | ४ | १२ | ९ |
| **प्रतिफल १.२** | वस्तु तथा सेवा व्यापार गर्ने निकायहरुबिच प्रभावकारी समन्वय भएको हुने | व्यवसायीक सन्जाल | संख्या | | | | | | | १ | | | | ४ | १२ | ९ |

### ४.८.९ अपेक्षित उपलब्धि

- खाद्यान्न, तरकारी र आधारभूत उपभोग्य वस्तुको उपभोगमा नगरपालिका निर्यातमा वचतमुखी हुनेछ ।
- स्थानीय स्तरमा उत्पादन हुने वस्तुहरुको उचित व्यवस्थापन र निर्यात द्वारा आर्थिक क्षेत्रमा टेवा पुगेको हुनेछ ।

## ४.९ आपूर्ति

### ४.९.१ पृष्ठभूमि

नेपालको संविधानले उपभोक्ताको हकको सुनिश्चतता गर्न प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सवा प्राप्त गर्ने हक र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनअनुसार क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ। साथै कालोबजारी, एकाधिकर, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै तीनै तहका अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापरिक स्वच्छता र अनुशासन काय गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ। देशमा नागरिकहरूको दैनिक जीवनयापन गर्न आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था, स्वास्थ्य उपचारका लागि आवश्यक औषधी, सामग्री र पेट्रोलियम पदार्थ आदि सहज, सुलभ र उचित मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु अति आवश्यक हुन्छ। सामाजिक न्याय र राज्यको दायित्व पूरा गर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण निर्माण गर्नुपर्दछ।

### ४.९.२ प्रमुख समस्या

अत्यावश्यक वस्तु तथा सेवाको गुणस्तरीय र सहज उपलब्ध हुन नसक्नु, खाद्यान्नमा हुने मिसावबट, ठगी, कोलोबजारी, सिण्डकेट जस्ता विकृतिहरू कारण बजारमा कृत्रिम अभाव सिर्जना हुनु, खाद्यान्नको माग अनुरूप उत्पादन नहुनु, पेट्रोलियम पदार्थ तथा ग्यासको आन्तरिक उत्पादन नहुनु, आपूर्तिसम्बन्धी छुट्टै कानुनी व्यवस्था नहुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु र भएका कानुनहरूको कडाइका साथ पालना गराउन नसकिनु यस क्षेत्रका जटिल समस्याहरू हुन्।

### ४.९.३ चुनौती तथा अवसर

बजारको नियमित र प्रभावकारी अनुगमन गरी स्वच्छ, प्रतिस्पर्धी र सक्षम बजार संयन्त्रमार्फत आपूर्ति व्यवस्था सहज बनाई उपभोक्ताको हकहित संरक्षण गर्नु, खाद्यान्नको उत्पादनमा आएको कमी र उच्च मूल्य बृद्धिका सन्दर्भमा खाद्य वस्तुको सहज आपूर्ति बनाइराख्नु र स्थानीयस्तरमा खाद्य सुरक्षाको प्रत्याभूति गराइराख्नु आपूर्तिका मुख्य चुनौती हुन्। त्यस्तै सरकारी, निजी, सामुदायिक र अन्तरप्रदेश तथा अन्तर स्थानीय निकायहरूबीच समन्वयमा अपेक्षाअनुरूप आधारभूत उपभोग्य वस्तु तथा सेवाको आपूर्ति प्रणाली सुदृढ र प्रभावकारी बनाउनु, पेट्रोलियम पदार्थको मूल्यमा आउने उतारचढाव, मुद्रास्फीतिलगायतका कारणले इन्धन आपूर्तिमा कठिनाइ उत्पन्न हुनु, व्यवसायिक र वैज्ञानिक कृषि प्रणाली अपनाउन नसक्नु यस क्षेत्रका अन्य चुनौती हुन्।

### ४.९.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

उपभोग्य वस्तु तथा सेवाको गुणस्तरीयता, छिटा-छरितो आपूर्तिको व्यवस्था।

**लक्ष्य**

गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सर्वसुलभ र नियमित आपूर्तिको संयन्त्र प्रभावकारी बनाई उपभोक्ताको हित संरक्षण गर्दै आपूर्ति प्रणालिमा जनताको पहुँच बढाउने।

**उद्देश्य**

१. वस्तु तथा सेवाको आपूर्ति मूल्य र गुणस्तरको प्रभावकारी अनुगमनगरी अत्यावश्यक वस्तुहरूमा हुने कालो बजारी र कृत्रिम अभावलाई नियन्त्रण गर्दै उपभोक्ताको हित संरक्षण गर्ने,

### ४.९.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| उद्देश्य १ :वस्तु तथा सेवाको आपूर्ति मूल्य र गुणस्तरको प्रभावकारी अनुगमनगरी अत्यावश्यक वस्तुहरूमा हुने कालो बजारी र कृत्रिम अभावलाई नियन्त्रण गर्दै उपभोक्ताको हित संरक्षण गर्ने, | |
| १.१. बजारमा एकाधिकारी प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरी लगायत आपूर्तिमा हुने व्यवधान रोक्न निजी क्षेत्रसमेतको संलग्नतामा आवश्यक अनुगमन र नियन्त्रण कार्यक्रमलाई बढी प्रभावकारी बनाइने । | १.१.१. आपूर्ति व्यवस्था प्रभावकारी बनाउन वडागत आपूर्ति अनुगमन व्यवस्था सुदृढ गरिनेछ ।<br>१.१.२. कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रणजस्ता कार्यको अन्त्य गर्न व्यवसायिक नैतिकता र अनुशासन कायम गरिनेछ । |
| १.२ं वस्तु तथा सेवाको सहज एवम् मीतव्ययी आपूर्तिको लागि सरकारी, निजी, सामुदायिक र सहकारी संस्थाहरूबीच प्रभावकारी समन्वय गर्ने । | १.२.१. उपभोक्ता जागरण तथा सशक्तीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । |

### ४.९.६ कार्यक्रमका प्राथमिकता

- बजार अनुगम र नियमन गर्ने संयन्त्र प्रभावकारी बनाउने

## ४.९.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. | १.१. | १.१.१. | क | उपभोक्ता सचेतना कार्यक्रम संचालन | संख्या | | ४ | ३ | २ | | १ | १० | २००० | |
| २ | | | १.१.२. | क | बजार अनुगमन संयन्त्र निर्माण र नियमन अनुगमन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ३<br>४. | | १.२. | १.२.१. | क | मूल्य सुची राख्ने प्रणालीको विकास | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| ५. | २. | २.१. | २.१.१. | क | गुणस्तरीय वस्तु तथा सेवाको आपूर्तिको लागि सार्वजनिक निजी सहकार्य | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |

## ४.९.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुखं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** अत्यावश्यक गुदस्तरीय वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | आपूर्ति व्यवस्थापनको संरचना विकास भएको हुने | उपभोक्ता समूह | संख्या | | | | | | | ५ | | | | ४ | १२ | ९ |
| **प्रतिफल १.१** | खाद्या सुरक्षाका लागि आवश्यक व्यवस्था भएको हुने | खाद्या भण्डारण | संख्या | | १ | | १ | | १ | ३ | | | | ४ | १२ | ९ |
| **प्रतिफल १.१** | पूर्वाधार र संरचनाको विकास तथा विस्तार भएको हुने | आपूर्ति हेर्ने संस्थागत संरचना | प्याकेज | | | | | | | १ | | | | ४ | १२ | ९ |

### ४.९.९ अपेक्षित उपलब्धि

- योजनाको अन्त्यसम्म स्थानीय तहमा आवश्यक आपूर्ति व्यवस्थाको संस्थागत विकास भएको हुनेछ ।
- नगरपालिकाभित्र खाद्य भण्डारका लागि आवशयक भौतिक संरचनाको विकास भएको हुनेछ ।
- दैनिक उपभोग्य वस्त तथा सेवाको सहज आपूर्ति हुनेछ ।
- आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा उपभोग गर्न पाउने वातावरण सिर्जना भएको हुनेछ ।

## ४.१० पर्यटन

### ४.१०.१ पृष्ठभूमि

पर्यटन उद्योग नेपालको तुलनात्मक लाभ प्राप्त उद्योगको रूपमा रहेकोले देशको अर्थतन्त्रमा यसको महत्त्वपूर्ण स्थान रहेको छ । यस उद्योगको विकासबाट रोजगारी बृद्धि र आयआर्जनका, साथै देशको शोधनान्तर स्थितिको सुधारमा ठोस मद्दत पुगिआएको छ । यस क्षेत्रको विकासले ऐतिहासिक एवम् धार्मिक स्थलहरूको सम्बर्द्धन र वातावरण संरक्षणमा समेत प्रत्यक्ष सघाउ पुऱ्याउन सक्ने देखिन्छ । प्राकृतिक, सांस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य देश हो । पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई स्थानीय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रबर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा बृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ ।

### ४.१०.२ प्रमुख समस्या

हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ का कारण पर्यटन व्यवसायको प्रबर्द्धनको प्रमुख समस्या देखिएको छ । पर्यटकहरूको समय-सापेक्ष माग अनुरूपका पर्यटन स्थल र सेवा विकास नहुनु । ग्रामीण पर्यटन व्यवसायको ब्यापक प्रचारका कार्य हुन सकेको छैन । भौतिक पूर्वाधारहरूको अप्रर्याप्तता, पर्यटन विकासको लागि नयाँ गन्तव्य स्थलको खोज नहुनु, आवशयक अध्ययन तथा अनुसन्धान नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । पर्यटन विकासको लागि आवश्यक सरकारी एवम् निजी क्षेत्रको संस्थागत व्यवस्था सुदृढ हुन सकेको छैन ।

### ४.१०.३ चुनौती तथा अवसर

कोभिड १९ महमारीको शिकारमा पर्यटन क्षेत्र परेको छ ।  महामारीको प्रभावलाई पुनर्स्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती हो । महामारीका कारण अन्तर्राष्ट्रिय जगत्बाट नेपालको आउने पर्यटकहरूलाई सुरक्षित तरिकाले आकर्षण गर्नु अर्को चुनौतीपूर्ण कार्य हो । पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था नहुनु, स्थलगत यातयातलाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकासमार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नुसमेत चुनौतीका रूपमा रहेका छन् ।

ग्रामीण पर्यटन, पर्यापर्यटन, घरबास पर्यटन तथा कृषि पर्यटनका दृष्टिले नगरक्षेत्र अब्बल मानिन्छ ।  यसप्रकारका अद्वितीय पर्यटकीय क्षेत्र रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास हुँदै जानु, छिमेकी जिल्ला, स्थानीय तह खासगरी ट्रेकिङ्ग क्षेत्र यसै नगरपालिकाको क्षेत्रबाट सञ्चालन हुनु यस क्षेत्रका थप अवसरहरू हुन् ।  पर्यटन पूर्वाधार बृद्धिमा सरकारको जोड रहनु र निजी क्षेत्रको पर्यटन क्षेत्रमा लगानी बृद्धि हुनु यस नगरपालिकाको विकासको अवसरका रूपमा रहेका छन् ।

### ४.१०.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

आर्थिक समृद्धिको आधार पर्यटन पूर्वाधार ।

**लक्ष्य**

पर्यटन व्यवसायको विस्तार मार्फत आर्थिक गतिशीलता र रोजगारीका अवसर अभिबृद्धि गर्ने ।

**उद्देश्य**

१. पर्यटन उद्योगको विकासमार्फत स्थानीय तहमा रोजगारीका अवसरहरू सिर्जना गर्ने,

२. आर्थिक समृद्धिका लागि पर्यटन व्यवसायमा विविधीकरण गर्ने ।

### ४.१०.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: दिगो पर्यटन प्रवर्द्धन गरेर रोजगारी तथा आयआर्जनका अवसर वृद्धि गर्ने | |
| १.१. गन्तव्य स्थलको रूपमा स्थापित गर्न स्थानीय मूल्य र मान्यतामा आधारित पर्यटकीय गतिविधिबाट विविधता कायम गरी नयाँ पर्यटकीय गन्तव्यहरूको विस्तार गर्ने । | १.१.१. स्थानीय मौलिक संस्कृति, परम्परागत आतिथ्य एवम् प्रकृतिसँग सहकार्य गरी पर्यटकीय आकर्षणको रूपमा प्रस्तुत गरिनेछ । |
| १.२. परम्परागत आतिथ्यसहितको विशिष्ट सेवा प्रदान गरी पर्यटकीय सेवाको गुणस्तरमा अभिबृद्धि गर्ने । | १.२.१. नगरमा वर्तमान र सम्भावित पर्यटकीय गन्तव्यहरुको पहिचान गरी जानकारीमुलक प्रोफाइल तयार गरिनेछ्र्। |
| उद्देश्य २ :आर्थिक समृद्धिका लागि पर्यटन व्यवसायमा विविधीकरण गर्ने । | |
| २.१. आन्तरिक तथा बाहय पर्यटन प्रवर्द्धन गर्ने | २.१.१. पर्यटकको आगमनमा अभिबृद्धि गर्न पदमार्गको उपयुक्तताका आधारमा आवश्यक पूर्वाधारसहित स्थानको पहिचान र विकास गरिनेछ ।<br>२.१.२. पर्यटकिय स्थलहरूमा न्यूनतम सुविधाहरूको विकास गर्न स्थानीय वासिन्दालाई प्रोत्साहन गरिनेछ । |

### ४.१०.६ कार्यक्रमका प्राथमिकता

- पर्यटकीय पूर्वधारहरुको निर्माण, बजार प्रवर्द्धन र सेवा सुविधाको विस्तार गर्ने ।
- पुरातात्विक, ऐतिहासिक र धार्मिक सम्पदाहरुको संरक्षण गर्ने ।

### ४.१०.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १. | १.१ | १.१.१. | क,ख | चौदण्डीगढीको ऐतिहासिकता र धार्मिक, सांस्कृतिक पहिचानलाई संरक्षण र प्रवर्द्धन गर्दै चौदण्डीगढीका अन्य ऐतिहासिक, धार्मिक, साँस्कृतिक धरोहरहरुको संरक्षण गर्ने | प्याकेज | | | | | | | पहिचानको आधारमा | ३०००० | |
| २ | | | १.१.२. | क,ख,ग | पुरातात्विक स्थलहरुको खोजि, प्रचार प्रसार र भइरहेको आवस्थालाई व्यवस्थापन गर्ने ( चौदण्डीगढी ) | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | ५००० | |
| ३ | २. | २.१. | २.१.१. | क,ख | चौदण्डीगढी कला, सहित्य तथा साँस्कृतिक प्रतिष्ठान निर्माण गर्ने | संख्या | | | | १ | | | १ | ५०००० | |
| | | | २.१.२. | क | Foot trail Inventory निर्माण, पर्यटन भौतिक पूर्वाधारको निर्माण तथा व्यवस्थापन | प्याकेज | | | | | | | | ५०००० | |

### ४.१०.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुमं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभाव:** दिगो पर्यटन मार्फत स्थानीय अर्थतन्त्रमा योगदान पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | पर्यटन पूर्वाधार र पर्यटकीय उपजहरुको विकाश र प्रवर्द्धन भएको हुन | होटेल, फोहरमैला व्यवस्थापन तथा पदमार्ग निर्माण | प्याकेज | | २ | १ | | २ | | ५ | | | | १ | ८ | १ |
| **प्रतिफल १.१** | प्रकृतिक तथा सास्कृतिक पर्यटकीय गन्तव्यहरुको विकास भएको हुने | पर्यटन आचारसंहिता लागु गर्ने | प्याकेज | | | | | | | १ | | | | १ | ८ | १ |
| | | नो प्लास्टिक जोन फ्री क्षेत्र घोष्णा गर्ने | | | | | | | | नगर क्षेत्र | | | | १ | ८ | १ |

### ४.१०.९ अपेक्षित उपलब्धि

- पर्यटकीय गन्तव्यस्थल तथा संरचनाको विकास भएको हुनेछ।
- आन्तरिक र बाह्य पर्यटकहरूको लागि पदमार्ग, प्याराग्लाडिङ र सहासिक खेलको विकास भएको हुनेछ।
- धार्मिक पर्यटनका लागि ऐतिहासिक सम्पदाहरुको संरक्षण भएको हुनेछ।
- पर्यटन क्षेत्रबाट  स्थानीय स्तरमा रोजगारी सिर्जना भएको हुनेछ।

# परिच्छेद ५ : सामाजिक क्षेत्र

## ५.१ जनसङ्ख्या तथा बसाइसराइँ

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले जनसङ्ख्या व्यावस्थापनको कार्यलाई सङ्घ, प्रदेश र स्थानीय निकायको जिम्मेवारीमा राखेको छ । सङ्घ, प्रदेश र स्थानीय निकायको एकल तथा साझा अधिकारको कार्य विस्तृतीकरणले योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापनलाई सङ्घ र प्रदेशको साझा जिम्मेवारीको रूपमा लिएको छ भने व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइसराइँ सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने कार्य सङ्घ, प्रदेश र स्थानीय निकायको अधिकारको राष्ट्रिय कार्यसूचीमा रहेको छ । यस परिप्रेक्ष्यमा जनसङ्ख्या तथा बसाइसराइँ बहुसरोकारको विषय भएकाले सबै सार्वजनिक नीतिमा पहिलो प्राथमिकताका साथ व्यवस्थापन गर्नु निकै महत्त्वपूर्ण मानिन्छ।

### ५.१.२ प्रमुख समस्या

जनसङ्ख्या सम्बन्धी तथ्याङ्क, वितरण र व्यवस्थापन सम्बन्धी आवश्यक सूचना नहुनु प्रमुख समस्या रहेको छ । गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसोबास र बसाइसराइँ तथा आप्रवासन र सामाजिक कुरीतिका कारण जनसङ्ख्या र विकासकाबीच असन्तुलन हुनु यस क्षेत्रका थप प्रमुख समस्या हुन् । जनसङ्ख्यात्मक लाभांशको रूपमा रहेको उत्पादनशील जनशक्तिको आन्तरिक तथा बाह्य आप्रवासनले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादनमा नकारात्मक असर पर्नु, विकासको असन्तुलित वितरण तथा जलवायु परिर्वन, प्राकृतिक प्रकोपजस्ता कारणहरूले मानिसको स्वस्फूर्त बसाइसराइँ प्रभावित भइ जनसङ्ख्याको वितरणमा प्रतिकुल प्रभाव पर्नु, जनसङ्ख्या व्यवस्थापन, बसाइसराइँ, आप्रवासन र विकासका बीचमा समन्वयात्मक रूपमा कार्यक्रमहरू सञ्चालन गर्न नसक्नुजस्ता समस्यासमेत यस क्षेत्रमा रहेका छन् ।

### ५.१.३ चुनौती र अवसर

स्थानीय नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा जनसाङ्ख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकहरूबीच तादाम्यता तथा सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्तिलाई रोजगारीका माध्यमबाट स्थानीय क्षेत्रमै उपयोग गर्ने वातावरण निर्माण गर्नु, उच्च दरमा बढ्दो ज्येष्ठ नागरिकको जानसङ्ख्या व्यवस्थापन गर्नु, स्वास्थ, शिक्षा, रोजगारी र खानेपानीजस्ता आधारभूत सुविधासहितको एकीकृत बस्ती विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकासमार्फत आन्तरिक बसाइसराइँलाई व्यवस्थित गर्नु तथा स्थानीय तहमा जनसाङ्ख्यिक सूचना बैंकको निर्माण र विस्तार गर्नुजस्ता चुनौती रहेका छन् ।

जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना नहुनु, कुल जनसङ्ख्यामा १५ देखि ५९ वर्ष उमेरका जनसङ्ख्याको प्रतिशत उच्च रही जनसाङ्ख्यिक लाभको उच्चतम उपयोग गरी स्थानीय आर्थिक र सामाजिक विकासमा योगदान पुरयाउन सकिने अवस्था हुनु, जनसङ्ख्या र बसाइसराइँको व्यवस्थापन एवम् विकासलाई एकसाथ लैजाने प्रतिवद्धता सम्बन्धित सबै पक्षमा हुनु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सीपलाई स्थानीय क्षेत्रको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकुल वातावरण बन्दै जानु, पूर्वाधार विकास, साना सहर निर्माण, रोजगारीका अवसरको सिर्जना, एकीकृत बस्तीको विकासलगायतका कार्यक्रमहरूमार्फत बसाइसराइँको व्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा सम्बन्धित सबै पक्षको मत्यैक्यता हुनु, जनसङ्ख्या र बसाइसराइँ व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदायहरूको चासो बढ्दै जानु तथा नगरपालिकाभित्र जनसङ्ख्या र बसाइसराइँ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने समेत अवसर रहेका छन् ।

### ५.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

उत्पादनशील र प्राविधिक जनसाङ्ख्यिक स्रोत ।

**लक्ष्य**

जनसङ्ख्या र बसाइसराइँको उचित व्यबस्थापन गर्ने ।

**उद्देश्य**

१.सबै नागरिकलाई स्वस्थ, सबल र सक्रिय बनाई औसत आयु बृद्धि गर्नु ।

### ५.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सबै नागरिकलाई स्वस्थ, सबल र सक्रिय बनाई औसत आयु बृद्धि गर्नु । | |
| १.१. किशोर किशोरी तथा युवाहरूको सुरक्षित यौन तथा प्रजनन स्वास्थ, परिवार नियोजन, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने । | १.१.१ सुरक्षित यौन तथा प्रजनन स्वास्थ लगायतका सेवालाई अधिकारका रूपमा विकास गरी गुणस्तरीय बनाउँदै पहुँच बढाइनेछ ।<br>१.१.२. किशोरी आमाबाट हुने जन्मदर तथा कम उमेरमा हुने गर्भधारणलाई घटाउन, सुरक्षित गर्भपतन तथा यौन शिक्षा र प्रजनन स्वास्थ सेवालाई विस्तार गरिनेछ ।<br>१.१.३. किशोर किशोरी तथा युवाहरूको सुरक्षित एवम् जिम्मेवार र जीवनोपयोगी क्षमताको विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.४. बालविवाह न्यूनीकरण गर्न किशोर किशोरी तथा युवाहरूको लागि आवश्यक, उपयुक्त र सर्वसुलभ शैक्षिक वातावरणको विकासमा जोड दिइनेछ । |
| १.२ जनसाङ्ख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसर सिर्जना गरिनेछ । | १.२.१. जनसङ्ख्या व्यवस्थापनका लागि विकास साझेदार, जिल्ला तथा प्रदेश र सङ्घ स्थित सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थासँगको साझेदारी र सहकार्यलाई प्रोत्साहित गरिनेछ ।<br>१.२.२. मानव संसाधन विकासका लागि विस्तृत कार्य योजना बनाई जनसाङ्ख्यिक लाभांशको सदुपयोग गरिनेछ ।<br>१.२.३. वैदेशिक रोजगारीबाट फर्केका जनशक्ति तथा संगठित युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, क्षमता, संस्कृति तथा साधन स्रोतलाई उद्यमशीलता, स्वरोजगारी र व्यवसायिक कार्यमार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ । |
| १.३ अधिकारमा आधारित लैङ्गिक समानता र समावेशीकरणको माध्यमबाट जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्ने नीति लिंदै विद्यमान अभ्यास तथा संस्थागत व्यवस्थामा सुधार गर्ने । | १.३.१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्यता अनुरूप जनसङ्ख्या तथा आर्थिक विकासका कार्यक्रमहरूमा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, किशोरकिशोरी, असक्त तथा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको सहभागितालाई सुनिश्चित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३.२. परम्परागत रूपमा नेपाली समाजले अवलम्बन गर्दै आएको पारिवारिक मूल्य मान्यतालाई सम्मान गर्दै व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहित गरिनेछ ।<br>१.३.३. ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीपलाई समाज र राष्ट्रको विकासमा लगाउने वातावरण सिर्जना गरिनेछ ।<br>१.३.४. क्रमिक रूपमा नेपालमा ज्येष्ठ नागरिकको जनसङ्ख्यामा बृद्धि भइरहेको सन्दर्भमा उनीहरूको लागि सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणका कार्यक्रमहरू तयार गरी सम्बोधन गरिनेछ ।<br>१.३.५. नगरपालिकाभित्रका अस्पतालमा वार्डहरूको विकास र विस्तार गरिनेछ ।<br>१.३.६. नगरका सबै संरचना र कार्यक्रमहरू अपाङ्गमैत्री बनाइनेछ । |

### ५.१.६ कार्यक्रमका प्राथमिकता

- विकास आयोजनामा जनसंख्या कार्यक्रमलाई एकीकृत् गर्ने ।
- आन्तरिक बसाइँसराइँलाई व्यवस्थित गर्ने ।

### ५.१.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | सुरक्षित यौन तथा प्रजनन स्वास्थ, परिवार नियोजन, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन शिक्षा कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ४००० | |
| २ | | | १.१.२ | | | | | | | | | | | | |
| ३ | | | १.१.३ | | | | | | | | | | | | |
| ४ | | | १.१.४ | | | | | | | | | | | | |
| ५ | | १.२ | १.२.१ | | जनसंख्या व्यवस्थापनका लागि सरोकारवालाहरू सँग साझेदारी र सहकार्य गर्ने | संख्या | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ६ | | | १.२.२ | | मानव संसाधन विकासका लागि विस्तृत कार्य योजना | संख्या | | १ | | | | | १ | ५०० | |
| ७ | | | १.२.३ | | बैदेशिक रोजगारीबाट फर्केकालाई उद्यमशीलता प्रवर्द्धन तालिम तथा कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |
| ८ | | १.३ | १.३.१ | | जनसंख्या तथा दिगो विकासका कार्यक्रममा लक्षित वर्गको सहभागिता | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ९ | | | १.३.२ | | परिवार व्यवस्थापन कार्यक्रम सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| १० | | | १.३.३ | | नगरको नीति निर्माणमा ज्येष्ठ नागरिकको अनुभवको उपयोग गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १५०० | |
| ११ | | | १.३.४ | | ज्येष्ठ नागरिकका लागि सामाजिक संरक्षण कार्यक्रम सुदृढीकरण | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १५०० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १२ | | | १.३.५ | | न्गार अस्पतालमा ज्येष्ठ नागरिक वार्डको स्थापनाका लागि सहकार्य गर्ने | संख्या | | | | | | | १ | २५०० | |
| १३ | | | १.३.६ | | भौतिक संरचना अपाङ्ग मैत्री बनाउने | संख्या | | १ | | | | | आवश्यकता अनुसार | | |
| १४ | २ | २.१ | २.१.१ | | ग्रामीण क्षेत्रका सामाजिक सेवाको गुणस्तर र वितरण बारे अध्ययन गर्ने | संख्या | | १ | | १ | | १ | ३ | १५०० | |
| १५ | | | २.२.१ | | व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई व्यवस्थित गर्ने | प्याकेज | | १ | | | | | १ | १५०० | |
| १६ | | | २.२.२ | | नगरपालिका र प्रदेशको तथ्याङ्क अद्यावधीक गर्ने प्रणालीको विकास गर्ने | प्याकेज | | १ | | | | | १ | २००० | |
| १७ | २ | २.२ | २.२.३ | | विकास आयोजनाको अध्ययन गर्दा जनसांख्यिक प्रभाव अध्ययन गर्ने | संख्या | | | | | | | आवश्यकता अनुसार | | |
| १८ | | | २.२.४ | | बसाइँसराइँ अभिलेख राख्ने प्रणाली विकास गर्ने | संख्या | | | १ | | | | १ | ५०० | |
| १९ | | | २.२.५ | | जनसंख्या र विकासको क्षेत्रमा भएका अध्ययन र अनुसन्धानका निष्कर्ष नीति निर्माणमा प्रयोग गर्ने | संख्या | | १ | | | | | आवश्यकता अनुसार | ८०० | |

### ५.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** जनसंख्या तथा बसाइँसराइँको प्रभावकारी व्यवस्थापन भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १ः** सबै नागरिक स्वस्थ, सवल र सक्रिय भई जीवन स्तरमा वृद्धि भएको हुने | | | | | | | | | | | | | | | | |
| | जन्मदाको अपेक्षित सरदर आयु वर्षमा | | वर्ष | ७० | | | | | | ७५ | | | | ६ | ३ | २ |
| | प्रति परिवार औसत सदस्य | | जना | ४.९ | | | | | | ३.९ | | | | ६ | ३ | २ |
| | जनघनत्व | | जना बर्ग कि.मि. | २०० | | | | | | २०० | | | | ६ | ३ | २ |
| **प्रतिफल १.१** | किशोर किशोरीले यौन तथा प्रजननशिक्षा प्राप्त गरेको हुने । | जानकार रहेको बताउने मानिसको प्रतिशत | प्रतिशत | | | | | | | १०० | | | | ६ | ३ | २ |
| **प्रतिफल १.२** | जनसंख्या व्यवस्थापनका लागि सरोकारवालाहरू सँग साझेदारी र सहकार्य गरेको हुने । | | | | | | | | | | | | | ६ | ३ | २ |
| | मानव संसाधन विकासका लागि विस्तृत कार्य योजना बनेको हुन | मानव संसाधन विकास कार्य योजना | संख्या | | | | | | | १ | | | | ६ | ३ | २ |
| | उद्यमशीलता प्रवर्द्धन तालिम तथा कार्यक्रम सञ्चालन भएको हुने | उद्यमशीलता प्रवर्द्धन तालिम तथा कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | | | | ६ | ३ | २ |
| **प्रतिफल १.३** | जनसंख्या तथा दिगो विकासका कार्यक्रमहरूमा लक्षित वर्गको सुनिश्चित सहभागिता भएको हुने | लक्षित वर्गको सहभागिता कार्यक्रमको सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | | | | ६ | ३ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुंस संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | स्वास्थ्य, विकास ार्यक्रम र जनसंख्याबीच सामञ्जस्यता कायम हुँदै जनसंख्या व्यवस्थापन समन्वयात्मक रूपमा सञ्चालनमा आएको हुने | जनसंख्या व्यवस्थापनका समन्वयात्मक कार्यक्रमको सञ्चालन | प्याकेज | | १ | | | | | १ | | | | ६ | ३ | २ |
| | व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहान मिलेको हुने | परिवार व्यवस्थापन कार्यक्रमको सञ्चालन | संख्या | | १ | | | | | १ | | | | ६ | ३ | २ |
| **असर २** | बसाईँसराइँ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग भएको हुने | | | | | | | | | | | | | ६ | ३ | २ |
| **प्रतिफल २.१** | नगरपालिकामा राखिने जनसंख्या सम्बन्धी तथ्याङ्क प्रादेशिक सञ्जालसँग आवद्ध भएको हुने | | संख्या | | | | | | | १ | | | | ६ | ३ | २ |
| **प्रतिफल २.२** | आन्तरिक र बाह्य बसाईँसराइँ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणाली व्यवस्थित भएको हुने | प्रणालीको विकास | संख्या | | | | | | | १ | | | | ६ | ३ | २ |
| | जनसंख्या सम्बन्धी अध्ययन अनुसन्धानहरूका निष्कर्ष नगरको नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग भएको हुने | जनसंख्या र विकासको क्षेत्रमा अध्ययन र अनुसन्धान | संख्या | | | | | | | आवश्यकता अनुसार | | | | ६ | ३ | २ |

### ५.१.९ अपेक्षित उपलब्धि

मानव विकास सूचाङ्क ०.६७९ वाट ०.७५० पुगेको हुनेछ । पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता १०० प्रतिशत पुगेको हुनेछ । जनसङ्ख्या व्यवस्थापन सूचना प्रणालीमार्फत जनसङ्ख्याको अद्यावधिक तथ्याङ्क उपलब्ध भएको हुनेछ ।

## ५.२ शिक्षा

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको आधार हो। शिक्षा मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधारसमेत हो। नेपालको संविधान २०७३ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने हक प्रत्याभूति गरेको छ। अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफनो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने प्रत्याभूति गरेको छ। साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिबृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ। नगरपालिकाको नेतृत्वदायी र निजी क्षेत्रको परिपूरक भूमिकामा गुणस्तर अभिबृद्धि गर्दै समग्र शिक्षाको विकास गर्ने मूल सोच यस योजनाले लिएको छ।

### ५.२.२ प्रमुख समस्या

सबै समुदाय र वर्गका लागि गुणस्तरीय शिक्षामा पहुँच हुन नसक्नु, विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसक्नु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, अपाङग मैत्री भौतिक संरचना प्राविधिक शिक्षाको अपेक्षित विकास गर्न नसक्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास एवम् शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत व्यवस्थापन गर्न नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको जनसङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनोपयोगी शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, सार्वजनिक र निजी लगानीका शैक्षिक संस्थाको खर्च व्यवस्थापन, स्थानीय क्षेत्रबाट प्रतिभाहरूको पलायन नियन्त्रणजस्ता विषयहरू शिक्षा क्षेत्रमा प्रमुख समस्याका रूपमा रहेका छन्।

### ५.२.३ अवसर र चुनौती

विद्यालय शिक्षाको सर्वसुलभ, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी जनसङ्ख्याको अनुपातमा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, कक्षा छोड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोतसाधनको उपलब्धि र व्यवस्थापन गर्नु, क्षमतावान युवालाई स्थानीय क्षेत्रमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, शैक्षिक प्रशासनको समयसापेक्ष पुनःसंरचना, जनसाङ्ख्यिक बनौट, आन्तरिक र बाह्य बसाइसराइँको प्रवृतिसमेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्सांकन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएको अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानीय निकायलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको बृद्धि, विद्यालय

तहको खुद भर्ना दर र लैङ्गिक सूचाङ्कमा प्रगति देखिनु, शिक्षामा समावेशी सहभागिता अभिबृद्धि हुनु, सार्वजनिक विद्यालय प्रतिको चासो र अपेक्षा बढ्दै जानु, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रवर्द्धन गर्दै रोजगारीका अवसरमा बृद्धि गर्ने सङ्घीय सरकारको नीति हुनु, प्राविधिक शिक्षा विस्तारमार्फत स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गरी स्थानीय क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने एवम् रोजगारीको खोजिमा विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै सिर्जना गर्न सक्ने वातावरण तयार हुनु प्रमुख अवसरका रूपमा रहेका छन् ।

### ५.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

स्थानीय सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास ।

**लक्ष्य**

गुणस्तरीय शिक्षाका मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने ।

**उद्देश्य**

१. पहुँच र गुणस्तर अभिबृद्धि गरी शिक्षालाई वैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।

२. दक्ष र सवल जनशक्ति निर्माण गर्न शिक्षण संस्थाको आधुनिकिकरण र प्राविधिक क्षमताको विकास तथा विस्तार गर्नु ।

### ५.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: पहुँच र गुणस्तर अभिबृद्धि गरी शिक्षालाई वैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु । | |
| १.१ प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई पालिकाभित्रका सबै बालकालिकाका लागि अनिवार्य गर्ने । | १.१.१ कम्तीमा एक विद्यालय एक बालविकास केन्द्रको अवधारण लिई नगरपालिकाबाट दिँइदै आएको अनुदानमा निरन्तर दिँदै बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गरिनेछ ।<br>१.१.२ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्डअनुसार बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ । |
| १.२ विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा उच्च शिक्षाको पहुँचमा सहजता, गुणस्तरीयता कायम गराउने । | १.२.१ नगरपालिका र नागरिकको साझेदारीमा अनुगमन तथा मुल्यांकन संयन्त्र वनाएर शिक्षा क्षेत्रका सकारात्मक गतिविधीहरूलाई सवलीकरण गरिनेछ ।<br>१.२.२ नियमित रूपमा वडा अध्यक्ष तथा प्रमुख र उपप्रमुखको विद्यालय भ्रमण गर्ने<br>१.२.३ सबै विद्यालयहरूको वेभसाइट निर्माणगर्ने र मासिक प्रगतीहरू सार्वजानीक गरिनेछ ।<br>१.२.४ नगरपालिका स्तरमा सबै विद्यालयहरूको मासिक तुलनात्मक प्रगति प्रतिवेदन सार्वजानीक गरिनेछ ।<br>१.२.५ सामुदायिक, संस्थागत लगायत सबै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । |

| | |
|---|---|
| | १.२.६ प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ ।<br>१.२.७ विद्यालय सुधार कार्यक्रम आधारभुत तथा माध्यामिक स्तरका विद्यालयहरूमा सुविधा विस्तार गर्दै कक्षा १ भर्ना भएका सवै विद्यार्थीहरूलाइ माध्यामिक तह सम्म अध्ययन गर्ने वातावरण तयार गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चित गरिनेछ । |
| १.३ निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रूपान्तरण गर्ने । | १.३.१ निजी लगानीका विद्यालयहरूको प्रभावकारिताका लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थालाई सेवामूलक बनाइनेछ । |
| १.४ अनिवार्य तथा निशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सम्बन्धित सबै क्षेत्रलाई क्षमतावान र जवाफदेही बनाउने । | १.४.१ विद्यालयबाहिर रहेका सबै बालबालिकलाई भर्ना गर्ने अभियानलाई सबै राजनीतिक दल, स्थानीय बुद्धिजीवि, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायहरूको साझेदारीमा निरन्तरता दिई सबै बालकालिकालाई विद्यालय भर्न गरी पालिकाभित्र विद्यालयबाहिर बालबालिका नभएको घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४.२ सबैका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न जोखिममा परेका, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरू तथा सीमान्तीकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्कता सम्बोधन गर्न खुला एवम् वैकल्पिक शिक्षाको व्यवस्था गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गर्ने र उचित शैक्षिक अवसरको सिर्जना गर्न अपाङ्गता अनुकूल सिकाइ सामग्रीको प्रबन्ध र आवश्यकताका आकारमा आवासीय तथा विशेष शिक्षाको व्यवस्था गरिनेछ ।<br>१.४.३ विद्यालयहरूमा नपुग विषयगत शिक्षक दरबन्दी व्यवस्था गर्न सङ्घ तथा प्रदेशबीच समन्वय कायम गरी सबै विद्यालयहरूमा न्यूनतम शिक्षक सुनिश्चिता गरिनेछ । |
| १.५ अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवन पर्यन्त सिकाइलाई सुनिश्चित गर्ने । | १.५.१ स्थानीय योग्यता प्रणाली (Local Qualifications Sstem) विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सीपहरूको अभिलेखीकरण, सीप परीक्षण र प्रमाणीकारणका लागि कार्यविधि, प्रकृया र संयन्त्रहरूलाई सुदृढ बनाइनेछ । |
| उद्देश्य २: दक्ष र सवल जनशक्ति निर्माण गर्न शिक्षण संस्थाको आधुनिकिकरण र प्राविधिक क्षमताको विकास तथा विस्तार गर्ने । | |
| २.१ विद्यालयहरुलाई आधुनिकिकरण बनाउनको लागि सुबिधासम्पन्न भौतिक तथा प्राविधिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने । | २.१.१ स्थानीय विद्यालयहरुको नियमित मर्मत सम्भार तथा भौतिक संरचना विस्तार गरिनेछ ।<br>२.१.२ विद्यालयहरूलाई डिजिटल जोनका विद्यालयमा आइसिटीको अधिकतम प्रयोग गर्ने वातावरण सिर्जना गर्ने रूपमा विकास गरिनेछ । |
| २.२ युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने । | २.२.१ नगरपालिकामा दक्ष र सिपयुक्त जनशत्ति उत्पादन गर्न प्राविधीक विद्यालयहरू विस्तार गरिनेछ । |

**५.२.६ कार्यक्रमका प्राथमिकता**

१. विद्यालयको भौतिक क्षमताको वृद्धि गर्ने ।

- विज्ञान प्रयोगशाला
- विद्युतीय पुस्तकालय
- विद्यालयको सभाहल
- छात्रावासको निर्माण

२.विद्यालय प्रविधिमैत्रि बनाउने ।

- प्रविधीयुक्त कक्षाकोठा निर्माण
- विद्यालयको वेभसाइट निर्माण
- ई हाजिरिको व्यवस्था

३. प्राविधिक शिक्षालयको विस्तार गर्ने

### ५.२.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | बालविकास केन्द्र सुदृढीकरण | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ७२००० | |
| २ | | | | | बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता विकास | प्याकेज | | | | | | | | ५००० | |
| ३ | | | १.१.२ | | बाल विकास केन्द्रमा शैक्षिक तथा खेलकुद सामाग्री वितरण | विद्यालय संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | १०८०० | |
| ४ | | १.२ | १.२.१ | | नगर प्रमुखको अध्यक्षतामा शिक्षा वोर्ड सवलीकरण गर्ने | संख्या | | १ | | | | | १ | ५०० | |
| ५ | | | | | विद्यालयको भौतिक पूर्वाधारको मुल्याँकन गरेर प्राथामीकताको आधारमा विकास गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ४०००० | |
| ६ | | | | | आवधिक रूपमा शिक्षकको लागि क्षमता आभिवृद्धिका क्षेत्र पहिचान गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ७ | | | | | संस्थागन विद्यालयहरूको सुपरिवेक्षण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १५०० | |
| ८ | | | | | शिक्षक तथा सरोकारवालाहरूलाई समावेशी शिक्षासम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रमहरू | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १५०० | |
| ९ | | | | | आविष्कार प्रदर्शनी तथा प्रतिस्पर्धा | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| १० | | | | | शिक्षामापहुँच बृद्धि | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |
| ११ | | | | | विद्यालय व्यवस्थापन समितिको गठन, पुर्नगठन र सवलीकरण | संख्या | | १ | | | | | १ | १००० | |
| १२ | | | १.२.२ | | नगर स्तरमा शिक्षा अनुगमन शिक्षा उप समिती गठन तथा परिचालन | प्याकेज | | १ | | | | | | ५०० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १३ | | | १.२.३ | | सबै विद्यालयहरूको वेभसाइट निर्माण गर्ने | विद्यालय संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | १०८० | |
| १४ | | | १.२.४ | | प्रत्येक ३ महिनामा विद्यालयको कार्य सम्पादन मुल्याँकन गरी पुरस्कृत गर्ने । | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १२०० | |
| १५ | | | १.२.५ | | विद्यालय मुल्याँकन कार्यविधी तयार गरी लागु गर्ने | संख्या | | १ | | | | | १ | ५०० | |
| १६ | | | १.२.६ | | मातृभाषामा शिक्षण एवम् पाठ्यक्रम र पाठ्यपुस्तकको विकास | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| १७ | | | | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण र पाठ् यक्रम प्रयोगका लागि विद्यालय र शिक्षकको क्षमता विकास गर्ने | जना | | १ | १ | १ | १ | १ | ५ | १५०० | |
| १८ | | | १.२.७ | | प्यारामेडिकल घुम्ती सेवा | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| १९ | | | | | प्राथामिक उपचार केन्द्र | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | १८००० | |
| २० | | | | | विद्यालय सुधार परियोजना | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| २१ | | | | | वाल क्लव स्थापना | संख्या | | | | | | | ३६ | १०००० | |
| २२ | | | | | विद्यार्थीको सहभागितामा विद्यालयको भित्ते पत्रिका तथा वल्ग वनाउने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १०००० | |
| २३ | | | | | विद्यार्थीसँग मेयर कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |
| २४ | | | | | शिक्षक कर्मचारी दरवन्दी मिलान | पटक | | | १ | | | | १ | ५०० | |
| २५ | | | | | आवश्यकता अनुसार विद्यालय गाभ्ने (मर्ज) | | | १ | | | | | १ | १००० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | | | | | सबै विद्यालयहरूमा भुतपूर्व विधार्थी संगठन निर्माण गर्ने | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ३६०० | |
| २७ | | | | | दिवा खाजा कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ७५००० | |
| २८ | | १.२ | | | ईसिडीको व्यवस्था तथा सामाग्री वितरण (सबै विद्यायहरूमा) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| २९ | | | | | जेहेन्दार, अपाङ्गता भएका बालबालिका एवम् विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ३० | | १.३ | १.३.१ | | निजी विद्यालय सञ्चालन सम्बन्धि ऐन तथा कार्यविधि बनाइने । | संख्या | | १ | | | | | १ | ५०० | |
| ३१ | | १.४ | १.४.१ | | विद्यार्थि भर्ना अभियान चलाइने । | वार्षिक | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ३२ | | | १.४.२ | | वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गर्ने | संख्या | | १ | | | | | | ५०० | |
| ३३ | | | १.४.३ | | विद्यालयहरूमा न्यूनतम शिक्षक सुनिश्चिता गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| ३४ | | १.५ | १.५.१ | | अनौपचारिक शिक्षा सञ्चालन कार्यविधि बनाइने । | संख्या | | १ | | | | | १ | ५०० | |
| ३५ | २ | २.१ | २.१.१ | | सबै विद्यालयहरूमा छात्र तथा छात्रामैत्री शौचालय वनाउने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| ३६ | | | | | सफा पिउने पानी व्यवस्था गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ७२०० | |
| ३७ | | | | | विद्यालयमा खेलकुद मैदानको स्तरोन्नती गर्ने | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ३६००० | |
| ३८ | | | | | विद्यालय सभाकक्ष (अडिटोरियम) निर्माण | संख्या | | ३ | २ | ३ | २ | १ | ११ | २२०००० | |
| ३९ | | | | | विद्यालयमा पुस्तकालय तथा डिजिटल पुस्ताकालयका स्थापना | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | १०८०० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | | | | | विद्यालयमा विज्ञान प्रयोशाला स्थापना तथा स्तरोन्नती | संख्या | ८ | २ | २ | २ | २ | ३ | ११ | २२००० | |
| ४१ | | | | | विद्यालयमा छात्रावास निर्माण | संख्या | ० | १ | | २ | | १ | ४ | १२०००० | |
| ४२ | | | २.१.२ | | विद्यालयहरूमा कम्प्युटर, इमेल,इन्टरनेटको व्यवस्था गर्ने र विद्यालका सबै अभिलेखहरूलाई विधुतीकरण गर्ने तथा विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ४४००० | |
| ४३ | | | | | सबै विद्यालयमा शिक्षक तथा कर्मचारीको इ हाजिरी गर्ने व्यवस्था गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५०० | |
| ४४ | | | | | विद्यालयमा कक्षागत सूचना संचार प्रविधि व्यवस्थापन र विद्युत जडान | संख्या | | २ | २ | २ | २ | ३ | ११ | ५५०० | |
| ४६ | | २.२ | २.२.१ | | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरूको सुदृढीकरण तथा विस्तार | संख्या | ४ | | | | | | ७ | ५०००० | |
| ४७ | | | | | क्याम्पस स्तरीकरण (वहुमुखी) | संख्या | | | | | | | १ | ५०००० | |

## ५.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** राष्ट्रिय एवम् स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | सबै बालबालिकाको पहुँचमा माध्यमिक | प्राथमिक तह (कक्षा १-५) मा खुद भर्ना दर | प्रतिशत | ९७ | | | | | | १०० | | | | ६ | ४ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | डिविल संकेत | डीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहसम्मको शिक्षा पुऱ्याउन र शिक्षाको गुणस्तरमा वृद्धि गर्न स्थानीय तहसँग समन्वय भएको हुने | आधारभूत तहमा (१-८ कक्षामा) खुद भर्नादर | प्रतिशत | | | | | | | १०० | | | | | | |
| | | माध्यमिक तह (कक्षा ९-१२)मा खुद भर्ना दर | प्रतिशत | ७०.८ | | | | | | ९० | | | | ६ | ४ | २ |
| | | नगरपालिका साक्षरता दर | प्रतिशत | ७०.४ | | | | | | ९० | | | | ६ | ४ | २ |
| | | एस.इ.इ उत्तीर्ण दर | प्रतिशत | | | | | | | १०० | | | | ६ | ४ | २ |
| **प्रतिफल १.१** | विद्यालयहरु पूर्णरुपमा बालमैत्रि भएको हुने । | बालमैत्रि विद्यालयहरु | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.२** | विद्यालयहरुको संस्थागत सुदृढीकरण तथा शैक्षिक गुणस्तर कायम भएको हुने । | | विद्यालय संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | | | | ६ | ४ | २ |
| | विद्यार्थि भर्ना अभियान चलेको हुने | | पटक | | ३ | ३ | ३ | ३ | ३ | ३ | | | | ६ | ४ | २ |
| | विद्यालयको वेबसाइट निर्माण | विद्यालयका वेबसाइटहरु | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | | | | ६ | ४ | २ |
| | विद्यालय मुल्याङ्कन कार्याविधि | विद्यालय मुल्याङ्कन कार्याविधि | संख्या | | | | | १ | | १ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.३** | निजि विद्यालय सञ्चालन सम्बन्धि कार्यविधि बनेको हुने | निजि विद्यालय सञ्चालन सम्बन्धि कार्यविधि | संख्या | | | | | | | १ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.३** | अनौपचारिक शिक्षा सञ्चालन सम्बन्धि कार्यविधि बनेको हुने | | संख्या | | | | | | | १ | | | | ६ | ४ | २ |
| **असर २** | विद्यालय भौतिक रुपमा सुविधासम्पन्न भइ प्रविधिको विकास भएको हुने । | | | | | | | | | | | | | | | |
| | विद्यालयहरुको भौतिक पूर्वाधारहरुको विकास तथा विस्तार भएको हुने तथा शिक्षामा प्रविधिको उपयोग भएको हुने । | | | | | | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल २.१** | माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला भएको हुने | विज्ञान प्रयोशाला | संख्या | | २ | २ | २ | २ | ३ | ११ | | | | ६ | ४ | २ |
| | विद्यालयमा डिजिटल पुस्तकालय भएको हुने | पुस्तकालय संख्या | संख्या | | २ | २ | २ | २ | ३ | ११ | | | | ६ | ४ | २ |
| | विद्यालयमा छात्रावास भएको हुने | छात्रावास संख्या | संख्या | ० | | | | | | ६ | | | | ६ | ४ | २ |
| | विद्यालय सभाकक्ष भएको हुने | सभाकक्ष | संख्या | | २ | २ | २ | २ | ३ | ११ | | | | ६ | ४ | २ |
| | विद्यालयमा कक्षागत सूचना संचार प्रविधि व्यवस्थापन भएको हुने | | संख्या | | २ | २ | २ | २ | ३ | ११ | | | | ६ | ४ | २ |
| | सबै विद्यालयमा शिक्षक तथा कर्मचारीको इ हाजिरी गर्ने व्यवस्था भएको हुने | इ हाजिरी व्यवस्थापन भएका विद्यालय | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | | | | ६ | ४ | २ |
| | विद्यालयमा खेलकुद मैदानको स्तरोन्नती भएको हुने | खेलकुद मैदान | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | | | | ६ | ४ | २ |
| | सबै विद्यालयहरूमा छात्र तथा छात्रामैत्री शौचालय भएको हुने | शौचालय | संख्या | | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | | | | ६ | ४ | २ |
| | सफा पिउने पानी व्यवस्था भएको हुने | पिउने पानी सफा छ भनी विश्वास गर्ने विद्यार्थी | प्रतिशत | | | | | | | १०० | | | | ६ | ४ | २ |
| **प्रतिफल २.१** | प्राविधिक तथा व्यावसायिक विषयको पढाइ थप गर्न प्रोत्साहित भएको हुने | प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार भएका माध्यमिक विद्यालयको संख्या | विद्यालयसंख्या | ४ | | | | | | ६ | | | | ६ | ४ | २ |

**५.२.९ अपेक्षित उपलब्धि**

योजनाको अन्त्यमा साक्षरता दर ७०.४ प्रतिशत बाट ९० प्रतिशत पुगेको हुने, आधारभूत तहमा खुद भर्नादर ९७ बाट १०० प्रतिशत र माध्यमिक तहमा खुद भर्नादर ७०.८ बाट ९० पुगेको हुनेछ। विद्यालयहरूमा मातृभाषामा पठनपाठन भएको हुनेछ। विद्यार्थी जनसङ्ख्याको तुलनामा शिक्षक दरबन्दी मिलान भएको हुनेछ।

## ५.३ स्वास्थ्य तथा पोषण

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरे अनुरूप हरेक स्थानीय निकायले यस क्षेत्रमा लगानी बृद्धि गर्नु आवश्यक रहेको छ। यस नगरपालिकामा मातृ मृत्युदर, शिशु मृत्युदर, प्रजनन दरजस्ता तथ्याङ्क के कति रहेको छ त्यसको लेखाजोखा हुन आवश्यक छ। तथापि नागरिकलाई स्वस्थ बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक तथा होमियोपेथिक क्षेत्रको विकास, स्वास्थ सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ। यस योजनामा स्वास्थ सेवालाई जनताको घरदैलोसम्म पुऱ्याउन सार्वजनिक तथा निजी क्षेत्रको परस्पर भूमिकालाई आत्मसात गरिएको छ।

### ५.३.२ प्रमुख समस्या

पर्याप्त मात्रामा स्वास्थ सेवा प्रदान गर्ने अस्पताल तथा स्वास्थ संस्थाहरू नहुनु, भएका स्वास्थ संस्थाहरूमा पनि स्वास्थ सामग्री र जनशक्ति नहुनु, स्वास्थमा लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु, जनताको जीवनशैलीमा आएको परिवर्तनका कारणले उत्पन्न हुने नयाँ रोगको बारेमा जानकारी नहुनु जस्ता समस्या यस क्षेत्रमा रहेका छन्।

### ५.३.३ चुनौती र अवसर

**चुनौती**

स्वास्थ सेवामा सबै जनताको पहुँच पुरयाउनु, निशुल्क आधारभूत स्वास्थ सेवा उपलब्ध गराउनु, अति विपन्न तथा जोखिममा रहेका समुदायको लागि विशेष स्वास्थ सेवा उपलब्ध गराउनु, स्वास्थ सेवामा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु, स्वास्थ वीमा कार्यक्रम लागू गर्नु, भएका स्वास्थ संस्थाको सेवालाई चुस्त पार्दै थप सेवा विस्तार गर्नु, औषधी, जनशक्ति तथा परीक्षणजस्ता स्वास्थ सामग्री उपलब्ध गराउनु, स्वास्थ सेवाको अनुगमन तथा नियमन गर्नु, गुणस्तरीय स्वास्थ सेवा उपलब्ध गराउनु यस क्षेत्रका चुनौती रहेका छन्।

**अवसर**

संविधानले नै स्थानीय तहलाई स्वास्थ सेवा सम्बन्धी अधिकार प्रदत्त गर्नु, हरेक बर्ष थप स्वास्थ जनशक्ति उत्पादन हुँदै जानु, नागरिकहरूमा चेतनाको विस्तार हुनु, समुदायस्तरसम्म स्वास्थ सञ्जात विस्तार हुँदै जानु लगायत यस क्षेत्रका अवसर हुन्।

### ५.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

स्वस्थ र सुखी नागरिक।

**लक्ष्य**

सबै नागरिकलाई गुणस्तरीय स्वास्थ सेवाको पहुँच सुनिश्चिता गर्ने।

**उद्देश्य**

निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु।

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु । | |
| १.१ सरकारद्वारा प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइने । | १.१.१ मौजुदा स्वास्थ केन्द्रको स्तरोन्नती र तार्कुघाट स्वास्थ्य चौकीलाई १५ शैचयाको ल्याबसहितको अस्पतालमा विस्तार गरिनेछ ।<br>१.१.२ आयुर्वेद, प्राकृतिक चिकित्सा तथा होमियोप्याथी सेवका लागि प्रदेश र सङ्घसँग आवश्यक सहकार्य गर्दै सञ्चालन तथा विस्तार गरिनेछ ।<br>१.१.३ मातृशिशु, बालबालिका, किशोरकिशोरीको सर्वागीण विकास र परिवार व्यवस्थापन सेवालाई गुणस्तरीय बनाइनेछ ।<br>१.१.४ खोप सेवालाई प्रभावकारी बनाइनेछ ।<br>१.१.५ स्वास्थ सेवाहरूलाई ज्येष्ठ नागरिक, लैङ्गिक र अपाङ्गमैत्री बनाइनेछ । |
| १.२ गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवामा सम्पुर्ण आमनागरिकको पहुँच सुनिश्चित गर्ने । | १.२.१ स्वास्थ केन्द्रमा आधारभूत र सरुवा रोग, शल्यक्रिया, परीक्षण गर्ने सक्ने उपकरण तथा जनशक्तिको व्यवस्था गरिनेछ ।<br>१.२.२ आँखा, नाक, कान, घाँटी र मुख सम्बन्धी स्वास्थ सेवालाई विस्तार र विकास गरिनेछ ।<br>१.२.३ महिलाहरूमा हुने स्तन क्यान्सर, सर्भाइकल क्यान्सर जस्ता रोगहरूको निःशुल्क परीक्षण गर्ने व्यवस्था गरिनेछ ।<br>१.२.४ मानसिक स्वास्थ सम्बन्धी सेवालाई सबैको पहुँचमा पुऱ्याइनेछ ।<br>१.२.५सर्ने तथा नसर्ने रोगको अध्ययन तथा अनुसन्धान गरी तिनको नियमन, नियन्त्रण तथा निवारणका आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.२.६ स्थानीय स्तरमा उपलब्ध जडिबुटी पहिचान गरी तिनको प्रवर्द्धन, विकास र उपयोग गरिनेछ । |
| १.३ स्वास्थ विपद् व्यवस्थापन पूर्व तयारी तथा सामुदायिक स्वास्थ प्रणाली सहितका एकीकृत उपाय अवलम्बन गर्ने । | १.३.१ विपद् तथा महामारीको तत्काल सम्वोधन, एम्बुलेन्स सेवाको एकीकृत् विकास, साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गरिनेछ । |

### ५.३.६ कार्यक्रमका प्राथमिकता

- नगरपालिकाको स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्ने
- नेपाल सरकार र १ नं. प्रदेशको सहकार्यमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै नागरिकलाई पुऱ्याउने ।

## ५.३.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको हरेक वर्ष स्तरोन्नति गर्ने | संख्या | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५००० | |
| २ | | | | | स्वास्थ्य चौकीलाई १५ शैया सहितको अस्पतालमा स्तरोन्नती गर्ने । | संख्या | ० | | १ | | १ | १ | ३ | १५०००० | |
| ३ | | | | | सबै स्वास्थ्य चौकीमा ल्याब स्थापना गर्ने | संख्या | ० | | | | | | ६ | १२००० | |
| ४ | | | | | भाडामा बसेका स्वास्थ्य केन्द्रहरुलाई आफ्नो भवन बनाई स्थानान्तरण गर्ने | संख्या | १ | | | | | | १ | २५००० | |
| ५ | | | | | कच्ची भवनमा रहेका स्वास्थ्य केन्द्र तथा चौकीलाई पक्कि बनाउने र निर्माणको क्रममा रहेकालाई पूर्णता दिने । | संख्या | | | | | | ४ | सबै पक्की हुने | २०००० | |
| ६ | | | | | स्वास्थ्य संस्थाको स्वास्थ्य उपकरणको विस्तार गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | | ५ | १२५०० | |
| ७ | | | १.१.२ | | आयुर्वेद स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्ने | संख्या | १ | २ | २ | २ | २ | २ | २ | ४०००० | |
| ८ | | | १.१.३ | | सवै स्वास्थ्य केन्द्रहरूमा संस्थागत सुत्केरी केन्द्र स्थापना गर्ने | संख्या | ३ | १ | | २ | | १ | ६ | २२५०० | |
| ९ | | | | | पूर्व प्रसूती सेवा सवलीकरण | वडा | | | | | | | ३ | १५००० | |
| १० | | | | | सुनौलो १००० दिन (आमावच्चा) महिलाको प्रो फाइल तयार गरी निरन्तर फलोअप गर्ने | प्याकेज | | १ | | | १ | | २ | ४००० | |
| ११ | | | | | गरिविको रेखामुनि रहेका महिलाहरूको लागि पोषण भत्ताउपलब्ध गराउने । | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १५०० | |
| १४ | | | | | नगर क्लिनिक सुदृढिकरण | संख्या | | १० | १० | १० | १० | १० | १० | १०००० | |
| १५ | | | | | महिला स्वास्थ्य शिविर | वडा | | १० | १० | १० | १० | १० | १० | २५००० | |
| १६ | | | | | सुरक्षित गर्भपतन परामर्श तथा सेवा | वडा | | १० | १० | १० | १० | १० | १० | १५००० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | लक्ष्य ०८१/०८२ | लक्ष्य ०८२/०८३ | लक्ष्य ०८३/०८४ | लक्ष्य ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | योजना अवधिको जम्मा बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | | | | | महिला स्वयम सेवीहरूको लागि जीविकोपार्जन कार्यक्रम | वडा | | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | १५८४० | |
| १८ | | | १.१.४ | | निशुल्क खोपको विस्तार गरेर पूर्ण खोप सुनिश्चित गर्ने | वडा,प्रतिशत | | | | | | | १०० | १०००० | |
| १९ | | | १.१.५ | | स्वास्थ्य संस्थालाई क्रमिक रुपमा ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने | स्वास्थ्य संस्था | | १० | १० | १० | १० | १० | १० | ५००० | |
| २० | | १.२ | १.२.१ | | | | | | | | | | | | |
| २१ | | | १.२.२ | | विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरू सञ्चालन | पटक | ० | १० | १० | १० | १० | १० | ५० | ५०००० | |
| २२ | | | १.२.३ | | | | | | | | | | | | |
| २३ | | | १.२.४ | | नगरपालिक स्तरको अस्पतालमा मानसिक स्वास्थ्य परामर्श विज्ञको व्यवस्था गर्ने | संख्या | ० | | | | | | १ | ३००० | |
| २४ | | | १.२.५ | | वंशाणुगत रोग तथा सरुवा रोगको प्रोफाइल तयार गर्ने | | ० | १ | | | | | १ | ५०० | |
| २५ | | | | | सबै स्वास्थ्य केन्द्रहरूमा सूचना तथा औषधीहरूको व्यवस्था गर्ने । | स्वास्थ्य केन्द्र | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | ५०००० | |
| २६ | | | | | क्षयरोग, कुष्ठरोग, औलो, एच आई भि / एडस रोगका एकीकृत् सर्भिलेन्स कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १५०० | |
| २७ | | | | | मुटु, क्यान्सर, किडनी, अल्जाइमर ( संघिय सरकारले व्यवस्था गरेअनुसारका) रोगीहरूलाइ विशेष सहयोग कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १००० | |
| २८ | | | १.२.६ | | जडीबुटी अध्ययन तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन | संख्या | | | १ | | | | १ | २०००० | |
| २९ | | १.३ | १.३.१ | | आपतकालिन स्वास्थ्य उपकरण र औषधीहरूको व्यवस्था गर्ने | प्याकेज | ० | १० | १० | १० | १० | १० | १० | ५००० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | लक्ष्य ०८१/०८२ | लक्ष्य ०८२/०८३ | लक्ष्य ०८३/०८४ | लक्ष्य ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | योजना अवधिको जम्मा बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | | १.३ | १.३.१ | | आपतकालिन उद्धार टोलीको गठन, क्षमता विकास तथा परिचालन | वडा | ० | १० | १० | १० | १० | १० | १० | १५००० | |
| ३१ | १ | | | | एम्बुलेन्स सेवाको एकीकृत् विकास गरी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १५००० | |
| ३२ | | | | | स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्रको स्थापना | संख्या | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ३३ | | | | | जनचेतना तथा महामारीको व्यवस्थापन योजना तयार गरेर लागु गर्ने | वडा | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ३४ | | | | | कोभिड १९ तथा त्यस्तै आइपर्ने अन्य महामारी नियन्त्रणको लागि विशेष कोषको स्थापना | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १०००० | |

### ५.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि भई नगरपालिकावासीको स्वास्थ्य स्थितिमा सुधार आएको हुने । | मातृ मृत्युदर प्रति १००,००० जीवित जन्ममा | दर | ० | | | | | ० | | | | | ६ | ३ | २ |
| | | ५ वर्ष मुनिका वाल मृत्युदर प्रतिहजार जीवित जन्ममा | दर | ० | | | | | ० | | | | | ६ | ३ | २ |
| | | शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा | दर | २० | | | | | ० | | | | | ६ | ३ | २ |
| | | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउने महिला | प्रतिशत | १२ | | | | | १०० | | | | | ६ | ३ | २ |
| | | घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवारहरूको प्रतिशत | प्रतिशत | ६० | | | | | | १०० | | | | ६ | ३ | २ |
| | | चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला | प्रतिशत | ३७ | | | | | | १०० | | | | ६ | ३ | २ |
| | | स्वास्थ्य सेवा लिने नागरिकको प्रतिशत | प्रतिशत | ७९ | | | | | १०० | १०० | | | | ६ | ३ | २ |
| **प्रतिफल १.१** | विशेषज्ञ सेवासाहितको अस्पताल भएका हुने | अस्पताल | संख्या | १ | | | | | | ४ | | | | ६ | ३ | २ |
| | आयुर्वेदिक अस्पतालको सुविधा विस्तार भएको हुने । | आयुर्वेदिक अस्पताल | संख्या | १ | | | | | | २ | | | | ६ | ३ | २ |
| | सबै वडामा बर्थिङ्ग सेन्टरहरु भएको हुने । | बर्थिङ्ग सेन्टरहरु | संख्या | २ | | | | | | १० | | | | ६ | ३ | २ |
| | स्वास्थ्य केन्द्रहरु अपाङ्गमैत्री भएको हुने । | | स्वास्थ्य संस्था | | | | | | | १० | | | | ६ | ३ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१ / ०८२ | ०८२ / ०८३ | ०८३ / ०८४ | ०८४ / ०८५ | | | | | | | |
| **प्रतिफल १.२** | विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरू सञ्चालन भएको हुने | | पटक | ० | १० | १० | १० | १० | १० | ५० | | | | ६ | ३ | २ |
| | नगरपालिक स्तरको अस्पतालमा मानसिक स्वास्थ्य परामर्श विज्ञको व्यवस्था भएको हुने | | संख्या | ० | | | | | | १ | | | | ६ | ३ | २ |
| | जडीबुटी उत्पादन र प्रशोधन केन्द्रको स्थापना र सञ्चालन भएको हुने | | संख्या | ० | | | | | | १ | | | | ६ | ३ | २ |
| | पूर्ण खोप सुनिश्चित भएको हुने | | प्रतिशत | | | | | | | १०० | | | | ६ | ३ | २ |
| **प्रतिफल १.३** | **स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण भएको हुने** | | | | | | | | | | | | | | | |
| | आपतकालिन उद्धार टोलीको गठन, क्षमता विकास तथा परिचालन भएको हुने | उद्धार टोली भए नभएको | संख्या | ० | १० | १० | १० | १० | १० | १० | | | | ६ | ३ | २ |
| | आपतकालिन स्वास्थ्य उपकरण र औषधीहरूको व्यवस्था भएको हुने | आपतकालिन स्वास्थ्य उपकरण र औषधीहरू | प्याकेज | ० | १० | १० | १० | १० | १० | १० | | | | ६ | ३ | २ |
| **प्रतिफल १.३** | महामारी नियन्त्रणको लागि विशेष कोषको स्थापना भएको हुने | महामारी नियन्त्रण विशेष कोष | संख्या | ० | | | | | | १ | | | | ६ | ३ | २ |
| | जनचेतना तथा महामारीको व्यवस्थापन योजना तयार गरेर लागु भएको हुने | महामारी व्यवस्थापन योजना | संख्या | ० | | | | | | १ | | | | ६ | ३ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रममुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्रको स्थापना भएको हुने | सर्पदंश उपचार केन्द्र | संख्या | ० | | | | | | १ | | | | ६ | ३ | २ |

### ५.३.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा नगरपालिकाभित्र बसोबास गर्ने नागरिकको औसत आयु ७२ बर्ष पुगेको हुनेछ। मातृमृत्युदर, बालमृत्युदर, प्रजनन दर घटेको हुनेछ। सबै नागरिकको पहुँचमा स्वास्थ सेवा पुगेको हुनेछ। दक्ष जनशक्ति, स्वास्थ उपकरण, प्रयोगशाला, एम्बुलेन्स सेवासहितको स्वास्थ केन्द्रको सुधार र नयाँ स्वास्थ केन्द्रको स्थापना भएको हुनेछ।

## ५.४ युवा
### ५.४.१ पृष्ठभूमि
स्थानीय विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरूको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नु प्रमुख आवश्यकता रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था जस्तै संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्, दिगो विकास लक्ष्य, युथ भिजन २०२५ ले पनि युवाको विकास र सहभागितामा जोड दिएको छ । यसका लागि एकीकृत नीति योजना तथा कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ। नगरपालिकाको कुल जनसङ्ख्याको ३७.६७ प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थामा जनसांख्यिक लाभको अवसरलाई पूँजीकृत गरी स्थानीय विकास तथा आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ ।

### ५.४.२ प्रमुख समस्या
युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवा विकासको लागि ठोस योजना नहुनु, युवासँग सम्बन्धित तथ्याङ्कीय आधार नहुनु, युवाको सर्वाङ्गीण विकास, उद्यमशीलता र रोजगारीका अवसर सीमित हुनु, ठूलो जनसङ्ख्यामा युवा शक्ति विदेश पलायन हुनु, विभेद, कुरीति र अन्धविश्वासजन्य चिन्तन तथा अभ्यास समाजमा विद्यमान रहनु युवा विकासका प्रमुख समस्या हुन् ।

### ५.४.३ चुनौती तथा अवसर
युवाको क्षमता विकास गर्नु, प्रतिभा पलायनलाई रोक्नु, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, स्थानीय स्तरमै रोजगारीका अवसर बृद्धि गर्नु, युवामा सकारात्मक सोचको निर्माण गरी स्वयंसेवी संस्कृतिको  विकास र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु , वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, युवा सशक्तीकरण गर्दै राष्ट्रको सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपान्तरण गर्नु, विद्यमान जनसाङ्ख्यिक लाभलाई उपयोग गर्नु र स्काउटलाई विद्यालय तहसम्म विस्तार गर्नु प्रमुख चुनौती हुन् ।

युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, युवाहरूको समग्र विकासका लागि विभिन्न संरचनागत प्रवन्ध हुनु, युवा विकासमा राजनैतिक इच्छाशक्ति बृद्धि हुनु, सबै तहका सरकारमा युवाको प्रतिनिधित्व रहनु ,विश्वव्यापीकरण र सूचना प्रविधिको विकासका अवसर प्राप्त हुनु, स्थानीय तहमा रोजगार र स्वरोजगारका अवसर अभिबृद्धिका लागि पालिकाको उच्च प्राथमिकता रहनु र जनसांख्यिक लाभको अवस्था विद्यमान रहनु युवा विकासका अवसर हुन् ।

### ५.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति
**सोच**

युवाको सर्वाङ्गीण विकास स्थानीय निकाय निर्माणको प्रमुख आधार ।

**लक्ष्य**

स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवाशक्तिको विकास र परिचालन गर्ने ।

**उद्देश्य**

युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु ।

### ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धि गर्नु । | |
| १.१ नीति निर्णयमा युवा सहभागिता बढाउने । | १.१.१ युवालाई राष्ट्र र प्रदेशको विकास एवम् समृद्धिप्रति जिम्मेवार, कर्तव्यवोध र नैतिकवान् बनाउन युवा नीति नियम बनाई कार्यान्वयन गरिनेछ ।<br>१.१.२ विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ नीति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२ युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १.२.१ युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>१.२.२ रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा लगानीका लागि कर्जा प्रवाह कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । |
| १.३ युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १.३.१ वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पुँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>१.३.२ युवामा उद्यमशीलता विकासका लागि बजारको माग अनुरूप प्राविधिक तालिम उपलव्ध गराइनेछ ।<br>१.३.३ परम्परागत पेशा र व्यवसायको जगेर्ना, परिष्कृत, प्रवर्द्धन र व्यावसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४ युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १.४.१ सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्र र प्रदेशको गौरव वढाउन योगदन दिई युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>१.४.२ युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइनेछ । |

### ५.४.६ कार्यक्रमका प्राथमिकता

- युवाजनशक्तिलाई उत्पादनशील क्षेत्रमा लाग्न प्रोत्साहन गर्ने ।

### ५.४.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | युवा नीति तथा मापदण्ड निर्माण | संख्या | | १ | | | | | १ | ५०० | |
| २ | | | १.१.२ | | युवा स्वयंसेवक परिचालन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २५०० | |
| ३ | | | १.१.३ | | नगर स्तरीय योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा युवाहरूलाई सहभागी गराउने | | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १५०० | |
| ४ | | १.२ | १.२.१ र १.३.२ | | युवा लक्षित प्राविधिक तथा व्यावसायिक तालिम | संख्या | | २० | २० | २० | २० | २० | १०० | २५०० | |
| ५ | | | १.२.२ | | युवाहरूलाई सहुलियत दरमा कर्जा प्रवाह गर्ने कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |
| ६ | | १.३ | १.३.१ | | उत्पादनमूलक उद्यमका लागि अनुदान | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १००० | |
| ७ | | | १.३.३ | | परम्परागत पेशाको व्यावसायीकरण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | | |
| ८ | | १.४ | | | विविध क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाहरूको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान गन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १००० | |
| ९ | | | | | आचरण र सदाचारबारे युवाहरूलाई प्रशिक्षण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |

## ५.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराघ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** युवा जनशक्तिलाई प्रदेशको सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गरिएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | युवाको सीप र नेतृत्व क्षमता प्रस्फुटित हुँदै विकासमा युवा सहभागिता वृद्धि भएको हुने | विकास कार्यक्रममा युवा सहभागिता दर | प्रतिशत | | | | | | | | | | | | | |
| **प्रतिफल १.१** | युवा नीति नियम तर्जुमा भई कार्यान्वयन भएको हुने | नगरस्तरीय युवा नीति निर्माण | संख्या | | | | | | | १ | | | | | | |
| **प्रतिफल १.२** | विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन भएको हुने | परिचालित युवा स्वयंसेवकको संख्या | जना | | | | | | | ३० | | | | | | |
| **प्रतिफल १.३** | नीति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मूल्याङ्कनमा युवा सहभागिता वृद्धि भएको हुने | प्रदेशका नीति निर्माणमा युवा सहभागिताको संख्या | संख्या | | १० | १० | १० | १० | १० | ५० | | | | | | |
| **प्रतिफल १.४** | युवाहरूलाई स्वरोजगार बनाउन सहुलियत ब्याजदरमा कर्जा प्रवाह भएको हुने | युवाहरूलाई सहुलियत दरमा कर्जा प्रवाह | संख्या | | १० | १० | १० | १० | १० | ५० | | | | | | |
| **प्रतिफल १.५** | परम्परागत पेशा र व्यवसायको जगेर्ना, परिष्करण, प्रवर्द्धन र व्यावसायीकरण गर्न युवाहरूलाई प्रोत्साहित गरिएको हुने | उत्पादनमूलक उद्यमका लागि प्रस्तावका आधारमा अनुदान प्राप्त गर्नेहरूको संख्या | संख्या | | २ | २ | २ | २ | २ | १० | | | | | | |
| **प्रतिफल १.६** | सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्र र नगरको गौरव बढाउन | विविध क्षेत्रमा उत्कृष्ट युवा र स्रष्टाहरूको पहिचान गरी प्रोत्साहन र पुरस्कार | | | १ | १ | १ | १ | १ | ५ | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | योगदान दिने युवाहरूलाई प्रोत्साहित गरिएको हुने | प्रदान गरिएका व्यक्तिहरूको संख्या | | | | | | | | | | | | | | |
| **प्रतिफल १.७** | युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइएको हुने | आचरण र सदाचार सम्बन्धी तालिम प्राप्त गर्नेहरूको संख्या | | | तयारी | २० | २० | २० | २० | ८० | | | | | | |

### ५.४.९ अपेक्षित उपलब्धि

सीप मूलक तालिम र वित्तीय स्रोतमा युवाको पहुँच बृद्धि भई पालिकाको उद्यम र व्यवसायमा युवाको संलग्नता बढेको हुनेछ। युवा रोजगारी र स्वरोजगारीको अवस्थामा उल्लेखनीय सुधार हुनुका साथै जोखिमपूर्ण काममा विदेशिने युवाको जनसङ्ख्यामा सारभूत रूपमा कमी आएको हुनेछ। विकास निर्माण, स्वास्थ्य, शिक्षा, कृषि, वातावरण र सामाजिक विकास विपद् व्यवस्थापन कार्यमा व्यापक रूपमा युवा स्वयंसेवक परिचालन भएका हुनेछन्।

## ५.५ खेलकुद

### ५.५.१ पृष्ठभूमि

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्त्वर्पुण भूमिका रहन्छ । खेलकुद राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रूपमा रहिआएको छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेलकुद विकासको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक बृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी सबैका लागि खेलकुद अभियानलाई सार्थकता दिन अवाश्यक छ ।

### ५.५.२ प्रमुख समस्या

खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार तथा खेल सामग्रीको कमी हुनु, विद्यमान पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित तथा गुणस्तरीय प्रशिक्षणको व्यवस्था र उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा खेलकुदलाई स्थापित गर्न नसक्नु, खेलकुदका पूर्वाधार विकास तथा प्रतियोगिता आयोजना गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ५.५.३ चुनौती तथा अवसर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकुलका सुविधा सम्पन्न भौतिक पूर्वाधारहरूको निर्माण गर्नु, समयसापेक्ष स्थानीयस्तरको अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा प्रतियोगिताको व्यवस्था गरी स्वच्छ खेलाडीको विकास, प्रोत्साहन तथा सम्वर्द्धन गर्नु, खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरूमा नयाँ शिल्प र विज्ञान प्रविधिको प्रयोग गर्नु, खेलकुदको विकासमा लगानी अभिबृद्धि गर्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका मान्य मापदण्डका आधारमा व्यवस्थापन तथा नियमन गर्नु खेलकुद विकासका प्रमुख चुनौती रहेका छन् ।

खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तराट्रिय क्षेत्रमा सम्मान अभिबृद्धि गर्ने माध्यमका रूपमा लिनु, सङ्घ, प्रदेश र स्थानीय तहलाई खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार बनाइनु, शारीरिक व्यायाम, योग तथा खेलकुद गतिविधिहरूको महत्त्वप्रति जनमानसमा रुची र जागरुकता बढ्दै जानु, खेलकुद विकासका प्रचुर सम्भावना रहनु, खेलकुद गतिविधिमा जनसहभागिता क्रमशः बृद्धि हुँदै जानु र खेलकुद पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना रहनु खेलकुद विकासका अवसर हुन् ।

### ५.५.४ सोच, लक्ष्य ,उद्देश्य ,रणनीति तथा कार्यनीति

**सोच**

स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकुद अभिबृद्धि ।

**लक्ष्य**

खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिबृद्धि गर्दै पहिचान स्थापित गर्ने ।

**उद्देश्य**

खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु ।

### ५.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु । | |
| १.१ खेलकुदको विकासका लागि भौतिक पूर्वाधारको निर्माण, संरक्षण र सम्वर्द्धन गर्ने । | १.१.१ विद्यमान भौतिक पूर्वाधारको संरक्षण, सम्वर्द्धन तथा विकास गर्दै थप भौतिक पूर्वाधारको निर्माण गरिनेछ । |
| १.२ नगरपालिका स्तरीय खेलकुद सम्पन्न गर्ने । | १.२.१ नगरको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>१.२.२ नगरस्तरीय प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गरिनेछ ।<br>१.२.३ माध्यमिक विद्यालय तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |

### ५.५.६ कार्यक्रमका प्राथमिकता

- नगरपालिकास्तरको रङ्गशालाको निर्माण गर्ने ।
- वडाका सबै खेलकुद मैदानहरुको स्तरोन्नति गर्ने ।

### ५.५.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८० / ०८१ | ०८१/ ०८२ | ०८२ / ०८३ | ०८३/ ०८४ | ०८४ / ०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | | | १.१.१ | | नगरपालिकास्तरको रङ्गशालाको निर्माण गर्ने । | संख्या | ० | | १ | | | | १ | ३०००० | |
| | | १.१ | १.१.२ | | नगरपालिकास्तरीय सेमी कभर्डहल निर्माण गर्ने । | संख्या | ० | | | | | | १ | १०००० | |
| २ | | | १.१.३ | | वडाका खेलकुद मैदानको स्तरोन्नति गर्ने । | संख्या | | २ | २ | २ | २ | २ | १० | २०००० | |
| ३ | १ | | १.२.१ | | नगरको गौरव राख्न सफल खेलाडीलाई सम्मान गर्ने | संख्या | ० | | १ | १ | १ | १ | ४ | १००० | |
| ४ | | | | | युवा क्लबहरूलाई खेलकुद सामग्री प्रदान | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १०००० | |
| ५ | | १.२ | १.२.२ | | नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | १ | | |
| ६ | | | | | व्यवसायिक खेलाडी उत्पादन कार्यक्रम | संख्या | ० | | | | | | १० | २००० | |

### ५.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१ / ०८२ | ०८२ / ०८३ | ०८३ / ०८४ | ०८४ / ०८५ | | | | | | | |
| **प्रभावः** नगरमा खेलकुद विकास भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | खेलकुद पूर्वाधारको विकास भएको हुने | खेलकुद पूर्वाधार निर्माण | संख्या | | | | | | | १३ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.१** | नगरपालिकास्तरको रङ्गशालाको निर्माण भएको हुने | रङ्गशालाको निर्माण | संख्या | ० | | | | | | १ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.२** | नगरपालिकास्तरीय सेमी कभर्डहल निर्माण भएको हुने | कभर्डहल | संख्या | ० | | | | | | १ | | | | ६ | ४ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल १.३** | वडाका खेलकुद मैदानको स्तरोन्नति भएको हुने | वडाका खेलकुद मैदानहरु | संख्या | ० | | | | | | १० | | | | ६ | ४ | २ |
| **प्रतिफल १.४** | नगरको गौरव राख्न सफल खेलाडीलाई सम्मान भएको हुने | सम्मानित खेलाडी | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.५** | युवा क्लबहरूलाई खेलकुद सामग्री प्रदान भएको हुने | खेलकुद सामग्री | प्याकेज | | १ | १ | १ | १ | १ | १ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.६** | नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने | खेलकुद प्रतियोगिताको संख्या | प्याकेज | | १ | १ | १ | १ | १ | १ | | | | ६ | ४ | २ |
| **प्रतिफल १.७** | व्यवसायिक खेलाडी उत्पादन कार्यक्रम भएको हुने | व्यवसायिक खेलाडी संख्या | संख्या | ० | | | | | | १० | | | | ६ | ४ | २ |

### ५.५.९ अपेक्षित उपलब्धि

योजना अवधिमा नगरपालिकास्तरको एक रंगशाला निर्माण कार्य प्रारम्भ गर्ने, सबै विद्यालयहरूमा भएका खेलकुद मैदानको स्तरोन्नति भएको हुने, १० वटा फुटबल मैदानहरूको निर्माण भएको हुने, १ वटा नगरपालिकास्तरीय सेमी कभर्डहल निर्माण भएको हुने, विभिन्न खेलका प्रतियोगिताहरूको आयोजना भएको हुनेछ ।

## ५.६ महिला

### ५.६.१ पृष्ठभूमि

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि नेपालको संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने समेतका महत्त्वपूर्ण हकअधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएको छ ।

### ५.६.२ चुनौती तथा अवसर

आर्थिक-सामाजिक जीवनमा महिला र पुरुषमा समानता ल्याउनु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिलाहरूबीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्नु, महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु र बालविवाह, दाइजो प्रथा, र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

लैङ्गिक समानता तथा महिला सशक्तीकरणको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार न्यून हुँदै जानु, घरेलु हिंसाबाट पीडित महिलाहरूका लागि राहतको आवश्यक व्यवस्था हुनु, सामुदायिक सेवा केन्द्र सञ्चालन हुनु, लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालन हुनु, अदालतमा लैङ्गिक हिंसासम्बन्धी सुनुवाइका लागि छिटोछरितो प्रक्रिया अवलम्बन गरिनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र सङ्घदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता गरिनुलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ ।

### ५.६.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

लैङ्गिक समानतामार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास ।

**लक्ष्य**

सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी महिला सशक्तीकरण गर्ने ।

**उद्देश्य**

१.सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्दै, लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु ।

### ५.६.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्दै, लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु । | |
| १.१ लैङ्गिक मूलप्रवाहीकरण गर्दै नगरपालिकाको प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने । | १.१.१ महिला समुहहरूको संस्थागत विकासमा सहयो गर्दै ५ वर्ष भित्र नगपालिकालाई लैंगिक मैत्री पालिकाको रूपमा घोषणा गरिनेछ ।<br>१.१.२ महिलाको क्षमता अभिवृद्धिको लागि विविध कार्यक्रमहरु गरिनेछ । |
| १.२ लैङ्गिक हिंसा, भेदभाव र बहिष्करण अन्त्यको लागि संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने । | १.२.१ जोखिममा रहेका महिलाको पहिचान गरी संरक्षणात्मक कार्यक्रम तथा उनीहरुको जीविकोपार्जनको लागि आयआर्जनको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>१.२.२ नगरपालिकालाई कुरीती तथा अन्धविश्वास मुक्त गराउँदै, हिंसामा परेकालाई मनोपरामर्श दिने र  लैङ्गिक हिंसाजन्यसमस्याको अन्त्य गरिनेछ ।<br>१.२.२ न्यायीक समितिलाई थप प्रभावकारी बनाउँदै, माहिलाहरुलाई लैङ्गिक हिंसाबाट मुक्त गराउन र सामाजिक सुधार नितीनिर्माण गरी कार्यान्वयन गरिनेछ । |
| १.३ मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने । | १.३.१.सबै वडाहरूमा स्वास्थ चौकी स्थापना र मातृ शिसु तथा प्रजनन स्वास्थ बारे तालिम प्राप्त जनशक्ति व्यवस्था गरिनेछ ।<br>१.३.२. मातृस्वास्थ तथा प्रजनन स्वास्थ बारे सबै टोलमा जनचेतनामूलक सामग्री राखिनेछ । |

### ५.६.५ कार्यक्रमका प्राथमिकता

- मातृशिशु सुरक्षा कार्यक्रम
- महिला सशक्तिकरण कार्यक्रम

### ५.६.६ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | न्यायिक संयोजन समितिको क्षमता अभिबृद्दि कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| २ | | | | | मेलमिलाप समितीको सवलीकरण | वडा | | सबै | सबै | सबै | सबै | सबै | सबै | १५०० | |
| ३ | | | | | भइरहेका समुहहरूको सवलीकरण गर्ने (आमा, महिला, किशोरी, एकल महिला) समुह) | प्याकेज | ० | १ | १ | १ | १ | १ | सबै | १०००० | |
| ४ | | | १.१.२ | | अन्तरपाटी महिला सञ्जाल निर्माण | संख्या | ० | १ | | | | | १ | ५०० | |
| ५ | | | | | क्षमता अभिवृद्धि कार्यक्रम | वडा | | सबै | सबै | सबै | सबै | सबै | सबै | १५०० | |
| ६ | | | | | जनचेतना मुलक कार्यक्रमहरू | वडा | | सबै | सबै | सबै | सबै | सबै | | १५०० | |
| ७ | | | | | संविधान प्रदत्त अधिकारहरू सुसुचित गर्ने | वडा | | सबै | सबै | सबै | सबै | सबै | सबै | १००० | |
| ८ | | १.२ | १.२.१ | | हिंसाप्रभावित महिलाहरूलाई कानूनी सेवा | स्थान | | | | | | | | १००० | |
| ९ | | | | | हिँसा पीडित संरक्षण सेवाकेन्द्रको स्थापना | संख्या | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २००० | |
| १० | | | | | एकल महिलाहरूलाइ सिपमुलक आय आर्जन कार्यक्रम गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १००० | |
| ११ | | | | | प्रभावित महिलाहरूलाइ स्वास्थ्य उपचार | स्थान | ० | १ | १ | १ | १ | १ | ५ | १००० | |
| १२ | | | १.२.२ | | लैगिंक मैत्री जनचेतना कार्यत्रम | वडा | | सबै | सबै | सबै | सबै | सबै | सबै | ५०० | |
| १३ | | | | | हिंसापिडितको मनो परामर्श सेवा | वडा | ० | १ | १ | १ | १ | १ | ५ | ५०० | |
| १४ | | | | | वोक्सी, छुवाछुत, वालविवाह, दाइजो, लै गिंक असमानता, यौन हिंसा जस्ता | वडा | | सबै | सबै | सबै | सबै | सबै | सबै | १५०० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| | | | | | हानीकारक समाजिक परम्पराविरुद्ध जनचेतना | | | | | | | | | | |
| १५ | | | | | हानिकारक परमपरा विरुद्ध महिला समुह तथा युवा समुहका प्रतिनिधीहरूलाई क्षमता अभिवृद्धि | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १५०० | |
| १६ | | | | | अन्तर्राष्ट्रिय श्रमीक महिला दिवस तथा राष्ट्रिय महिला दिवस मनाउने पटक | पटक | | २ | २ | २ | २ | २ | २ | १००० | |
| १७ | | | १.२.२ | | लैगिंक नीति निर्माण, अध्यावधिक गरी कार्यान्वयन | पटक | ० | १ | | | | | १ | ५०० | |
| १८ | | १.३ | | स्वास्थ्यमा समावेश भएको | | | | | | | | | | | |

## ५.६.७ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुदं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** महिला तथा आमा समुहको सशक्तिकरण भइ महिलाको हक अधिकार सुनिश्चित भएको हुनेछ | | | | | | | | | | | | | | | | |
| | | महिला हिंसाको उजुरीको संख्या | संख्या | | | | | | | हिंसाको उजुरी घट्ने | | | | ६ | ५ | २ |
| **प्रतिफल १.१** | मेलमिलाप समितीको सवलीकरण भएको हुने | | वडा | | सबै | सबै | सबै | सबै | सबै | सबै | | | | ६ | ५ | २ |
| **प्रतिफल १.२** | न्यायिक संयोजन समितिको क्षमता अभिबृद्दि कार्यक्रम भएको हुने | | पटक | ० | १ | १ | १ | १ | १ | पटक | | | | ६ | ५ | २ |
| **प्रतिफल १.३** | अन्तरपाटी महिला सञ्जाल निर्माण भएको हुने | | संख्या | ० | १ | १ | १ | १ | १ | संख्या | | | | ६ | ५ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल १.४** | एकल महिलाहरूलाइ सिपमुलक आय आर्जन कार्यक्रम गर्ने | | प्याकेज | | १ | १ | १ | १ | १ | | | | | ६ | ५ | २ |
| **प्रतिफल १.५** | हिँसा पीडित संरक्षण सेवाकेन्द्रको स्थापना भएको हुने | | संख्या | संख्या | ० | १ | १ | १ | १ | १ | | | | ६ | ५ | २ |
| **प्रतिफल १.६** | महिला समुह तथा युवा समुहका प्रतिनिधीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम भएको हुने | | संख्या | वडा | | सबै | सबै | सबै | सबै | सबै | | | | ६ | ५ | २ |
| **प्रतिफल १.७** | लैगिंक नीति निर्माण, अध्यावधिक गरी कार्यान्वयन भएको हुने | | संख्या | संख्या | ० | १ | १ | १ | १ | १ | | | | ६ | ५ | २ |

### ५.६.८ अपेक्षित उपलब्धि

महिलामुखी स्थानीय निकाय, रोजगारी सिर्जना, हरेक वडामा स्वास्थ चौकी र मातृ प्रजनन बारे तालिम प्राप्त जनशक्ति, विकास निर्माण तथा प्रशासनिक तहमा महिलाको सहभागिता सुनिश्चित भएको हुनेछ र महिला हिंसा न्युनीकरण भएको हुनेछ ।

## ५.७ बालबालिका तथा किशोरकिशोरी

### ५.७.१ पृष्ठभूमि

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता विषयलाई समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । संयुक्त राष्ट्र सङ्घीय बालअधिकार सम्बन्धी महासन्धी, १९८९ तथा अन्य बालअधिकार सम्बन्धी अतर्राष्ट्रिय सन्धीहरूमा गरेको प्रतिबद्धतानुरूप नेपाल सरकारले बालअधिकार सम्बन्धी नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । दिगो विकास लक्ष्यका बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गर्नु र उक्त विषयलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ । उक्त लक्ष्य पूरा गर्न स्थानीय विकास नीति तथा रणनीतिहरूमा बालबालिका तथा किशोर किशोरी मैत्री हुनु जरुरी हुन्छ ।

### ५.७.२ प्रमुख समस्या

सबै बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच नहुनु, मनोरञ्जन, बालसहभागिता, बालमैत्री बातावरणको अभावमा विकास र संरक्षण हुन नसक्नु, बालश्रमको अवस्था रहनु, असहाय र अनाथ बालबालकिाको संरक्षण तथा उचित व्यवस्थापन हुन नसक्नु, बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार बलात्कार, हत्याको अवस्था विद्यमान रहनु, किशोरी शिक्षाको कमी हुनुजस्ता समस्याको प्रभावकारी सम्बोधन गरी उनीहरूको भावी जीवनलाई सहज बनाउँदै परिवार र समाजमा पुनर्मिलन र पुनर्स्थापना गराउन नसक्नु र वैकल्पिक स्याहारको माध्यामबाट अनाथ बालबालिकाको पुनर्स्थापना गर्न नसक्नु यस क्षेत्रका समस्या हुन् ।

### ५.७.३ चुनौती तथा अवसर

विज्ञान र प्रविधिको विकास, सहरीकरण, विकसित विश्वव्यापी मूल्यमान्यता र बदलिँदो परिस्थितिलाई मध्यनजर गर्दै बालअधिकारको संरक्षण र प्रवर्द्धन प्रभावकारी रूपमा गर्नु, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, बालसहभागिता र बालमैत्री वातावरणको विकास गर्दै सङ्कट र जोखिममा परेका सबै बालबालिकाको संरक्षण गर्नु, बालविवाह, बालश्रम, हत्या, अपहरण, बालहिंसा, यौन दुर्व्यवहार तथा बलात्कार जस्ता घटनाको अन्त्य गर्नु र असहाय, असक्त, बाबुआमाविहीन, जोखिममा परेका एवम् कुनै पनि बहानामा बालअधिकारबाट वञ्चित बालबालिकाको उचित संरक्षण र व्यवस्थापन गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु यस क्षेत्रका चुनौती हुन् ।

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नु, सङ्घीय संरचनाअनुसार बालबालिका सम्बन्धी कानुन नीति योजना, कार्यक्रम तथा संस्थागत संयन्त्र स्थानीय तहदेखि सङ्घसम्म स्थापना तथा सञ्चालन हुँदै जानु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विषयहरू समावेश हुनु, बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आउनु, राज्यबाट बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिईनु, बालबालिकाको संरक्षण सम्बन्धी विषय स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्नु र बालअधिकारको संरक्षण तथा प्रवर्द्धनको सवालमा सरोकारवालाहरूमा सचेतना बृद्धि हुँदै जानु यस क्षेत्रका अवसर रहेका छन् ।

### ५.७.४ सोच ,उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति

**सोच**

बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज ।

**लक्ष्य**

बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हकअधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. बालबालिका तथा किशोरकिशोरीमैत्री स्थानीय वातावरण सिर्जना गरी उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन र शारीरिक तथा मानसिकलगायता सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

### ५.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: बालबालिका तथा किशोरकिशोरीमैत्री स्थानीय वातावरण सिर्जना गरी उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन र शारीरिक तथा मानसिकलगायता सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु । | |
| १.१ बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने । | १.१.१ बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्न पोषण सम्बन्धी कार्यक्रमको विस्तार गरि बाल मृत्युदर घटाइनेछ।<br>१.१.२. किशोरकिशोरीहरूलाई स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा तथा सेवा उपलब्ध गराइनेछ ।<br>१.१.३. विद्यालयमा अध्यापन गर्ने शिक्षकशिक्षिकाहरूलाई बालअधिकार, यौन तथा प्रजनन स्वास्थ्यका विषयमा आधारभूत तहको प्रशिक्षण दिइनेछ । |
| १.२ बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच बृद्धि गर्ने । | १.२.१. प्रारम्भिक बालविकास कार्यक्रमलाई विस्तार गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ ।<br>१.२.२.प्रत्येक विद्यालयमा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सवेगात्मक विकासको लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू वार्षिक क्यालेण्डर बनाई सञ्चालन गरिनेछ । |
| १.३. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने । | १.३.१. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेचबिखनजस्ता अपराध विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>१.३.२. सबै वडाहरूमा आपत्कालीन बाल उद्धारकोष स्थापना र व्यवस्थापन गरिनेछ ।<br>१.३.३. अनलाइन सुरक्षालाई प्रभावकारी बनाउँदै इन्टरनेटको दुरूपयोगबाट पर्ने सबै प्रकारका नकारात्मक असरबाट बालबालिकालाई संरक्षण गर्न राज्यसंयन्त्र र सरोकारवालासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३.४. विद्यालयमा बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक दण्डा, कष्ट, दुर्व्यवहार, वा लैङ्गिकतामा आधारित हिंसालाई पूर्ण निरुत्साहित गरी त्यस्ता कार्यलाई दण्डका आधारमा नियन्त्रण गरिनेछ । |
| १.४ असहाय, अनाथ, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई नगरपालिकाबाट संरक्षण र संवर्द्धन गर्नै | १.४.१. अनाथ एवम् विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि जन्मदर्ता र नागरिकता पाउने प्रक्रिया सरलीकरण गरिनेछ ।<br>१.४.२. अनाथ, असहाय, बेवारिसे, अशक्त, अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीको संरक्षण र प्रवर्द्धन गर्न अस्थायी संरक्षण सेवाको व्यवस्थापन गरिनेछ। |

| | |
|---|---|
| | १.४.३.अपाङ्गता भएका विषेशतः बौद्धिक अपाङ्गता भएका बालबालिकाको उपचार सेवालाई प्राथमिकता दिदै त्यस्तो सेवालाई सहज र प्रभावकारी बनाइनेछ । |
| १.५. विभिन्न माध्ममबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने । | १.५.१. बाल क्लब, बाल समूह, किशोरकिशोरी समूहजस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोरकिशोरीको सहभागिता बढाइनेछ ।<br>१.५२.नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ । |
| १.६ नगरपालिकाले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने । | १.६.१ सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।<br>१.६.२. जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुनर्स्थापना गरिनेछ । |
| १.७ बालबालिकाको पहुँचयुक्त पूर्वाधारको नर्माण गरी बालमैत्री वातावरण सिर्जन ागर्ने । | १.७.१. बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोतसाधनको व्यवस्थापन, बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>१.७.२.सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना (भवन, शौचालय, सडक, फर्निचर, कुर्सी, टेबुल) र अन्य संरचनालाई समेत बालमैत्री बनाइनेछ ।<br>१.७.३. बाल अधिकार, बालमैत्री शासन र बल संवेदनशीलता अभिबृद्धि सम्बन्धी विषय शिक्षक तथा सबै सरकारी निकायको तालिम पाठ्यक्रममा समावेश गरी अभिमुखीकरण तथा क्षमता अभिबृद्धि तालिम प्रदान गरिनेछ । |
| १.८. विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने। | १.८.१ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गरिनेछ ।<br>१.८.२. सन्तान नभएका दम्पति, एकल महिला तथा पुरुषले धर्मपुत्र, धर्मपुत्री लिन चाहेमा स्थानीय बालअधिकार समितिमार्फत दीर्घकालीन संरक्षणका लागि नियमानुसार धर्मपुत्र, धर्मपुत्री सिफारिस तथा लिने दिने व्यवस्था र प्रक्रिया समेतलाई सहज तथा प्रभावकारी बनाइनेछ। |

#### ५.७.६ अपेक्षित उपलब्धि

बालअधिकार संरक्षण तथा सम्बर्द्धन नीति, कानुन, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएका हुने, बालबालिकाको शिक्षा, पोषण, र स्वास्थ्य सम्बन्धी सेवासुविधामा पहुँच पुगेको हुने, हिंसा र दुर्व्यवहार न्यूनीकरण भएको हुने, सरकारी निकाय, संस्था, आमाबाबु तथा संरक्षकको बालबालिकाप्रतिको दायित्व अभिबृद्धि भएको हुनेछ ।

## ५.८ ज्येष्ठ नागरिक

### ५.८.१ पृष्ठभूमि

संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यमा ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा लगायत सुरक्षित, समावेशी, पहुँचयोग्य र सार्वजनिक स्थानमा सर्वसुलभ पहुँच अभिबृद्धि गर्ने विषय समावेश भएको छ। सरकारले ज्येष्ठ नागरिकको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्नका लागि वृद्धाश्रम र दिवा सेवा केन्द्र सञ्चालन, यातायातमा विशेष सहुलियत, औषधोपचार,सामाजिक सुरक्षा भत्तालगायतका सेवासुविधा प्रदान गर्दै आएको छ । स्थानीय रूपमा ज्येष्ठ नागरिकहरूको संरक्षण, स्याहार, सुरक्षा, सभ्याता तथा संस्कृतिको संरक्षणमा परिचालन गर्दै जीवन सहज, सुरक्षित एवम् सम्मानित बनाई सामाजिक न्याय कायम गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ५.८.२ प्रमुख समस्या

सेवासुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, ज्ञान सीप र अनुभवलाई उपयोग र नयाँ पीढिमा हस्तान्तरण गर्न नसक्नु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, बेवारिसे तथा पीडामा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, सन्तानले बाबु आमाप्रति पूरा गर्नुपर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको निदान तथा उपचारको यथोचित व्यवस्था नहुनु र ज्येष्ठ नागरिक प्रतिको श्रद्धा र सम्मानमा ह्रास आउनु यस क्षेत्रका समस्या हुन् ।

### ५.८.३ चुनौती तथा अवसर

ज्येष्ठ नागरिकका विषयलाई अन्य विषय समान सम्बोधन र व्यवस्थापन गर्नु, ज्येष्ठ नागरिकको जनसङ्ख्यामा बृद्धि हुँदै जाँदा सो अनुसार सेवासुविधाको पर्याप्त व्यवस्था गर्नु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु, उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु र उनीहरूका लागि उपयुक्त एवम् पर्याप्त दिवा सेवा केन्द्र ,क्लब, औषधोपचारसहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु, ज्येष्ठ नागरिकको व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ट नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सिर्जना हुँदै जानु र ज्येष्ठ नागरिकको हक अधिकारको रक्षा र प्रवर्द्धन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरकारको प्रतिबद्धता रहनु यस क्षेत्रका अवसर रहेका छन् ।

### ५.८.४ सोच, लक्ष्य र उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति ।

**लक्ष्य**

ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई समाजले समृद्धिका लागि उपयोग गर्ने ।

**उद्देश्य**

१. पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हकअधिकारको संरक्षण र प्रवर्द्धन, आवश्यक सेवासुविधा उपलब्ध गराई उनीहरूको ज्ञान सीप र अनुभवलाई आर्थिक सामाजिक रूपान्तरण र विकासमा उपयोग गर्नु ।

### ५.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हकअधिकारको संरक्षण र प्रवर्द्धन, आवश्यक सेवासुविधा उपलब्ध गराई उनीहरूको ज्ञान सीप र अनुभवलाई आर्थिक सामाजिक रूपान्तरण र विकासमा उपयोग गर्नु । | |
| १. पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने | १. आफ्ना आमाबाबुलाई सन्तानले अनिवार्य हेरचाह गर्नुपर्ने पद्धतिको विकास गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. ज्येष्ठ नागरिकप्रति हुनसक्ने विभिन्न प्रकारका हिंसा तथा दुव्यवहार नियन्त्रणका लागि आवश्यक संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| २.असहाय, असक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने। | १. ज्येष्ठ नागरिकको लागि ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र र आरोग्य आश्रमको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. एकल महिला र पुरुष शारीरिक र मानसिक रूपमा असक्त, असहाय र आफ्ने परिवार वा संरक्षक नभएका ज्येष्ठ नागरिकको लागि स्याहार सुसार, हेरचाह र औषधी उपचारको व्यवस्था गरिनेछ । |
| ३.ज्येष्ठ नागरिकको ज्ञान ,सीप र अनुभवलाई उपयोग गर्नका लागि नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने । | १. ज्येष्ठ नागरिकलाई नीति निर्माणमा सहभागिता र स्रोतसाधनमा पहुँच बढाई अपनत्व बृद्धि गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । |

### ५.८.६ अपेक्षित उपलब्धि

ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सामाजिक विकास र पूर्वाधार निर्माणमा उपयोग भएको हुने, असहाय, असक्त र परित्यक्त ज्येष्ठ नागरिक संरक्षित भएको हुने, ज्येष्ठ नागरिकमाथि हुने हिंसा तथा दुर्व्यवहारमा कमी आएको हुने र ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र एवम् आरोग्य आश्रमको स्थापना र सञ्चालन भएको हुनेछ ।

## ५.९ अपाङ्गता भएका व्यक्ति

### ५.९.१ पृष्ठभूमि

संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक ज्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समता मूलक समाज निर्माण गर्ने सङ्कल्प गर्दै अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिको राजनैतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सहितको सम्मानजनक जीवनयापनको अधिकारलाई कानुनले संरक्षण र प्रवर्द्धन गरेको छ । दिगो विकास लक्ष्यले अपाङ्गतामैत्री विद्यालय लगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको वषय समावेश गरेको छ । अपाङ्गता भएका व्यक्तिको सम्मान एवम् अधिकार प्रवर्द्धनका लागि राज्यले समावेशी, समन्यायिक र सहभागितालाई जोड दिन आवश्यक रहेको छ ।

### ५.९.२ प्रमुख समस्या

अपाङ्गतामैत्री शिक्षाको अभावमा अपाङ्गता भएका बालबालिका विद्यालय बाहिर रहनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारका अवस्था विद्यमान हुनु, भौतिक संरचनाहरू अपाङ्गतामैत्री नहुनु, सूचना, सञ्चार तथा प्रविधि अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त हुन नसक्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, प्रयोग गरिने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु र नदेखिने अपाङ्गताको पहिचान र सही सम्बोधन नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.९.३ चुनौती तथा अवसर

सङ्घीय प्रणाली बमोजीम स्थानीय तहसम्म अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनले निर्देशित गरेको संरचनाको निर्माण, आवश्यक नीतिको व्यवस्था र सोको लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागी पूर्वाधार, आवश्यकताअनुसार सेवासुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, सबै भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउनु, पूर्ण अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिको लागि सहयोगी व्यक्ति र पुनर्स्थापनाको व्यवस्था गर्नु र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकताअनुसार रोजगारी उपलब्ध गराउनु यस क्षेत्रमा चुनौतीको रूपमा रहेका छन् ।

संविधानमा अपाङ्गता भएका व्यक्तिको लागि सेवासुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु, राज्यद्वारा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, समावेशी शिक्षा नीति, भौतिक संरचना, सञ्चार सेवा र सुविधालाई पहुँचयुक्त बनाउने सम्बन्धी मापदण्डलगायत अपाङ्गता सम्बन्धी विशेष कानुन तथा नीतिको तर्जुमा र कार्यान्वयन हुनु, अन्तर्राष्ट्रिय महासन्धी, दिगो विकासको लक्ष्य आदिमा अपाङ्गता भएका व्यक्तिको लागि विभिन्न प्रावधान रहनु र अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएकाले अपाङ्गताको विषयलाई सम्बोधन गर्नको लागि स्थानिय तह, सङ्घीय र प्रादेशिक सरकार र सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारीमा बृद्धि यस क्षेत्रमा अवसरका रूपमा रहेका छन् ।

### ५.९.४ सोच , लक्ष्य, उद्देश्य ,रणनीति तथा कार्यनीति

**सोच**

अपाङ्गता भएका व्यक्तिको मर्यादित आत्मनिर्भर जीवन ।

**लक्ष्य**

सेवासुविधा, साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिको पहुँच स्थापित गरी सामाजिक आर्थिक सशक्तीकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने ।

**उद्देश्य**

१. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै उनीहरूको सहज जीवनयापनको लागि पुनर्स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको व्यवस्था गर्नु ।

### ५.९.५. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १:. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै उनीहरूको सहज जीवनयापनको लागि पुनर्स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको व्यवस्था गर्नु । | |
| १. अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानुन पुनरावलेकन गर्ने । | १. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको जीवनयपानको लागि उनीहरूको सहभागितामा अपाङ्गतामैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| २. भौतिक संरचना अपाङ्गमैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने । | १. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सेवासुविधा अपाङ्गमैत्री बनाई दैनिक क्रियाकलाप गर्न सरल हुने वातावरण निर्माण गरिनेछ ।<br>२. सार्वजनिक भौतिक संरचना, पूर्वाधार तथा यातायताका साधन अपाङ्गतामैत्री बनाइनेछ ।<br>३.अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्नामा प्राथमिकता र शिक्षण सिकाइ पद्धति तथा पाठ्यक्रम अपाङ्गतामैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाको पहुँच बृद्धि गरिनेछ । |
| ३. अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारको सुविधासहितको पुनर्स्थापना सेवाको व्यवस्था गर्ने । | १.पूर्ण अशक्त, अति अशक्त , अटिज्म, डाउन सिन्ड्रोम, बौद्धिक अपाङ्गता भएका तथा नदेखिने अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था मिलाइनेछ । |
| ४.अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्ने । | १. अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र सबै प्रकरका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |

### ५.९.६ अपेक्षित उपलब्धि

अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक पर्ने सेवासुविधा सहज रूपमा उपलब्ध भएको हुने, सार्वजनिक भौतिक संरचना अपाङ्गतामैत्री भएको हुने, अपाङ्गता भएका बालबालिकाको विद्यालय भर्नादर बृद्धि भएको हुने र अपाङ्गता भएका व्यक्ति विशेषतः पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, अटिज्म, डाउन सिन्ड्रोम, बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य सुविधासहितको पुनर्स्थापना सेवा उपलब्ध भएको हुनेछ ।

## ५.१० सामाजिक सुरक्षा तथा संरक्षण

### ५.१०.१ पृष्ठभूमि

सामाजिक सुरक्षा तथा संरक्षण गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधन हो । नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्त्वपूर्ण योगदान गर्न सक्छ । आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरूबाट २२ लाख ६५ हजार नागरिकहरू लाभान्वित भएका छन् । यसका अतिरिक्त अवकाश प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी तथा नेपाली सेनाका सकल दर्जाका व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्रदान गरींदै आएको छ। यी उपलब्धिहरूका बाबजुद २०७२ वैशाखमा गएको विनाशकारी भूकम्पले धेरै परिवारलाई पुनः गरिबीको दुश्चक्रमा धकेलेको अनुमान गरिएको छः जसमा ठूलो हिस्सा वृद्ध, महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित एवम् सीमान्तकृत समुदायको रहेको छ। स्थानीय तहहरूले पनि प्राकृतिक प्रकोपहरू, उमेरगत जटिलता, बेलाबेलाका सामाजिक असन्तुलन कारण अपेक्षा गरेअनुसारको आर्थिक-सामाजिक रूपान्तरण हुन नसकेको विद्यमान परिस्थितिलाई मध्यनजर गर्नुपर्ने स्थिति छ । विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशीलामा टेकेर आवश्यक नीतिगत र नियमनकारी प्रारूप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तीय रूपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आवश्यक रहेको छ ।

### ५.१०.२ प्रमुख समस्या

सामाजिक सुरक्षा योजनालाई सर्वव्यापी बनाउन नसक्नु,सामाजिक सुरक्षा योजानाको तर्जुमा, लगानीको आँकलन र स्रोतमाथको दवाब अनुमान गर्न आवश्यक पर्ने सूचना र तथ्याङ्कको कमी हुनु, सरकारका विभिन्न निकाय र तहबाट प्रदान गरिने सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरुमा एकीकृत ढाँचा नहुँदा खण्डीकृत, दोहोरो र असामञ्जस्य हुनु, समाजिक सुरक्षाको कार्यक्रममा निजी क्षेत्रका रोजगारदाताको न्यून सहभागिता रहनु अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्न नसकिनु, नागरिकहरूको सामाजिक सुरक्षा कार्यक्रमहरुमा सहज पहुँच स्थापित गर्न नसाकिनु र सामाजिक सुरक्षा वितरण प्रणाली प्रभावकारी नहुनु र कार्यान्वयनमा सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रबीच समन्वय नहुनु जस्ता समस्या रहेका छन् ।

### ५.१०.३ चुनौती तथा अवसर

हरेक वर्ष प्रभावहीन नयाँ कार्यक्रम थप्दै जाने प्रवृत्तिलाई रोक्नु, सामाजिक सुरक्षासम्बन्धी विभिन्न समूह तथा समुदायको बढ्दो मागलाई सम्बोधन गर्नु, उपयुक्त नीतिगत र नियमनकारी प्रारूपको विकास गर्नु, सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

सामाजिक संरक्षणका आधारभूत पूर्वाधारहरू भइरहेका छन् । सामाजिक संरक्षण राष्ट्रिय विकासको एक महत्त्वपूर्ण एजेन्डाको रूपमा स्थापित भएको छ भने यस क्षेत्रको लगानीमा उल्लेखनीय रूपमा बृद्धि हुँदै गएको पनि छ । सामाजिक सुरक्षा कोषको स्थापनाले योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई नीतिगत, कानुनी र संस्थागत सुधारसहित अघि बढाउन मार्ग प्रशस्त गरेको छ ।

### ५.१०.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

आधारभूत सामाजिक संरक्षणका सेवासुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण ।

**लक्ष्य**

सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।

**उद्देश्य**

१. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका सबैभन्दा विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

### ५.१०.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका विपन्न र जोखिममा परेका वर्गको पहुँच सुनिश्चित गर्नु । | |
| १.१ लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १.१.१ ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका नागरिकहरू, दलित बालबालिकाहरू लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.१.२ सबै विकास कार्यक्रम तथा आयोजनाहरूमा लक्षित वर्गका सामाजिक सुरक्षा सवालहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>१.१.३ लक्षित वर्गको पहिचान गरी एकीकृत् योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१.१.४ परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने । | १.२.१ संघीय कानूनको परिधिमा रही योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्दै लगिनेछ ।<br>१.२.२ सरकारी, सहकारी, निजी, सामाजिक, सामुदायिक तथा अनौपचारिक क्षेत्रहरू बीच समन्वय गरी आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू प्रवर्द्धन तथा विस्तार गरिनेछ । |

### ५.१०.६ कार्यक्रमका प्राथमिकता

- सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरी सञ्चालन गर्ने ।

**५.१०.७ विस्तृत कार्यक्रम**

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | सामाजिक सुरक्षा कार्यक्रम (ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता, लोपुन्मुख, दलित आदि) | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | आवश्यकता अनुसार | |
| २ | | | १.१.२ | | सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |
| ३ | | | १.१.३ | | सामाजिक सुरक्षा तथा लक्षित वर्गको पहिचान र एकीकृत् सूचना प्रवाह | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |
| ४ | | | १.१.४ | | जोखिमपूर्ण अवस्थामा रहेका वर्गका लागि विशेष कार्यक्रम | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |
| ५ | | १.२ | १.२.१ | | नेपाल सरकारको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा पहुँच वृद्धि गर्न सहयोग गर्ने | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |

### ५.१०.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१ / ०८२ | ०८२ / ०८३ | ०८३ / ०८४ | ०८४ / ०८५ | | | | | | | |
| **प्रभाव** | | | | | | | | | | | | | | | | |
| **असर** | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूमा लक्षित वर्गका नागरिकहरूको स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार भएको हुने | स्वास्थ्य बीमाले समेटेको जनसंख्या | प्रतिशत | | | | | | १०० | | | | | | | |
| **प्रतिफल १.१** | ज्येष्ठ नागरिक, एकल महिला, अपा·ता भएका व्यक्ति, लोपोन्मुख समुदायका नागरिकहरू, दलित बालबालिकाहरू लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमा लगायतको सामाजिक सुरक्षाका कार्यक्रमहरूको सञ्चालन भएको हुने | सामाजिक सुरक्षा सम्बन्धी एकीकृत् सूचना प्रणालीको निर्माण भएको/नभएको | संख्या | | | | | | १ | | | | | | | |
| **प्रतिफल १.२** | सबै विकास कार्यक्रम तथा आयोजनाहरूमा लक्षित वर्गका सामाजिक सुरक्षा सवालहरूको मूलप्रवाहीकरण भएको हुने | सामाजिक सुरक्षाको अवधारणा र कार्यक्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन भएको/नभएको | संख्या | | २ | २ | २ | २ | २ | १० | | | | | | |
| **प्रतिफल १.३** | लक्षित वर्गको पहिचान गरी एकीकृत् योजना तयार गरी कार्यान्वयन भएका हुने | लक्षित वर्ग पहिचान सम्बन्धी कार्यक्रम | संख्या | | | | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुस संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | | सञ्चालन भएको/नभएको | | | | | | | | | | | | | | |
| **प्रतिफल १.४** | हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपा·ता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रमको सञ्चालन भएको हुने | जोखिमपूर्ण अवस्थामा रहेका वर्गका लागि विशेष कार्यक्रमको सञ्चालन | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १२ | | | | | | |
| **प्रतिफल १.५** | संघीय र प्रादेशिक कानूनको परिधिमा रही योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रवर्द्धन भएको हुने | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको अभिमुखीकरण | संख्या | | १ | १ | १ | १ | १ | ५ | | | | | | |

### ५.१०.९ अपेक्षित उपलब्धि

सङ्घीय सरकारले व्यवस्था गरेका विद्यमान र नयाँ सामाजिक सुरक्षाका कार्यक्रमहरू छिटोछरितो पारदर्शी ढङ्गले कार्यान्वयन भएको, सामाजिक सुरक्षा सम्बन्धी सूचना प्रविधिमैत्री भएको, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरू कार्यक्रमबाट लाभान्वित भएको हुनेछ ।

### ५.११ सामाजिक सांस्कृतिक विविधता

### ५.११.१ पृष्ठभूमि

नेपाली समाज सामाजिक सांस्कृतिक विविधताले भरिपूर्ण समाज हो। नगरपालिका भित्र पनि सांस्कृतिक विविधता छ। सांस्कृतिक सम्पदाहरू, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको अध्ययन, अनुसन्धान, अन्वेषण, सर्वेक्षण, उत्खनन, संरक्षण र सम्वर्द्धनका साथै सांस्कृतिक प्रचलन, भाषा, कला, भेषभूषा र संस्कृतिको संरक्षण एवम् जगेर्ना गर्ने कार्य आवश्यक छ। जातजाति, भाषा, भेषभूषा, रहनसहनका मानिसहरूको बसोवास रहेको नगरपालिकाभित्र ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक दृष्टिले समृद्ध मानिन्छ। स्थानीय संस्कृतिलाई विकास गरी यसलाई राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यम बनाउनु आवश्यक छ। त्यस्तै परम्परागत संस्कृतिलाई जगेर्ना गर्दै एवम् मौलिक स्वरूपमा परिवर्तन नहुने गरी समयानुकूल परिमार्जन गर्दै भावी पुस्ताहरूलाई हस्तान्तरण गर्नु आवश्यक रहेको छ।

### ५.११.२ प्रमुख समस्या

प्राचीन सांस्कृतिक सम्पदा र तिनीहरूको स्वामित्व रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदाको संरक्षणमा आवश्यक अध्ययन अनुसन्धान नहुन, अव्यवस्थित सहरीकरणले सम्पदाहरू मासिँदै जानु, खुला बजार र उदार आर्थिक नीतिले परम्पराको महत्त्वलाई उपेक्षा गर्दै जानु, सांस्कृतिक सम्पदाको महत्त्व र उपयोगिता ओझेलमा पर्दै जानु, आधुनीकरण र वैज्ञानीकरणले प्रभाव पार्दै जानु, सम्पदासम्बन्धी नीति तथा कानुनको कार्यान्वयन नहुनु, सम्पदाको संरक्षणमा स्थानीय तह तथा समुदायमा स्वामित्वको अनुभूति दिलाउन नसक्नु यस क्षेत्रमा देखिएका समस्याहरू हुन्।

### ५.११.३ चुनौती र अवसर

बढ्दो सहरीकरण र भूमिको उच्च मूल्य बृद्धिका कारण प्राचीन सम्पदाहरूको अतिक्रमण बढ्दै गएको हुनाले सम्पदाहरूको मौलिकपन जोगाइ राख्न नसक्नु; मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी स्थानीय कानुनको कार्यान्वयन प्रभावकारी नहुनु; संरक्षणका लागि यथेष्ट आर्थिक स्रोत उपलब्ध नहुनु; विश्वव्यापीकरणको प्रभावबाट मौलिक संस्कृतिलाई जोगाई राख्नु, विविधताभित्र एकता कायम राख्नु तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणमा एकता कायम राख्नु यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन्।

भाषा तथा संस्कृतिको हकलाई संविधानमै जनताको मौलिक हकको रूपमा लिनु, सांस्कृतिक एवम् धार्मिक विविधताबीच सद्भव अभिबृद्धि हुँदै आउनु, धार्मिक पर्यटनको चासो बढ्दै जानु, पुर्ननिर्माणका कार्यहरू अभियानका साथ अगाडि बढ्नु, स्थानीय सरकारमा स्थानीय संस्कृतिको संरक्षणमा अधिकार र स्वामित्व बढने आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ५.११.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### सोच

अनेकतामा एकता, नगरपालिकाको सभ्यता ।

#### लक्ष्य

नगरपालिकाभित्रका सबै सांस्कृतिक सम्पदाको संरक्षण, दिगो व्यवस्थापन र एकता कायम गर्ने ।

#### उद्देश्य

१. नगरका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु ।

३. नगरमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण र जीर्णोद्धार र व्यवस्थापन गर्नु

### ५.११.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: नगरका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु । | |
| १.१ नगरमा रहेका सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने। | १.१.१ धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>१.१.२ नगरका भाषा, संस्कृति र कलाको सम्वर्द्धन र साहित्यको विकास गर्न नगर प्रज्ञाप्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>१.१.३ नगरमा रहेका धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ |
| १.२ नगरको भाषा, कला, साहित्य र साँस्कृतिको अध्ययन अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १.२.१ यस नगरमा रहेका विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गरिनेछ ।<br>१.२.२ नगरमा बोलिने भाषा र साँस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ ।<br>१.२.३ साँस्कृतिक सम्पदालाई संरक्षण गर्न एक संग्रहालयहरूको स्थापना र सञ्चालन गरिनेछ । |
| उद्देश्य २: नगरमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण र जीर्णोद्धार र व्यवस्थापन गर्नु । | |
| २.१ भौतिक एवम् अभौतिक साँस्कृतिको संरक्षण गर्न साँस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने । | २.१.१ यस नगरमा रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>२.१.२ नगरका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ । |

### ५.११.६ कार्यक्रमका प्राथमिकता

- नगरपालिकाको भाषा, कला, साँस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने ।

### ५.११.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१ | १.१.१ | | धार्मिक एवम् साँस्कृतिक सम्पादको संरक्षण तथा प्रवर्द्धन | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | पर्यटनमा समावेश | |
| २ | | | १.१.२ | | नगर प्रज्ञाप्रतिष्ठानको गठन | वटा | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | ५००० | |
| ३ | | | १.१.३ | | धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको मर्मत तथा व्यवस्थानमा सुधार | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | पर्यटनमा समावेश | |
| ४ | | १.२ | १.२.१ | | जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको विकास सम्बन्धी अध्ययन | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २००० | |
| ५ | | | १.२.२ | | भाषा तथा संस्कृति पर्यटनको पर्वद्धन | प्याकेज | | १ | | | | | १ | २५०० | |
| ६ | | | १.२.३ | | स्थानीय साँस्कृतिक सम्पदाको संरक्षण गर्न संग्रहालयको स्थापना र सञ्चालन | संख्या | ० | १ | | | | | १ | २०००० | |
| ७ | २ | २.१ | २.१.१ | | पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरूको पहिचान र संरक्षण | संख्या | | | | | | | | पर्यटनमा समावेश | |
| ८ | | | २.१.२ | | संम्पदा र संस्कृतिहरूको श्रव्यदृश्य प्रोफाइल तयारी | संख्या | ० | १ | | | | | १ | ३००० | |

### ५.११.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभावः** सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास भएको हुने | | | | | | | | | | | | |
| **असर १** | विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य | मर्मत तथा व्यवस्थानमा सुधार गरिएका धार्मिक | संख्या | ३२ | | | | | ३२ | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| | र परम्पराको संरक्षण र संवर्द्धन भएको हुने | सम्पदा एवम् तीर्थस्थलहरूको संख्या | | | | | | | | | | |
| **प्रतिफल १.१** | धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था भएको हुने | नगरस्तरीय संस्कृति झल्कने लोकगीत तथा लोकनृत्य प्रर्दशन | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रगति प्रतिवेदन | |
| **प्रतिफल १.२** | नगरपालिकाको भाषा, संस्कृति र कलाको संवर्द्धन र साहित्यको विकास गर्न नगर प्रज्ञा प्रतिष्ठानको गठन भई सञ्चालनमा आएको हने | नगर प्रज्ञाप्रतिष्ठानको गठनस्थापना र सञ्चालन | संख्या | ० | १ | | | | | १ | | |
| **प्रतिफल १.३** | धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको मर्मत तथा व्यवस्थानमा सुधार | | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | | |
| **प्रतिफल १.४** | साँस्कृतिक सम्पदालाई संरक्षण गर्न एक मौलिक संग्रहालयको स्थापना र सञ्चालन भएको हुने | स्थापना र सञ्चालनमा आएका संग्रहालय | संख्या | ० | १ | | | | | १ | | |
| **प्रतिफल १.४** | नगरपालिकामा हेका सम्पदाहरूको खोज, अन्वेषण भई संरक्षण भएको हुने | संरक्षण गरिएका पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरू | वडा | | १० | १० | १० | १० | १० | १० | | |
| | | मर्मत र संभार गरिएका मन्दिर, गुम्बा, मस्जिद आदि सम्पदाको संख्या | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| **प्रतिफल १.४** | प्रदेशका सबै पुरातात्विक, धार्मिक तथा संस्कृतिहरूको | तयार पारिएका संम्पदा र संस्कृतिहरूको श्रव्यदृश्य प्रोफाइलको संख्या | संख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| | श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण भएको हुने | | | | | | | | | | | |

**५.११.९ अपेक्षित उपलब्धि**

नगर क्षेत्र भित्र भएका सम्पूर्ण समुदायहरूको संस्कृतिको वैज्ञानिक तरिकाबाट सूचीकरण र लोपोन्मुख सांस्कृतिक सम्पदाहरूको जगेर्ना भएको हुनेछ। पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षणमा सबै वडाहरूको स्वामित्व र अपनत्व बृद्धि भएको र सांस्कृतिक समावेशीकरण तथा पुरातात्विक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण एवम् जीर्णोद्वार भएको हुनेछ। धार्मिक-सांस्कृतिक पर्यटनको विकास भएको हुनेछ। विभिन्न भाषा धर्म, सांस्कृतिक सम्पदाहरू, परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षण र प्रचारप्रसार भएको हुनेछ।

## ५.१२ सामाजिक संघसंस्थाहरु

### ५.१२.१ पृष्ठभूमि

नेपालको संविधानले सामुदायिक र गैरसरकारी संस्थाहरूको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै ती संस्थाहरूको स्थापन, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनाका लागि एकद्वारा प्रणाली अपनाउने कुरा उल्लेख गरेको छ । गैरसरकारी संस्थाका क्रियाकलापहरू संहिताबद्ध एवम् पारदर्शी गराउने तथा प्रभावकारी समन्वय कायमगरी स्थानीय विकासमुखी बनाउनु जरुरी छ । गैरसरकारी संस्थाहरूको सङ्ख्या र क्रियाकलापहरूको बृद्धिसँगै तिनका क्रियाकलापहरू सामाजिक-आर्थिक विकासको कार्यमा विस्तार हुन पुगेको अवस्थामा यसको सञ्चालन र व्यवस्थापनमा प्रभावकारी नियमनका लागि उपयुक्त तथा समयसापेक्ष कानुनी, प्रशासनिक तथा संरचनागत व्यवस्थामा प्रभावकारिता ल्याई विकासका साझेदारको भूमिकालाई उपयोग गर्नु आवश्यक भएको छ । स्थानीय निकायमा गैर सरकारी संस्थाहरूको क्षमता अभिबृद्धि गरी प्रभावकारी स्तरीय कार्य सम्पादनका लागि विभिन्न तालिमहरू प्रदान गरिएको छन् । स्थानीय निकायसँग गैरसरकारी क्षेत्रको आबद्धतालाई सहज बनाउन प्रयास गरिएको छ ।

### ५.१२.२ प्रमुख समस्या

स्थानीय सरकार र समुदायिक तथा गैरसरकारी संस्थाहरू बीचको सहकार्यका क्षेत्रहरूलाई व्यावसाकि, पारदर्शी र प्रभावकारी बनाउन नसक्नु, समुदायमा आधारित संस्थाहरूलाई विकासको सहकार्यको रूपमा लिन नसक्नु, गैरसरकारी संस्थाहरूको दिगोपना नहुनु, कार्यक्रमहरूमा दोहोरोपना देखिनु, आधिकारीक अनुगमन र मूल्याङ्कन नहुनु, वैदेशिक निकायद्वारा प्रेरित हुनु, सामुदायिक र गैरसकारी संस्थाहरूमा सस्थागत र आन्तरिक सुशासन नहुनु यस क्षेत्रमा देखिएका समस्याहरू हुन्

### ५.१२.३ चुनौती र अवसर

स्थानीय प्रशासनमा दर्ता भई परिषदसँग आबद्ध नभएका दर्जनौ सङ्ख्यामा रहेका गैरसरकारी संस्थाहरूको समन्वय तथा अनुगमन र मूल्याङ्कनलाई संहिताबद्ध गराउने कार्यमा अपेक्षित नतिजा प्राप्त नहुनु र विभिन्न निकायहरूले आ-आफ्नै तरिकाबाट सम्बन्ध स्थापना गरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त स्रोत संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा प्रभावकारी नियमन गर्नु, समाज कल्याण परिषद्को संरचनागत एवम् व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्नु र गैरसरकारी संस्थाहरूलाई पारदर्शी र जवाफदेही बनाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्नु यस क्षेत्रका चुनौती हुन् ।

सङ्घीय प्रणाली अनुरूप प्रदेश र स्थानीय तहको परियोजना तर्जुमा र परिचालनमा संलग्नता हुने अवस्था हुनु, स्थानीय तहसम्म गैरसरकारी संस्थाहरूलाई विकास साझेदारीको रूपमा परिचालन गरी सामाजिक विकासका विविध क्षेत्रका क्रियाकलापहरूलाई तिब्र बनाउने आधार तयार हुनु, आर्थिक जीवनमा गैरसरकारी संस्थाहरूको भूमिका एवम् लगानीमा उल्लेखनीय विस्तार हुनु, गैरसरकारी क्षेत्रको क्रियाकलापको बृद्धिसँगै सामाजिक एवम् आर्थिक विकासको कार्यमा विस्तार हुनु, सरकारी स्तरबाट सामाजिक एवम् आर्थिक क्रियाकलापमा लगानी गर्न नसक्ने क्षेत्रमा गैरसरकारी संस्थाहरूलाई विकास साझेदारको रूपमा परिचालन गर्ने सम्भावना रहनुजस्ता कुरा यस क्षेत्रका अवसर हुन् ।

### ५.१२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सामुदायिक र गैरसरकारी संस्थाहरूसँगको सहकार्य सहित विकासमा ऐक्यवद्धता

**लक्ष्य**

स्थानीय सामुदायिक तथा गैरसरकारी संस्थाहरूलाई मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन गर्दै सामाजिक तथा आर्थिक विकास गर्ने ।

**उद्देश्य**

१. गैरसरकारी तथा सामुदायिक क्षेत्रका कार्यक्रममा समन्वय, सहकार्य र अन्तरसम्बन्धको विकास गरी स्थानीय तहको सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाउनु

### ५.१२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्यः १ गैरसरकारी तथा सामुदायिक क्षेत्रका कार्यक्रममा समन्वय, सहकार्य र अन्तरसम्बन्धको विकास गरी स्थानीय तहको सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाउनु । | |
| १.१ सामाजिक संघसंस्थाहरूको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ, जिम्मेवार र उत्तरदायी बनाउने । | १.१.१ नगरपालिकामा सामाजिक संस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक स्थानीय नीति, कानून र मापदण्ड तर्जुमा गरिनेछ ।<br>१.१.२ सामाजिक संघसंस्थाको परिचालनको लागि आचारसंहिता एंव मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>१.१.३ गैरसरकारी संस्थाहरूलाई एकद्वार प्रणालीबाट परिचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । |
| १.२ स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको स्थानीय निकायसँगको समन्वय र सहकार्यलाई फराकिलो र उन्नत बनाई सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउने । | १.२.१ सहकार्य र साझेदारीद्वारा दिगो विकास र संस्थागत सुदृढिकरणको आधारशिला तयार गरिनेछ ।<br>१.२.२ गैरसरकारी संस्थाले नगरपालिकामा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहमा कार्यरत संस्था छनोट गर्नुपर्ने र उपलब्ध नभएमा मात्र नजिकको कार्यरत संस्था छनोट गर्नुपर्ने प्रणालीलाई थप प्रभावकारिताका साथ अवलम्बन गरिनेछ ।<br>१.२.३ सामुदायिक र गैरसरकारी संस्थाहरूलाई गरिबी न्यूनीकरणमा सहयोग गर्ने कार्यक्रमहरू ल्याउन प्रोत्साहन गरिनेछ । |

### ५.१२.६ कार्यक्रमका प्राथमिकता

- सामाजिक संघसंस्थाको अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।

### ५.१२.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ | १.१.१ | | सामाजिक संघसंस्था सम्बन्धी ऐन, कानून, कार्यविधि र मापदण्डको निर्माण | | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ४ | | | १.१.२ | | आचार संहिता निर्माण गरी लागू गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ५ | | | १.१.३ | | एकद्वार पद्दतिबाट अनुगमन तथा नियमन | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ६ | | १.२ | १.२.१ | | साझे दारी नीति निर्माण गर्ने | संख्या | ० | १ | | | | | १ | ५०० | |
| ७ | | | १.२.२ | | १.१.१ ले समेट्ने | | | | | | | | | | |
| ८ | | | १.२.३ | | कार्यक्षेत्र पहिचान तथा नक्शाँकन गरी कार्यक्रमहरू सञ्चालन गर्ने | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ९ | | | | | साझेदारीका क्षेत्रहरू पहिचान गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | | |

### ५.१२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/०७९ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभाव** | सामाजिक संघसंस्थाहरूलाई मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन भई सामाजिक तथा आर्थिक विकास भएको हुने | विकास साझेदार सामाजिक संस्थाको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | |
| **प्रतिफल १.१** | सामाजिक संस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक प्रादेशिक नीति, कानून र मापदण्ड तर्जुमा भएको हुने | सामाजिक संघसंस्था सम्बन्धी नीति तथा कानूनको निर्माण | संख्या | | १ | | | | | १ | | |
| **प्रतिफल १.२** | सामाजिक संघसंस्थाको परिचालनको लागि आचारसंहिता एंव मापदण्ड निर्माण गरी कार्यान्वयन भएको हुने | स्थानीय संघसंस्थाहरूको आचारसंहिता निर्माण | पटक | ० | १ | | | | १ | १ | प्रगति प्रतिवेदन | |
| **प्रतिफल १.३** | निजी तथा गैरसरकारी संघसंस्थाहरुका कार्यक्षेत्रहरु पहिचान भई कार्यक्रमहरु सञ्चालन भएको हुने । | निजी तथा गैरसरकारी संघसंस्थाहरुकाले सञ्चालन गरेका कार्यक्रमहरु | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | |

### ५.१२.९ अपेक्षित उपलब्धि

सामुदायिक र गैरसरकारी संस्थाहरू पारदर्शी र उत्तरदायी भई स्थानीय प्राथमिकताको क्षेत्रमा परिचालन भएको, गैरसरकारी संस्थाको अधिकतम स्रोतसाधन आर्थिक तथा सामाजिक पूँजी निर्माणमा प्रयोग भएको हुनेछ । गैरसरकारी संस्था परिचालन एवम् नियमन सम्बन्धी स्थानीय तहमा नयाँ कानुन कार्यान्वयनमा आएको हुनेछ । अनुगमन र मूल्याङ्कन प्रभावकारी भएको हुनेछ ।

## ५.१३ श्रम तथा रोजगारी

### ५.१३.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ। नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार रहेको र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ। देशको कुल जनसङ्ख्यामा ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेको छ। वर्तमान अवस्थामा वार्षिक ५ लाख भन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन्। नगरपालिकाभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले दैनिक दर्जनौ व्यक्ति रोजगारीका लागि विदेसिनु परिरहेको स्थिति छ । साथै कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ। हालको अवस्थालाई हेर्दा, वैदेशिक रोजगार विभागको पुनर्गठन र सुधार कार्ययोजनाको कार्यान्वयन, बेरोजगारहरूको लगत सङ्कलन, न्यूनतम ज्याला दर निर्धारण, वैदेशिक रोजगारको क्रममा समस्यामा समाधान गर्नु पर्ने छ । गरिबी निवारण र आर्थिक विकासमा उल्लेखित प्रगति गर्न सकिने तथ्यलाई मध्येनजर गरी श्रमबजारको आवश्यकता अनुरूप सीपमूलक श्रमशक्तिको विकास गर्नु पर्ने वर्तमान समययको आवश्यकता हो। रोजगारी दिनु र पाउनु संवैधानिक अधिकार भित्र पर्दछ।

### ५.१३.२ प्रमुख समस्या

श्रम, सीप र उत्पादनबीच तादाम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मान नहुनु, कृषिमा काम गर्ने श्रमिकलाई समाजले हेर्ने नकारात्मक सोच, हेपिएको कृषि व्यवसाय, सामाजिक उद्यमशीलताको विकास हुन नसक्नु, अव्यवस्थित सहरीकरण, वैदेशिक रोजगारीको मोहबढेर जानु, वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, पूँजी र प्रविधिको उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न नसक्नु, श्रमशक्तिको माग र आपूर्तिबीचको अन्तर, बढ्दो बेरोजगारी, न्यून ज्याला दर, सीप तथा उद्यमशीलता विकासका सीमित प्रयासहरू, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी स्पष्ट मापदण्ड नहुनु, शैक्षिक संस्थाबाट उपलब्ध जनशक्ति र बजारमा उपलब्ध रोजगारबीच तालमेल नहुनु, निकृष्ट प्रकृतिका बालश्रम उन्मूलन हुन नसक्नु, वैदेशिक रोजगारीमा विभिन्न प्रकारका ठगी, रोजगार सूचना केन्द्रको सुदृढीकरण नहुनु आदि मुख्य समस्याहरू हुन्।

### ५.१३.३ चुनौती र अवसर

नगरपालिकामा रोजगारीको भरपर्दो र सुरक्षित बनाउन नसकिएको, श्रम बजारमा प्रवेश गर्ने युवालाई रोजगारी सिर्जना गर्नु,रोजगारमूलक तालिम कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपना हटाउनु, वैदेशिक रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, विप्रेषणबाट प्राप्त अधिकांश रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, श्रम बजारमा रहेको सीपयुक्त श्रमको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, औद्योगिक क्षेत्रमा थप रोजगारी बढाउनु, यसक्षेत्रमा देखिएका चुनौतीहरू हुन्।

पर्यटन, कृषि, पूर्वाधार विकास तथा रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढनु, अन्तर्राष्ट्रिय बजारमा नेपाली कामदारहरूको माग बढनु, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू सीपयुक्त र कामप्रति समर्पित हुनु, दिगो विकासको लक्ष्यजस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरिनु, सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु र श्रम बजारमा दक्ष जनशक्तिको माग बढ्दै जानु श्रम तथा रोजगारका अवसर हुन्।

### ५.१३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

मानवोचित जीवन यापनका लागी मर्यादित र उत्पादन मूलक रोजगारीका अवसरहरूको सिर्जना।

**लक्ष्य**

नगरपालिकाभित्र आन्तरिक र वाह्य स्रोतहरूको उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगारीका अवसरहरू बृद्धि गरी बेराजगारी दर न्यून गर्ने ।

**उद्देश्य**

१. नगरपालिकाभित्र मर्यादित रोजगारका अवसरहरू सिर्जना गर्दै बेरोजगारी न्यूनीकरण गर्नु ।

२. वैदेशिक रोजगारीलाई व्यवस्थित वनाउनु ।

### ५.१३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्यः१ नगरपालिकाभित्र मर्यादित रोजगारका अवसरहरू सिर्जना गर्दै बेरोजगारी न्यूनीकरण गर्नु । | |
| १.२ सीप तथा व्यवसायिक तालिमको व्यवस्था गरी नगरपालिकाभित्रै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व-रोजगारीका अवसर सिर्जना गर्ने । | १.१.१ बेरोजगारीको तथ्यांक संकलन गरी अद्यावधिक गरिनेछ ।<br>१.२.१ बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिई दक्ष बनाइनेछ । |
| उद्देश्य २: वैदेशिक रोजगारीलाई व्यवस्थित वनाउनु । | |
| २.१ वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने । | २.१.१ वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय गरिनेछ ।<br>२.१.२ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गरिनेछ । |

### ५.१३.६ कार्यक्रमका प्राथमिकता

- श्रमिकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।

### ५.१३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | रोजगार सूचना केन्द्रको स्थापना | संख्या | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २५०० | |
| २ | | | १.१.१ | | श्रमीक वेरोजगार र शैक्षिक वेरोजगारको तथ्याक संकलन र अद्यावधिक | पटक | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १००० | |
| ३ | | | | | सिपविकास केन्द्रको स्थापना गर्ने | संख्या | ० | १ | | | | | १ | २०००० | |
| ४ | | | | | तालिम आवश्यकता पहिचान सर्वेक्षण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ५ | १ | १.१ | | | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |
| ६ | | | | | उद्यमशीलता विकास तालिमको सञ्चालन | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ३००० | |
| ७ | | | १.१.२ | | सीप परीक्षणको व्यवस्था (समूहमा) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | १५०० | |
| ८ | | | | | विपन्नहरूका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनमा लागि सहयोग कार्यक्रम | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १५०० | |
| ९ | | | | | उद्यमीहरूलाई उद्योग स्थापना तथा सञ्चालन अनुदान (समूहगत) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १०००० | |
| १० | २ | २.१ | २.१.१ | | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिम सञ्चालन | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |
| ११ | | | २.१.२ | | वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम | प्याकेज | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |

### ५.१३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभाव** | श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी बेरोजगारी न्यूनीकरण भएको हुने | बेरोजगारी दर | प्रतिशत | | | | | | | | प्रगति प्रतिवेदन | |
| **असर १** | बेरोजगार तथा अर्धबेरोजगारलाई स्वरोजगार तथा रोजगारका अवसरहरू विस्तार भएका हुने | श्रमशक्ति सहभागिता दर | प्रतिशत | | | | | | | | | |
| | | रोजगारी र जनसंख्याको अनुपात | प्रतिशत | | | | | | | | प्रगति प्रतिवेदन | |
| | | तल्लो ५ प्रतिशत र माथिल्लो ५ प्रतिशत आम्दानी भएका श्रमिकको मासिक आम्दानीको अनुपात | अनुपात | | | | | | ३ | ३ | | |
| **प्रतिफल १.१** | रोजगार सूचना केन्द्र स्थापना भई श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति भएको हुने | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरण सहितको प्रोफाइल तयारी | संख्या | | १ | | | | | १ | | |
| **प्रतिफल १.२** | सिपविकास केन्द्रको स्थापना गर्ने | सिपविकास केन्द्र | संख्या | | | | | | | | | |
| **प्रतिफल १.३** | प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम मार्फत् अर्धबेरोजगार तथा बेरोजगारहरू काम गर्न दक्ष बनेका हुने | तालिमको आवश्यकता पहिचान सर्वेक्षण भएका वडा | संख्या | | १० | १० | १० | १० | १० | १० | | |
| | | छोटो तथा लामो अवधिको तालिम कार्यक्रमहरूमा सहभागीको संख्या | संख्या | | | | | | | | | |
| | | उद्यमशीलता विकास तालिममा सहभागीको संख्या | संख्या | | | | | | | | | |
| | | सीप परीक्षण | संख्या | | | | | | | | | |
| | | विपन्नहरूका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनमा लागि | संख्या | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१/ ०८२ | ०८२/ ०८३ | ०८३/ ०८४ | ०८४/ ०८५ | | | |
| | | सहयोग कार्यक्रममा सहभागी संख्या | | | | | | | | | | |
| | | उद्योग स्थापना तथा सञ्चालन अनुदान (समूहगत) प्राप्त उद्यमीहरूको समूह | संख्या | | | | | | | | | |
| **प्रतिफल १.४** | वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय भएको हुन | वैदेशिक रोजगारीका लागि उपयुक्त तालिममा सहभागी संख्या | संख्या | | | | | | | १०० | | |
| **प्रतिफल १.५** | वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन पुगेको हुन | वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित परामर्श तथा उद्यमशीलता विकास तालिम प्राप्त गर्ने समूह संख्या | संख्या | | | | | | | १०० | | |

### ५.१३.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्म नगरपालिकाभित्र मागअनुरूप दक्ष एवम् प्रतिस्पर्धी श्रमशक्ति तयार भई श्रमिक आपूर्ति भएको हुनेछ। बेरोजगारी र अर्धबेरोजगारी दर घटेको हुनेछ। असल श्रम सम्बन्धको विकास भएको हुनेछ। वार्षिक ५०० युवालाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गरिएको र नगरपालिकाभित्रै स्वरोजगारको अवसर बृद्धि भएको हुनेछ।

# परिच्छेद ६ : पूर्वाधार क्षेत्र

## ६.१ ऊर्जा

### ६.१.१ पृष्ठभूमि

नेपालको चौ.न.पा. लागि जलविद्युत् पनि ऊर्जाको महत्त्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा मुलुकको विकासको मेरूदण्ड भएकोले नेपालका पछिल्ला आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ । नेपालमा प्रचुर मात्रामा रहेको जलसम्पदाको प्रयोगबाट उत्पादन गर्न सकिने जलविद्युत् नेपालकै लागि विविध कारणहरूले निकै महत्त्वपूर्ण छ । सेतो सुनको रूपमा परिचित जलशक्तिलाई विद्युत् शक्तिमा रूपान्तरण गरी देशको आर्थिक एवम् सामाजिक विकासमा ठूलो योगदान पुर्‍याउन सकिन्छ । जल सम्पदा जलविद्युत्‌को प्रमुख आधार मानिन्छ । नेपालका पहाडी नदीहरू, जलस्तरको पर्याप्तता र जलविद्युत् उत्पादन गर्न आवश्यक पर्ने नदीको वेगसमेतले गर्दा नेपाल ब्राजिलपछि जलस्रोतको दोस्रो ठूलो राष्ट्र हो । जसको विकासबाट देशका सबै क्षेत्रको विकास सम्भव हुन्छ । औद्योगीकरणको लागि ऊर्जा नभई नहुने पूर्वाधार हो । जलविद्युत्‌को आपूर्तिद्वारा उद्योगहरू स्थापना गर्न सकिन्छ । विद्युत्‌को प्रयोगबाट पर्यटन र औद्योगिक क्षेत्रको विस्तार गरेर समेत विदेशी मुद्रा आर्जन गर्न सकिने अवस्था छ ।

### ६.१.२ प्रमुख समस्या

देशमा विद्यमान जलस्रोतको परिमाण ठूलो भए तापनि हालको जलविद्युत्‌को उत्पादन क्षमता माथि दृष्टिगत गर्दा संभाव्य क्षमताको दाँजोमा यसको उत्पादन नगण्य छ । जलविद्युत् आयोजनाहरूको विकासका लागि हाल विद्यमान कानुनी प्रावधानहरूले निजी क्षेत्रको आकर्षण एवम् सहभागितामा बृद्धि गरे तापनि यी प्रावधानहरूमा कतिपय कमी कमजोरीहरू देखापरेका छन् । विद्यमान विद्युत् सम्बन्धी नीति एवम् कानुनी प्रावधानहरू र विद्युत् विकाससँग सम्बन्धित अन्य सरकारी क्षेत्रका नीति एवम् कानुनी प्रावधानहरूबीच केही विसंगतिहरू देखापरेका छन् । यसले विद्युत्‌को समुचित विकासमा बाधा उत्पन्न भएको छ ।

धेरै जलविद्युत् आयोजना प्राकृतिक नदी प्रणालीमा आधारित रहनु, सुख्खा याममा विद्युत्‌को माग बढ्नु, विद्युत् वितरण प्रणाली जनमैत्री नहुनु, चुहावट कायम रहनु, नयाँ प्लाण्ट सञ्चालनका लागि सामाजिक र वातावरणीय प्रवाभ मूल्याङ्‌न वस्तुपरक हुन नसक्नु, आयोजनाको लागत उच्च हुन, प्रसारण लाइनका लागि निजी जमिनको अधिग्रहण करण हुन, खोला जति निजी व्यक्तिको झोलामा जानु जलविद्युत् क्षेत्रको उत्प.ादन, प्रसारण र वितरणमा देखिएको समस्या हुन् ।

### ६.१३ चुनौती तथा अवसर

नेपालमा जलस्रोतको मुख्य प्रयोग कृषि, घरेलु उपयोग, औद्योगिक विकास र जलविद्युत्‌मा रहेको छ भने मत्स्यपालन, आमोद-प्रमोद र यातायातमा भने सीमित मात्रामा मात्र । आधुनिकीकरण र अनियन्त्रित रूपमा बृद्धि भएको सहरीकरणसहित बढ्न गएको विद्युत्‌को मागलाई पूरा गर्नु, विद्युत्‌को ठेक्का सम्झौतामा विद्‌मान अनियमितता र शक्तिको दुरूपयोगलार्य नियन्त्रण गर्नु यस क्षेत्रको प्रमुख चुनौती हो ।

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्ममका रूपमा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्र तथा स्थानीय जनताको सेयर लगानी बढ्दै गई जनताको स्वामित्व कायम हुनु विद्युत् क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

### ६.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

विद्युत्को सहज पहुचमार्फत नगरपालिकाको दिगो विकास र समृद्धि ।

**लक्ष्य**

विद्युत् विस्तारवाट उत्पादनमा आत्मनिर्भरता हासिलगरी सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउने ।

**उद्देश्य**

विद्युत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रमा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गर्नु ।

### ६.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: विद्युत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रमा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गर्नु । | |
| १.१ विद्युत्को प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने । | १.१.१ विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको क्रमिक रूपमा विकास गर्दै लगिनेछ ।<br>१.१.२ विद्युत् जडान गर्न र मर्मत सम्भार गर्न तालिम प्राप्त र दक्ष जनशक्ति उत्पादन गरिनेछ ।<br>१.१.३ विद्युत् वितरणसँग जोड्न आन्तरिक प्रसारण लाइनको निर्माणलाई तीव्रता दिइनेछ। |

### ६.१.६ कार्यक्रमका प्राथमिकता

- उज्यालो चौदण्डीगढी नगरपालिका कार्यक्रम अन्तर्गत बाह्रै महिना विद्युत सेवाको पहुँच सबै घरपरिवारमा पुऱ्याउने ।

## ६.१.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | घरेलु स्तरका उपभोक्ता स्मार्ट विलिङ्ग कार्यक्रम पायलटिङ | प्याकेज | | | | १ | | | १ | ३५०० | |
| २ | | | १.१.२ | | विद्युत् जडान तथा मर्मत तालिम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ३ | | | १.१.३ | | थ्री फेजको लाइन विस्तार गर्ने | कि.मि. | | १ | १ | १ | १ | १ | ५ | २५००० | |
| | | | १.१.३ | | ट्रान्सफर्मरको क्षमता वृद्धि गर्ने। | संख्या | | २ | २ | २ | २ | २ | १० | १०००० | |
| | | | १.१.३ | | विद्युत विस्तार कार्यक्रम | कि.मि. | | २ | २ | २ | २ | २ | १० | ८००० | |

## ६.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुखं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** जलविद्युत्को बढ्दो उत्पादन रउपभोगले सामाजिक-आर्थिक विकासमा टेवा पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | विद्युत् उत्पादन र वितरणको दिगो व्यवस्थापन भएको हुने | विद्युत्मा पहुँच पुगेको घरपरिवार | प्रतिशत | ९९ | | | | | | १०० | प्रारम्भिक अध्ययन | | | २ | ७ | ३ |
| **प्रतिफल १.१** | प्रसारण र वितरण लाईनको सञ्जाल विस्तार भएको हुन | ट्रान्सफार्मर जडान | संख्या | | २ | २ | २ | २ | २ | १० | | भौपूविम | | २ | ७ | ३ |
| | | प्रसारण लाईन | कि.मि. | | २ | २ | २ | २ | २ | १० | | | | २ | ७ | ३ |

### ६.१.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्म सम्पूर्ण नगरपालिका विद्युत् विस्तार भएको हुनेछ । सफा र भरपर्दो विद्युत् सेवामा सबै नागरिकको पहुँच पुगेको हुनेछ । राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा प्राप्त गर्ने जनसङ्ख्या अनुपात शतप्रतिशत पुगेको हुनेछ । विद्युत्लाई आयमूलक क्षेत्रमा प्रयोग गर्न थालिएको हुनेछ ।

## ६.२ वैकल्पिक तथा अन्य ऊर्जा

### ६.२.१ पृष्ठभूमि

नेपालमा ऊर्जाका उत्पादन हुन सक्ने प्रशस्त सम्भावनाहरू रहेका छन् । दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय उर्जा क्षेत्रको विकास हुनु आवश्यक छ । नेपालको संविधानले नवीकरणीय ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका बस्तीहरूमा सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ ।

### ६.२.२ प्रमुख समस्या

जनताले परम्परागत ऊर्जास्रोतहरू दाउरा, गोबरका गुईंठा, आदि प्रयोग गर्नु पर्ने वाध्यता छ ।मुलुकको पहाडी भेगमा बसोबास गर्दै आएको पातलो बस्तीले गर्दा केन्द्रीय विद्युत् प्रणाली मार्फत ग्रामीण विद्युतीकरण गर्न नेपाल सरकारको सीमित आर्थिक स्रोतले गर्दा ग्रामीण विद्युतीकरणको गतिमा तीव्रता ल्याउन कठिनाई हुने गरेको छ । वैकल्पिक र नवीकरणीय ऊर्जाको उपादेहायता, प्रयोग र महत्त्वको बारेमा स्थानीय तहसम्म ज्ञान सम्प्रेषण हुन नसक्नु, वैकल्पिक ऊर्जाको आर्थिक समृद्धि र विकासमा हुने योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वित्तीय तथा प्राविधिक सहयोग हुन नसक्नु, संस्थागत पूर्वाधारको विकास हुन नसक्नु, तुलनात्मक रूपमा सुरुवाती लागत उच्च हुने र बैकल्पिक उर्जा प्रविधिको प्रर्वद्धन र विस्तारका लागि आवश्यक नीति दूरदराजमा पुग्न नसक्नु, जोखिम व्यवस्थापन तथा विमा सम्बन्धी आवश्यक व्यवस्था नुहुनु, निजी क्षेत्रले स्थानीय तहसम्म पुगेर अपेक्षकृत लगानी गर्न नचाहानु तथा स्थानीय जनसमुदायमा यसको सार्न्दभिकतालाई सहजिकरण गर्न नसक्नु यस क्षेत्रमा देखिएका प्रमुख समस्या हुन् ।

### ६.२.३ चुनौती तथा अवसर

नवीकरणीय ऊर्जाको माग र आपूर्तिबीच सन्तुलन कायम राख्नु, लक्षित समूहलाई ऊर्जाको पहुँचमा बृद्धि गर्नु, जनताको कमजोर आर्थिक स्थितिका कारण अत्यधिक अनुदान माग हुनु, कार्यक्रमको दिगोपना, प्रविधि हस्तान्तरण, राष्ट्रिय प्रसारण लाइन पुगेपछि नवीकरणीय ऊर्जाबाट उत्पादित विद्युत्को उचित सदुपयोग, उपभोक्तालाई सहज रूपमा कर्जाको व्यवस्था गर्नु तथा दिगो विकासको लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु नवीकरणीय ऊर्जा क्षेत्रका चुनौतीहरू हुन् । नवीकरणीय ऊर्जाका लागि चाहिने अधिकांश उपकरणहरू आयात गर्नुपर्ने र महँगो हुनु थप चुनौती हुन् ।

न्यून आय भएका जनसमुदायमा नवीकरणीय ऊर्जाको पहुँचमा बृद्धि हुनु तथा सहरी क्षेत्रमा पनि सौर्य ऊर्जाप्रतिको आकर्षण बढ्दै जानु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, स्वच्छ ऊर्जा को विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, नवीकरणीय ऊर्जा प्रविधिहरूलाई स्वच्छ

विकास संयन्त्रको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी सम्भाव्य प्रविधिहरूलाई क्रमशः कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु लगायतका अवसरहरू विद्यमान छन् ।

### ६.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

वैकल्पिक ऊर्जाको प्रवर्द्धनबाट, वातावरण संरक्षण र दिगो विकास

**लक्ष्य**

स्वच्छ, भरपर्दो तथा उपयुक्त ऊर्जाको पहुँच स्थानीय क्षेत्रमा पुऱ्याई गरिबी न्यूनीकरण र वातावरण संरक्षणमा योगदान पुऱ्याउनु ।

**उद्देश्य**

१. स्वच्छ र किफायती ऊर्जाको पहुँच पुऱ्याई परम्परागत ऊर्जा माथिको निर्भरतामा कमी ल्याई वातावरणको संरक्षण गर्ने,

२. नवीकरणीय ऊर्जाको विकासबाट रोजगारी एवम् उत्पादकत्वमा बृद्धि गर्ने ।

### ६.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १:स्वच्छ र किफायती ऊर्जाको पहुँच पुऱ्याई परम्परागत ऊर्जा माथिको निर्भरतामा कमी ल्याई वातावरणको संरक्षण गर्ने । | |
| १.१ वातावरण-मैत्री नवीकरणीय ऊर्जा प्रविधिको विकासमा जोड दिने । | १.१.१ वैकल्पिक ऊर्जाको उत्पादन र विकासका लागि क्षमता अभिबृद्धि एवम् स्रोत परिचालन गर्न सहजीकरण गरिनेछ ।<br>१.१.३. दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ । |
| उद्देश्य २: खेर गैरहेका फोहोरजन्य वस्तुबाट उर्जा उत्पादन गरी फोहोरमैला व्यवस्थापन तथा आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु । | |
| २.१ फोहोरमैलालाई प्राङ्गारिक मल र वायोग्यॉस उत्पादनसँग जोड्ने । | २.२.१ बजार तथा ग्रामीण क्षेत्रबाट निस्किने फोहोरजन्य वस्तुबाट बायोग्यॉस तथा प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन गरिनेछ । |

### ६.२.६ कार्यक्रमका प्राथमिकता

- वायोग्यॉस उत्पादन वृद्धि गर्ने ।
- एल.पि ग्यॉसलाई विद्युत् र वायो ग्यॉसले प्रतिस्थापन गर्ने ।

### ६.२.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | १.१.१ | | स्वोरोजगार, आय र उत्पादकत्व वृद्धिका लागि तालिमको व्यवस्था | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |
| २ | | | १.१.१ | | प्रत्येक टोल तथा सडकमा सौर्य बत्तीको व्यवस्था गर्ने | संख्या | ० | ४० | ४० | ४० | ४० | ४० | २०० | १००० | |
| ३ | १ | १.१ | १.१.१ | | सोलार वत्ती अनुदान | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ७००० | |
| ४ | | | १.१.२ | | सार्वजनिक संस्थाहरूमा सुधारिएको चुलो प्रवर्द्धन सहयोग कार्यक्रम | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | २०० | |
| ५ | | | १.१.२ | | ग्रामीण क्षेत्रमा सुधारिएको चुलो (बायोमास) प्रविधि जडान कार्य | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १२५०० | |
| ६ | २ | २.१ | २.२.१ | | नगरमा रहेका बायो ग्याँस प्लान्टहरूको क्षमता वृद्धि तथा नया प्लान्ट स्थापना गर्न सहयोग | संख्या/घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ३०००० | |

### ६.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र कुशल व्यवस्थापनले हरित अर्थतन्त्र निर्माणमा योगदान पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | नवीकरणीय उर्जाको प्रयोगमा वृद्धि भएको हुने | खाना पकाउन प्रयोग हुने उर्जामा वैकल्पिक उर्जाको हिस्सा | प्रतिशत | | २ | ४ | ६ | ८ | १० | | | | | २ | ७ | ३ |
| **प्रतिफल १.१** | वैकल्पिक उर्जामा आधारित चुलो प्रयोग गर्ने अभियान सञ्चालन भएको हुने | वैकल्पिक उर्जाको प्रयोग गर्ने घरपरिवार | संख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | | | २ | ७ | ३ |
| **प्रतिफल १.२** | सडकमा सौर्य बत्तीको सञ्चालनमा आएको हुने | कुल सौर्य बत्तीको संख्या | संख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | | २ | ७ | ३ |
| **असर २** | फोहोर मैलालाई आय आर्जनसँग जोड्दै दिगो व्यवस्थापन गरिएको हुने | फोहोरमैला व्यवस्थापन गरि आय आर्जन गर्ने वडा | संख्या | | २ | २ | २ | २ | २ | १० | | | | २ | ७ | ३ |
| **प्रतिफल १.१** | फोहोरजन्य वस्तुबाट बायोग्याँस, विद्युत् तथा प्राङ्गारिक मल उत्पादन गर्न जनता आकर्षित भएका हुने | बायोग्याँस प्लान्ट | संख्या | | १२० | १२० | १२० | १२० | १२० | ६०० | | | | २ | ७ | ३ |

### ६.२.९ अपेक्षित उपलब्धि

भौगोलिक अवस्था, जनसङ्ख्या र साधनस्रोतको आधारमा नवीकरणीय ऊर्जा प्रविधिको प्रयोगले आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा रचनात्मक योगदान दिएको हुनेछ। संभाव्य क्षेत्रमा नवीकरणीय ऊर्जा प्रविधिहरूको विकास भएको हुनेछ। समुदाय, निजी क्षेत्र, सहकारी र सार्वजनिक क्षेत्रहरू नवीकरणीय ऊर्जाको विकासमा आर्कषित भइसकेका हुनेछन्। सबै घरधुरीमा परम्परागत चुल्होको सट्टा आधुनिक र सुधारिएको चुल्होको प्रयोग भएको हुनेछ। ऊर्जा उपभोग दक्षता बढेर गएको हुनेछ ।

## ६.३ सडक

### ६.३.१ पृष्ठभूमि

मुलुकको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् क्षेत्रीय सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्त्वपूर्ण योगदान रहन्छ। विगतका विकासका प्रयासहरूले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन्। नेपालको आर्थिक-सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्त्वका सडकहरूलाई विशेष जोड दिइँदै आएको छ। नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम तहगत सरकारको अधिनमा रहन जाने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहतमा रहने व्यवस्था गरेको छ। स्थानीय तहको भूमिका र कार्यक्षेत्रको निरूपण गरी समग्र क्षेत्रगत विकासको अवधारणा ल्याउन सक्छ। सङ्घीय ढाँचा अनुरूप स्थानीय सडकको निमार्णमा स्थानीय सरकारको भूमिका निर्णायक हुन्छ। सडकको विकासले आर्थिक समृद्धिमा टेवा पुऱ्याउँदछ।

### ६.३.२ प्रमुख समस्या

मूलतः स्थानीय तहमा मापदण्ड विपरित हचुवाको भरमा सडक सञ्जालको विस्तार गर्दै जानु, इञ्जिनियरङिगविना काम गर्नु, मापदण्डविना योजना पहिचान र छनौट गर्नु, राजनीतिक खिचातानीका आधारमा सडकको आधार मात्र खोल्नु, सहभागिता र राजनीतिक एकता कायम हुन नसक्नु, भौगोलिक अवस्था र पर्यावरणीय अध्ययन नगरी कार्यक्रम सञ्चालन गर्नु, भौगोलिक जटिलता,उद्देश्य, लगानी, प्रतिफल, र अनुगमन तथा मूल्याङ्कनमा स्पष्ट तालमेल हुने गरी यातायात प्रणाली तथा उपप्रणालीहरूको विकास तर्फ उन्मुख संस्थागत संरचना विकास नहुनु,  आयेजना व्यवस्थापनमा सुशासन नहुनु, सडक निमार्ण कार्यमा भ्रष्टाचार व्याप्त रहनु, ठेकदारी प्रथाको विगविगी कायम रहनु, मुआब्जा सम्बन्धी विवाद रहनु, नतिजामा आधारित रहेर कार्यभार सम्पन्न गर्न नसक्नु आदि यस क्षेत्रमा देखिएका समस्याहरू हुन्।

### ६.३.३ चुनौती तथा अवसर

अतः भूबनौट सुहाउँदो, टिकाउ, कम खर्चिलो र स्थानीय स्तरमा नै निर्माण एवम् मर्मत सम्भार गर्नसकिने पूर्वाधार तथा सडक निर्माण प्रविधिको विकासको साथै साँघुरो पहाडी निमार्ण आफैमा चुनौतीपूण छ। कठिन भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्नु, निर्मित संरचनाहरूको मर्मतसम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोत-साधनको पर्याप्त व्यवस्था गर्नु, अत्यधिक मागका कारण स्रोतसाधनको प्राथमिकीकरण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गरी प्रभावकारिता बृद्धि गर्नु र निजी क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

स्थानीय अर्थतन्त्रमा आर्थिक विकासको लागि सडक सञ्जालको विकास एवम् सुदृढीकरणको रणनीति तयार हुनु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, स्थानीय समुदायको प्रमुख माग र प्राथमिकतामा सडक सञ्जालको विस्तार पर्नु र विकास साझेदारहरूको उल्लेख्य सहयोग रहनु सडक क्षेत्रका अवसरहरू हुन्।

### ६.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

समृद्धिको निकास, सडक सञ्जालको विकास

**लक्ष्य**

दिगो र भरपर्दो सडक सञ्जालको विस्तार मार्फत आर्थिक विकास र गरिबी न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक विस्तार मार्फत आर्थिक क्रियाकलापहरूसहित सेवा प्रवाहको प्रभावकारिता बढाउने ।

२. सडक विस्तार खर्चलाई न्यूनतम गर्न उपयुक्त निर्माण, मर्मत सम्भार तथा संरक्षण गरी दिगो सडक सञ्जालको विकास गर्ने ।

### ६.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक विस्तार मार्फत आर्थिक क्रियाकलापहरूसहित सेवा प्रवाहको प्रभावकारिता बढाउने । | |
| १.१ आर्थिक बृद्धिलाई योगदान पुग्ने गरी कृषि, उद्योग, व्यापार, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउन स्थानीय अर्थतन्त्रको संरचनतात्मक रूपान्तरण गर्ने सडक विस्तार गर्ने । | १.१.१ नगरपालिका केन्द्र र वडा केन्द्र जोड्ने मूल सडकको स्तरोन्नति गरी कालोपत्रे गरिनेछ ।<br>१.१.२ कृषि तथा ग्रामीण सडक सञ्जाललाई प्रमुख प्राथमिकता दिँदै समुदायको सहभागिता र आवश्यकताका आधारमा सडक सञ्जाल विस्तार गरिनेछ । |
| १.२ छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | १.२.१ नगर क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत् रुपमा निर्माण गरिनेछ ।<br>१.२.२ सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायो ईन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ।<br>१.२.२ सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३ पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १.३.१ पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाईनेछ ।<br>१.३.२ ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ ।<br>१.३.३ पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ । |
| उद्देश्य २: सडक विस्तार खर्चलाई न्यूनतम गर्न उपयुक्त निर्माण, मर्मत सम्भार तथा संरक्षण गरी दिगो सडक सञ्जालको विकास गर्ने। | |
| २.१ सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडकको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन गर्ने । | २.१.१ गरिबी निवारणलाई सघाउने सडकहरूको पहिचान गरी निश्चित आधारमा प्राथमिकताको कम निर्धारण गरी श्रममूलक, कम खर्चिलो र अधिकतम स्थानीय सहभागिता हुने गरी निर्माण र मर्मत सम्भार गर्ने ।<br>२.१.२ स्थानीय सडकहरूका पुलहरू निर्माण गर्नुका साथै जीर्ण अवस्थामा रहेका पुलहरूको मर्मत कार्यलाई निरन्तरता दिइनेछ ।<br>२.१.३ सडक तथा पदमार्ग पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायलाई पनि सहभागी गराई जनशक्ति तथा वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ। |

### ६.३.६ कार्यक्रमका प्राथमिकता

- सबै वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने तथम प्रत्येक वडाका वस्तीस्तरसम्म सडकसञ्जाल पुऱ्याउने ।
- नगरपालिका जोड्ने रिंगरोड तथा वडास्तरीय रिंगरोड कालोपत्रे
- ऐतिहासिक तथा पर्यटकीय स्थल जोड्ने पदमार्ग निर्माण गर्ने तथा सडक कालोपत्रे गर्ने
- डि.पि.आर.सम्पन्न भएका सडक कालोपत्रे गर्ने

### ६.३.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१ | १.१.१ | | नगर केन्द्र देखि वडा केन्द्र जोड्ने मूल सडक स्तरउन्नोती तथा कालोपत्रे | कि.मि. | ० | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५००००० | |
| २ | | | १.१.१ | | कृषि तथा ग्रामीण सडक सञ्जाल विस्तार | कि.मि. | | ६ | ६ | ६ | ६ | ६ | ३० | १५००० | |
| ३ | | | १.१.२ | | नगरपालिका जोड्ने रिंगरोड तथा वडास्तरीय रिंगरोड कालोपत्रे | कि.मि. | | | | | | | ३० | ६००००० | |
| ४ | | | १.१.२ | | ऐतिहासिक तथा पर्यटकीय स्थल जोड्ने सडक कालोपत्रे | कि.मि. | | | | | | | २० | ३००००० | |
| ५ | | १.२ | १.२.१ | | नगरपालिका क्षेत्रमा पूर्वाधार निर्माणलाई एकीकृत् रुपमा सञ्चालन | प्याकेज | ० | १ | १ | १ | १ | १ | ५ | २५००० | |
| ६ | | | १.२.२<br>१.२.३ | | भौगोलिक भू-बनोटको संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न नगर स्तरबाट सडक स्तरोन्नति गर्ने कार्यका लागि आवश्यक कार्यविधि बनाइ आवश्यकता अनुसार बायो इन्जिनियरिंङ्ग प्राविधिको प्रयोगलाई बिस्तार गर्ने | कि.मि. | | १ | २ | ३ | ४ | ५ | १४ | ४२००० | |
| ७ | | १.३ | १.३.१ | | चौदण्डीगढीलाई गन्तब्यस्थान बनाई पदमार्ग निर्माण गर्ने । | कि.मि. | | १० | १० | १० | १० | १० | ५० | २००००० | |
| ८ | २ | २.१ | २.२.१ | | सडक सम्पतिको संरक्षण र हेरचाह गर्नको लागि कार्यविधि निर्माण | संख्या | | १ | | | | | १ | ५०० | |
| ९ | | | २.२.२ | ख | स्थानीय सडकहरूको मर्मत सम्भार | कि.मि. | | १०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ११३५०० | |
| १० | | | २.२.३ | | नियमित सडक मर्मतको लागि सडक हेरालु तालिम तथा सीप विकास | संख्या | | ३ | ३ | ३ | ३ | ३ | ३० | ६३००० | |

### ६.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | उपलब्धि ०८१/०८२ | उपलब्धि ०८२/०८३ | उपलब्धि ०८३/०८४ | उपलब्धि ०८४/०८४ | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन भई सामाजिक-आर्थिक अवसर हरूमा नागरिकहरूको पहुँच वृद्धि भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | नगरको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान गर्ने यातायात पूर्वाधार सुदृढ भएको हुने | बाह्रै महिना सवारी साधन सञ्चालन योग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ५० | | | | | | १०० | | | | ५ | ९ | ३ |
| | | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ८५ | | | | | | १०० | | | | ५ | ९ | ३ |
| | | समग्रमा सडकको घनत्व | कि.मि./व.कि.मि. | ३.१४ | | | | | | ३.५६ | | | | ५ | ९ | ३ |
| | | पक्की/कालोपत्रे सडकको घनत्व | कि.मि./व.कि.मि. | ०.२३ | | | | | | २.३८ | | | | ५ | ९ | ३ |
| **प्रतिफल १.१** | वडा केन्द्र जोड्ने मूल सडक स्तरउन्नोती तथा कालोपत्रे भएको हुने | कालोपत्रे सडकको लम्वाइ | कि.मि. | | १५ | १५ | १५ | १५ | १५ | ७५ | | | | ५ | ९ | ३ |
| **प्रतिफल १.२** | कृषि तथा ग्रामीण सडक सञ्जाल विस्तार भएको हुने | कृषि तथा ग्रामीण सडकको लम्वाइ | कि.मि. | | ६ | ६ | ६ | ६ | ६ | ३० | | | | ५ | ९ | ३ |
| **प्रतिफल १.३** | बह्रै महिना यातायाता चल्ने सडक | बह्रै महिना यातायाता चल्ने सडकको लम्बाइ | कि.मि. | | | | | | | १०० | | | | ५ | ९ | ३ |
| **प्रतिफल १.४** | ग्रामीण यातायातमा पहुँच पुगेको घरधुरी | | प्रतिशत | | | | | | | १०० | | | | ५ | ९ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर २** | यातायात पूर्वाधारको उचित संरक्षण, मर्मतसम्भार भई दिगो व्यवस्थापन भएको हुन | सडकको उचित संरक्षण र मर्मतसम्भार हुने गरेको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | १०० | | | | ५ | ९ | ३ |
| **प्रतिफल २.१** | सडक तथा पदमार्ग पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन भएको हुने | सडक लम्वाई | कि.मि. | | | | | | | नगरका सम्पुर्ण सडकहरु | | | | ५ | ९ | ३ |
| | | पदमार्गहरूको लम्वाई | कि.मि. | | १० | १० | १० | १० | १० | ५० | | | | ५ | ९ | ३ |
| **प्रतिफल २.२** | यातायात पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायको समेत सहभागितामा भएको हुने | सडक हेरालु | | | ३ | ३ | ३ | ३ | ३ | ३० | | | | ५ | ९ | ३ |
| | | सडक प्रयोगकर्ताहरूवाट रकम संकलन गर्ने वैज्ञानिक प्रणालीको व्यवस्था | संख्या | | | | १ | | | | | | | ५ | ९ | ३ |

### ६.३.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्म आइपुग्दा सडक पूर्वाधारमा पूरै आत्मनिर्भर भएको हुनेछ। सबै टोलबस्ती, पर्यटकीय क्षेत्र तथा सार्वजनिक नियकायहरूको सडकको सञ्जाल विस्तार भएको हुनेछ। नगर क्षेत्र भित्र ३०० कि.मि. पक्कि सडका निमार्ण भएको हुनेछ। आवश्यक स्थानमा पूलको निमार्ण भएको हुनेछ। सबै वडाहरू सँग पक्कि सडकको सञ्जालले जोडेको हुनेछन्।

## ६.४ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

### ६.४.१ पृष्ठभूमि

पूर्ण प्रेस स्वतन्त्रता वा कता प्रकाशन स्वतन्त्रता सञ्चार र सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवासुविधामा विविधीकरण गर्दै बस्तिस्तर सम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवासुविधा उपलब्ध गराई स्थानीय अर्थतन्त्रको  राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउनुपरेको छ । सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन काम गर्नु र सूचना प्रविधिलाई आर्थिक समृद्धिको  महत्त्वपूर्ण निर्धारक तत्वको रूपमा प्रयोग गर्दै जानु पर्दछ ।

### ६.४.२ प्रमुख समस्या

सूचना तथा प्रविधिको विकासका लागि प्रर्याप्त मात्रामा अनुसन्धानको आवश्यकता पर्दछ । सूचना, प्रविधि तथा आम सञ्चारलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न सकिएको छैन । साथै आमसञ्चार क्षेत्र पूर्णरूपमा मर्यादित, जिम्मेवारी, जवाफदेही, उत्तरदायी र विश्वशनीय हुन नसक्नु, दूरसञ्चार सेवामा सबै नागरिकको पहुँच नपुग्नु, सूचना प्रविधिको विकासक्रम तथा साइवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्थाको कमी हुनु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, सूचना प्रविधि उद्योग व्यवस्थित नहुनु र विज्ञापन व्यवसाय व्यवस्थित हुन नसक्नु यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

### ६.४.३ चुनौती र अवसर

स्थानीय तहको बस्ती स्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्नु र स्थानीय सरकारको स्वामित्वमा रहेका आमसञ्चार माध्यमहरूलाई व्यवसायिक, प्रतिस्पर्धी, गुणात्मक, आधुनिक प्रविधियुक्त र विकेन्द्रित गर्दै स्वनिर्भर तुल्याउनु एक प्रमुख चुनौतीको रूपमा देखिएको छ । सामाजिक सञ्जालको बृद्धिसँगै यस क्षेत्रमा देखिएको विकृति, विसंगति र दुरूपयोग नियन्त्रण गर्नु,  सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समयसापेक्ष प्रयोग गर्नु,  साइबर अपराधको सामना गर्नु, अनुसन्धान तथा विकासमा लगानी बृद्धि गर्नु र सेवा प्रवाहको लागि बस्ती छरिएर रहनु यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

विकासको लागि आम सञ्चार र सूचना प्रविधिको प्रयोगलाई मानव शरीरको रक्तसञ्चार जस्तै मानिन्छ । नेपाली समाजका दूरदराजसम्म सापेक्षिक रूपमा सूचना प्रविधिको प्रयोग बढ्दै गएको, साना किसान, मजदूर लगायतको पहुँचमा समेत मोबाइल फोनको प्रयोग बढ्नु, सूचनाको महत्त्व बस्ती स्तरसम्म फैलिदै गएको देखिन्छ । सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, सेवा प्रभावकारिता बढाउन शासन संयन्त्रलाई बढी सहभागितामूलक एवम् पारदर्शी बनाउनु, सार्वजनिक प्रसारणलाई समावेशी, निष्पक्ष, स्वतन्त्र र स्वायत्त बनाई धार्मिक, सांस्कृतिक र भाषिक एकता प्रवर्द्धन गर्न सकिने वातावरण बन्नु, उदार र खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रसारण गर्नु र इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सूचना प्रविधिमा आधारित स्थानीय अर्थतन्त्रको निमार्ण गर्ने ।

**लक्ष्य**

नगर क्षेत्र भरी सूचना तथा सञ्चारको सञ्जाल स्थापना गरी सूचनाको माध्यमबाट आर्थिक विकास, सामाजिक सद्भाव र सांस्कृतिक संरक्षणमा एकता जुटाउने ।

**उद्देश्य**

१: सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु ।

२. आधुनिक सञ्चार तथा सूचना प्रविधिमाथि सबै जनताको पहुँच विस्तार गर्ने ।

### ६.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु । | |
| १.१.सूचना प्रविधिमा आधारित रोजगारीको बृद्धि गर्ने। | १.१.१ सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्ष स्थापना गरिनेछ ।<br>१.१.२ युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ नगरस्तरीय पूर्वाधारयुक्त सूचना प्रविधि पार्क स्थापना गरिनेछ । |
| उद्देश्य २: आधुनिक सञ्चार तथा सूचना प्रविधिमाथि सबै जनताको पहुँच विस्तार गर्ने । | |
| २.१ नगरभित्र सबै जनतामा आमसञ्चारको पहुँच विस्तार गर्ने ।<br>२.२ नगरभित्रका सबै नागरिकहरूमा इन्टरनेट सेवा पुऱ्याइने । | २.१.१ नगरपालिकामा खुल्ने एफ.एम. रेडियोलाई विशेष सुविधाको व्यवस्था गरिनेछ ।<br>२.१.२ नगरपालिकाको मुख्य सडक र बस्तीहरुमा सि.सि. क्यामरा को व्वस्थापन गर्ने ।<br>२.१.३ नगर क्षेत्रको घरहरुमा नगर संख्या राख्ने तथा अभिलेखिकरण गर्ने ।<br>२.२.१ सम्पूर्ण सरकारी कार्यालय, विधालय र नगरपालिकाको मुख्य स्थानमा फ्री वाई फाई को व्वस्थापन गर्ने । |

### ६.४.६ कार्यक्रमका प्राथमिकता

- नगरस्तरीय पूर्वाधारयुक्त सूचना प्रविधि पार्क स्थापना गर्ने
- सम्पूर्ण सरकारी कार्यालय, विधालय र नगरपालिकाको मुख्य स्थानमा फ्री वाई फाई र सि.सि. क्यामरा को व्वस्थापन गर्ने
- नगरका टाढाका बस्तीहरुमा दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने ।

### ६.४.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | १.१.१ | | विद्यालयहरूमा सूचना प्रविधि अध्ययन कक्ष स्थापनाका लागि छनौट मापदण्ड विकास | संख्या | ० | १ | | | | | १ | ५०० | |
| २ | १ | १.१ | १.१.२ | | माध्यमिक विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना | संख्या | | २ | ३ | ३ | ३ | १ | १२ | शिक्षामा समाबेश | |
| ३ | | | १.१.३ | | सूचना प्रविधि क्षेत्रमा स्वरोजगार सिर्जना गर्न युवा लक्षित तालिम | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | १००० | |
| ४ | | | १.१.४ | | सूचना प्रविधि पार्क निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन | संख्या | | १ | | | | | १ | ७५०० | |
| ५ | | | २.१.१ | | सामुदायिक एफ.एम स्थापना | संख्या | | | | १ | | | १ | ३०००० | |
| ६ | | २.१ | २.१.२ | | मुख्य सडक र बस्तीहरुमा सि.सि. क्यामरा जडान | संख्या | | २० | २० | २० | २० | २० | १०० | ३००० | |
| ७ | २ | | २.१.३ | | नगर क्षेत्रको घरहरुमा नगर संख्या राख्ने तथा अभिलेखिकरण गर्ने | संख्या | | | | | | | ४७५१ | ७५०० | |
| ८ | | २.२ | २.२.१ | | नेपाल दूरसञ्चार कम्पनी मार्फत् इन्टरनेट सेवा विस्तार | प्रतिशत | | | २५ | २५ | २५ | २५ | १०० | २५००० | |

### ६.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | उपलब्धि ०८१/०८२ | उपलब्धि ०८२/०८३ | उपलब्धि ०८३/०८४ | उपलब्धि ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** सूचना तथा सञ्चार प्रविधिको मध्यमबाट नागरिकको जीवन सहज बनाउन योगदान पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | सूचना तथा सञ्चार प्रविधिको विकास भई आय र रोजगार वृद्धिमा योगदान पुगेको हुने | | | | | | | | | | | | | ५ | ९ | ३ |
| **प्रतिफल १.१** | सूचना प्रविधि क्षेत्रमा स्वरोजगार सिर्जना हुने | रोजगारप्राप्त जनशक्ति | संख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | | | | ५ | ९ | ३ |
| **प्रतिफल १.२** | स्तरमा सुविधा सम्पन्न र पूर्वाधारयुक्त सूचना प्रविधि पार्क स्थापना भएको हुने | सूचना प्रविधि पार्क | संख्या | | | | | | १ | | | | | ५ | ९ | ३ |
| **असर २** | सञ्चार तथा सूचना प्रविधिमाथि सबै जनताको पहुँच हुने | इन्टरनेट प्रयोग गर्ने पुरुष जनसंख्याको अनुपात | प्रतिशत | | | | | | १०० | १०० | | | | ५ | ९ | ३ |
| **प्रतिफल २.१** | नगरस्तरीय एफ एम आउने | एफ एम सञ्चालन | संख्या | | | १ | | | १ | १ | | | | ५ | ९ | ३ |
| **प्रतिफल २.२** | मुख्य सडक तथा बस्तिहरु २४ सै घण्टा निगरानिमा रहने । | सि.सि. क्यामराको संख्या | संख्या | ० | ४० | ४० | ४० | ४० | ४० | २०० | | | | ५ | ९ | ३ |

### ६.४.९ अपेक्षित उपलब्धि

योजना अवधिमा सबै नगरबासीहरूको इन्टरनेट सेवाको पहुँच पुगेको हुनेछ। सबै वडामा सामुदायिक सूचना केन्द्रको विस्तार भएको, एफ एम रेडियो प्रसारण शतप्रतिशत भू-भागमा भएको हुनेछ। सबै सार्वजनिक सेवा विद्युतीय माध्यमबाट प्रवाह भएको हुनेछ। समग्रमा आमसञ्चार माध्यम व्यवसायिक, मर्यादित र जिम्मेवार भएको, जनताको सुसूचित हुने अधिकार संरक्षित भएको र सार्वजनिक तथा निजी सञ्चार माध्यमबाट स्थानीय नगरक्षेत्रको सांस्कृतिक मूल्य-मान्यता संरक्षण तथा सामाजिक सद्भाव अभिबृद्धि गर्न मद्दत पुगेको हुनेछ।

## ६.५ विज्ञान तथा प्रविधि

### ६.५.१ पृष्ठभूमि

विज्ञानमा आधारित आधुनिक अर्थतन्त्रको निर्माण गर्दै दिगो विकास गर्न विज्ञान प्रविधि महत्त्वपूर्ण हुन आउँछ । विज्ञान तथा प्रविधी लाई देशको विकासँग जोडेर वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी बृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति अङ्गीकार गरेको छ । स्वच्छ वातावरण, स्वास्थ्य, खाद्य, आवास, पूर्वधार, सूचना, सञ्चार, शिक्षा र सामाजिक सुरक्षालगायतका विषयमा विज्ञान प्रविधिको प्रयोग गरी सुखी एवम् समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने निश्चित छ। विद्यमान ज्ञान र परम्परागत प्रविधिलाई आधारभूत आवश्यकता परिपूर्तिमा जोड्दै उपलब्ध प्राकृतिक स्रोतहरूको मानवोचित परिचालनमा जोड दिनुपर्ने आवश्यकता छ। स्थानीय तहमा उपलब्ध स्रोतहरूलाई प्रविधि मैत्री प्रयोग गर्न सकेमा आर्थिक रूपान्तरणले दिशा निर्देशन गर्दछ । विज्ञानका उपलब्धिलाई आर्थिक बृद्धि, सामाजिक सेवाको विस्तार र गरिबी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रममा प्रयोग गर्नु तथा देशभित्र उपलब्ध प्रतिभाहरूको ज्ञान र सीपलाई स्वदेशमै उपयोग गर्ने वातावरण निमार्ण गर्नु प्राथमिक दायित्व हुन आउँछ।

### ६.५.२ प्रमुख समस्या

नगरक्षेत्र भित्र र वाहिर, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा फैलिएका जनशक्ति र प्रतिभाहरूको ज्ञान, सीप, अनुभव र क्षमतालाई विकास प्रक्रियामा संलग्न गराउन नसक्नु, उनीहरूको भावनालाई कदर गरेर स्थानीय तहसम्म पुऱ्याउन नसक्नु, घर फिर्ता हुने आर्कषक र प्रोत्साहितसहितको योजना र वातावरण तय गर्न नसक्नु, विज्ञान र प्रविधिको क्षेत्रमा तीनै तहका सरकारहरूले गर्ने लगानी न्यून हुनु, आविस्कार केन्द्रहरूमा लगानी गर्ने पूँजी ज्यादै न्युन हुनु, सिर्जनशील र क्षमतावन जनशक्तिलाई स्थानीय तहमै रोक्न नसक्नु यस क्षेत्रमा देखिएका समस्याहरू हुन् ।

### ६.५.३ चुनौती र अवसर

विभिन्न व्यक्ति तथा निकायहरूबाट भएका अनुसंधानहरूको अभिलेखीकरण र उपयोग गर्नु, अनुसन्धान र प्रविधि विकासमा संलग्न निकायहरूबीचमा समन्वय कायम गर्नु, पर्याप्त स्रोतसाधनको सुनिश्चितता गर्नु, विज्ञान प्रविधि र अनुसन्धानको क्षेत्रमा लगानी बढाउनु, प्राकृतिक स्रोतको दिगो र अत्युत्तम उपयोग र गरिबी निवारणमा सहयोग पुऱ्याउनु, देशभित्र विज्ञान तथा प्रविधि शिक्षाप्रतिको आकर्षण बढाउनु, आफूखुसी प्रयोग भइरहेका रेडियोधर्मी पदार्थहरूको प्रभावकारी नियमन गर्नुजस्ता चुनौती रहेका छन् ।

विज्ञान र प्रविधिको क्षेत्रमा सामयिक सुधार गर्ने वातावरण निर्माण हुनु, देशबाहिर छरिएर रहेका हजारौं प्रतिभाहरूलाई देशभित्र फर्काउन सक्ने सम्भावना कायम रहनु, देशभित्र अध्ययन तथा खोजअनुसन्धानका अवसरहरू रहनु, खोज अनुसन्धानका लागि जागरूक युवा समूहको सङ्ख्या बढ्दै जानु, आधुनिकीकरणसँगै अन्तर्राष्ट्रिय सहयोग र समन्वयको क्षेत्र फराकिलो हुनु, प्रविधि हस्तान्तरणका विभिन्न माध्यमहरूबाट प्रविधि आयत गर्न सक्ने व्यापारिक सक्षमता कायम रहनु यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

### ६.५.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

विज्ञान तथा प्रविधिमा सुधार, उत्पादनको आधार ।

**लक्ष्य**

विज्ञान र प्रविधिको प्रयोगलाई सामाजिक, आर्थिक, भौतिक, वातावरणीय र संस्थागत विकासका आयामसँग आबद्ध गर्ने ।

**उद्देश्य**

१. विज्ञान र प्रविधिको विकास, विस्तार र उपयोग क्षमता बृद्धि तथा आधुनिक विज्ञान प्रविधिको अधिकतम प्रयोग गर्नु ।

### ६.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: विज्ञान र प्रविधिको विकास, विस्तार र उपयोग क्षमता बृद्धि तथा आधुनिक विज्ञान प्रविधिको अधिकतम प्रयोग गर्नु। | |
| १.१ विज्ञान र प्रविधिमा अभिरुचि र कल्पनाशीलता बढाउन माध्यमिक तहदेखि नै प्रमाणमा आधारित शिक्षण र खोजमा आधारित सिकाइ पद्धतिको विकास गर्ने । | १.१.१ विज्ञान शिक्षालाई व्यावहारिक र रुचिकर तुल्याउन सबै विद्यालयहरूमा विज्ञान प्रयोगशाला बनाउन जोड दिइनेछ ।<br>१.१.२ विज्ञान भेला, प्रदर्शनी जस्ता प्रतिभा प्रष्फुटन हुने प्रतियोगिताहरू सञ्चालन गरी युवाहरूलाई विज्ञान र प्रविधिप्रति आकर्षित गरिनेछ ।<br>१.१.३ विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने प्रतिभाशाली युवा वैज्ञानिक पहिचान गरी सम्मान गर्ने व्यवस्था गरिनेछ । |
| १.२ विज्ञान र प्रविधिको विस्तार गर्न संस्थागत व्यवस्था गर्ने । | १.२.१ प्रविधिको विकास तथा प्रयोगका लागि समय सापेक्ष नीतिहरू निर्माण तथा परिमार्जन गरिनेछ ।<br>१.२.२ विज्ञान तथा प्रविधिको अनुसन्धान गर्ने निकाय, प्रविधि कोरल्ने केन्द्र ( इन्कुबेसन केन्द्र), र प्रयोगशाला स्थापना गरिनेछ । |

### ६.५.६ कार्यक्रमका प्राथमिकता

- नवपर्वतन केन्द्रको स्थापना र सञ्चालन गर्ने ।
- विद्यालयहरूमा विज्ञान प्रयोगशाला बनाउने ।

### ६.५.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | |
| २ | | १.१ | १.१.३ | | उत्कृष्ट खोज तथा अनुसन्धान गर्ने नगरका वैज्ञानिकलाई पुरस्कृत | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | १ | १.२ | २.२.१ | | बिज्ञान प्रविधि तथा नव-प्रवर्तन निति बनाइने | संख्या | | | १ | | | | १ | ५०० | |
| ४ | | | २.२.२ | | नगरस्तरीय माटो, खनिज परिक्षण प्रयोगशालाको स्थापना र सञ्चालन | संख्या | | | | १ | | | १ | ३०००० | |

### ६.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८० / ०८१ | ०८१ / ०८२ | ०८२ / ०८३ | ०८३ / ०८४ | ०८४ / ०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभावः** विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाज निर्माणमा टेवा पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | खोजमूलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोगले नगरको समृद्धिमा टेवा पुग्ने । | | | | | | | | | | | | | | | |
| **प्रतिफल १.१** | माध्यमिक विद्यालयहरूमा सुबिधा सम्पन्नविज्ञान प्रयोगशाला भएको हुने | विद्यालयहरूका विज्ञान प्रयोगशालाहरु | संख्या | | | | | | | ११ | | | | | | |
| **प्रतिफल १.२** | वैज्ञानिक तथा प्राविधिकहरूलाई विज्ञान र प्रविधिको खोजमा लाग्न प्रोत्साहन हुने नीति तर्जुमा गरी | चौदण्डीगढी नगरपालिका बिज्ञान प्रविधि तथा नव-प्रवर्तन निति | संख्या | | १ | | | | | १ | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | कार्यान्वयन भएको हुने | | | | | | | | | | | | | | | |
| | अनुसन्धान र नवप्रवर्तनको माध्ययमबाट गुणस्तरीय वस्तुको उत्पादनमा जोड पुगेको हुने | परम्परागत ज्ञान र सीपको प्रयोग सम्वन्धी अनुसन्धानको प्याकेज | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | | | | | | |

### ६.५.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्म विज्ञान र प्रविधि क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक हिसाबले जनशक्तिको थप विकास भएको हुनेछ। त्यसैगरी विज्ञान र प्रविधिको क्षेत्रमा थप नीतिगत र संस्थागत संरचना निर्माण र सुदृढीकरण भई अनुसन्धान र विकास कार्यमा सहजता भएको हुनेछ। प्राथमिक, द्वितीय र सेवा तीनै क्षेत्रमा आधुनिक विज्ञान र प्रविधिको प्रयोग भएको हुनेछ।

## ६.६ शहरी विकास
### ६.६.१ पृष्ठभूमि

व्यवस्थीत सहरीकरणको प्रक्रियाले सेवा, सुविधा र अवसरहरू विस्तार गर्ने भएकाले मानिसहरूको स्वभाविक आकर्षण सहरतर्फ हुने गर्दछ। अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। सहरमा सेवा, सुविधा र अवसरहरू बढी हुने भएकाले मानिसहरूको स्वाभाविक आकर्षण सहरतर्फ हुने गर्दछ। वर्तमान दिनहरूमा सेवा, सुविधा र अवसरहरूको खोजी तथा नयाँ सहरहरूको बृद्धिको कारणले सहरी क्षेत्रको जनसङ्ख्या तीव्र बृद्धि हुँदै गएको छ। यसको परिणाम स्वरूप सहरमा उपलब्ध सीमित आर्थिक-सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ। योजनाबद्ध सहरी विकासमार्फत स्वच्छ, सुरक्षित र समृद्ध पहिचानमय सहरहरूको विकास गरी मागअनुसार नागरिकहरूलाई सर्वसुलभ र भरपर्दो तरिकाले गुणस्तरीय सहरी सेवा तथा सुविधा उपलब्ध गराई सहरी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक भएको छ।

### ६.६.२ प्रमुख समस्या

अव्यवस्थित र बढ्दो सहरीकरणका कारण सहरी क्षेत्रमा आधारभूत सेवा पुऱ्याउन कठिनाई हुनु, नगरोन्मुख बस्तीहरूमा सहरी सेवासुविधाहरू पुऱ्याउन नसकिनु, सहरी यातायात व्यवस्थापन नहुनु, सहरी जग्गाको मूल्यबृद्धि, सहरी व्यवस्थापनमा संलग्न निकायहरूबीच समन्वय र सहकार्यको अभाव हुनु, सहरी क्षेत्रमा खानेपानी, फोहोरमैला तथा ढलनिकासको व्यवस्थापन कमजोर हुनु, सहरी क्षेत्रमा मनोरञ्जन स्थल, शौचालय र खुलास्थलको कमीजस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन्। नगरपालिकाको परिवेश ग्रामीण अवस्थाको रहनु, सहर विकास तथा निर्माणमा विपद् व्यवस्थापनको अवधारण स्थापित नहुनु, सहरी सुविधाहरूको उपलब्धता नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

### ६.६.३ चुनौती र अवसर

एकीकृत सहरी व्यवस्थापन, सहरी सौन्दर्यका लागि हरियाली र वातावरण संरक्षण गर्नु, दिगो रूपमा आधारभूत सेवासुविधा उपलब्ध गराउनु, सहरी व्यवस्थापनमा संलग्न सबै सरोकारवालाबीच सहकार्य अभिबृद्धि गर्नु र सहरलाई आर्थिक सामाजिक विकासको केन्द्रको रूपमा विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्। सहरको वर्गीकरण गर्दै निश्चित मापदण्डको आधारमा सहरी पूर्वाधार तथा सेवाको व्यवस्था गरी वातावरणीय सुधार गर्नु सहरीकरणका चुनौती हुन्।

एकीकृत बस्ती विकास तथा घनाबस्ती कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनु, नगरपालिकाहरू जनसङ्ख्या ह्वातै बढेर जानु, खानेपानी, सडक, ढल प्रशोधनशाला, बसपार्क तथा अन्य सामाजिक र आर्थिक पूर्वाधार निर्माण कार्यहरूले प्राथमिकता पाउनु, महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको मर्मत सम्भार तथा संरक्षण कार्यहरू सञ्चालनमा हुनुलाई सहरी विकासको अवसरका रूपमा लिन सकिन्छ।

### ६.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

समृद्ध शहर, नगरबासीको रहर।

**लक्ष्य**

समृद्ध, सबल, सुविधायुक्त र दिगो सहरको विकास गर्ने ।

**उद्देश्य**

१. समृद्ध र सुविधायुक्त सहरको निमार्ण, व्यवस्थापन र सुधारका लागि आधारभूत भौतिक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरी शहरहरूको विकास तथा स्तरोन्नति गर्नु ।

### ६.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: समृद्ध र सुविधायुक्त सहरको निमार्ण, व्यवस्थापन र सुधारका लागि आधारभूत भौतिक पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गरी शहरहरूको विकास तथा स्तरोन्नति गर्नु । | |
| १.१ भू-उपयोग नीतिमा आधारित भई नगरपालिकाभित्र पूर्वाधार विकास गर्ने । | १.१.१ स्वीकृत भू-उपयोग नीतिमा आधारित भई नगर क्षेत्रको एकीकृत पूर्वाधार विकास गरिनेछ ।<br>१.१.२ मापदण्ड अनुसार सार्वजनिक र निजी घर तथा भवनहरूको निमार्ण गरिनेछ । |
| १.२ नगरपालिका केन्द्र, आवासीय बस्तीहरूमा वातावरण मैत्री भौतिक पूर्वाधार तथा सुविधासहितको एकीकृत बस्ती र पहिचानयुक्त सहरको विकासलाई प्रोत्साहन गर्ने । | १.२.१ पूर्वाधार विकास गर्दा बाटो, पैदल मार्ग, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट आदिको एकीकृत् डिजाईन तथा निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>१.२.२ कृषि भूमिको संरक्षणलाई विशेष ख्याल राख्दै हरियाली र खाद्यसुरक्षाको प्रत्याभूति दिलाउन ‘खाद्य हरियाली सहर’ तथा मनोरञ्जन स्थल निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>१.२.३ अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, सडक बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूको लागि सामाजिक आवासको व्यवस्था गरिनेछ ।<br>१.२.४ सञ्चार र यातायात, सार्वजनिक सेवा तथा सुविधाहरूको विकास तथा व्यवस्थापनलाई चुस्त बनाइनेछ ।<br>१.२.५ नगरभित्रका प्रशासकीय भवन तथ अन्य सार्बजनिक भवन संरचनाको सुधार गर्ने । |
| १.३ शहरहरूको विकास गर्दा स्थानीय पहिचान, उत्पादन तथा निर्माण सामग्रीको प्रवर्द्धन गर्ने । | १.३.१ शहरी विकास गर्दा गुठी, मठ, मन्दिर, धार्मिक, साँस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण गरिनेछ ।<br>१.३.२ शहरी पूर्वाधार विकास गर्दा धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका वस्तुहरूको जगेर्ना तथा प्रवर्द्धन गरिनेछ ।<br>१.३.३ शहरी पूर्वाधार विकास गर्दा स्थानीय निर्माण सामाग्री प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।<br>१.३.४ शहरी क्षेत्रका बाँझो रहेका घडेरी तथा जग्गाहरूमा अन्न, तरकारी तथा फलफूल उत्पादन गरी स्थानीय उत्पादनको खपत बढाउन प्रोत्साहन गरिनेछ ।<br>१.३.५ शहरी क्षेत्रमा अवस्थित ठूला साना नदी तथा तालहरूको किनारा तथा बफर जोनको संरक्षण गर्दै पर्यावरण मैत्री हिसाबले विकास तथा व्यवस्थापन गरिनेछ । |
| १.४ शहरमा बस्ने नागरिकबीच सुमधुर सम्बन्ध कायम गर्ने । | १.४.१ विभिन्न धार्मिक, साँस्कृतिक, पर्यटकीय, खेलकुद तथा अन्य मनोरन्जनात्मक कार्यक्रम स्थल र कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।<br>१.४.२ नगरक्षेत्रमा अबस्थित महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको मर्मतसम्भार तथा संरक्षण कार्यहरू सञ्चालन गरिनेछ । |

### ६.६.६ कार्यक्रमका प्राथमिकता

- मुख्य व्यापारिक केन्द्रलाई आधार मानी एकिकृत तथा हरियाली शहरी विकास गर्ने ।

### ६.६.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | चौ.न.पा. भूउपयोग नक्साकन गर्ने । | संख्या | | | १ | | | | १ | ५००० | |
| २ | | | १.१.२ | | भवन मापदण्ड लागु भए नभएको अनुगमन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ३ | | १.२ | १.२.१ | | शहरी क्षेत्रमा बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट आदिको एकीकृत् रुपमा अध्ययन र निर्माण गर्न "एकीकृत् शहरी पूर्वाधार विकास नीति" वनाउने | संख्या | | | १ | | | | १ | ५०० | |
| ४ | | | | | बजार केन्द्र निर्माण गर्ने | संख्या | ५ | | | | | | १० | ७५००० | |
| ५ | | | १.२.२ | | नगरस्तरीय १ मध्यम खालको हरियाली पार्क निर्माण गर्ने । | संख्या | | | १ | | | | १ | १०००० | |
| ६ | | | | | १ वडा ३ खुला सार्वजनिक स्थान (पार्क तथा मनोरन्जन स्थल) पहिचान र निर्माण | संख्या | | ६ | ६ | ६ | ६ | ६ | ३० | १५००० | |
| ७ | | | १.२.३ | | शारीरिक रुपमा अशक्त तथा जोखिममा रहेकाको लागि सामूहिक तथा सामाजिक आवास निर्माण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ३७५०० | |
| ८ | | | १.२.४ | | विभिन्न सार्वजनिक सेवा तथा सुविधाको अनुगमन र मूल्याङ्कन संयन्त्र निर्माण | संख्या | | | १ | | | | १ | ५०० | |
| ९ | | | १.२.५ | | सार्वजनिक/सामुदायिक भवन/सरकारी कार्यालय निर्माण स्तरोन्नति | संख्या | | | | | | | ४५ | ११२५०० | |
| १० | | | | | सार्वजनिक शौचालय निर्माण | संख्या | १० | | | | | | २० | ३०००० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १२ | | | | | नगर चोकहरुको स्तर उन्नती गर्ने | संख्या | | | | | | | १० | १००००० | |
| १३ | | | | | नगरपालिका वसपार्क निर्माण गर्ने | संख्या | ० | | | | | | १ | ७००००० | |
| १४ | | १.३ | १.३.१ | | शहरी क्षेत्रका धार्मिक, तथा साँस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण नीति निर्माण | संख्या | | | १ | | | | १ | ५०० | |
| १५ | | | १.३.२ | | नगर विकास गर्दा धार्मिक, साँस्कृतिक तथा पर्यटकीय वस्तुको जगेर्ना गर्ने | प्याकेज | | १ | | | | | १ | १००० | |
| १६ | | | १.३.३ | | स्थानीय निर्माण सामग्री प्रयोग नीति बनाउने | संख्या | | १ | | | | | १ | ५०० | |
| १७ | | | १.३.४ | | नगर क्षेत्रका बाँझो रहेका जग्गाहरूमा तरकारी तथा फलफूल बिरुवा रोप्न | प्याकेज | | २ | २ | २ | २ | २ | १० | ५००० | |
| १८ | | | १.३.५ | | शहरी क्षेत्रमा अवस्थित नदीहरूको किनारा र बफर जोनको संरक्षण गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १०००० | |
| १९ | | १.४ | १.४.१ | | धार्मिक, साँस्कृतिक, पर्यटकीय, खेलकुद तथा मनोरन्जनात्मक कार्यक्रम आयोजना गर्न उपयुक्त हुने ठुला हल निर्माण | संख्या | | | १ | | | | १ | खेलकुदमा समाबेश | |
| २० | | | १.४.२ | | महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको हेरालुको व्यवस्था हुने । | संख्या | | २ | २ | २ | २ | २ | १० | २१००० | |

### ६.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीगल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** गतिशील र व्यवस्थित एकिकृत एकिकृत बस्तियुक्त शहर निर्माण भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | दिगो रुपमा व्यवस्थित नगरको विकास भएको हुने तथा मुख्य शहरहरूमा आवश्यक आधारभूत भौतिक पूर्वाधारको योजनाबद्ध निर्माण अगाडि बढेको हुने | खर-पराल-पातले छाएको कच्ची घरमा बस्ने घरपरिवार | प्रतिशत | ११.४ | | | | | ० | | के.त.वि. | | | ५ | ११ | ६ |
| | | सुरक्षित घरमा वसोवास गर्ने घरपरिवारको अनुपात | प्रतिशत | ८७.२२ | | | | | १०० | १०० | के.त.वि | | | ५ | ११ | ६ |
| | | योजनाबद्ध शहरी पूर्वाधार निर्माण अगाडि बढेको छ भनि विश्वास गर्ने जनता | प्रतिशत | ८७.२२ | | | | | | | | | | ५ | ११ | ६ |
| | | घरवाट ३० मिनेटको यात्रामा नगरपालिकाको प्रशासनिक केन्द्रमा पहुँच भएको जनसंख्याको अनुपात | प्रतिशत | ६० | | | | | १०० | १०० | प्रा.अ. | | | ५ | ११ | ६ |
| **प्रतिफल १.१** | भु-उपयोग नीति बनेको हुने | | संख्या | | | | | | | १ | | | | ५ | ११ | ६ |
| | नयाँ बन्ने घरहरुमा भवन निर्माण मापदण्ड पुर्णरुपमा कार्यान्वयन भएको हुने । | नवनिर्मित भवनको संख्या | | | | | | | | सम्पुर्ण नवनिर्मित भवन नगरपालिकाको मापदण्ड बमोजिम बनेको हुने | | | | ५ | ११ | ६ |
| **प्रतिफल १.२** | बजार केन्द्र निर्माण | बजार केन्द्रहरु | संख्या | ५ | | | | | | १० | | | | ५ | ११ | ६ |
| | बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट आदिको एकीकृत् | एकीकृत् रुपमा भौतिक पूर्वाधार विकास कार्य अगाडि बढाउने शहर | संख्या | | | | | | | १ | | | | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/ ०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | डिविल संकेत | डीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१ / ०८२ | ०८२ / ०८३ | ०८३ / ०८४ | ०८४ / ०८५ | | | | | | | |
| | डिजाईन तथा निर्माण भएको हुने | | | | | | | | | | | | | | | |
| | सार्वजनिक स्थान तथा पार्कको निर्माण भएको हुने | सार्वजनिक स्थान तथा पार्क | संख्या | | | | | | | ३१ | | | | ५ | ११ | ६ |
| | अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, सडक बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूको लागि सामाजिक आवास | सामूहिक तथा सामाजिक आवासको आवासको व्यवस्था भएका शहर | संख्या | | १ | १ | १ | १ | १ | ५ | | | | ५ | ११ | ६ |
| प्रतिफल १.३ | नगरको विकास गर्दा स्थानीय पहिचान, उत्पादन तथा निर्माण सामग्रीको प्रवर्द्धन भएको हुने | स्थानीय निर्माण सामग्री प्रयोग गरी बनेका आधुनिक घरहरू | संख्या | | | | | | | ढुङ्गा, गिट्टी तथा वालुवा जस्ता निर्माण सामाग्रीमा आत्मनिर्भर बनेको हुने | | | | ५ | ११ | ६ |
| | शहरी क्षेत्रका गुठी, मठ, मन्दिर, धार्मिक, साँस्कृतिक तीर्थस्थलको जग्गा संरक्षण भएको हुने | संरक्षित जग्गा | हेक्टर | | | | | | | गुठी तथा मन्दिरको नाममा रहेका जग्गाहरु संरक्षित हुने | | | | ५ | ११ | ६ |
| | शहरी क्षेत्रका बाँझो रहेका घडेरी तथा जग्गाहरूमा अन्न, | नगरपालिका क्षेत्रमा रहेका बाँझो जग्गा | हेक्टर | | | | | | | सम्पूर्ण बाँझो जग्गा | | | | ५ | ११ | ६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | तरकारी तथा फलफूल उत्पादन भई आयात कम गर्नमा योगदान पुगेको हुने | | | | | | | | | उपयोगमा आएको हुने | | | | | | |
| | नदीहरूको किनारा तथा बफर जोनको संरक्षण गर्ने कार्य अगाडि बढेको हुन | संरक्षण गरिएका नदी तथा तालहरू | हेक्टर | | | | | | | त्रीयुगाका तटीय भागहरु पुर्णरुपमा संरक्षित भएको हुने | | | | ५ | ११ | ६ |
| **प्रतिफल १.४** | ऐतिहासिक मठमन्दिरहरु संरक्षण भएको हुने । | मन्दिरहरुको संख्या | संख्या | | | | | | | | | | | ५ | ११ | ६ |

### ६.६.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा नगरपालिकाभित्र एक आधुनिक बसपार्क, मनोरञ्जन पार्क, सूचना तथा सञ्चार, पार्क, तरकारी तथा फलफूल बजार जस्ता आर्थिक रूपले स्वसञ्चालन हुन सक्ने सहरी पूर्वाधारहरूको निर्माण हुनेछ। सहरका न्यूनतम पूर्वाधारहरूको निमार्ण भइसकेको हुनेछ। नगरपालिका भित्रका सबै सार्वजनिक र सम्पदाहरूको दिगो व्यवस्थापन भएको हुनेछ। नगरपालिकाको कार्य क्षेत्र भित्र एकीकृत भौतिक पूर्वाधार विकास भएको हुनेछ।

## ६.७ आवास तथा बस्ती विकास

### ६.७.१ पृष्ठभूमि

बस्ती मानव आवश्यकताको प्रमुख तत्व हो । सुरक्षित र मर्यादित जीवनयापनको लागि मानव बस्ती मापदण्डअनुसार बनाउनुपर्दछ । यो कुराको अख्तियारी नेपालको संविधान र अन्य नीतिहरूले उल्लेख गरिसकेका छन् । नगरपालिकाभित्रका विकट, तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा छरिएर बसेका घर परिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रूपले सबले हुने गरी एकीकृत बस्तीमा रुथानान्तरण गर्नुपर्ने अवस्था रहेको छ । २०७२ वैशाखमा गएको विनाशकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई समेत मध्यनजर गरी भवन संहितालाई कडाइका साथ कार्यान्वयन गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकतानुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ । राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

### ६.७.२ प्रमुख समस्या

आवास निर्माणमा मापदण्डको कार्यान्वयन नहुनु, कृषियोग्य जमिनमा आवास निर्माण हुनु, आवासका लागि चाहिने न्यूनतम आधारभूत सुविधाको अभाव हुनु, भूकम्प प्रतिरोधी भवन संहिताको पालना नगरिनु, कम गुणस्तरका निर्माण सामग्री प्रयोग हुनु, पुराना सहरी क्षेत्रहरूमा अव्यवस्थित बसोबास हुँदा जनस्वास्थ्य र सुरक्षामा जोखिम बढ्नु, सार्वजनिक क्षेत्रमा अतिक्रमण गरी बसोवास गर्नु, सार्वजनिक कार्यालय भवनहरू एकीकृत रूपमा क्लस्टरिङ गर्न नसकिनु, तथा एकरूपता कायम नहुनु, कतिपय सरकारी कार्यालयहरूको आफ्नै भवन नहुँदा लागत बृद्धि र सेवाप्रवाहमा कठिनाई हुनु, कतिपय सार्वजनिक भवनहरूको मर्मतसम्भार नहुनु, पुरातात्त्विक महत्त्वका भवनहरूको आवश्यक संरक्षण हुन नसक्नु, सामुदायिक भवन निर्माणको माग अत्यधिक हुनु, द्वन्द्वकालमा भत्किएका संरचनाहरूको यथोचित पुनःस्थापना गर्न नसक्नुजस्ता समस्या छन् ।

### ६.७.३ चुनौती र अवसर

सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउन आवश्यक अनुसन्धान गरी मापदण्ड तयार गर्नु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु, राष्ट्रिय भवन संहिताको पालन गरी सबै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सरकारी भवनको निर्माण कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोवासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहितासम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु र भूकम्पबाट आवासको क्षेत्रमा भएको क्षतिलाई सम्बोधन गरी सबैलाई सुरक्षित, सुलभ र व्यवस्थित आवास उपलब्ध गराउनु प्रमुख चुनौती रहेको छ ।

सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षासम्बन्धमा मन्त्रिपरिषद्बाट एकीकृत कार्यालय भवन निर्माणसम्बन्धी नीतिगत निर्णय हुनु, संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० स्वीकृत गरी कार्यान्वयन गरिनु, संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवाससम्बन्धी मापदण्ड तयार गरिनु, भवन मर्मत सूचना प्रणाली सफ्टवेयर विकास गरिनु, प्रमुख अवसरहरू हुन् ।

**६.७.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति**

**सोच**

समुदायको सहभागितामा सबैका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था ।

**लक्ष्य**

वातानुकुलित, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने ।

**उद्देश्य**

१. व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु,

२. भू-कम्प लगायत सबै प्रकारका प्रकोपप्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

**६.७.५ रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु, | |
| १.१ विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने । | १.१.१ अति विपन्न तथा सीमान्तीकृत वर्गका लागि 'जनता आवास कार्यक्रम' विस्तार गरिनेछ ।<br>१.१.२ भौगोलिक रुपले विकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>१.१.३ जोखिमपुर्ण स्थानमा बसोबास गर्ने घरपरिवार र सुकुम्बासीको तथ्यांक अद्यावधिक गरि आवश्यक बसोबासको प्रबन्ध गरिनेछ ।<br>१.१.४ शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ । |
| उद्देश्य २: भू-कम्प लगायत सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु । | |
| २.१ भूकम्पमा भत्केका निजी घर, सार्वजनिक भवन, विद्यालय, र स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न गर्ने । | २.१.१ पुनर्निर्माण हुन बाँकी रहेका निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ संस्था पुनर्निर्माणका लागि पुनर्निर्माण प्राधिकरण र सङ्घिय र प्रदेश सरकारसँग समन्वय गरी सम्पन्न गरिनेछ । |

**६.७.६ कार्यक्रमका प्राथमिकता**

- २०७२ को भूकम्पले क्षति भएका निजी आवास र सार्वजनिक भवनहरूको पुननिर्माण सम्पन्न गर्ने ।
- जग्गा विकास कार्यक्रमको माध्यमवाट एकीकृत् वस्तीको विकास गर्ने ।

### .६.७.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१ | १.१.१ | | सीमान्तकृत, लोपोन्मुख, र विपन्नका लागि जनता आवास कार्यक्रम | संख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | १२५०० | |
| २ | | | १.१.२ | | भौगोलिक हिसाबले विकट र जोखिममा रहेका बस्ती पहिचान र उपयुक्त समाधान खोज | संख्या | | १ | | | | | १ | ५०० | |
| ३ | | | १.१.३ | | सुकुम्बासी समस्या समाधान कार्य | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |

### ६.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१/ ०८२ | ०८२ / ०८३ | ०८३/ ०८४ | ०८४/ ०८५ | | | | |
| **प्रभावः** सम्पुर्ण नगरबासीलाई सुरक्षित र भरपर्दी तथा वातावरणमैत्री आवासको प्रबन्ध भएको हुने । | | | | | | | | | | | | | |
| **असर १** | एकीकृत् आवास तथा बस्ती विकास भई अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत,सुकुम्बासी घर परिवार एकताबद्ध भएको हुने | अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका घर परिवार | प्रतिशत | | | | | | | ६० | | | |
| **प्रतिफल १.१** | जोखिमयुक्त स्थानमा बसोबास गर्ने नागरिकलाई स्थानान्तरण गरी एकिकृत बस्ति निर्माण भएको हुने। | एकिकृत बस्तीहरु | संख्या | | | | | | | | | | |
| | भुमिहिनलाई आवासको व्यवस्था भएको हुने | आफ्नो घर भएका भुमिहिनहरु | प्रतिशत | | | | | | | ६० | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१/ ०८२ | ०८२ / ०८३ | ०८३/ ०८४ | ०८४/ ०८५ | | | | |
| **प्रतिफल १.२** | उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास भएको हुन | सामाजिक आवास निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ | | | |
| **असर २** | भूकम्पमा भत्केका निजी घर, सार्वजनिक भवन, विद्यालय, र स्वास्थ्य संस्थाको पुनःर्निर्माण सम्पन्न भएको हुने | पुनःर्निर्माण गरिएका घर तथा सार्वजनिक भवन | संख्या | | | | | | | | | | |
| **प्रतिफल २.१** | पुनःर्निर्माण हुन बाँकी रहेका निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ संस्थाको पुननिर्माण सम्पन्न भएको हुने | भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक भवन निर्माण | संख्या | | | | | | | | | | |

**६.७.९ अपेक्षित उपलब्धि**

जनतालाई सेवा प्रवाह गर्न आवश्यक पर्ने सरकारी कार्यालय राख्ने आवश्यक सबै भवनहरूको निर्माण भएको हुनेछ। साथै योजना अवधिमा निर्माण हुने सम्पूर्ण निजी, सामुदायिक तथा सरकारी भवनहरू भवनसंहिता बमोजिम निर्माण भएको हुनेछन्। अव्यवस्थित बसोबास र प्रकोपका कारण विस्थापित परिवारलाई अस्थायी आवासको व्यवस्था गरिएको हुनेछ।

## ६.८ खानेपानी तथा सरसफाइ

### ६.८.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक भुमिका निर्वाह गर्दछ। त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रूपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ। केन्द्रीय तथ्याङ्कअनुसार हालसम्म ८९ प्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको र २१ प्रतिशत जनसङ्ख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ। सरसफाइतर्फ पनि उल्लेख्य प्रगति भई ९९% घरपरिवारले आधारभूत स्तरको सरसफाइ सेवा उपयोग गरिरहेको पाइन्छ। यस योजनाले दुषित पानिजन्य रोगवाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु बृद्धि गर्न, नागरिकको समग्र स्वाथ्य स्थितिमा सुधार गर्न तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकुल सुधार गरेको छ।

### ६.८.२ प्रमुख समस्या

विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले पानीका स्रोतहरूमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ। अपेक्षा अनुरूप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन। मानव बस्तीको विस्तार र विकाससँगै मानव गतिविधिबाट सिर्जित फोहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, खोलानाला, जलाशय तथा समग्र वातावरण प्रदुषित हुँदै गएका छन्।

### ६.८.३ चुनौती तथा अवसर

नेपालको संविधानद्वारा प्रदत्त खानेपानी तथा सरसफाइको अधिकार अनुरूप सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्नु, ह्रास हुँदै गएका सतहगत र भूमिगत खानेपानीका स्रोतको जगेर्ना गर्नु, परिवर्तित संस्थागत संरचानाको सन्दर्भमा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थित विकासको लागि स्थानीय तहको क्षमता अभिबृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

परिवर्तित सन्दर्भमा समुदाय स्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व बृद्धि हुने, जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाइ सेवाको बढ्दो माग, खोलानाला, तालतलैया तथा जलाशाय लगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको सकारात्मक अभिबृद्धि, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारीको सहयोग र सहभागिता, विदेशमा समेत खानेपानी निर्यात गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

### ६.८.४ सोच, लक्ष्य, उद्देश्य, कार्यनीति र रणनीति

**सोच**

स्वच्छ, सुरक्षित, सर्वशुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा।

**लक्ष्य**

सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिबृद्धि गर्ने।

**उद्देश्य**

१. आधारभूत सफा खानेपानी सुविधा शतप्रतिशत  घर परिवारमा पुऱ्याइ  जनस्वास्थ्यमा सुधार गर्नु ।

२. सबै नागरिकलाई आभारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु ।

### ६.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः आधारभूत सफा खानेपानी सुविधा शतप्रतिशत  घर परिवारमा पुऱ्याइ  जनस्वास्थ्यमा सुधार गर्नु । | |
| १.१ आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायको सहभागितामा खानेपानी सेवा पुर्याउने । | १.१.१ सतही, भूमिगत, लिफ्ट, तथा बोरिङ्ग जस्ता विकल्पहरू प्रयोग गरी खानेपानी सुविधा नपुगेका शतप्रतिशत घरहरूमा एक घर एक धारा' को अवधारणा अनुरूप आधारभूत खानेपानीको व्यवस्था गरिनेछ । |
| १.२ हाल वितरित खानेपानीको सेवा विस्तार गर्ने तथा स्तर वृद्धि गर्ने  | १.२.१ नगरपालिका तथा मुख्य बजार क्षेत्रका खानेपानी सुविधालाई मध्यम देखि उच्चस्तरमा स्तरोन्नति गर्न सम्भाव्यता अध्ययन र क्रमबद्ध निर्माण गरिनेछ । |
| १.३ आयोजना समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाको उचित मर्मत सम्भार, पुनर्स्थापना तथा समयसापेक्ष सेवास्तर अभिबृद्धि गर्दै जाने । | १.३.१ खानेपानी सुविधाको बर्गिकरण गरी र सोही अनुसार शुल्क निर्धारण गरी शुल्क संकलन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>१.३.२ सेवा सञ्चालनमा समयसापेक्ष सुधार गर्न आयोजनाको भौतिक संरचनागत सुधारका साथै उपभोक्ता समितिको क्षमता विकासका कार्यलाई प्रभावकारी रूपमा अघि बढाइनेछ । |
| १.४ खानेपानी स्रोत तथा जलाधार क्षेत्रको पहिचान र मुहान  संरक्षण गर्ने । | १.४.१ आयोजना क्षेत्रको जलाधार सीमा र त्यस क्षेत्रभित्रका सतह तथा भूमिगत पानीका स्रोतहरूको पहिचान गरी समुदायलाई सुसूचित गरिनेछ र संरक्षणका लागि उपभोक्ता तथा समुदायलाई परिचालन गरिनेछ ।<br>१.४.२ परम्परागत पानी पोखरी, ढुंगेधारा र  मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरूपको समेत जगेर्ना गरिनेछ ।<br>१.४.३ सञ्चालित खानेपानी आयोजनाको बाँधदेखि माथिल्लो खण्ड र तल्लो खण्डको मर्फोलोजी (Morphology) मा आएको परिवर्तनको अध्ययन गरिनेछ र आवश्यकता हेरी व्यवस्थापनका उपाय अबलम्बन गरिनेछ । |
| उद्देश्य २ः सबै नागरिकलाई आभारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी  वातावरणीय स्वच्छता कायम गराउनु,। | |
| २.१ नगरपालिका भित्रका  बजार र मुख्य बस्तीहरुमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | २.१.१ सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था गरिनेछ । |
| २.२ बजार तथा मुख्य बस्ती क्षेत्रमा सरसफाई सेवाको स्तरवृद्धि गर्ने । | २.२.१ फोहोर तथा ढल ब्यवस्थापन गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा विकास तथा ब्यवस्थापन गरिनेछ ।<br>२.२.२ प्रदूषणको न्यूनीकरणका लागि 3R (Reuse, Recycle, Reduce) प्रक्रियाबाट फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।<br>२.२.३ नगरस्तरीय एउटा डम्पिङ स्थल र प्रत्येक वडामा फोहोरमैला संकलन केन्द्र बनाइनेछ ।<br>२.२.४ शौचालय तथा घरका फोहोरहरू जम्मा गर्ने, प्रशोधन गर्ने र डिसपोज गर्ने पूर्वाधारहरू विस्तार गरिनेछ ।<br>२.२.५ पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री शौचालयको निर्माण, मर्मत तथा व्यवस्थापन गरिनेछ । |

### ६.८.६ कार्यक्रमका प्राथमिकता

- अधुरा खानेपानी आयोजनाको निर्माण सम्पन्न गर्ने र सम्पन्न भएका आयोजनाको दिगो व्यवस्थापन गर्ने ।
- मुख्य सहरी क्षेत्रमा फोहोर तथा ढल निकासको दिगो व्यवस्थापन गर्ने ।

### ६.८.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १.१ | १.१.१ | | १ घर १ धाराको अवधारण बमोजिम आधारभूत खानेपानी नपुगेका शतप्रतिशत घरमा खानेपानी पुऱ्याउने | प्रतिशत | | ९० | १०० | | | १०० | १०० | ४५००० | |
| २ | | १.२ | १.२.१ | | सम्पुर्ण खानेपानी आयोजनाको गुणस्तर जाँच गरी तथ्याङ्क अद्यावधिक गर्ने । | प्रतिशत | | | | | | | १०० | १०००० | |
| ३ | | | | | निर्माणाधीन तथा बनिसकेका सबै खानेपानी योजनामा पानी छान्ने प्रविधि जडान गर्ने । | संख्या | | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | सबै आयोजनामा | ३०००० | |
| ४ | | १.३ | १.३.१ | | खानेपानी आयोजनाहरूको तथ्याङ्क संकलन, वर्गीकरण, गुणस्तर अनुसार महसुल निर्धारण र कार्यान्वयन गर्ने । | प्याकेज | | १ | | | | | १ | ५०० | |
| ५ | १ | | १.३.२ | | उपभोक्ता समिति, खानेपानी मर्मत सम्भार जनशक्ति, पम्प अपरेटर, मिटर रिडरहरूको क्षमता र दक्षता अभिवृद्धि | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ६ | | १.४ | १.४.१ | | जोखिमयुक्त खानेपानी आयोजनाको अवस्था बारे अध्ययन | पटक | | १ | १ | १ | १ | १ | ५ | २२५०० | |
| ७ | | | १.४.२ | | खानेपानी आयोजना जलाधार क्षेत्र संरक्षण कार्यक्रम | पटक | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | | |
| ८ | | | १.४.३ | | खानेपानी आयोजनाको मुहान-बाध क्षेत्र संरक्षण (माथिल्लो र तल्लो खण्डमा नदी छेउको कटान र थेग्रान सम्वन्धी समस्या नियन्त्रण गर्न संरचनात्मक र गैर-संरचनात्मक विधि) | प्याकेज | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | ३५०० | |
| ९ | २ | २.१ | २.१.१ | | सार्बजनिक शौचालयको निर्माण | संख्या | १० | | | | | | २० | सहरी विकासमा समाबेश | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १० | | २.२ | २.२.१ | | फोहोर व्यवस्थापन गुरुयोजना निर्माण | संख्या | ० | १ | | | | | १ | ३००० | |
| ११ | | | २.२.३ | | डम्पिङ स्थलको सम्भाव्यता अध्ययन तथा निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | १ | ४०००० | |
| १२ | | | | | वडास्तरीय फोहोरमैला संकलन केन्द्र निर्माण | संख्या | ० | १० | १० | १० | १० | १० | | १०००० | |
| १३ | | | २.२.४ | | फोहोर संकलन, प्रशोधन तथा डिस्पोजलका पूर्वाधार निमाण तथा जनशक्तिका व्यवस्था | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | | ९००० | |

## ६.८.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुमं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** आधारभूत तथा गुणस्तरीय पानी र सरसफाईमा नागरिकको पहुच पुगेको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | आधारभुत खानेपानीमा शतप्रतिशत घरपरिवारको पहुँच स्थापित भएको हुने | आधारभूत खानेपानीमा पहुँच पुगेको घरपरिवारको अनुपात | प्रतिशत | ८० | | | | | १०० | १०० | | | | ५ | ६ | ७ |
| **प्रतिफल १.१** | एक घर एक धारा भएको हुने | धाराको मिटर संख्या | संख्या | | | | | | | | | | | ५ | ६ | ७ |
| **प्रतिफल १.२** | मुख्य बजार(वेल्टार, वडा नं ७, धामीछाप, वडा नं.५, वडा नं १० मुसरनिया) र विरेन्द्रचोक वडा नं ३ मा मध्यम तथा उच्च स्तरको खानेपानी सुविधा पुगेको हुने | मध्यम तथा उच्च स्तरको खानेपानी पहुँच पुगेको घरपरिवारको अनुपात | प्रतिशत | | | | | | | १०० | | | | ५ | ६ | ७ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीगाल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८० / ०८१ | ०८१ / ०८२ | ०८२ / ०८३ | ०८३ / ०८४ | ०८४ / ०८५ | | | | | | | |
| **प्रतिफल १.३** | खानेपानी आयोजना निर्माणको लागत सहभागिता सहित मर्मतसम्भार र व्यवस्थापनको स्वामित्व लिन उपभोक्ताहरू प्रोत्साहित भएको हुने | स्वामित्व लिने उपभोक्ता समिति | संख्या | | | | | | | | | | | ५ | ६ | ७ |
| **प्रतिफल १.४** | संवेदनशील जलाधार तथा मुहान क्षेत्र संरक्षण भएको हुने | संरक्षित मुहान क्षेत्र | संख्या | | | | | | | | | | | ५ | ६ | ७ |
| **असर २** | आधारभुत तथा गुणस्तरीय सरसफाई सुविधामा शतप्रतिशत घरपरिवारको पहुँच पुगेको हुने | आधारभूत शौचालय प्रयोग गर्ने घरपरिवारको अनुपात | प्रतिशत | ९९ | | | | | १०० | १०० | | | | ५ | ६ | ७ |
| **प्रतिफल २.१** | थप सार्बजनिक शौचालयको निर्माण भएको हुने | सार्बजनिक शौचालयको संख्या | संख्या | १० | | | | | २० | २० | | | | ५ | ६ | ७ |
| **प्रतिफल २.२** | प्रदूषणको न्यूनीकरणका लागि 3R (Reuse, Recycle, Reduce) प्रक्रियाबाट फोहोरमैला व्यवस्थापन गर्ने कार्य अभियानका रुपमा सञ्चालन भएको हुने | विन प्रयोग गर्ने घरपरिवार | संख्या | | | | | | | ४७५१ | | | | ५ | ६ | ७ |
| **प्रतिफल २.३** | फोहोर प्रशोधन गर्ने र डिसपोज गर्ने पूर्वाधारहरू विस्तार भएको हुन | पूर्वाधार निर्माण गरिएका वडा र पालिका | संख्या | ० | | | | | ११ | ११ | | | | ५ | ६ | ७ |

### ६.८.९ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा शतप्रतिशत घरधुरीमा १ घर १ धारा सहित गुणस्तरीय खानेपानीको सुबिधा पुगेको हुनेछ। नगरपालिकास्तरिय फोहोरमैलाको डम्पिङ साइट निर्माण भएको हुने र प्रत्येक वडामा फोहोरमैला संकलन तथा प्रशोधन केन्द्र बनेको हुनेछ भने नगर स्वच्छ र सफा राख्नको निमित्त प्रमुख बजार क्षेत्र तथा बस्तिमा सार्बजनिक शौचालयको व्यवस्था भएको हुनेछ।

# परिच्छेद ७ : वन, वातावरण तथा प्रकोप व्यवस्थापन

## ७.१ वन, वातावरण तथा प्रकोप व्यवस्थापन

### ७.१.१ पृष्ठभूमि

चौदण्डीगढी नगरपालिकाको विकासमा उपयोगी स्थानीय स्रोत मध्ये वन एउटा प्रमुख हो । वातावरणीय क्षय देखि विविध प्रकारका प्रकोपहरु वनको संरक्षण र विस्तारसँग सम्बन्धित छन् । दिगो विकासका लक्ष्य पुरा गर्न मात्र नभएर स्थानीय जीविकोपार्जन तथा समृद्धि सुनिश्चित गर्न पनि वन, वातावरण तथा प्रकोप व्यवस्थापन पूर्वशर्त हो । अव्यवस्थित बसोबास, कृषि गतिविधि, उद्योगधन्दाको स्थापना, वनजन्य स्रोतको चोरी निकास तथा वातावरणीय स्रोतमाथि अवाञ्छित गतिविधि लगायतका मानवीय क्रियाकलापको समुच्च प्रभाव जलवायु परिवर्तनमा परिरहेको छ ।  जलवायु परिवर्तनका जोखिम न्यूनिकरण गरी बसाइँसराइ नियन्त्रण, उद्योगधन्दा स्थापना तथा सञ्चालन, रोजगारी सिर्जना तथा दिगो जीविकोपार्जन कायम राख्न वन, वातावरण तथा प्रकोपको समुचित व्यवस्थापन गर्नु आवश्यक छ ।

### ७.१.२ प्रमुख समस्या

भूमिको उत्पादकत्वमा ह्रास आउनु, प्राकृतिक प्रकोपहरूमा वृद्धि हुनु, भूक्षय, बाढी पहिरो नदी कटानीमा वृद्धि हुनु वनको राजश्वमा वृद्धि हुन नसक्नु, पानीको मुहान र श्रोतहरू सुक्दै/घट्दै जानु, नदीको सतहमा सेडिमेन्टेसन बढ्दै जानु, जलवायु परिवर्तनका असर बढ्दै जानु (वर्षा, तापक्रममा अनिश्चितता, वनस्पती), वनको हैसियतमा ह्रास आउनु, वन्यजन्तु, पंक्षी, सरिसृप प्रजाति आदिको बासस्थानमा ह्रास हुनु, वन्यजन्तु एवं वन्य जडिबुटीहरु लोप हुनु, वन, जैविक विविधता तथा जलाधारमा ह्रास आउनु, वनको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु, भू-उपयोग अव्यवस्थित हुनु यस क्षेत्रका प्रमुख समस्याहरु देखिन्छन् ।

### ७.१.३ चुनौती तथा अवसर

सबै घरधुरीलाई वन समूहमा आवद्ध गर्नु, वनको फडानी तथा खोरीया फडानी रोक्नु, जनतामा वनको पर्यावरणीय महत्वको बारेमा कम जानकारी गराउनु, वन क्षेत्र नियमावली, निति, निर्देशिका तथा जैविक विविधता एवं जलाधार व्यवस्थापनको नीति, निर्देशिकाको कार्यान्वयमा गर्नु, क्षतिग्रस्त भएका जग्गा तथा भूमीहरुको संरक्षण र व्यवस्थापन गर्नु र लोपोन्मुख जडीबुटीहरु तथा वन्यजन्यको संरक्षण एवं व्यवस्थापन चुस्त बनाउनु चुनौी रहेका छन् । प्रकृति संरक्षण सम्बन्धी सन्धी, अभिसन्धी ऐन, नीति, नियम, निर्देशिका कार्यान्वयनमा आउनु, जैविक विविधता प्रचुर रुपमा उपलब्ध हुनु, वन क्षेत्रको छत्र ढकाई तथा गुणस्तरमा वृद्धि हुनु, वैकल्पिक ऊर्जा (बायोग्याँस, सौर्य ऊर्जा) को प्रयोग र विस्तार बढ्नु, अजलाधार क्षेत्र/जलाधार क्षेत्रहरुको व्यवस्थापन तथा संरक्षणमा वृद्धि हुनु, संरक्षण क्षेत्रका साझेदारहरूको सहयोगको निरन्तरता कायम हुनु जलवायु परिवर्तन सम्बन्धी सन्धि, अभिसन्धि, नीति, नियम, निर्देशिका आदि कार्यान्वयनमा आउनु अवसरका रुपमा रहेका छन् ।

### ७.१.४ क्षेत्रगत सोच, लक्ष्य उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

दीगो वातावरणीय विकास ।

**लक्ष्य**

वन संरक्षण, प्रकोप नियन्त्रण तथा वातावरणीय शुद्धता कायम गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि हुनेछ

२. नागरिकहरुलाई सबैखाले प्रकोप, जोखिम तथा विपदबाट सुरक्षित राख्ने

३. पर्यावरणीय सन्तुलन, प्रकृतिक सम्पदा, संरक्षण र वातावरणीय सेवा बाट लाभ वृद्धि गर्दै जनताको क्षमता अभिवृद्धि गर्नु

### ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उदेश्य १ः दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु | |
| १.१. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने<br>१.२. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने | १.१.१. दीगो विकास र पर्यावरण सन्तुलन कायम गर्न जलाधार, वन तथा संरक्षित क्षेत्रहरुको व्यवस्थापन पद्धतिलाई समावेशी र सहभागितामूलक बनाउँदै लगिनेछ ।<br>१.१.२. वन, जलाधार तथा जैविक विविधता व्यवस्थापनमा सहभागितामुलक पद्धती अवलम्बन गरी समग्र वन र वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।<br>१.१.३. वन पैदावर तथा सम्पदामा आधारित उद्योग व्यवसायको विकास र विस्तारका लागि सार्वजनिक सामुदायिक नीजि, सहकारी क्षेत्रको साझदारीका माध्यमबाट लगानी प्रवर्धन गरिनेछ ।<br>१.१.४. वन तथा वातावरण क्षेत्रमा लगानी बढाउन नीजि, सरकारी र गैर संस्था लाई प्रोत्साहन गरिनेछ ।<br>१.२.१. वन श्रोतमा आश्रित विपन्न, महिला, दलित, आदीबासी जनजातीहरुको जीविकोपार्जन सुधारका लागि सीप तथा क्षमता अभिबृद्धि, सशक्तिकरण र हरित आयमूलक तथा रोजगारीमूलक कार्यक्रम संचालन गरिनेछ ।<br>१.२.२. एक सामुदायिक वन एक उद्यम, जडिबुटी खेती तथा वनमा आधारित अन्य उद्यम विकासका विशेष कार्यक्रमको माध्यमबाट ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ । |
| उदेश्य २ः नागरिकहरुलाई सबैखाले प्रकोप, जोखिम तथा विपदबाट सुरक्षित राख्ने | |
| २.१. नगरको विविन्न जोखिम पहिचान गरी न्यूनीकारणका उपाय, विधि तथा स्रोत साधन परिचालन गरी मानवीय र आर्थिक क्षति कम गर्ने | २.१.१. जोखिमयुक्त पहिरो तथा बाढीहरुको प्राथमिकारण गरि नियन्त्रण कार्यक्रम लागु गरिनेछ<br>२.१.२. विषेश प्रकृतिका विपदहरुबाट बच्नका लागि पुर्वचेतना प्रविधिहरु अवलम्वन गरिनेछ<br>२.१.३. सहभागीमुलक विधिबाट जोखिम व्यवस्थापन योजना बना त्यसमा जानकारी र जागरण गरिनेछ<br>२.१.४. जोखिमउक्त आवासीय घरहरु सुरक्षित ठाउँमा पुनस्थापना गरिनेछ । |
| उदेश्य ३ः पर्यावरणीय सन्तुलन, प्रकृतिक सम्पदा, संरक्षण र वातावरणीय सेवा बाट लाभ वृद्धि गर्दै जनताको क्षमता अभिवृद्धि गर्नु | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१. जैविक विविधता, पर्यवरणीय सेवा तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्न भूपरिधि क्षेत्रहरुको पहिचान, वर्गीकरण र उपयुक्त व्यवस्थापन गरिनेछ। | ३.१.१. नगरको जैविक विविधता तथा जलाधार संरक्षणको लागी एकीकृत योजना तर्जुमा तयार गरी कार्यक्रम संचालन गरिनेछ।<br>३.१.२. कार्बन उत्सर्जन गर्ने स्थानीय स्रोतहरु जलवायुमैत्री प्रविधिमा रुपान्तरण गरिनेछ<br>३.१.३. वन समूहहरूलाई जिम्मेवार बनाई अनियन्त्रित डडेलो तथा अव्यवस्थित चरिचरन नियन्त्रण गरिनेछ।<br>३.१.४. जलवायु अनुकुलन शिक्षा र पद्दतिलाई प्रवद्धन गरिनेछ<br>३.१.५. जैविक विविधता तथा जलवायु अनुकुलन स्थानीय अनुकुलन योजनामा समावेश गरिनेछ |

**७.१.६ प्रमुख कार्यक्रम**

- वनको क्षेत्रफल वृद्धि गर्ने।
- वनबाट प्राप्त राजश्वमा वृद्धि गर्ने।
- वृक्षारोपण क्षेत्र विस्तार गर्ने।
- डढेलो, बाढी, पहिरो, नियन्त्रण गर्ने।
- वन, जलाधार र संरक्षित क्षेत्रको व्यवस्थापनबाट रोजगारी सिर्जना गर्ने।
- फोहोरमैला व्यवस्थापनाका लागि ल्याण्डफिल क्षेत्र स्थापना गर्ने।

### ७.१.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. | १.१ | १.१.१. | क,ख | १ घर १ बिरुवा को अवधारणा | संख्या | | | | | | | प्रत्येक घरधुरी | ५०० | |
| २ | | | १.१.२. | क,ख,ग | सामुदायिक निजी, तथा सार्बजनिक वन क्षेत्र भित्र गैर काष्ठ वनपैदावारहरु को उत्पादन बृदि | प्याकेज | | | | | | | आवश्यकता अनुसार | | |
| ३ | | १.२. | १.२.१. | क,ख | त्रीयुगा, उच्च जल प्रवाह हुने क्षेत्र साथै सुनकोशी क्षेत्रमा व्यवस्थित तटबन्धन निर्माण | कि.मि. | | | | | | ३० | आवश्यकता अनुसार | ९००० | |
| ४ | | | १.२.२. | क | अग्नि रेखा निर्माण | प्याकेज | | | | | | | आवश्यकता अनुसार | १००० | |
| ५ | २. | २.१. | २.१.१. | क,ख | प्रकोप व्यबस्थापनका लागि आवस्यक पुर्व तयारी उद्धार विधि तयार गर्ने, | प्याकेज | | | | | | | आवश्यकता अनुसार | ५०० | |
| ६ | | | | क,ख | दमकलको व्यवस्था | संख्या | | | | | | | १ | २०००० | |
| ७ | | | २.१.२. | क,ख,ग | बाझो जमिन खोला नदी किनार भुक्षय हुने क्षेत्रमा उत्पादक मुलक फलफुल, घाँस आदि प्रजातिका बिरुवा वितरण र वृक्षारोपण गर्ने | रुख संख्या | | ४०० | ६०० | | १००० | | २००० | | |
| ८ | ३ | ३.१. | ३.१.२ | क,ख,ग | माथिल्लो भू-भाग, जंगल, सार्वजनिक स्थलमा आकाशे पानी पोखरी निर्माण गर्ने | संख्या | | ३ | २ | २ | १ | २ | १० | ५००० | |
| ९ | | | ३.१.३. | क,ख,ग | जलवायु परिबर्तन सम्बन्धि जनचेतना मुलक कार्यक्रम | प्याकेज | | | | | | | सबै वडामा | ३००० | |
| १० | | | ३.१.६ | क,ख,ग | नगरस्तरीय डम्पिंग साइटको निर्माण | संख्या | | | | १ | | | | पूर्वाधार योजनामा समावेस | |

**७.१.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रममुंस संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभाव १:** वातावरणमा सन्तुलन कायम भई दीगो जीविकोपार्जनका अवसरमा बृद्धि भएको हुनेछ। | | | | | | | | | | | | | | | | |
| **असर १** | वन, जलाधार र संरक्षित क्षेत्रको व्यवस्थापनबाट प्रत्यक्ष लाभन्वित जनसंख्या | वनको क्षेत्रफल | हे. | | | | | | | | | | | **८** | ७ | १५ |
| | | वन क्षेत्रबाट रोजगारी सिर्जना | संख्या | | | | | | | | | | | **८** | ७ | १५ |
| **प्रतिफल १.१** | वनको वैज्ञानिक व्यवस्थापनबाट वनको स्थितिमा सुधार भएको हुनेछ। | नर्सरी स्थापना | हे. | | | | | | | | | | | **८** | ७ | १५ |
| | | वृक्षारोपण | हे. | | | | | | | | | | | **८** | ७ | १५ |
| **प्रतिफल १.२** | वन सम्बन्धी उद्यम र वनमा आधारित जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ। | जडिबुटी खेती | हे. | | | | | | | | | | | **८** | ७ | १५ |
| **प्रतिफल १.३.** | वन तथा संरक्षीत क्षेत्रको व्यवस्थापनबाट जैविक विविधता संरक्षण भएको हुनेछ | वन डढेलो नियन्त्रण | | | | | | | | सबै वन क्षेत्रमा | | | | **८** | ७ | १५ |
| | | सीमसार क्षेत्र संरक्षण | हे. | | | | | | | स्थान अनुसार | | | | **८** | ७ | १५ |
| | | पानीको मुहान संरक्षण | संख्या | | | | | | | स्थान अनुसार | | | | **८** | ७ | १५ |
| | | उन्नत जातको विरुवा वितरण | संख्या | | ५०० | ५०० | ५०० | | | १५०० | | | | **८** | ७ | १५ |
| **प्रभाव २:** प्राकृतिक प्रकोपको एकीकृत र वैज्ञानिक व्यवस्थापन भई मानवीय तथा आर्थिक क्षति न्यूनिकरण भएको हुनेछ। | | | | | | | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दीगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **असर २** | प्रकोपबाट मृत्यु हुने जनसंख्या | दैवीक प्रकोप, जोखिममा परेको उद्धार | संख्या | | | | | | | आवश्यकता अनुसार | | | | ८ | ६ | ११ |
| | | आपतकालीन समयमा काम लाग्ने जनशक्ति | संख्या | | | | | | | आवश्यकता अनुसार | | | | ८ | ६ | ११ |
| **प्रतिफल २.१** | प्रकोप नियन्त्रणमा संस्थागत क्षमता वृद्धि भएको हुनेछ। | प्रकोप नियन्त्रण जनशक्ति तालिम | संख्या | | | | | | | आवश्यकता अनुसार | | | | ८ | ६ | ११ |
| | | दैवी प्रकोप (बाली, जनावर र जीवन) विमाको व्यवस्थापन | प्याकेज | | | | | | | सबै वडामा | | | | ८ | ६ | ११ |
| | | भूकम्प प्रतिरोधात्क घर निर्माण सचेतना | संख्या | | | | | | | सबै वडामा | | | | ८ | ६ | ११ |
| | | प्रकोप अध्ययन तथा अनुसन्धान गरी पुस्तिका प्रकाशन गर्ने | संख्या | | | | | | | १ | | | | ८ | ६ | ११ |

### ७.१.९ अपेक्षित उपलब्धि

१. नगरपालिकाभित्रको सम्पूर्ण वनको सुरक्षा तथा संबर्धन भएको हुनेछ ।

२. वनमा आधारित उद्योगको संख्या दोब्बर भएको हुनेछ ।

३. वन तथा बनजन्य स्रोतमा आधारित रोजगारीको संख्या बढेको हुनेछ ।

# परिच्छेद ८ :संस्थागत विकास तथा सुशासन

## ८.१ संस्थागत विकास

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूसमेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ । नगरवासीहरूको माँग सम्वोधनका लागि यो नगरपालिका संस्थागत रुपमा सबल हुनुपर्दछ । विशेष गरी यस्ता मागहरू सम्वोधन गर्न दक्ष कर्मचारीहरूको आवश्यकता पर्दछ । कर्मचारीहरूको क्षमता विकास संस्थागत विकासको आधार हो । यसैगरी नगरका सरोकारवालाहरूको क्षमता विकास, नगर विकासका सिद्धान्त, नीति, वजेत तथा कार्यविधिहरूको वारेमा सरोकारवालाहरूलाई जानकारी, समावेशी तथा सहभागितामूलक विकास निर्माण, नगर विकासमा लक्षित समुदाय, गरिव, सिमान्तकृत, अल्पसंख्यक सिमान्तकृत समुदाय, आदिवासी, पिछडा वर्गहरूको पहुँच अपरिहार्य मानिन्छ ।

आवधिक योजनामा प्रस्तावना भएका नीति, कार्यक्रम तथा योजनाहरू नगरवासीहरूले भोगेका सवै खाले समस्याहरू सम्वोधन गरी नगरवासीहरूको आवश्यकता, चाहना, आर्थिक उन्नति, लगायतका मुद्दाहरू सम्वोद्धन गर्ने सवै दल, वर्ग, समुदायहरू अर्थात नगरवासीहरूको साझा मुद्दालाई सम्वोधन गर्न स्थानिय सरकारको संस्थात संरचना  मजवुद हुन आवश्यक छ । योजनालाई कार्यान्वयन गरी समृद्ध नगर निर्माण गर्न केन्द्रीय सरकार, नगर क्षेत्रमा कार्यरत जिल्ला स्तरीय विषयगत कार्यालयहरू, संघसंस्था, निजी क्षेत्र, स्थानीयवासीहरू, दातृ निकायहरू, नगर विकास कोष लगायतका अन्तरराष्ट्रिय वित्तिय संस्थाहरूको सहयोग अनिवार्य हुन्छ । जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ । स्थानीय स्वायत्त शासनअन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक कुराहरूको सुनिश्चितता हुने देखिएको छ ।

### ८.१.२ प्रमुख समस्या

सार्वजनिक सेवा प्रवाह छिटो-छरितो, नतिजामूलक र प्रभावकारी नहुनु, कार्यसम्पादनमा ढिलासुस्ति हुनु, आधारभूत संरचनाको अभाव रहनु, मानवसंसाधनको आपूर्ति हुन नसक्नु, सेवा प्रवाह गर्नको लागि आवश्यक प्राविधिक र अप्रविधिक दुबै प्रकृतिका कर्मचारीको अभाव, विद्यमान कर्मचारी तथा जन प्रतिनिधिहरुमा आवश्यक सिप, ज्ञान र उत्प्रेरणा नभएको, सेवा प्रवाहमा शु-शासन तथा जवाफदेहिताका अस्पष्टता रहेको, सामाजिक सशक्तिकरण तथा समाजिक परिचालन प्रभावकारी नभएको, श्रोत परिचालनमा दीर्घकालिलन सोंचको विकास हुन नसकेको,  कमजोर वालमैत्री तथा अपाङ्गमैत्री संस्थागत संरचना निमार्ण हुन नसकेको आदी यस क्षेत्रमा देखिएका समस्याहरु हुन् ।

### ८.१.३ चुनौती तथा अवसर

संघ, प्रदेश सरकार, न.पा., र गैर सरकारी संस्थासँग समन्वय गरी श्रोत व्यवस्थापन गर्ने । निमार्ण सामाग्रीहरु स्थानिय तहमै उपलब्ध हुने संघीय र प्रदेश सरकारबाट व्यवस्थापनको लागी कानुनि तहबाटै समन्वय गर्नु, परामर्शदता, स्थानिय समुदाय, नगरपालिका, वडा र प्रदेश सरकार सँगको सहकार्य गर्नु, सिमित बजेटको दायाराभित्र रहेर न्युनतम संस्थागत विकास गर्नु, संस्थागत विकास तथा सुशासनसम्बन्धी कार्यक्रमको कार्ययोजना तर्जुमा तथा अद्यावधिक गरी कार्यक्रम सञ्चालन गर्नु यस क्षेत्रमा देखिएका चुनौतिहरु हुन् ।

विकास व्यवस्थापन र सेवा प्रवाह सम्बन्धी सान्दर्भिक ऐन, नियम, निर्देशिका र कार्यविधि (सुशासन, सेवा प्रवाह र योजना व्यवस्थापनसम्बन्धी) कार्यान्वयनमा रहनु, मुलक संघिय प्रणालीमा प्रवेश गरि सोहि बमोजिक अगाडि बढिरहनु, अधिकार प्रत्योजना तल्लो तहसम्म पुग्नु । स्थानिय सरकार सञ्चालन ऐन २०७४ लागु हुनु । नागरिकमा सचेतना र जागरुकतामा वृद्धि हुँदै जानु, विकास साझेदार र गैससको सहयोगमा वृद्धि हुनु, समुदायमा आधारित संस्थाहरुको स्थानीयस्तरमा उपस्थिति तथा क्रियाशीलता हुनु, संचार माध्यमहरुको उपस्थिति/क्रियाशीलता रहनु, कार्यालयहरुमा सूचना तथा संचार प्रविधि उपलब्ध हुनु, विषयगत कार्यालयहरुको वस्ति स्तरसम्मको ईकाई/संरचना र संजाल उपलब्ध हुनु, कार्यसम्पादनमा आधारित अनुदान प्रणालीको अभ्यास सुरु हुनु, सुशासन र जवाफदेहिताका औजारहरु उपलब्ध हुनु, आधारभूत मानव संसाधन उपलब्ध हुनु, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरिक्षणको अभ्यास चल्नु यस क्षेत्रका अवसरहरु हुन् ।

### ८.१.४ क्षेत्रगत सोच, लक्ष्य उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

संस्थागत सुदृढिकरण र सुशासन सहितको नगरपालिका

**लक्ष्य**

सेवा प्रवाहमा संस्थागत सबलिकरण गर्दै स्थानिय सुशासनको सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. संस्थागत विकासद्धारा स्थानिय जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा तथा सुविधा प्रदान गर्ने ।

२.स्थानीयस्तरमा सेवा प्रवाह समावेशी, समन्यायिक, नतिजामूलक र प्रभावकारी बनाउने ।

### ८.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: स्थानीयस्तरमा सेवा प्रवाह समावेशी, समन्यायिक, नतिजामूलक र प्रभावकारी बनाउने । | |
| १.१ समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानूनी र संस्थागत आधार तयार गर्ने । | १.१.१ नगरपालिकाको नीति, योजना, कानून तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ । |
| उद्देश्य २: संस्थागत विकासद्धारा स्थानिय जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा तथा सुविधा प्रदान गर्ने । | |
| २.१ नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने। | २.१.१ सेवा प्रवाहको लागि आवश्यक नीतिगत र कानूनी आधार तयार गरी संस्थागत संरचनाको विकास गरिनेछ ।<br>२.१.२ सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदि जारी गरी कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१.३ स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ । |

**८.१.६ कार्यक्रमका प्राथमिकता**

- वडागत सूचना केन्द्र तथा वडा कार्यलय व्यवस्थापन ।
- हेल्प डेक्सको व्यवस्थापन ।
- नियमित सार्वजनिक सुनवाई तथा सार्वजनिक लेखा परीक्षण ।
- क्षमता विकास तालिम ।
- सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन्
- सेवा प्रवाहको सुदृढीकरण्
- नियमित व्यवस्थापन परीक्षण ।

### ८.१.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा पिछाडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिने र मूल्याङ्कन गर्ने । | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| २ | २ | २.१ | २.१.१ | | सेवा प्रवाह सम्बन्धी कानूनको निर्माण गर्ने । | संख्या | | १ | | | | | १ | ५०० | |
| ३ | | | २.१.२ | | सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण गर्ने । | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |
| ४ | | | २.१.३ | | साझेदारी कार्यक्रमको मोडल विकास गर्ने । | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |

### ८.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | नगरपालिकका सबै नागरिकलाई प्राप्त हुने लाभमा समान पहुँच र अवसर सुनिश्चित भएको हुने | नगरपालिका पञ्चवर्षीय योजना समावेशी हुने | संख्या | १ | | | | | | १ | | |
| **असर १** | नगरपालिकाबाट प्राप्त हुने लाभको समन्यायिक वितरण भएको हुने | Local Governance Barometer मापन तथा लेखाजोखा कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| **प्रतिफल १.१** | नगरपालिका नीति, योजना, कानून तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्र प्राथमिकतामा परेको हुने | पिछाडिएका क्षेत्रलाई प्राथमिकता दिने (वार्षिक कार्यक्रम र बजेट बनाउँदा) | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| **प्रतिफल १.२** | नगरपालिकामा संस्थागत व्यवस्था भएको हुने | आवश्यक संगठन संरचनाको निर्माण कार्यालयको संख्या) | संख्या | | ११ | | | | | ११ | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **असर २** | संस्थागत विकासद्धारा स्थानिय जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा तथा सुविधा प्रदान गर्ने वातावरण सिर्जना भएको हुने | सरकारी सेवा प्रति सन्तुष्ट जनता | प्रतिशत | | | | | | | १०० | | " |
| **प्रतिफल २.१** | सेवा प्रवाहको लागि आवश्यक नीतिगत र कानूनी आधार तयार भई संस्थाग संरचनाको विकास भएको हुने | सेवा प्रवाह सम्बन्धी कानूनको निर्माण | संख्या | २२ | ८ | | | | | ३० | | |
| **प्रतिफल २.२** | सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदिको कार्यान्वयन भएको हुने | सेवा प्रवाह सम्बन्धी मापदण्डको निर्माण | संख्या | २२ | ८ | | | | | ३० | | |
| **प्रतिफल २.३** | स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी भएको हुने | साझेदारी कार्यक्रमको मोडलको विकास | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " |

### ८.१.९ अपेक्षित उपलब्धि

नगरपालिका कार्यालय, शाखा र वडा कार्यालय व्यवस्थित हुनेछ। क्षमता विकास योजना प्रभावकारी रुपले लागु भएको हुनेछ। नगरपालिकामा उपयुक्त सूचना केन्द्रको विकास भएको हुनेछ। नगरवासीहरूका जिज्ञासा एवं गुनासो सुन्ने व्यवस्था भएको हुनेछ। नगरपालिकाको विकास निर्माण र निर्णयहरूबारे नगरबासीहरू सुसुचित हुनेछन्। नगर विकास सम्वन्धी कार्यको सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ । विषयगत शाखा स्थापना भएको हुनेछ । नगरपालिकाको विकाससँग सम्वन्धित सरकारी स्थानीय निकाय एवं गै.स.सं.हरूको सांगठनिक र प्रशासनिक क्षमतामा उल्लेखनीय तवरले वृद्धि भएको हुनेछ। .नगरपालिकाको गतिविधिहरू तथा विकास निर्माणका खर्चहरू सार्वजनिक भएका हुनेछन्। निर्माण सम्बन्धि मापदण्डहरू, भवन निर्माण संहिता, निर्माण निर्देशिकाहरू लागु भएका हुनेछन्। नागरिकहरूका लागि प्रवाह हुने सेवा थप प्रभावकारी भएको हुनेछ। समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएका हुनेछन्। सामाजिक सुरक्षा कार्यक्रम बैङ्किङ प्रणालीमा पूर्ण आबद्ध भई व्यवस्थित भएको, बालमैत्री स्थानीय शासन कार्यक्रमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा उल्लेखनीय सुधार भएको र दिगो आर्थिक सामाजिक विकास, प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ ।

## ८.२ शासकीय सुधार

### ८.२.१ पृष्ठभूमि

नागरिकका सामाजिक आर्थिक आकाङ्क्षा पूरा गर्दै अगाडि बढ्न शासन सञ्चालनका लागि प्रयुक्त पद्धति र औजारलाई निरन्तर परिष्कृत गर्दै लैजानु आवश्यक पर्दछ । नागरिकले संविधान प्रदत्त आधारभूत मौलिक हकको वास्तविक अनुभूति गर्न सक्ने वातावरण विकास गर्न समेत यो अपरिहार्य हुन्छ । सङ्घीय शासन प्रणाली अनुरूप स्थानीय क्षेत्रमा सेवा प्रवाहका लागि आधार तयार भएसँगै नयाँ प्रकृतिको अभ्यासलाई व्यवस्थित गर्ने, आवश्यक कानुनी ढाँचाको विकास गर्ने र विभिन्न तहबीच समन्वय र सहकार्यलाई अभ्यासमा उतार्ने काम भइरहेका छन् । स्थानीय तहलाई संविधान निर्देशित उत्तरदायित्व पूरा गर्न सक्षम तुल्याउन विधायिकी, व्यवस्थापकीय र न्यायिक क्षमता अधिबृद्धि गर्ने, विकासको व्यवस्थापन गर्न सक्षम तुल्याउने र आवश्यक सहयोग, समन्वय र अनुगमन सम्बन्धी कार्य हुँदै आइरहेका छन् ।

### ८.२.२ प्रमुख समस्या

जनतासँग प्रत्यक्ष सम्बन्धित सेवाप्रवाह र विकासको व्यवस्थापन तथा सञ्चालनको दायित्व स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिबृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शीता र जवाफदेहिताको प्रणाली पूर्ण रूपमा विकास भइनसक्नु, विभिन्न तहबीच पर्याप्त समन्वय हुन नसक्नु, सुशासन र सार्वजनिक उत्तरदायित्व अपेक्षित रूपमा वहन हुन नसक्नु प्रमुख समस्या रहेका छन् ।

### ८.२.३ चुनौती तथा अवसर

संविधानले निर्दिष्ट गरे अनुरूप सार्वजनिक क्षेत्रमा पारदर्शीता, निष्पक्षता र प्रभावकारिता कायम गरी उत्तरदायित्व वहन गर्दै जनताको घर दैलोमा सेवा पुऱ्याउनु, विकास प्रशासनको क्षमतामा अभिबृद्धि गर्नु, सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाउनु, समन्वयको प्रभावकारी प्रणाली अवलम्बन गरी जनतामा उत्साह पैदा गर्नु, पारदर्शीता र जवाफदेहिताको स्तर सुदृढ बनाउनु, शासन सञ्चालनमा सदाचार र मितव्ययीता कायम गर्नुजस्ता चुनौती रहेका छन् ।

निर्वाचनबाट स्थानीय तहमा राजनीतिक संरचनाहरू तयार भई मुलुक लामो समयदेखिको राजनीतिक अस्थिरता र संक्रमणबाट मुक्त हुनु, जनतामा शिक्षा र चेतनाको स्तर बढ्नु र नजिकको सरकारबाट हुने काम कारवाहीमा उनीहरूको निगरानी हुन सक्ने सहज वातावरण तयार हुनु, विकास आयोजनाहरूको प्राथमिकीकरण र कार्यान्वयनमा स्थानीय जनताको सहभागिता बढाउन अनुकुल अवस्था रहनु, संविधानको कार्यान्वियन र विकासको लक्ष्यमा पुग्न अनुकुल वातावरण तयार हुनु प्रमुख अवसर हुन् ।

### ८.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन ।

**लक्ष्य**

स्थानीय शासन व्यवस्थामाथि नागरिकको विश्वास अभिबृद्धि गर्दै विधिको शासन सुदृढ बनाउने ।

**उद्देश्य**

स्थानीय निकायका काम कारवाहीहरूलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिबृद्धि गर्नु ।

### ८.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: स्थानीय निकायका काम कारवाहीहरूलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिबृद्धि गर्नु । | |
| १.१ कानून तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने । | १.१.१ छिटो छरितो, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानूनी तथा नीतिगत आधार तयार गरिनेछ ।<br>१.१.२ सरकारी कार्यालयमा ई गभर्नेन्स लागु गरी आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रुपमा स्थापित गरिनेछ ।<br>१.१.३ सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ ।<br>१.१.४ सबै सार्वजनिक निकायमा नागरिकवडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ । |
| १.२ सरकारी काम कारवाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने । | १.४.१ सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ ।<br>१.४.२ सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरी नगरपालिकाबाट गरिएका काम कारबाही पारदर्शी बनाई नगरपालिकाप्रति नागरिकको सकारात्मक छवि निर्माण गरिनेछ । |

### ८.२.६ कार्यक्रमका प्राथमिकता

- शासकीय प्रकृया चुस्त बनाउन नगरपालिकाको कार्यालयमा विशेष कक्ष (Action Room) खडा गरी  कार्यक्रमलाई सुदृढ गर्ने ।

### ८.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | | | १.१.१ | | नगरपालिका निजामति सेवासम्बन्धी कानून निर्माण गर्ने । | संख्या | | १ | | | | | १ | ५०० | |
| २ | | | | | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने (वार्षिक पुरस्कार) | पटक | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ३ | | १.१ | १.१.२ | | सबै नगर कार्यालय प्रविधिमैत्री बनाउने । | संख्या | | ११ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ११ | २२००० | |
| ४ | | | १.१.३ | | नियमित वेबसाइट अद्यावधिक गर्ने । (नगरपालिका र अन्य निकायहरूको संख्या) । | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ५ | | | १.१.४ | | सबै नगरपालिका कार्यलयहरूमा सुझाव पेटिका र नागरिक वडापत्र राख्ने | संख्या | | ११ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ११ | ५५० | |
| ६ | १ | | १.२.१ | | नगरपालिकाको कार्यालयमा विशेष कक्ष (Action Room) खडा गरी कार्यक्रमलाई सुदृढ गर्ने | संख्या | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ७ | | १.२ | १.२.२ | | कार्यक्रमको नियमित मूल्याङ्कन गर्ने पद्धती लागु गर्ने । | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २५०० | |
| ८ | | | १.३.१ | | सदाचार बारे प्रशिक्षण दिने । | संख्या | | १ | १ | १ | १ | १ | ५ | १५०० | |
| ९ | | १.३ | १.३.२ | | व्यवस्थापन परीक्षण (निर्देशिका अनुसार) वर्षको एकपटक | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| १० | | | १.४.१ | | कार्यक्रममा दोहोरोपना घटाउन कम्प्युटर सफ्टवेयर बनाई कार्यान्वन गर्ने । | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ११ | | १.४ | १.४.२ | | निर्माण सम्पन्न आयोजनाको सामाजिक परीक्षण गर्ने । | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | १००० | |

८.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभावः** प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत् सुशासन कायम भएको हुने | | | | | | | | | | | | |
| **असर १** | नगरपालिकाका कामकारवाही भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री भई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि भएको हुने | मध्यकालीन खर्च संरचना तयार गरेका कार्यालय | संख्या | | | | | | | | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका कार्यालय | संख्या | | | | | | | | | |
| | | नगरपालिकाको कुल खर्चमा बेरुजुको प्रतिशत | प्रतिशत | | | | | | | | | |
| **प्रतिफल १.१** | छिटो छरिता, गुणस्तरीय/ प्रभावकारी सेवाप्रवाहकालागि कानूनी तथा नीतिगत आधार तयार भएको हुने | नगरपालिकाको निजामति सेवा सम्बन्धी कानूनको निर्माण | संख्या | | | | | | | | | |
| | | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (पुरस्कार वर्षको एक पटक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| **प्रतिफल १.२** | सरकारी कार्यालय आधुनिक र सेवाग्राहीमैत्री कार्यस्थलको रुपमा स्थापित भएको हुने | प्रविधिमैत्री कार्यालय (कार्यालय संख्या) | संख्या | | | | | | | | | |
| **प्रतिफल १.३** | सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक भएको हुने | नियमित वेबसाइट अद्यावधिक गर्ने संख्या (कार्यालय संख्या) | संख्या | | | | | | | | | |
| **प्रतिफल १.४** | सबै सार्वजनिक निकायमा नागरिक वडापत्र र सुझाव पेटिकाको व्यवस्था भएको हुने | नागरिक वडापत्र र सुझाव पेटिका हुने (कार्यालय संख्या) | संख्या | | ११ | | | | | | | |
| **प्रतिफल १.५** | नगरपालिकाको कार्यालयमा विशेष कक्ष (Action Room) खडा गरी विकास समस्याको तत्काल समाधान भएको हुने | विशेष कक्षको सुदृढीकरण | संख्या | | १ | | | | | १ | | |
| **प्रतिफल १.६** | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणालीको विकास भएको हुने | कार्यक्रमको नियमित मूüयाङ्कन गर्ने पद्धति लागू गर्ने | पद्धति | | १ | | | | | १ | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रतिफल १.७** | सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रुपमा अनुसरण गर्नुपर्ने व्यवस्था भएको हुने | सदाचार बारे प्रशिक्षणको सञ्चालन (सहभागी कर्मचारी) | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| **प्रतिफल १.८** | मूल्याङ्कन पद्धति वैज्ञानिक र वस्तुपरक भएको हुने | व्यवस्थापन परीक्षण (निर्देशिका अनुसार वर्षको एकपटक) | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| **प्रतिफल १.९** | सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था भएको हुने | कार्यक्रममा दाहोरोपना घटाउन कम्प्युटर सफ्टवेयर बनाई कार्यान्वन गर्ने | संख्या | | | | | | | | | |
| **प्रतिफल १.१०** | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरी नगरपालिकाको काम कारबाही पारदर्शी भई नगरपालिकाको सकारात्मक छवि निर्माण भएको हुने | निर्माण सम्पन्न आयोजनाको सामाजिक परीक्षण | संख्या | | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| | | शासकीय सुधारका लागि प्राविधिक सहयोग प्रदान ( अभिमुखीकरण कार्यक्रम) | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |

## ८.२.९ अपेक्षित उपलब्धि

नगरपालिकाबाट प्रदान गरिने सेवाको गुणस्तरीयता, पारदर्शीता, छरितोपना, नागरिकमा सन्तुष्टि, भ्रष्टाचार नियन्त्रण, शासन प्रणाली अनुगमन संयन्त्रको गठन, विवाद तथा समस्या समाधान केन्द्रको गठन भएको हुनेछ ।

## ८.३ प्रशासकीय सुशासन

### ८.३.१ पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । चालु योजनामा हेलो सरकार तथा गुनासो व्यवस्थापन, भ्रष्टाचार विरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने स्थानीय निकाय अन्तर्गतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागू गरिएबाट शासकीय शैलीमा सुशासन ल्याउने प्रयत्न गरिएको छ ।

### ८.३.२ चुनौती तथा अवसर

जनताका घरदैलोमा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, विभिन्न निकायबीच समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शीता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिबृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनुजस्ता चुनौती रहेका छन

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै पालिकाबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन/नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन् ।

### ८.३.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

जनमुखी, स्वच्छ, जवाफदेही सङ्घीय शासन व्यवस्था ।

**लक्ष्य**

स्थानीय सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा विकासमैत्री बनाउने ।

**उद्देश्य**

स्थानीय प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु।

### ८.३.५ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनु | |
| १.१ नगरपालिकाको प्रशासनलाई जनउत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्ने । | १.१.१ जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survey) गरी विद्यमान संगठन संरचनामा परिमार्जन गरिनेछ ।<br>१.१.२ नगरपालिकाको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन (E-Governance) अवलम्बन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.३ प्रत्येक कर्मचारीको कार्य विवरण बनाई लागु गरिनेछ । |
| १.२ आयोजना कार्यान्वयनमा प्रभावकारिता बृद्धि गर्ने । | १.२.१ नगरपालिकाभित्र सञ्चालित आयोजनाको प्रगति अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरुप कार्यान्वयनमा लगिनेछ । |
| १.३ जनताका गुनासा सम्वोधन गर्न प्रशासनिक क्षमता वृद्धि गर्ने । | १.३.१ क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गर्ने व्यवस्था विस्तार गर्दै लगिनेछ ।<br>१.३.२ नगरपालिकाका राष्ट्रसेवक कर्मचारीको क्षमता विकास सम्बन्धी तालिम निरन्तर रुपमा सञ्चालन गरिनेछ । |
| १.४ प्रशासनिक सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीको प्रशासनिक क्षमता वृद्धि गर्ने । | १.४.१ कार्य प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि तालिम लगायतका उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४.२ भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको मान्यता अनुरुप भ्रष्टाचार विरुद्धको राष्ट्रिय प्रतिवद्धता अनुरुप नगरपालिकाको प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ । |

### ८.३.६ कार्यक्रमका प्राथमिकता

- विद्युतीय शासन प्रणालीको सुदृढीकरण गर्ने ।

### ८.३.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | १.१.१ | | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| २ | १ | १.१ | १.१.२ | | विद्युतीय शासन पद्धति लागू गरी सेवा प्रवाह पारदर्शी बनाईने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | |
| ३ | | | १.१.३ | | प्रत्येक कर्मचारीको कार्य विवरण तयार गर्ने | पटक | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| ४ | | १.२ | १.२.१ | | नगरपालिकाकाभित्र सञ्चालित आयोजनाको प्रगति समीक्षाबाट प्राप्त पृष्ठपोषणहरूको कार्यन्वयन भए नभएको चौमासिक समीक्षा गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ७५०० | |
| ५ | | १.३ | १.३.१ | | सेवा प्रदायकलाई आधारभूत सेवा प्रवाह गर्न सहजीकरण गर्ने तालिम | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ६ | | | १.३.२ | | क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागुगर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ७ | | १.४ | १.४.१ | | कर्मचारीको व्यक्तिगत विवरण प्रणाली स्थापना र अद्यावधिक गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५०० | |
| ८ | | | १.४.२ | | भ्रष्टाचार बारे कर्मचारी प्रशिक्षण गर्ने ( कर्मचारीको संख्या) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |

### ८.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | सार्वजनिक प्रशासन जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय सुशासनयुक्त र सेवामूलक बनेको हुने | सेवा दिदा सरकारी कर्मचारीले कुनै व्यवधान नगरी सेवा दिन्छन् भनेर विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | | |
| **असर १** | नगरपालिका को सार्वजनिक प्रशासन पारदर्शी, परिणाममुखी, जवाफदेही भई | सरकारी कार्यलयमा एकै प्रयासमा | प्रतिशत | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| | सार्वजनिक सेवाप्रवाह प्रभावकारी भएको हुने | सेवा पाएको अनुभव भएका जनता | | | | | | | | | | |
| प्रतिफल १.१ | O&M Survey गरी नगरपालिका विद्यमान संगठन संरचनामा परिर्माजन भएका हुने | संगठन तथा व्यवस्थापन सर्वेक्षण | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| प्रतिफल १.२ | नगरपालिका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन भएको हुने | क्षमता विकासका लागि तालिम सञ्चालन | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| प्रतिफल १.३ | नगरपालिका विद्युतीय सुशासन (E-overnance) अवलम्बन भएको हुने | विद्युतीय शासन पद्धतिको कार्यान्वयन | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| प्रतिफल १.४ | जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन भएको हुने | सबै कर्मचारीको कार्य विवरण तयार हुने । | प्रतिशत | | | | | | | | | |
| प्रतिफल १.५ | अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरुप कार्यान्वयन गरिने व्यवस्था भएको हुने | प्रगति समीक्षा गर्ने पद्धतीको विकास (चौमासिक समीक्षा) | संख्या | | | | | | | | | |
| प्रतिफल १.६ | आधारभूत सेवा उपलब्ध गराउन आवश्यक सहजीकरण भएको हुने | आधारभूत सेवा प्रवाह गर्न सेवा प्रदायकलाई तालिम | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| प्रतिफल १.७ | क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू भई विस्तार भएको हुने | नागरिक वडापत्रको कार्यान्वयन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| प्रतिफल १.८ | कर्मचारीको विवरण अद्यावधिक भएको हुने | कर्मचारीको विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |
| प्रतिफल १.९ | भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको राष्ट्रिय प्रतिवद्धता अनुरुप प्रशासनमा सदाचारिता अभिवृद्धि भएको हुने | भ्रष्टाचारबारे प्रशिक्षण पाउने कर्मचारी | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | | |

### ८.३.९ अपेक्षित उपलब्धि

नगरपालिकाको प्रशासनिक पुनसंरचना, आयोजनास्थलहरूमा होर्डिड बोर्ड, जवाफदेही स्थानीय नेतृत्व, प्रशासनिक कर्मचारीहरूको क्षमता अभिबृद्धि तथा सूचनामैत्री प्रशासकीय प्रणाली स्थापना भएको हुनेछ ।

## ८.४ वित्तीय सुशासन

### ८.४.१ पृष्ठभूमि

प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक स्रोतको दक्ष एवम् सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिबृद्धि गरी भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धन गर्दै जनसाधारणलाई वित्तीय शुसासनको प्रत्याभूति दिनु स्थानीय सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउन, स्थानीय निकायको सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानका लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिंदै आइएको छ । सार्वजनिक खर्चको पारदर्शीता अभिबृद्धि गर्न स्थानीय निकायका कार्यक्रम तथा खर्चहरूलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास गर्नुपर्ने भएको छ ।

### ८.४.२ चुनौती तथा अवसर

बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु, समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, चालु खर्चको मात्रात्मक बृद्धि कम गरी पूँजीगत खर्च बृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु, अन्तिम लेखापरीक्षणलाई वस्तुगत बनाउनु, बेरुजुको मात्रा घटाई बेरुजु नै नहुनेगरी खर्च व्यवस्थापन गर्नुजस्ता चुनौतीहरू रहेका छन् । साथै, खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्मअनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउँदै लगी आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्यहरू थप चुनौतीपूर्ण रहेका छन् । सरकारी लेखाप्रणालीलाई नगदमा आधारित प्रणालीबाट रूपान्तर गर्नु थप चुनौतीपूर्ण रहेको छ ।

राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते पेस गर्नुपर्ने व्यवस्था, सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन, पालिकास्तरको बजेट सूचना प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास, स्थानीय सरकारको वित्तीय प्रतिवेदन प्रणालीलाई राष्ट्रिय स्तरको बनाउने, सार्वजनिक खर्चको पारदर्शीता अभिबृद्धि गर्न भुक्तानी हुने बिलहरूको सार्वजनिकीकरण साथै महालेखा परीक्षक, संसदीय समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालयजस्ता नियामक निकायको बढ्दै गएको सक्रियता वित्तीय सुशासन प्रवर्द्धनका लागि अवसरका रूपमा रहेका छन् ।

### ८.४.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

वित्तीय सुशासनमार्फत प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापन ।

**लक्ष्य**

सार्वजनिक आय र खर्चलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी तुल्याउने ।

**उद्देश्य**

सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता अभिबृद्धि गर्नु ।

### ८.४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: नगरपालिकाको सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु | |
| १.१ वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने। | १.१.१ वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गरिनेछ ।<br>१.१.२ वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । |
| १.२ सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.२.१ विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ ।<br>१.२.२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । |

### ८.४.५ कार्यक्रमका प्राथमिकता

- .सार्वजनिक खर्च कार्यविधि परिमार्जन गरी कार्यान्वयन गर्ने ।
- विद्युतीय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने ।

## ८.४.६ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१ | १.१.१ | | लाभ-लागतका आधारमा योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्ने पद्धतिको विकास गर्ने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | २००० | |
| २ | | | | | कर्मचारिलाई राजस्व परिचालन क्षमता वृद्धि तालिम आयोजना गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ३ | | | | | लेखा प्रणाली सुदृढीकरण तालिम सञ्चालन गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ४ | | | १.१.२ | | बजेट सूचना प्रणालीको विकास गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ५ | | १.२ | १.२.१ | | विद्युतीय आर्थिक कार्यप्रणालीको सुदृढीकरण गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ६ | | | | | सार्वजनिक खरिद ऐनमा सुधार गर्ने | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| ७ | | | १.२.२ | | सार्वजनिक खर्च कार्यविधि बनाई लागु गर्ने | संख्या | १ | १ | | | | | १ | ५०० | |
| ८ | | | | | समयमा काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |

## ८.४.७ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभावः** सार्वजनिक आय र व्यय व्यवस्थित, पारदर्शी र अनुमानयोग्य भई समग्र विकास प्रक्रिया प्रभावकारी भएको हुने | | | | | | | | | | | | |
| **असर १** | नगरपालिका को सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारितामा वृद्धि भएको हुने | नगरपालिका को आय व्यय वार्षिक रुपमा प्रकाशन गर्ने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| **प्रतिफल १.१** | वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण भई राजस्व परिचालनको क्षमतामा वृद्धि भएको हुने | लाभ-लागतका आधारमा योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्ने पद्धतिको विकास | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| | | राजस्व परिचालन क्षमता वृद्धि तालिममा सहभागी कर्मचारी | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| | | लेखा प्रणाली सुदृढीकरण तालिममा सहभागी कर्मचारी संख्या | संख्या | | | | | | | | | |
| **प्रतिफल १.२** | वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा विद्युतीय कारोबार विस्तार भएको हुने | विद्युतीय आर्थिक कार्य प्रणालीको सुदृढीकरण | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| | | सार्वजनिक खरिद ऐनमा सुधार | संख्या | | १ | | | | १ | २ | | |
| **प्रतिफल १.३** | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था भएको हुने | सार्वजानिक खर्च कार्यविधि वार्षिक रुपमा अद्यावधिक हुने | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| | | समयमा काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन | संख्या | | | | | | | | | |

### ८.४.८ अपेक्षित उपलब्धि

नगरपालिका स्तरीय वित्तीय व्यवस्थापना सम्बन्धी संस्थागत व्यवस्था, सुदृढ लेखापरीक्षण, सूचनाप्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, अनियन्त्रित खर्च प्रवृत्तिमा न्यूनीकरण तथा बेरुजू नियन्त्रण भएको हुनेछ ।

# परिच्छेद ९ :  अन्तरसम्बन्धित विषय

## ९.१ गरिबी निवारण

### ९.१.१ पृष्ठभूमि

गरिबीलाई समयअनुसार फरक फरक दृष्टिले व्याख्या गरिन्छ । मुलुकमा करिब छ दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् नवौं योजनादेखि गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखी गरिएको विभिन्न प्रयासहरूबाट गरिबी न्यूनीकरणको दिशामा प्रगति भएको छ । गरिबी निवारण गर्ने सरकारको प्रमुख दायित्व भए पनि यो एक अन्तरसम्बन्धित विषय भएकोले यसका लागि सरकारका प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य हुन्छ । विशेष गरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आमनागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा अर्थपूर्ण सहभागिता आजको आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो ।योजना अवधिमा गरिबी घट्नुका प्रमुख कारणहरूमध्ये तीव्र सहरीकरण, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, कृषि ज्यालामा भएको बृद्धि, गैर कृषि क्षेत्रको रोजगारी बृद्धि मुख्य रहेका छन् ।

### ९.१.२ प्रमुख समस्या

गरिबीले आर्थिक विपन्नता, सामाजिक वहिष्करण राजनीतिक असमानता र दुर्बलतालाई प्रतिविम्बित गर्दछ । विकासोन्मुख देशहरूको सन्र्दभमा संरचनागत, प्रशासनिक तथा सामाजिक समस्याहरूले पुस्तौंदेखि जरो गाडिरहेको यथार्थ जिवितै छ । समग्रमा, गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको भए तापनि गरिबीको रेखा भर्खरै मात्र पार गरेकाहरूको जनसङ्ख्या उल्लेख्य रहेको छ । यस वर्गको जीवनस्तर असाध्यै जोखिमपूर्ण छ अर्थात् नियन्त्रणबाहिरको कुनै परिस्थिति आएमा जुनसुकै समय यो वर्ग पुनः गरिबीको रेखामुनि झर्न सक्छ ।

### ९.१.३ चुनौती र अवसर

गरिबी न्यूनीकरणको प्रयासलाई निरन्तरता दिंदै गरिब र धनी बीच विद्यमान असमानता घटाउनु प्रमुख चुनौती रहेको छ । अशिक्षा, गरिबी र कुपोषणको कारणले कृषि क्षेत्रमा अदृश्य बेरोजगारी व्याप्त छ । सीप, पूँजी र प्रविधिमा बहुसङ्ख्यक जनताको आवश्यक पहुँच नभएकोले स्वरोजगार प्रवर्द्धनको सम्भावना सीमित छ । नयाँ रोजगारीका अवसरहरू सिर्जना नहुँदा वैदेशिक रोजगारीप्रतिको आकर्षण बढेको देखिन्छ । गरिबी न्यूनीकरणको प्रयासलाई तीव्रता दिँदै भौगोलिक, लैङ्गिक, जातीय र आय वर्गबीच रहेको गरिबीको मार र असमानताको अन्तरलाई कम गर्नु, न्यून आर्थिक बृद्धि, विनाशकारी भूकम्प र सीमाक्षेत्रको व्यापारिक अवरोधबाट सिर्जित समस्याबाट गरिबीको अवस्थामा परेको प्रतिकूल असर छिटो निवारण गर्नु, सीप, पूँजी र प्रविधिमा बहुसङ्ख्यक जनताको आवश्यक पहुँच नभएको अवस्थामा स्वरोजगार प्रवर्द्धन गर्न अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो अदृश्य बेरोजगारी घटाउनु, कृषिमा आश्रित आवश्यकताभन्दा बढी जनसङ्ख्यालाई क्रमिक रूपले गैर कृषि क्षेत्रमा स्थानान्तरण गराउनु, नयाँ रोजगारीको सिर्जना गर्नु, स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त

स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिबी निवारणका कार्यक्रममा आबद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु प्रमुख चुनौती हुन् ।

विभिन्न निकायहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको समन्वय र अनुगमनको माध्यमबाट यस कार्यमा परिचालन हुने ठूलो परिमाणको स्रोतसाधनलाई गरिब घरपरिवारको पहिचान गरी उनीहरूको समृद्धिका लागि परिलक्षित गर्न गराउन सकिने अवसर सिर्जना भएको छ । कृषि, पर्यटन, निर्माण तथा अन्य सेवा विस्तारले आर्थिक बृद्धि एवम् रोजगारी सिर्जना भई गरिबी घटाउने बलियो अवसर प्राप्त छ ।

### ९.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

स्थानीय उत्पादन र रोजगारीमा बृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धि ।

**लक्ष्य**

निरपेक्ष गरिबी निवारण गर्दै आर्थिक समृद्धिको आधार तयार गर्ने ।

**उद्देश्य**

१. गरिबमुखी कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. गरिबवर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने ।

### ९.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्नु । | |
| १.१ गरिबी निवारणलाई नगरपालिकाका सबै विकास निर्माणमा एकीकृत् गर्ने । | १.१.१ सबै विकास आयोजनाहरूमा गरिबी निवारणलाई प्राथमिकता दिई एकीकृत् गरिनेछ । |
| १.२ नगरपालिकामा रहेका वास्तविक गरिबहरूको पहिचानगरी विवरण अद्यावधिक गर्ने। | १.२.१ संघ र प्रदेशसँगको समन्वयमा गरिबको वर्ग पहिचान गरी परिचयपत्र प्रदान गरिनेछ ।<br>१.२.२ गरिबहरूको विवरण अद्यावधिक गरिनेछ । |
| १.३ उत्पादनमूलक रोजगारीका अवसरहरूको वृद्धि गर्ने । | १.३.१ गरिबी निवारणका लागि नगरस्तरमा उपलब्ध रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान गरिनेछ ।<br>१.३.२ स्थानीय स्तरमा सञ्चालित पेशा व्यवसायबाट उत्पादित वस्तुहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था मिलाइनेछ ।<br>१.३.३ नगरपालिकामा भित्रिने विप्रेषणलाई रोजगारी सिर्जना र लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।<br>१.३.४ परिवारको आम्दानीलाई बचत र बचतलाई लगानीमा परिणत गर्न वित्तीय संस्थाहरू विस्तार गरिनेछ ।<br>१.३.५ उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३.६ ग्रामीण क्षेत्रमा घरबास सञ्चालन अनुदानमा परिचय पत्रको आधारमा गरिब परिवारलाई प्राथमिकता दिइनेछ । |
| उद्देश्य २: राज्यका स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच विस्तार गर्नु । | |
| २.१ नगर स्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरूको पहुँच विस्तार गर्ने । | २.१.१ गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा गरिनेछ ।<br>२.१.२ नगरपालिकामा सञ्चालन हुने शिक्षा, स्वास्थ्य, खानेपानी, आवास, सामाजिक न्याय, सूचनाको उपलब्धता जस्ता आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित गर्न समन्वय एवम् सहकार्य गरिनेछ ।<br>२.१.३ पोषणको अभावमा कुपोषित बालबालिकाहरूको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

### ९.१.६ कार्यक्रमका प्राथमिकता

- गरिब घरपरिवार पहिचान गर्ने ।
- सार्वजनिक क्षेत्रको सहयोग कार्यक्रममा गरिबहरूलाई प्राथमिकता दिने ।

### ९.१.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| १ | १ | १.१ | १.१.१ | | विकास कार्यक्रमहरूमा गरिबहरूको पहुँच वृद्धि गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| २ | | १.२ | १.२.१ | | गरिब परिचय पत्रको वितरण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ३ | | | १.२.२ | | गरिब परिवारको GIS सहितको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने (वडा) | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ४ | | १.३ | १.३.१ | | स्थानीय सीपको प्रोफाइल तयार गरी निरन्तरताको लागि सहयोग | संख्या | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | १००० | |
| ५ | | | १.३.२ | | स्थानीय उत्पादन शहरी क्षेत्रमा निर्यात गर्ने व्यवस्था गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| ६ | | | १.३.३ | | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने नीति निर्माण र कार्यन्वयन | | | १ | | | | | | ५०० | |
| ७ | | | १.३.४ | | वित्तीय संस्थाको पहुँच वृद्धि गने | संख्या | १ | | | | | ३ | ३ | ३०००० | |
| ८ | | | १.३.५ | | उद्यम खोल्ने गरिबहरूलाई सहुलियत दरमा कृषि ऋृण उपलब्ध गराउन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | २५०० | |
| ९ | | | १.३.६ | | नयाँ घरबास सञ्चालन गर्दा गरिब समूहलाई प्राथमिकता दिने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १५०० | |
| १० | २ | २.१ | २.१.१ | | गरिबी निवारण नीति निर्माण गर्ने | संख्या | | १ | | | | | १ | ५०० | |

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट( हजार) | |
| ११ | | | २.१.२ | | गरिबलाई सामाजिक सेवा ईकाई मार्फत् सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | १५०० | |
| १२ | | | २.१.३ | | छात्रवृत्ति वितरण गर्दा गरिबलाई प्राथमिकता दिने कुपोषित बालबालिकाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ५००० | |

**९.१.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | |
| **प्रभाव** | सबै प्रकारका गरिबी न्यूनीकरण भएको हुने | राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसंख्याको अनुपात | प्रतिशत | १६.८ | | | | | ६.८ | ६.८ | | | |
| | | बहुआयामिक गरिबी सूचकाङ्क | | ११.८ | | | | | ५ | ५ | | | |
| **असर** | गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्ने व्यवस्था भएको हुने | रोजगारीका अवसर हरूको वृद्धि भएको हुन | प्रतिशत | | | | | | | | | | |
| **प्रतिफल १.१** | सबै विकास आयोजनाहरूमा गरिबी | विकास कार्यक्रमहरूमा गरिबहरूको पहुँच वृद्धि हुने | प्रतिशत | ० | ० | २० | ३० | ५० | ६० | ६० | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | |
| | निवारणले प्राथमिकता पाएको हुने | | | | | | | | | | | | |
| **प्रतिफल १.२** | गरिबको वर्ग पहिचान भई परिचयपत्र प्रदान भएको हुने | गरिब परिचयपत्रको वितरण | प्रतिशत | | | | | | १०० | १०० | | | |
| **प्रतिफल १.३** | गरिबहरूको विवरण अद्यावधिक भएको हुने | गरिब घरपरिवारको न्क्ष्क सहितको तथ्याङ्क संकलन तथा अद्यावधिकीकरण भएका | वडा | | १० | १० | १० | १० | १० | १० | | | |
| **प्रतिफल १.४** | प्रदेशमा भित्रिने विप्रेषणलाई रोजगारी सिर्जना र लघु उद्यम सञ्चालन गर्न नीति बनेको हुन | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने नीतिको निर्माण | संख्या | | १ | | | | | १ | | | |
| **प्रतिफल १.५** | वित्तीय संस्थाहरूको विस्तार भएको हुने | वित्तीय संस्थाको विस्तार तथा बचत कार्यक्रम सञ्चालन | संख्या | १ | | | | | २ | २ | | | |
| | उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण उपलव्ध भएको हुने | | प्याकेज | | १ | १ | १ | १ | १ | १ | | | |
| | घरबास सञ्चालन अनुदानमा परिचय पत्रको | नयाँ घरबास सञ्चालनको प्राथमिकतामा परेका गरिब समूह | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | |
| | आधारमा गरिब परिवारले प्राथमिकता पाएको हुने | | | | | | | | | | | | |
| **असर** | राज्यका स्रोतसाधनहरू गरिब लक्षित भई गरिबहरूको पहुँच विस्तार भएको हुन | श्रोतको बाडफाँड गरिब लक्षित हुने (श्रोतको प्रतिशत) | | | | | | | | | | | |
| **प्रतिफल २.१** | गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा भएको हुने | गरिबी निवारण नीति तथा कानूनको निर्माण | संख्या | १ | | | | | | १ | | | |
| **प्रतिफल २.२** | स्थानीय तहमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा एवम् आधारभूत सेवामा गरिबी निवारणले उच्च प्राथमिकता पाएको हुने | छात्रवृत्ति प्राप्त गर्ने गरिब विद्यार्थीको संख्या | | | | | | | | | प्रगति प्रतिवेदन | | |
| | | आवास निर्माणको लागि बिना धितो ऋणमा ब्याज छुट पाउने गरिब परिवार | वडा | ० | ३ | २ | २ | २ | १ | १० | | | |
| | परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य सेवा उपलव्ध भएको हुने | सामाजिक सेवा ईकाई मार्फत् सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गरिब घरपरिवार | प्रतिशत | | १० | ३० | ५० | ७० | १०० | १०० | | | |

### ९.१.९ अपेक्षित उपलब्धि

गरिबी न्यूनीकरणसम्बन्धी नीति तथा कार्यक्रमहरू पूर्वानुमानयोग्य भएको र दीर्घकालीन गरिबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न नीतिगत आधार तयार भएको हुनेछ। विभिन्न निकायहरूबाट गरिबी निवारणका क्षेत्रमा राहत तथा विकासात्मक कार्यक्रम सञ्चालन गर्न तथ्यपूर्ण आधार तयार भएको, गरिब घरपरिवार पहिचान भएको, सामाजिक सुरक्षणका औजारहरू पहिचान भई वितरणसमेत भएको हुनेछ। योजनाको अन्त्यसम्म निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या हालको १६.८ प्रतिशतबाट घटेर ६.८ प्रतिशतमा झरेको हुनेछ।

## ९.२ उद्यमशीलताको विकास
### ९.२.१ पृष्ठभूमि

नगरपालिकाको सर्न्दभमा कृषि क्षेत्रलाई समेट्ने गरी उद्यमशीलताको सिर्जना गर्न सके ग्रामीण विकासले गति लिन्छ।  स्थानीय तहको विकासमा मात्र नभई राष्ट्रिय विकासमै उद्यमशीलताको भूमिका महत्त्वपूर्ण मानिन्छ। उद्यमशीलता उत्पादनको प्रमुख साधन हो । नविन व्यवसायहरूको तयारी, स्थापना र सञ्चालनका लागि इच्छाशक्ति र क्षमता अभिबृद्धि गर्न उद्यमशीलता आवश्यक पर्दछ । प्रतिव्यक्ति आम्दानी बढ्ने र स्थानीय क्षेत्रको आर्थिक रूपान्तरणका लागि सकारात्मक परिवर्तन ल्याउँछ। स्थानीय क्षेत्रमा उद्यमीसँग रहेको ज्ञानसीप र क्षमताको प्रयोगबाट साना तथा घरेलु उद्योगबाट व्यवसाय सञ्चालन गर्न सकिन्छ । कुनै व्यवसाय वा आर्थिक क्रियाकलाप सञ्चालन गर्न गरिने समष्टिगत क्रियाकलामहरूको समग्रताले विकासलाई दिग्दर्शन गर्दछ। लघु उद्यमको विकास स्थानीय अर्थतन्त्रको आधार बन्ने पक्का छ। स्थानीय नगरक्षेत्र उद्यमीहरूले सानातिना उद्योग, कृषि, पशुपालन, व्यापार व्यवसाय सञ्चालन गरी आम्दानी गर्दै आएका हुन्छन्। स्थानीय स्तरमा उद्यमशीलताको भूमिकाले आर्थिक रूपान्तरणमा ठूलो महत्त्व राख्दछ।

### ९.२.२ प्रमुख समस्या

स्थानीय अर्थतन्त्र कुनै पनि क्षेत्र उद्यमशील बन्न नसक्नु, साना व्यवसायबारे सोच्ने, अवसरहरू पत्ता लगाउने र त्यसलाई कार्यान्वयन गर्ने वातावरण नबन्नु,  उत्पादनका साधनहरू एकत्रित र संगठित नहुनु,  जोखिम र अनिश्चितता बहन गर्न सकेको अवस्था कमजोर बन्दै जानु,  चन्दा, आतङ्क, बन्द हड्ताल, राजनीतिक हस्तक्षेत्र बढ्दै जानु, सामाजिक, वैचारिक तथा संस्थागत अवरोधहरू जीवितै रहनु, व्यवसाय सञ्चालनका लागि पर्याप्त तालिम, सूचना र प्राविधिक सहयोग नहुनु, उद्यमशील संस्कृतिको कमी, लक्षित समूहको पहिचान हुन नसक्नु, तालिमलाई उद्यमसँग जोडन नसक्नु, व्यवसाय सुरु गर्न आधार पूँजीको अपर्याप्तता हुनु, वित्तीय पहुँचको कमि, गरिब तथा बेरोजगरी बढ्दै जानु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ९.२.३ चुनौती र अवसर

#### चुनौती

उद्यामिहरूलाई जोखिम वहन गर्ने शक्ति र वातावरणको विकास गर्नु, शिक्षालाई सीपसँग र सीपलाई उद्यमशीलतामा आवद्ध गराउनु, युवा शक्तिलाई स्थानीयकरण अनुसार उद्यमशीलता तर्फ रूपान्तरण गर्नु, लघु, साना तथा घरेलु उद्यमीहरूको वित्तीय स्रोतमा पहुँच सुनिश्चित गर्नु,  साना र दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरू लगानी गर्न उत्सुक नहुन यस क्षेत्रमा देखिएका चुनौतीहरू हुन्।

#### अवसर

सङ्घीयताको कार्यान्वयन सँगै स्थानीय तहसम्म उद्योग दर्ता तथा उद्यमशीलता र रोजगार सम्बन्धी नीति, कानुन र संस्थागत संरचनाहरूको स्थायी व्यवस्था हुनु, वित्तीय क्षेत्रको विस्तार र दायरा बढ्दै जानु, स्वरोजगारी र आतरिक रोजगारी सिर्जना गर्ने नीति स्थानीय सरकारको प्राथमिकतामा पर्नु, सानो लगानीबाट छोटो समयमा नै सफल उद्यमी बन्न सकिने, युवाशक्तिको परिचालन गर्न सकिने, आन्तरिक तथा वाह्यि बजारको अथाहा सम्भावना रहनु यस क्षेत्रमा देखिएका अवसरहरू हुन्।

### ९.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

उद्यमशील संस्कृतिः उद्यमी जनता ।

**लक्ष्य**

स्थानीय सीप, संस्कृति र प्रविधिको विकास गर्दै स्थानीय स्रोतहरूको परिचालनद्वारा उद्यमशीलताको विकास गर्ने ।

**उद्देश्य**

१. स्थानीय श्रमशक्तिलाई आयमूलक तालिम प्रदान गरी स्थानीय सीप र स्रोतमा आधारित स्वरोजगारको विकास गर्नु ।

### ९.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: स्थानीय श्रमशक्तिलाई आयमूलक तालिम प्रदान गरी स्थानीय सीप र स्रोतमा आधारित स्वरोजगारको विकास गर्नु । | |
| १.१ उद्यमशीलताको विकास गर्न नीतिगत तथा संस्थागत सहजीकरण गर्ने । | १.१.१ साना व्यवसायहरूमा कर्जा लगानी गर्न बैंक, वित्तीय संस्था र सहकारीहरूलाई प्रोत्साहन गरिनेछ ।<br>१.१.२ उद्यमीहरूको जोखिम कम गर्न बीमा कार्यक्रमको विस्तार गरिनेछ ।<br>१.१.३ नयाँ ज्ञान, सीप र प्रविधिको प्रयोगमा उद्यमीको पहुँच विकास गरिनेछ । |
| १.२ उद्यम सञ्चालन गर्दा नवीन र वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्ने । | १.२.१ उद्योग सञ्चालनमा युग सुहाँउदो वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>१.२.२ परम्परागत सीपको प्रयोग गर्ने उद्यमीलाई संरक्षण र प्रोत्साहन दिइनेछ ।<br>१.२.३ प्रतिभामुखी उद्यमीको खोजी तथा सम्मान गरिनेछ ।<br>१.२.४ आफ्नै उत्पादन बिक्री गरी धेरै कर तिर्ने उद्यमीलाई पुरस्कृत गरिनेछ । |
| उद्देश्य २: राज्यका स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच विस्तार गर्नु । | |
| २.१ नगर स्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरूको पहुँच विस्तार गर्ने । | २.१.१ गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा गरिनेछ ।<br>२.१.२ नगरपालिकामा सञ्चालन हुने शिक्षा, स्वास्थ्य, खानेपानी, आवास, सामाजिक न्याय, सूचनाको उपलब्धता जस्ता आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित गर्न समन्वय एवम् सहकार्य गरिनेछ ।<br>२.१.३ पोषणको अभावमा कुपोषित बालबालिकाहरूको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

### ९.२.६ कार्यक्रमका प्राथमिकता

- युवाहरूलाई शैक्षिक र गैरशैक्षिक उद्यमशील शिक्षाको व्यवस्था गर्ने ।
- युवालक्षित उद्यम स्थापना र सञ्चालन कार्यक्रम कार्यान्वयन गर्ने ।

### ९.२.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | १ | १.१ | १.१.२ | | उद्यम बीमा कार्यक्रम विस्तार | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| ३ | | | १.१.३ | | उद्यममा नयाँ प्रविधि प्रयोगको लागि प्रोत्साहन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |
| ४ | | १.२ | १.२.१ | | वातावरण मैत्री प्रविधि प्रयोगको लागि प्रोत्साहन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २००० | |
| ५ | | | १.२.२ | | परम्परागत सीपको खोज र प्रयोगका लागि उद्यमी प्रोत्साहन | प्याकेज | | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | २००० | |
| ६ | | | १.२.३ | | नया प्रविधि खोज र अनुसन्धान गर्ने प्रतिभावान् विज्ञ तथा उद्यमी सम्मान गन | प्याकेज | | | १ | १ | १ | १ | ४ | १००० | |
| ७ | | | १.२.४ | | आफै उत्पादन गर्ने र उच्च मूल्य शृंखलामा सहभागी उद्यमी पुरस्कृत गर्ने | प्याकेज | | | १ | | | १ | २ | ६०० | |

### ९.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** नयाँ सीपको विकास र प्रविधिको प्रयोग गरी उद्यमशीलताको विकास भएको हुने | | | | | | | | | | | | | |
| **असर** | नागरिकमा उद्यमशीलताको विकास भई उद्योग व्यवसाय विस्तार भएको हुने । | उद्योग व्यवसायसंख्या | संख्या | | | | | | | | | | |
| | | औद्योगिक ग्रामको स्थापना हुने | संख्या | | | | | | | १ | | | |
| **प्रतिफल १.१** | साना व्यावसायहरूमा कर्जा लगानी गर्न बैंक, वित्तीय संस्था र सहकारीहरू ईच्छुक भएको हुने | कर्जा अनुदान कार्यक्रमले समेटेका साना उद्यमी व्यवसायी र कार्यक्रम | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | |
| **प्रतिफल १.२** | उद्यमीहरूको जोखिम कम गर्न बीमा कार्यक्रमको विस्तार भएको हुने | उद्यम बीमामा संलग्न उद्यमिको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | | |
| **प्रतिफल १.३** | नयाँ ज्ञान, सीप र प्रविधिको प्रयोगमा उद्यमीको पहुँच विकास भएको हुने | उद्यममा नयाँ प्रविधि प्रयोगका लागि अनुदान प्राप्त गर्ने उद्यमीको संख्या | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | | |
| **प्रतिफल १.४** | उद्योग सञ्चालनमा युग सुहाँउदो वातावरणमैत्री प्रविधिको प्रयोग भएको हुने | प्रयोग भएको वातावरणमैत्री प्रविधि नाम र संख्या | संख्या | | | | | | | | अध्ययन प्रतिवेदन | | |
| **प्रतिफल १.५** | परम्परागत सीपको प्रयोग गर्ने उद्यमीले संरक्षण र प्रोत्साहन पाएको हुने | परम्परागत सीपको खोज र प्रयोग गरी प्रोत्साहन अनुदान पाउने उद्यमीको संख्या | प्याकेज | | | १ | | | | १ | | | |
| **प्रतिफल १.६** | प्रतिभामुखी उद्यमीको खोजी तथा सम्मान भएको हुने | सम्मान पाउने प्रतिभावान् विज्ञ तथा उद्यमीको संख्या | प्याकेज | | | १ | | | | १ | | | |
| **प्रतिफल १.७** | आफ्नै उत्पादन बिक्री गरी धेरै कर तिर्ने उद्यमी पुरस्कृत भएको हुने | आफै उत्पादन गर्ने र उच्च मूल्य शृंखलामा सहभागी पुरस्कार पाउने उद्यमीको संख्या | प्याकेज | | | १ | | | १ | १ | | | |

### ९.२.९ अपेक्षित उपलब्धिः

नगरपालिकाभित्र उद्यमशील संस्कृतिको विकास भएको हुनेछ। स्थानीय संस्कृतिमा आधारित लघु, साना तथा मझौला उद्योगहरूको स्थापना भएको हुनेछ। प्रत्येक वडामा लघुउद्यमका लागि तालिम दिने संस्थाको स्थापना भएको हुनेछ। नगरपालिकाभित्र उद्यमीहरूको जनसङ्ख्या १,००० पुग्नेछ।

## ९.३ समानता तथा समावेशिता

### ९.३.१ पृष्ठभूमि

नेपालको संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। स्थानीय तहमा सञ्चालित विकासका कार्यक्रमहरू समुदायहरूकै प्रतिनिधिमूलक जातीय गैर सरकारी सङ्घसंस्थाहरू मार्फत सञ्चालन हुँदै आएका छन् । उनीहरूकै प्रत्यक्ष एवम् सकृय सहभागितामा कार्यक्रम तथा योजना तर्जुमा कार्यान्वयन र अनुगमन कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । विभिन्न सरकारी निकायहरू, स्थानीय निकाय र गैर सरकारी निकायहरूवाट समावेशी समुदायहरूका निम्ति विशेष लक्षित कार्यक्रम सञ्चालन भएका छन् । समुदायका भाषा, धर्म, संस्कार, र संस्कृतिको संरक्षण गर्न केन्द्र तथा नगरपालिकाको नियमित कार्यक्रम मार्फत विभिन्न कार्यक्रमहरू सन्चालन गर्न रकम विनियोजन भएको छ ।

### ९.३.२ प्रमुख समस्या

गरिबी, विद्यमान सङ्कीर्ण सामाजिक मूल्यमान्यता, अशिक्षा, स्रोत र साधन तथा सेवासुविधामा न्यून पहुँच, साथै योजना तर्जुमा र कार्यान्वयनमा समावेशी र समन्यायिक नहुनु, वभिन्न क्षेत्र, वर्ग, लिङ्ग र समूहलाई उपलव्ध स्रोतसाधन तथा सेवा र सुविधामा समन्यायिक पहुँच सुनिश्चित गर्नेजस्ता समस्याहरू यस क्षेत्रमा देखिएका छन् ।

### ९.३.३ चुनौती र अवसर

लक्षित समुदायमा गरिबी व्याप्त हुनु, विभिन्न समुदायहरू तथा वर्गहरूबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा निकै ठूलो अन्तर रहनु, स्रोतसाधन तथा सेवासुविधामा यस्ता समुदायको न्यायोचित पहुँच हुन नसक्नु, नकारात्मक सामाजिक मूल्य-मान्यता हुनु, प्रशासनिक संरचनामा न्यून प्रतिनिधित्व रहनु जस्ता चुनौतीहरू रहेका छन् ।

नेपालको संविधानले विभिन्न जाति, वर्ग र पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिबृद्धि भएको र राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रियालाई प्रभावकारी बनाउने अवसर सिर्जना भएको छ ।

### ९.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सामाजिक न्यायसहितको समावेशी नगरको विकास ।

**लक्ष्य**

सामाजिक-आर्थिक तथा सांस्कृतिक रूपमा विकासमा पछाडि परेका जातजाति, वर्ग र न्यून मानव विकास सूचकाङ्क भएका नागरिकहरूलाई समावेशीकरणको मूलधारमा ल्याउने ।

**उद्देश्य**

१. सामाजिक आर्थिक तथा राजनीतिक अवसरबाट बञ्चितीमा परेका गरिब, जाति/जनजाति, लक्षित वर्गका वर्ग र समुदायलाई नगरपालिकाभित्र उपलब्ध साधन, स्रोत र अवसरहरूमा समावेशीकरण पहुँच गर्ने ।

### ९.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सामाजिक आर्थिक तथा राजनीतिक अवसरबाट बञ्चितीमा परेका गरिब, जाति/जनजाति, लक्षित वर्गका वर्ग र समुदायलाई नगरपालिकाभित्र उपलब्ध साधन, स्रोत र अवसरहरूमा समावेशीकरण पहुँच गर्ने । | |
| १.१ सरकारी निर्णय प्रक्रिया तथा संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने । | १.१.१ स्थानीय शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ ।<br>१.१.२ विभिन्न जाति तथा समुदायको लोपोन्मुख भाषा एवम् संस्कृतिहरूलाई संरक्षण गरिनेछ ।<br>१.१.३ लोपोन्मुख तथा सीमान्तकृत् वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### ९.३.६ कार्यक्रमका प्राथमिकता

- सीमान्तकृत् र लोपोन्मुख समुदायको क्षमता विकास गरी विकासको मूलाधारमा ल्याउने ।

## ९.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | | | १.१.१ | | शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सहभागिता | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २५०० | |
| | १ | १.१ | १.१.२ | | भाषा एवम् संस्कृतिहरूलाई संरक्षण | प्याकेज | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २००० | |
| | | | १.१.३ | | लोपोन्मुख र सीमान्तकृत् वर्ग पहिचान गरी आय आर्जन कार्यक्रम सञ्चालन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | २००० | |

## ९.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुखं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभावः** विपन्न र पछाडि परेका व्यक्ति र समुदायलाई सकारात्मक विभेद गरी समावेशी विकास भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर** | प्रदेशमा उपलब्ध स्रोतसाधन तथा सेवा सुविधामा सबै नागरिकको अर्थपूर्ण सहभागिता बढी समावेशी विकास भएको हुने | सीमान्तकृत् तथा लोपोन्मुख समुदायको आम्दानीमा वृद्धि हुने | प्रतिशत | | | | | | | | | | | ७ | ६ | १० |
| **प्रतिफल १.१** | लोपोन्मुख तथा सीमान्तकृत् वर्ग लक्षित कार्यक्रम सञ्चालन भएका हुने | पिछडिएका क्षेत्र र वर्गको पहिचान र बेरोजगार, परम्परागत पेशालगायतको तथ्याङ्क संकलन | संख्या | | १ | १ | १ | १ | १ | १ | प्रगति प्रतिवेदन | | | ७ | ६ | १० |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुख संकेत | विविध संकेत | दीगोपन संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | | पिछडिएका वर्गको लागि नयाँ रोजगारी | संख्या | | | | | | | | | | | ७ | ६ | १० |
| **प्रतिफल १.२** | लोपोन्मुख र सीमान्तकृत् भाषा एवम् स्कृतिहरूलाई हुने | लोपोन्मुख भएका भाषा | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | | | ७ | ६ | १० |
| **प्रतिफल १.३** | विकासका हरेक आयामहरूमा सबै वर्ग र क्षेत्रका नागरिकहरूको सुनिश्चित सहभागिताका लागि विशेष जागरणका कार्यक्रमहरू सञ्चालन भएको हुने | स्थानीय तहका निर्णयहरूमा गरिब र सीमान्तकृत् वर्गको सहभागिता | प्रतिशत | | | | | | | | प्रगति प्रतिवेदन | | | ७ | ६ | १० |

**९.३.९ अपेक्षित उपलब्धि:**

सार्वननिक निकायमा निर्णय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित भएको हुने, नगरपालिकाभित्र उपलब्ध स्रोतसाधनहरूमा समुदायका सबै जाति, वर्ग र लिङ्गको पहुँच बढेको हुनेछ, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा समावेशीकरणको मूल मर्मअनुसार अर्थपूर्ण सहभागिता भएको हुनेछ । स्थानीय भाषा, संस्कृति र सम्पदाको संरक्षण भएको हुनेछ ।

## ९.४ वातावरण संरक्षण
### ९.४.१ पृष्ठभूमि
प्रकृतिभित्रका रचनाहरूलाई दिगो परिचालन, व्यवस्थापन र उपयोगद्वारा वर्तमान र भावीपुस्ताका आधारभूत आवश्यकताहरू पूरा गर्न सकिन्छ। यो नै वर्तमान विकास अभियानको अन्तिम लक्ष्य हो। उपलब्ध स्रोतहरूको ससापेक्ष र निरपेक्ष संरक्षणमा व्यवस्थापन र योजनाको विशिष्ट स्थान रहेको हुन्छ। प्राकृतिक रूपमा पृथ्वी सुन्दर र रमणीय छ। यस किसिमको सुन्दर र अनुकूल वातावरणलाई सफा सुन्दर, हराभरा र थप परिष्कृत बनाई राख्नको लागि उपयुक्त योजनाद्वारा व्यवस्थापन दिगो विकासको मूल मन्त्र हो। संविधानले प्रत्येक नागरिककलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक व्यवस्था गरी यसको व्यवस्थापनलाई तीनै तहका सरकारको उच्च प्राथमिकतामा राखेको छ। हालका दिनहरूमा चौ.न.पा.मा वातावरणीय समस्याहरू दिन प्रतिदिन जटिल बन्दै गएको छ। स्रोतहरूको दिगो संरक्षणसहित विवेकशील उपयोग गर्नको लागि प्राकृतिक स्रोतसम्बन्धी कुशल योजना तथा रणनीतिहरू फराकिलो ढङ्गबाट तर्जुमा गर्नु पर्दछ। वातावरणीय व्यवस्थापन भनेको प्राकृतिक स्रोतहरूसँग मानवको विवेकपूर्ण संयोजन हो जहाँ कानुनी दायरा, पर्यावरणीय सन्तुलनजस्ता आधारभूत तथ्यहरू पनि समावेश भएको हुनुपर्दछ। वातावरण व्यवस्थापन एक जटिल बहुक्षेत्रीय, बहुआयामिक र गतिशित विषय भएकोले यसको दिगो व्यवस्थापनमा स्थानीय सरकार, जनता, निजी क्षेत्रलगायत सबै सरोकारवालाहरूको सहयोग र सहकार्य आवश्यक छ।

### ९.४.२ प्रमुख समस्या
वातावरणीय योजना र नीतिहरूको अक्षरस कार्यान्वयन नहुनु, विश्वव्यापि रूपमा बढ्दै गएको जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न नसक्नु, एकीकृत र योजनावद्ध विकास कमजोर हुनु, वातावरणीय योजना महत्त्वकांक्षी हुनु, भौतिक पूर्वाधारहरूको विस्तार हुँदै जानु, वातावरणी र सामाजिक प्रभाव मूल्याङ्कन नगर्नु, सार्वजनिक  र निजी घरहरूबाट निष्कने फोहोरको दिगो व्यवस्थापन गर्न नसक्नु, कृषिमा रासायनिक मलको प्रयोग बढाउँदै जानु, खाली जमिनमा वृक्षारोपण गर्न नसक्नु, सरोकारवाला निकायहरूबीच वातावरणीय व्यवस्थापनमा एक्यैवद्धता नहुनु यस क्षेत्रमा देखिएका समस्याहरू हुन्।

### ९.४.३ चुनौती र अवसर
एकीकृत वातावरणीय व्यवस्थापनलाई विकास व्यवस्थापनमा एकीकृत गर्नु, वन तथा जलाधार क्षेत्रको संरक्षण गर्नु, प्रकोप पूर्व सूचनाको विकास गरी जोखिम न्यूनीकरण गर्नु, प्रकोप न्यूनीकरण गुरुयोजना तयार गरी कार्यान्वयन गर्न आवश्यक स्रोत तथा संस्थागत क्षमताको विकास गर्नु, खोला किनाराहरूमा वर्षैपिच्छे हुने क्षतिलाई दिगो रूपमा नियन्त्रण गर्नु, प्रत्येक नगरबासीलाई वातावरण संरक्षणमा सचेत बनाउनु, जल, जमिन, जङ्गलको विनाश नियन्त्रण गर्नु, भू-क्षय, पहिरो बाढीजस्ता समस्याहरूको दिगो नियन्त्रण गर्नु यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुनु।

हालसम्म यस क्षेत्रमा औद्योगीकरण नभएकोले वातावरण प्रदूषित छैन, जनसङ्ख्याको चाप कम, जमिन र जनसङ्ख्याको अनुपातमा जमिन धेरै हुनु,  वन जङ्गलले ओगटेको क्षेत्र उच्च हुनु,, स्वच्छ तथा स्वस्थ वातावरवणका लागि जनचेताना उच्च हुँदै जानु, जनसहभागिताको दर उच्च हुँदै जानु, सूचना प्रविधिको विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ९.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
**सोच**

सुन्दर र हरियाली जलाधार, नगरपालिकाको दिगो आधार।

**लक्ष्य**

हरियाली प्रवर्द्धन गरी नगरवासीको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्ने ।

**उद्देश्य**

१. नगरमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउनु ।

२. दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल गर्नु ।

३. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।

४. प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

### ९.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: नगरमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु । | |
| १.१ उद्योगस्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय मूल्याँङ्कन गर्ने व्यवस्था (Environmental Assessment) गर्ने । | १.१.१ वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ । |
| उद्देश्य २: दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल गर्नु । | |
| २.१ नेपाल पक्ष भएका वातावरण सम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयन गर्ने । | २.१.१ वायु प्रदूषणको मात्रा ४० पिपिएम भन्दा कम गरिनेछ । |
| २.२ हरित गृह ग्याँस उत्सर्जन कम गर्ने व्यवस्था गर्ने । | २.२.१ वन संरक्षण तथा जलाधार क्षेत्रको व्यवस्थापनबाट कार्वन उत्सर्जन कटौती गरिनेछ । |
| उद्देश्य ३: जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु । | |
| ३.१ विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने । | ३.१.१ वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ ।<br>३.१.२ पर्वतीय पर्यावरणको एकीकृत् संरक्षण गरिनेछ । |
| उद्देश्य ४: प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो, ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु । | |
| ४.१ जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम तथा फोहर मैला व्यवस्थापन गर्ने । | ४.१.१ वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन कम गर्न पुनः प्रशोधन एवम् पुनःप्रयोग गर्ने (Recycle and Reuse) कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.१.२ फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गरिनेछ । |

### ९.४.६ कार्यक्रमका प्राथमिकता

- संवेदनशिल जलाधार, सिमसार र जैविक विविधताको संरक्षण गर्ने ।

### ९.४.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ | १.१.१ | | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| २ | | २.१ | २.१.१ | | इँट्टाभट्टा, उद्योग लगायत वायु प्रदूषकहरूको अनुगमन तथा नियन्त्रण | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २५०० | |
| ३ | | २.२ | २.२.१ | | वन तथा झाडीबुट्यान क्षेत्रको संरक्षण एंव व्यवस्थापन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४ | २००० | |
| ४ | | ३.१ | ३.१.१ | | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २००० | |
| ५ | | ३.२ | ३.१.२ | | पर्वतीय क्षेत्रको पर्यावरण, जलाधार, सिमसार, जैविक विविधताको संरक्षण, अध्ययन तथा अनुगमन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४ | १२०० | |
| ६ | | | | | नदीको स्वच्छता कायम र हरियाली विस्तार | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | १००० | |
| ७ | | ४.१ | ४.१.१ | | घरायसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण गर्न प्रोत्साहन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २००० | |

### ९.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमसुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभाव** | वातावरणमैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हाँसिल भएको हुन | वनले ढाकेको क्षेत्र वृद्धि हुने | प्रतिशत | ६० | | | | | ४५ | ४५ | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| **असर १** | नगरमा सञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री भएको हुने | उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय मूल्याङ्कन गर्ने व्यवस्था (Environmental Assessment) भएको हुने | संख्या | | | | | | | | | | | | | |
| **प्रतिफल १.१** | वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार भएको हुने | प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी क्षेत्रगत निर्देशिकाको तयारी | संख्या | | १ | | | | | | प्रगति प्रतिवेदन | | | | | |
| **असर २** | दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हाँसिल भएको हुने | वनले ढाकेको क्षेत्र वृद्धि हुने | प्रतिशत | ६० | | | | | | ६५ | | | | | | |
| **प्रतिफल २.१** | वायु प्रदूषणको मात्रा ४० पिपिएम भन्दा कम हुने | सुधारिएको चुलो तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमको सञ्चालन भएका घरपरिवार | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | | | | | |
| **असर ३** | जैविक विविधता संरक्षण गरी | | | | | | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | पर्यावरणीय सन्तुलन कायम भएको हुने | | | | | | | | | | | | | | | |
| **प्रतिफल ३.१** | जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन भएको हुने | वातावरण संरक्षण क्षेत्र कायम गरिएका महत्वपूर्ण तथा संवेदनशील क्षेत्रहरू (नाम/संख्या) | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | | | | | |
| **प्रतिफल ३.२** | वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन कम गर्न पुनः प्रशोधन एवम् पुनःप्रयोग गर्ने (Recycle and Reuse) कार्यक्रम सञ्चालन भएको हुने | प्लाष्टिक जन्य वस्तु तथा फोहरको व्यवस्थापन भएका वडाहरू | संख्या | | १० | १० | १० | १० | १० | १० | अध्ययन प्रतिवेदन | | | | | |
| | फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग भएको हुने | फोहर व्यवस्थापन क्षेत्र (Dumping Site) निर्धारण गरी आवश्यक पूर्वाधार निर्माण भएका वडाहरू | संख्या | | १० | १० | १० | १० | १० | १० | | | | | | |

### ९.४.९ अपेक्षित उपलब्धि

वातावरण संरक्षण अभियानकै रूपा सञ्चालन भएको हुनेछ। चौदण्डीगढी नगरपालिकाभित्रका जलाधार क्षेत्रहरूको दिगो संरक्षण भएको हुनेछ। ढलको व्यवस्था भएको हुनेछ। खोला कटान क्षेत्रको संरक्षण भएको हुनेछ। वातावरणी व्यवस्थापनका लागि क्षेत्रगत योजना तर्जुमा  र कार्यान्वयन भएको हुनेछ। वृक्षारोपण कार्यक्रमम जनसहभागितामा आधारित भएर सञ्चालन हुनेछ।

## ९.५ जलवायु परिवर्तन

### ९.५.१ पृष्ठभूमि

जलवायु परिवर्तनको मूल कारक नेपाल नभए पनि यसका असरले हिमालयलगायत मानव जीवन, सामाजिक, आर्थिक विकास, जैविक विविधता, पर्यटकीय विकास आदि क्षेत्रमा नकारात्मक असर पुऱ्याउन थालेको छ । फलस्वरूप अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुख्खा, अति जाडो, अति गर्मीजस्ता प्राकृतिक विपद्को जोखिम बढिरहेको छ । विगत केही वर्ष यता देखिएका सुख्खा र वर्षामा अनियमितताले पनि नेपालको आर्थिक विकासमा चुनौती खडा गर्न थालिसकेको छ । वर्षामा अनियमितता, बाढी, पहिरो, कृषि उपजमा आएको कमी आदि कुराले सिधै खाद्य सुरक्षामा समस्या खडा गरिरहेका छ । जलवायु परिवर्तनका असरले केवल एउटा क्षेत्र वा पक्ष मात्र नभई प्रभाव नपारेर यसबाट विभिन्न क्षेत्रहरू प्रभावित भएका छन् । तसर्थ यसका असरसँग अनुकूलन हुनका लागि सबै पक्षको एकीकृत प्रयास हुनु जरुरी छ । जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापनका जल्दावल्दा सवालहरूलाई सम्बोधन गर्ने संस्थागत क्षमता विकासका नगरपालिकाको प्रमुख आवश्यकता हो ।

### ९.५.२ प्रमुख समस्या

मानवीय क्रियाकलाप विशेष गरी विलासीताको जीवनशैलीको कारण जलवायु परिवर्तनमा असर पारेको छ । जलवायु परिवर्तनले नेपालीहरूको जीवनमा प्रभाव पारेको छ । जलवायु परिवर्तनले नेपालमा खासगरी जलस्रोत, कृषि, वन तथा जैविक विविधता तथा मानवीय स्वास्थ्यमा प्रभाव पारेको छ । जलवायु परिवर्तनको असर नेपालका स्थानीय तहमा समेत पर्न गएको, कृषि, पशुपालन, खानेपानी तथा जडीबुटीहरूको क्रमश विनाश हुँदै जानु, यी समस्याहरूको समाधानको लागि विभिन्न निकायहरू बीच एकमता कायम हुन नसकन्नु, जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियमा मूलप्रवाहीकरण हुनु नसक्नु, समस्या समाधानको लागि समग्र संस्थागत क्षमता, आवश्यक वित्त, प्रविधि, पूँजी, दक्ष जनशक्ति तथा प्राविधक ज्ञानको कमी हुनु, स्थानीय मौलिक ज्ञान र प्रविधिको प्रयोग हुन नसक्नु यस क्षेत्रमा देखिएका समस्याहरू हुन् ।

### ९.५.३ चुनौती र अवसर

विकास योजनाहरूमा जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्ने क्षमताको कमी तथा विपद् व्यवस्थापन एवम् पूर्वतयारीका योजनाहरूमा यसका सवाललाई वेवास्ता गरिने कुरा हालका मुख्य चुनौतीका रूपमा देखिएको छ । स्थानीय तह देखि नै जलवायु परिवर्तनका प्रभावसँग अनुकुलन हुने खालका योजना तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्यङ्कनका सवालमा स्थानीय निकायलगायत सरकारी निकायहरूको क्षमता विकास गर्नु, यसैगरी स्थानीय निकायहरू पनि यस सवालमा केन्द्रीय तहका निकायहरूसँग सहकार्य गर्नु, स्थानीय तहमा जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन सम्बन्धी चेतना अभिबृद्धि गर्न, जलवायु परिवर्तनका अनुकलन विधिहरूको आत्मसात् गर्नु, दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्नु, जलवायु परिवर्तनका कारण सिर्जना भएका जोखिम, खतरा, प्रतिकुल प्रभाव आदिसँग जुझ्न सक्ने हैसियतमा बृद्धि गर्नु, जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर तथा हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु वित्तमा पहुँच बढाई नतिजामूलक

कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, आदि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

दिगो विकासका लक्ष्यमा अन्तर्राष्ट्रिय समुदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, स्थानीयकरण गर्नु, नतिजामा आधारित कार्यक्रम सञ्चालन गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्ने, स्थानीय मौलिक ज्ञान प्रचुर मात्रामा रहनु, आदिवासी जनजातिहरूको सदियौँदेखिको अनुभव आदि यस क्षेत्रका नयाँ अवसर हुन् ।

### ९.५.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

जलवायु उत्थानशील नगरपालिकोको निर्माण ।

**लक्ष्य**

जलवायु परिवर्तन अनुकलताको संस्थागत र व्यवहारगत क्षमताको बृद्धि गर्दै प्रतिकूल असरहरूको न्यूनीकरणसहित दिगो विकास प्राप्त गर्नु ।

**उद्देश्य**

१.. जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न वन सम्पदाको आकार बढाउने ।

### ९.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्नु । | |
| १.१ वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलन हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने । | १.१.१ वातावरण संरक्षणसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू, वातावरणीय नीति नियम अद्यावधिक, संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गरिनेछ ।<br>१.१.२ पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणाली (Payment for Ecosystem Services) को विकास गरिनेछ ।<br>१.१.३ नगरपालिकाभित्रका खाली जमिनहरूमा वृक्षारोपण गरिनेछ । |
| १.२ जलवायु परिवर्तन व्यवस्थापनका लागि स्थानीय निकाय, प्रदेश र सङ्घसँगको सहकार्यमा आवश्यक नीति र संस्थागत विकास गर्ने । | १.२.१ वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ ।<br>१.२.२ स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयन गरिनेछ । |

### ९.५.६ कार्यक्रमका प्राथमिकता

- संवेदनशिल जलाधार, सिमसार र जैविक विविधताको संरक्षण गर्ने ।

## ९.५.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट(हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्युनीकरण गर्न संस्थागत क्षमता विकास | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १०००० | |
| २ | | | १.१.२ | | REDD+ तथा स्वच्छ विकास संयन्त्रबाट प्राप्त हुने वित्तीय लाभको संयन्त्र विकास तथा सशक्तीकरण गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| ३ | | १.२ | १.२.१ | | जलवायु परिवर्तनसँग जुध्नको लागि समुदायको क्षमता वृद्धि गर्ने कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| ४ | | | १.२.२ | | स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |

## ९.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रमुख संकेत | दिगो विकास संकेत | दीगो संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १:** जलवायु परिवर्तनको प्रभाव जोखिम न्युनीकरणको लागि संस्थागत विकास तथा क्षमता अभिवृद्धि भएको हुने । | | | | | | | | | | | | | | | | |
| **प्रतिफल १.१** | पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणाली (PES: Payment for Ecosystem Services) को विकास भएको हुने | REDD+ तथा स्वच्छ विकास संयन्त्रबाट प्राप्त हुने वित्तीय लाभको संयन्त्र विकास तथा सशक्तीकरण भएका वडाहरु | संख्या | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० | प्रगति प्रतिवेदन | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिदिव संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रतिफल १.२** | स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयन भएको हुने | अनुकुलन योजना कार्यान्वयन भएको/नभएको | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रगति प्रतिवेदन | | | | | |
| **प्रतिफल १.३** | वृक्षारोपण कार्यक्रम भएको हुने | | प्याकेज | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० | | | | | | |
| **प्रतिफल १.४** | जलवायु परिवर्तनसँग जुध्नको लागि समुदायको क्षमता वृद्धि गर्ने कार्यक्रम भएको हुने | कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रगति प्रतिवेदन | | | | | |

### ९.५.९ अपेक्षित उपलब्धि

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको र स्थानीय अनुकूलन योजना तयार भएको हुनेछ । नगरपालिकाभित्र वातावरणीय प्रभाव मूल्याङ्कन भएका आयोजनाहरूको परीक्षण भएको, वातावरणीय शिक्षा र सचेतना अभिबृद्धि भएको, कृषिमा अनुकुलन विधिहरूको अवलम्बन भएको हुनेछ । सार्वननिक र सामुदायिक जमिनमा वृक्षारोपण भएको हुनेछ ।

## ९.६ विपद् व्यवस्थापन

### ९.६.१ पृष्ठभूमि

नगरपालिकाको विशिष्ट भौगोलिक बनोट, भौगर्भिक, प्राकृतिक तथा जलवायु परिवर्तन एवम् मानवीय क्रियाकलापवाट सिर्जित विपद्का दृष्टिले नगरपालिका जोखिममा रहेको छ । बाढी, पहिरो, आगलागी, खडेरी, भूकम्प, महामारी, चट्याङ्ग आदि प्रमुख प्रकोपका रूपमा देखिएका छन् । यसका अतिरिक्त कोभिड १९, बर्ड फ्लु, स्वाइन फ्लुजस्ता नयाँ प्रकृतिका महामारी, सडक दुर्घटना हुने गरेका छन् । जथाभावी निर्माण गरिने घर तथा भौतिक संरचनाहरूबाट विपद् जोखिम अझ बढ्दै गएको तथा मानवीय क्रियाकलापबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरूले वातावरणीय प्रकोपको जोखिमलाई बढाउँदै गएको छ । यस्ता जोखिमलाई स्वीकार्य र सम्भाव्य तहमा घटाउन विपद् व्यवस्थापनलाई नीतिगत, क्षेत्रगत तथा कार्यक्रमिक सवै तहमा मूलप्रवाहीकरण गर्दै लैजानु जरुरी भएको छ। विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागू गरी दिगो र सुरक्षित विकासको सुनिश्चित गर्नु जरुरी छ ।

### ९.६.२ प्रमुख समस्या

आधुनिक प्रविधियुक्त पूर्वसूचना प्रणालीको विकास गर्न नसक्नु, विपद् व्यवस्थापन/जोखिम न्यूनीकरण क्रियाकलापमा समुदायको सहभागिता कम रहनु, समुदायमा सचेतनाको कमी रहनु, सूचना प्रणालीलाई चुस्त भरपर्दो बनाउन नसकिनु, विपद् जोखिम न्यूनीकरण/विपद् व्यवस्थापनको प्रक्रियामा कमजोर समन्वय रहनु, उद्धार तथा खोज कार्यमा परम्परागत ज्ञान तथा सीपको उपयोग गर्न नसकिनु, भवन संहिता प्रभावकारी रूपमा कार्यान्वयनमा नआउनु, विकास आयोजनाहरूको निर्माण गर्दा विपद्जोखिमको अवस्थालाई अध्ययन र विश्लेषण नगरिनु, विकास योजनाको तर्जुमा र कार्यान्वयनको चरणमा नै विपद् जोखिम मूल्याङ्कन गर्ने पद्धतिको संस्थागत विकास गर्न नसकिनुजस्ता समस्याहरू विद्यमान छन् ।

### ९.६.३ चुनौती र अवसर

विपद् जोखिम न्यूनीकरण र वातावरणीय तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्यक्रमहरूलाई एकीकृत रूपबाट अगाडि बढाउन नसकिनु, विपद्व्यवस्थापनका सम्पूर्ण चरणहरूलाई एकीकृत रूपमा सम्बोधन नगरिनु, विपद्को घटना पश्चात्मात्र उद्धार तथा राहत विवरण कार्यमा केन्द्रित रहनु, विपद् प्रतिकार्यका लागि एकीकृत उद्धार तथा खोज टोलीको निर्माण गरी व्यवसायिकताको विकास गर्न नसक्नु, उद्धार तथा राहत कार्य पश्चात् पुनःस्थापना र पुनःनिर्माणका लागि पर्याप्त स्रोत-साधनको अभाव हुनु जस्ता चुनौती छन् ।

दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने; स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ती विकास कार्यलाई तालमेल हुने गरी विकास गर्ने, आर्थिक-सामाजिक रूपान्तरणका लागि जनजीविकामा सुधार भएको विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील सहर तथा बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्नेजस्ता अवसरहरू रहेका छन् । विपद्लाई एकिकृत विकास योजना प्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरी मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्को लागि पूर्वतयारी गर्ने परिपाटीको प्रारम्भ, प्रतिकार्यको लागि जिल्ला विपद् प्रतिकार्य कार्ययोजना तर्जुमालगायतको पूर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरूको तयारी र केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत व्यवस्थाहरूलाई अवसरको रूपमा लिन सकिन्छ ।

### ९.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील स्थानीय सरकार ।

**लक्ष्य**

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

उद्देश्य

प्रकोपको जोखिम तथा यसका असरहरूलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई नगरपालिकाको विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

### ९.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: प्रकोपको जोखिम तथा यसका असरहरूलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई नगरपालिकाको विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने । | |
| १.१ विपद् रोकथाम मार्फत् क्षति न्यूनीकरण गर्ने । | १.१.१ नदी नियन्त्रण तथा भूव्यवस्थापन कार्य गरिनेछ ।<br>१.१.२ खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन गरी जोखिममा रहेकाहरूलाई स्थानान्तरण गरिनेछ ।<br>१.१.३ विपद व्यवस्थापन संयन्त्रको विकास गरी विपद जोखिम न्यूनिकरण गरिनेछ ।<br>१.१.४ विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.१.५ विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न शीर्षकमा प्रकोपका विषयमा अध्ययन गरिनेछ । |
| १.२ विपद् पश्चात् आधारभूत आवश्यकता परिपूर्ती गर्नसक्ने अवस्था सुनिश्चित गर्ने आपत्कालीन सेवाहरू व्यवस्था सहितको प्रतिकार्य (Response) गर्ने । | २.१.१ प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गर्ने र राहत कार्य सञ्चालन गरिनेछ ।<br>२.१.२ प्रारम्भिक विपद् लेखाजोखा गरी थप कार्य गरिनेछ । |
| १.३ विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा उत्थानशीलता विकास गर्ने । | २.२.१ विपद्पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा गरिनेछ ।<br>२.२.२ समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनर्आफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास गरिनेछ । |

### ९.६.६ कार्यक्रमका प्राथमिकता

विपद् व्यवस्थापन क्षमता सुदृढ गर्ने ।

### ९.६.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | | आपत्कालीन सहायताका लागि खाद्यन्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारण | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५००० | |
| | | | १.१.२ | | खोला किनारामा रहेका जोखिमयुक्त वस्तीहरूको पहिचान | वस्ती | | सबै | सबै | सबै | सबै | सबै | | २००० | |
| २ | | | १.१.३ | | नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन | प्याकेज | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | | |
| ३ | | | | | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यन्वयन तथा व्यवस्थापन | प्याकेज | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| | | | १.१.४ | | विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| | | | १.१.५ | | जोखिमयुक्त स्थानमा बसोबास गर्ने परिवारको तथ्याङ्क अद्यावधिक | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| | | १.२ | २.१.१ | | विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण तथा राहत सामग्रीको तथ्याङ्क संकलन | संख्या | | १ | | | | | | ५०० | |
| | | | २.१.२ | | विपद् पश्चात्को क्षति तथा आवश्यकताको लेखाजोखा | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| | | १.३ | २.२.१ | | विपद् पश्चात् क्षतिको विवरण अद्यावधिक | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५०० | |
| | | | २.२.२ | | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कने सक्ने क्षमता विकास | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |

### ९.६.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभावः** प्राकृतिक तथा गैरप्राकृतिक विपद् एवम् जोखिम न्यूनीकरण विपद्का घटनाहरूबाट मृत्यु हुनेको संख्या घटेको हुने | | | | | | | | | | | | |
| **असर १** | जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी प्रणाली सुदृढ भएको हुने | | | | | | | | | | | |
| **प्रतिफल १.१** | क्षति न्यूनीकरणका लागि योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन भएको हुने | विपद् जोखिम व्यवस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन | | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रगति प्रतिवेदन | |
| **प्रतिफल १.२** | नदी नियन्त्रण तथा भूव्यवस्थापन कार्य भएको हुने | नदी खोला किनारामा चेक ड्याम निर्माण, तटवन्ध तथा तारजाली लगाएका ठाउँहरू | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रगति प्रतिवेदन | |
| **प्रतिफल १.३** | खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन भई जोखिममा रहेकाहरूको स्थानान्तरण भएको हुने | खोला किनारामा रहेका जोखिमयुक्त बस्तीहरूको पहिचान | वस्ती | | सबै | सबै | सबै | सबै | सबै | | | |
| **प्रतिफल १.४** | विपद् व्यवस्थापन समिति गठन भएको हुने | विपद् व्यवस्थापन समिति | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | | |
| **प्रतिफल १.५** | विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमताको अभिवृद्धि भएको हुने | विपद् जोखिममा न्यूनीकरण जनचेतना कार्यक्रमको सञ्चालन | संख्या | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० | | |
| | | आपत्कालीन आश्रयस्थलको निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आपत्कालीन सहायताका लागि खाद्यान्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको भण्डारणको व्यवस्था भएका वडा | संख्या | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० | | |
| **प्रतिफल १.६** | प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि | हरेक वर्ष विपद् पश्चात आवश्यक पर्ने उद्धार उपकरण | संख्या | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| | प्रारम्भिक तथ्याङ्कहरू तयार गरि राहत कार्य सञ्चालन भएको हुने | तथा राहत सामग्रीको तथ्याङ्क संकलन भएका वडा | | | | | | | | | | |
| | | राहत कार्य सञ्चालन भएका वडाहरु | संख्या | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| **प्रतिफल १.७** | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमताको विकास भएको हुने | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास भएका वडा | संख्या | | १० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| | | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास भएका व्यक्तिको संख्या | संख्या | | | | | | | | | |

### ९.६.९ अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनसँग सम्बन्धित कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बन्धित क्षेत्रगत योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी लागू भएको हुनेछ। विपद् व्यवस्थापन सवै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण भएको हुने, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच सहकार्य भएको हुने र विपद्वाट हुने क्षतिलाई न्यूनीकरण गर्न पूर्व तयारी तथा प्रतिकार्य क्षमतामा अभिबृद्धि भएको हुनेछ। जलवायु परिवर्तनबाट सिर्जना हुने विपद्को जोखिम न्यूनीकरण भएको हुनेछ।

## ९.७ मानव संशाधन विकास
### ९.७.१ पृष्ठभूमि
गुणस्तरीय मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिबृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुऱ्याउन सघाउ पुग्दछ । मानव संसाधनको विकास र उपयोगका लागि विगतमा कार्यक्रमहरू सञ्चालन गरिए पनि अपेक्षित उपलब्धि हुन सकेको छैन । नगरपालिकाभित्र ठूलो सङ्ख्यामा अर्द्धदक्ष एवम् अदक्ष युवा जनशक्ति विदेसिनु परेको कारणले विकास निर्माण कार्यमा आवश्यक जनशक्तिको अभाव देखिएको छ । सरकारले मानव संसाधनको विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता पूर्वाधारहरूको विकासको लागि प्रयास गरे तापनि उक्त प्रयास पर्याप्त हुन सकेको छैन । नेपालको संविधानले परिलक्षित गरेको समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकासको लागि आवश्यक प्रमुख साधन नै जनशक्ति हो । संविधान प्रदत्त रोजगारीको मौलिक हकको कार्यान्वयन तथा दिगो विकासका लक्ष्यहरू २०३० ले राखेको सम्मानजनक रोजगारीका लक्ष्य प्राप्त गर्नसमेत शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारी, अवसर र आर्थिक विकाससँग जोड्न मानव संसाधन विकास योजना आवश्यक पर्दछ ।

### ९.७.२ प्रमुख समस्या
नगरक्षेत्रभित्र रहेका जनशक्तिको उचित व्यवस्थापन गरी आर्थिक समृद्धिको अभियानमा लगाउन नसक्नु,  युवा श्रमशक्तिलाई आयमूलक कार्यमा स्थानीय नगरक्षेत्रभित्रै अवसर सिर्जना गरी रोक्न नसक्नु, युवालाई कृषि तथा स्थानीय आर्थिक गतिविधिमा संलग्न गराउन नसक्नु, बजारको मागअनुसारको दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, श्रमको माग र आपूर्ति विच उच्च खाडल कायम रहनु, शिक्षालाई सीप र रोजगारसँग जोड्न नसक्नु, प्रतिभा पलायनलाई स्थानीय क्षेत्रमा रोक्न नसक्नु यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

### ९.७.३ चुनौती र अवसर
चौदण्डीगढी नगरपालिकाभित्र उपलब्ध सक्रिय जनसङ्ख्याको प्रचुरताबाट लाभ लिनु, स्थानीय बजारको मागबमोजिमको दक्ष जनशक्ति तयार गर्नु, स्थानीय तहमा रोजगारीको अवसर सिर्जना गरी वैदेशिक रोजगारीमाथिको निर्भरता कम गर्नु, नगरपालिकामा उत्पादित जनशक्ति र मागबीच उचित तालमेल मिलाउनु, नगरपालिकामा महिला, दलित, पिछडिएका क्षेत्र, वर्ग, समुदायमा फाइदा पुग्ने गरी सीपमूलक तालिमका गतिविधिहरू सञ्चालन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

चौदण्डीगढी नगरपालिकामा युवाशक्तिको जनसङ्ख्या उच्च रहनु, स्थानीय बजारमा काम र सीप सिर्जना गर्ने अवसर उच्च रहनु, प्राविधिक र व्यवसायिक सीपका नयाँ अवसरहरू उदाउँदै आउनु, शिक्षालाई सीप र सीपलाई रोजगारीसँग जोड्ने नीति रहनु, बजारमा दक्ष र सीपयुक्त युवाशक्तिको माग बढेर जानु, स्थानीय सरकार शक्तिशाली र अधिकारयुक्त बन्दै जानु, आवश्यक नियम तथा कानुन निर्माण हुनु आदि यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

### ९.७.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
**सोच**

दक्ष र सीपयुक्त जनशक्तिको विकास, नगरक्षेत्रका भावी निकास ।

**लक्ष्य**

चौदण्डीगढी नगरपालिकाको समग्र रूपान्तरणका लागि दक्ष जनशक्तिको विकास गर्ने ।

**उद्देश्य**

बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम र दक्ष मानव संसाधनको विकास गर्ने ।

**९.७.५ रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम र दक्ष मानव संसाधनको विकास गर्ने । | |
| १.१ मानव संसाधनको विकास र उपयोगमा सरकारी, सामुदायिक र निजी क्षेत्रबीच सहकार्य गर्ने । | १.१.१ रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने खालको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा जोड दिइनेछ । ।<br>१.१.२ मानव संसाधनको किासका लागि संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।<br>१.१.३ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समूहलाई लक्षित गरी उनीहरूको क्षमता विकासका लागि छात्रवृत्तिलगायतका सुविधाहरू उपलब्ध गराइनेछ ।<br>१.१.४ विद्यालय, र अन्य शैक्षिक संस्थासँग सहकार्यगरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गरिनेछ । |

**९.७.६ कार्यक्रमका प्राथमिकता**

- युवा लक्षित क्षमता अभिवृद्धिका कार्यक्रमहरु

### ९.७.७ विस्तृत कार्यक्रम

| क्र.सं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १ | १.१ | १.१.१ | | नगर गैसस, विद्यालय, विश्वविद्यालयहरूसँग समन्वय र सहकार्य गरेर क्षमताअभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ५००० | |
| | | | १.१.२ | | नगरपालिकामा भएका दक्ष जनशक्तिको खोजी तथा अभिलेखीकरण, अध्यावधिक | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | ५०० | |
| २ | | | १.१.३ | | प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि लक्षित समूह छात्रवृत्ती कार्यक्रम | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २५०० | |
| ३ | | | | | आवश्यक आधारभूत, मध्यम र उच्चस्तरको जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थासँग सहकार्य | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | ३००० | |

### ९.७.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रभावः** नगरलाई आवश्यक जनशक्तिको उत्पादन र उपयोग भएको हुने  प्राविधिक विषयमा वार्षिक डिप्लोमा गर्ने जनशक्ति | | | | | | | | | | | | |
| **असर १** | दक्ष जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड पुगेको हुने | प्राविधिक विद्यालयहरु | संख्या | ४ | | | | | ६ | ६ | | |
| **प्रतिफल १.१** | युवा जनशक्तिलाई क्षमताअभिवृद्धि कार्यक्रमहरू सञ्चालन भएको हुने | क्षमता अभिवृद्धि कार्यक्रमहरु | संख्या | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | प्रगति प्रतिवेदन | |
| **प्रतिफल १.२** | युवा जनशक्तिको खोजी तथा अभिलेखीकरण, अध्यावधिक भएको हुने | युवा जनशक्तिको विवरण | संख्या | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | |
| **प्रतिफल १.३** | लक्षित समूह छात्रवृत्ती कार्यक्रम सुरु भएको हुने | लक्षित समूह छात्रवृत्ति कार्यक्रमबाट लाभान्वितको संख्या | प्याकेज | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | | |
| **प्रतिफल १.४** | विद्यालय, विश्वविद्यालय र अन्य शैक्षिक संस्थासँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था भएको हुने | दक्ष जनशक्ति उत्पादन गर्ने सहकार्य भएका शैक्षिक संस्थाको नाम र संख्या | संख्या | | | | | | | | | |

### ९.७.९ अपेक्षित उपलब्धि

मानव संसाधनको विकास तथा उपयोगका निम्ति एकीकृत योजना तयार भएको, ज्ञान र सीपयुक्त जनशक्ति उत्पादन भएको, मानव विकास र उपयोगमा सरकारी र निजी क्षेत्रबीच सहकार्य गरिएको हुनेछ । सीपमूलक र व्यवसायिक शिक्षाको आरम्भ भइसकेको हुनेछ ।  चौदण्डीगढी नगरपालिकाका सबै वडाहरूमा आयमूलक र सीपमूलक तालिम केन्द्रको स्थापना भइसकेको हुनेछ ।

# परिच्छेद  १० : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## १०.१  योजना तर्जुमा

चौदण्डीगढी नगरपालिकाले आन्तरिक रूपमा गृहकार्य, सराकारवालासँग राय परामर्शगरी आवधिक योजना तर्जुमा प्रक्रिया सुरु गरेको हो । नगरपालिका अध्यक्ष/ उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिका सदस्यहरू, पालिकाका बिषयगत समितिहरू, वडा समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख, प्रतिनिधिहरू र प्रदेश नीति तथा योजना आयोगको टोलीको समन्वयमा आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

आवधिक योजना तयारी कार्यशाला गोष्ठी, वडास्तरीय समूह परामर्शबाट आएका सूचना तथा अपेक्षालाई विषयगत समूहसंग छलफल गरी तथ्याङ्कहरू संकलन गरिएको छ । नगरपालिकाको नेतृत्वमा, विषयगत समितिहरूको संयोजन तथा विज्ञ समूह तथा सराकारवालाको सहभागिता र सहजीकरणमा योजना तर्जुमा गोष्ठीमा नगरपालिकाको दीर्घकालीन सोच, विकासका लक्ष्य, उद्देश्य निर्धारण गरी नतिजा खाकामा ढल्ने कार्य  सम्पन्न गरियो । विषयगत समूहमा छलफल गरी प्राप्त निष्कर्ष  लिई विस्तृत समूहमा प्रस्तुत गरी नगरपालिकाको विकासका नतिजा खाका र नतिजा प्राप्त गर्न आवश्यक रणनीतिका साथ नगरपालिकाको स्रोत तथा क्षमतालाई आधार मानी आवधिक योजनाको प्रारम्भिक मस्यौदा तयार गरियो । आवधिक योजना तयारी कार्यशाला, वडागतलगायत सरोकारवालाहरूको परामर्शका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरिएको हो । योजना दस्तावेज तयार गर्दा स्थानीय तहका आवधिक, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारूपलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग  गरिएको छ । साथै योजना विद तथा विषय विज्ञहरूको सुझावलिई दस्तावेज लेखन तथा दस्तावेज मस्यौदा तयारी गरिएको छ ।

## १०.२ आयोजना बैङ्क

### १०.२.१.पृष्ठभूमि

सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक लगानीका अवसर पहिचान गरी परिचालन गर्न र परिपक्व रूपमा योजना पहिचान तथा छनोटका कार्य गर्न गराउन राष्ट्रिय रूपमा आयोजना बैंकको स्थापना भएको हो । विकासका तोकिएका लक्ष्यहरू गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासिल गर्न आयोजनाहरूको सही पहिचान र छनौट गर्ने प्रणालीको विकास गरी प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गर्नु गराउनु आजको आवश्यकता हो । कुनै निश्चित मापदण्डविना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पूर्व तयारीविना कार्यान्वयनमा लैजाने वर्तमान परिपाटिले अधिकांश आयोजनाहरू समस्याग्रस्त छन् । आयोजना बैंकले स्थानीय तहको योजना अवसर जुटाउन एवम् आयोजना कार्यान्वयनमा कुशलता हासिल गर्न महत्त्पूर्ण योगदान गर्नेछ ।

### १०.२.२ प्रमुख समस्या

आयोजनाको पहिचान, छनोट, मूल्याङ्कन जस्ता पूर्वतयारीका प्रक्रियाबिना कार्यान्वयन गर्ने प्रचलन रहनु, आयोजनाको आवश्यकता र योगदान सम्बन्धी तथ्यगत सूचना पर्याप्त नहुनु, विषय क्षेत्रगत गुरुयोजना तथा योजनाको अभावलगायतका कारणले विकास आयोजना प्रायः तोकिएको समय र निर्धारित लागतमा सम्पन्न नहुनु एवम् यसको लागि आवश्यक संयन्त्र बन्न नसक्नु, संस्थागत संरचना र क्षमताको कमी हुनु प्रमुख समस्याको रूपमा रहेका छन् ।

### १०.२.३ चुनौती तथा अवसर

आयोजना चक्रको समुचित व्यवस्थापन, आन्तरिक र बाह्य स्रोतसाधनको परिचालन, न्यायोचित वितरणको साथै सम्बन्धित सबै पक्षको सहयोग, समन्वय, र प्रतिबद्धता हासिल गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। विगतमा अपरिपक्व रूपमा गरिएको आयोजना पहिचान र छनोटले ल्याएको दीर्घकालीन नकारात्मक प्रभावलाई कम गर्दै जानुका साथै आयोजना बैंकको सिद्धान्त र मान्यतालाई अनुशरण तथा कार्यान्वयन गर्ने गराउने कार्य चुनौतीपूर्ण छ।

चौदण्डीगढी नगरपालिकाको नीति तथा कार्यक्रममा प्राथमिकताको आधारमा परिचालन गर्ने नीति हुनु, आगामी आर्थिक वर्षहरूको लागि आयोजना छनोटको आधार तय हुनु, विकास साझेदारहरूको चासो तथा सहयोगको प्रतिबद्धता हुनु र तीन तहका सरकारमा आयोजना बैंकको महत्पूर्ण भूमिका रहनु अवसरको रूपमा रहेका छन्। राष्ट्रिय आयोजना बैंकमा समावेश भएका आयोजना सार्वजनिक वा निजी क्षेत्र एवम् सार्वजनिक निजी साझेदारीमा समेत लगानी योग्य हुनेछन्।

### १०.२.४ सोच , लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

आयोजना तर्जुमा तथा व्यवस्थापनमा सुशासन अभिबृद्धि गरी तीव्र सन्तुलित र दिगो विकास।

**लक्ष्य**

कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजनाहरूको पोर्टफोलियो तयार भई सार्वजनिक, निजी एवम् वैदेशिक स्रोत प्रभावकारी परिचालन गरी सन्तुलित र दिगो विकास गर्ने।

**उद्देश्य**

१. आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु

२. आयोजना कार्यन्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु

### १०.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु | |
| १.१ आयोजना बैंकलाई विस्तार गर्नु | १.१.१. आयोजना बैंक निर्माणको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ<br>१.१.२. आयोजना बैंक निर्माणको लागि आवश्यक नीति, नियम, निर्देशिका तयार पारिने छ |
| उद्देश्य २: आयोजना कार्यन्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु | |
| २.१. कार्यान्वयन मोडालिटीको लागि आवस्यक नीति नियम बनाई नियमन गर्ने | २.१.१. Project Readliness Filter (PRF) को विकास गरि आवश्यक बजेट Earmarking गरिने छ |

### १०.२.६ कार्यक्रमका प्राथमिकता

- आयोजना बैंकको विकास गर्नु
- प्राथमिकता प्राप्त आयोजनाहरुलाई श्रोत बिनियोजन गर्ने प्रणाली विकास गर्न

### १०.२.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. | १.१. | १.१.१. | क | आयोजना बैंक निर्देशिका प्रकासन गर्ने | संख्या | | १ | | | | | १ | ५०० | |
| २ | | | १.१.२. | क | आयोजना बैंक सम्बन्धि विधुतीय सोफ्टवेयर निर्माण गर्ने | संख्या | | | | | | | १ | १००० | |
| ४ | २ | २.१. | २.१.१. | क | आयोजनामा बैंकमा भएका आयोजनालाई स्रोत व्यवस्थापन गर्ने | प्याकेज | | | | | | | १ | २००० | |

### १०.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** आयोजना बैंक मार्फत विकास आयोजनाको उचित छनौट, बाँडफाँड र स्मार्ट वित्तिय व्यवस्थापन हुनुका साथै क्षेत्रगत बजेट विनियोजन पारदर्शी, समतामूकल र वैज्ञानिक भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | आयोजना बैंक प्रभावकारी भएको हुने | आयोजना बैंक प्रभावकारी रहयो भनि विश्वास गर्ने कर्मचारी | प्रतिशत | | | | | | | | | | | ८ | १६ | ४ |
| **प्रतिफल १.१** | सस्थागत संरचना निर्माण भाएको हुने | आयोजना बैंक सोफ्टवयेर | प्याकेज | | | | | | | १ | | | | ८ | १६ | ४ |
| | | नीति नियम निर्देशिका प्रकाश भएको हुने | संख्या | | | | १ | | | १ | | | | ८ | १६ | ४ |

### १०.२.९ अपेक्षित उपलब्धि

- आर्थिक तथा सामाजिक विकास निर्माण कार्य गर्दा आयोजना बैङ्क अन्तरगत रहेरका र्यान्वयनमा आएको हुनेछ र अनुगमन र मूल्याङ्कन प्रभावकारी भएको हुनेछ ।
- आयोजनाहरूको पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरणको मापदण्ड बनाई लागू गर्नको लागि आवश्यक कानुन तथा संस्थागत संरचना तयार भएको हुनेछ ।

## १०.३ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

### १०.३.१ पृष्ठभूमि

नेपालको संविधानले गरेको राज्य संरचना सम्बन्धी व्यवस्थाबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले आआफ्नो अधिकार प्रयोग गर्दा एकअर्काको साझा चासो, सरोकार र राष्ट्रिय लक्ष्य एवम् हितको विषयलाई समेत ध्यान दिई आफ्ना भौतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकासका प्रयास अघि बढाउनु परेको छ। यी तीन तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था छ। तीन तहले संविधान प्रदत्त अधिकारको प्रयोग मार्फत विकास र सुशासनमा प्रतिस्पर्धा तथा आवश्यकता अनुसार सहयोग र सहकार्य गरी अन्तरसरकार समन्वयलाई मजबुत बनाउँदै राष्ट्रिय विकासमा योगदान पुऱ्याउनु आजको आवश्यकता रहेको छ।

### १०.३.२ प्रमुख समस्या

संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा आ-आफ्नै बुझाइ रहनु , राजस्व बाँडफाँटको विषयमा तीन तहबीच फरक मत रहनु, एकअर्कामा समन्वयको लागि कानुनी तथा संस्थागत व्यवस्था सुदृढ नसक्नु र तीन तहबीचको सक्बन्धलाई प्रभावकारी र परिणाममुखी बनाउन नसक्नु जस्ता प्रमुख समस्या रहेका छन्।

### १०.३.३ चुनौती तथा अवसर

जनतामा अधिक भारको महसुस नहुने गरी राजस्व वृद्धिका उपाय अवलम्बन गर्नु, नागरिकको बढ्दो आकाङ्क्षा एवम् अपेक्षालाई सम्बोधन गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहबीच राजनीतिक समझदारी कायम गर्दै समन्वयको संस्कारमा अभिबृद्धि गर्नु र तहगत समन्वयको लागि कानुनी तथा संस्थागत व्यवस्था सुदृढ गर्नु प्रमुख चुनौती रहेका छन्।

मुलुकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहित सङ्घीय राज्य प्रणाली अवलम्बन गर्नु, सङ्घीयता कार्यान्वयनले गति लिनु, तीन तहको सरकार मार्फत जनतालाई दिनु पर्ने सेवा नजिकबाट प्रदान गरिने व्यवस्था हुनु, तीन तहले आ आफ्नो क्षेत्राधिकार अनुसार विकास निर्माणको कार्य अगाडि बढाउनु प्रमुख अवसर रहेका छन्।

### १०.३.४ सोच, लक्ष्य ,उद्देश्य , रणनीति तथा कार्यनीति

**सोच**

सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तरसरकार समन्वय।

**लक्ष्य**

सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई सुदृढ, सबल र सक्षम बनाउने।

**उद्देश्य**

१. आपसी सहयोग र समन्वयमा आयोजनाका पहिचान, विकास र कार्यान्वयन गर्नु।

### १०.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १:आपसी सहयोग र समन्वयमा आयोजनाका पहिचान, विकास र कार्यन्वयन गर्नु | |
| १.१ कार्या क्षेत्र र क्षेत्र अधिकार प्रष्ट गर्न आयोजनाहरुको वर्गीकरण गर्न नेपाल सरकारसंग बहस पैरबी गर्ने | १.१.१. रणनीतिक महत्वका ठुला आयोजनाहरु नेपाल सरकारसंग सहकार्य र समन्वयमा पहिचान, विकास र कार्यान्वयन गरिन्छ<br>१.१.२. ठुला र रणनीतिक आयोजनाहरुको लागि आवश्यकको स्रोत बहुपक्षीय समन्वय र सहकार्य मध्यम मार्फत व्यवस्था गरिन्छ<br>१.१.३. जनतामा सेवाप्रवाह गर्ने साना योजनाहरुको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय तहसंग सहकार्य गरिन्छ |

### १०.३.६ कार्यक्रमका प्राथमिकता

- योजना कार्यान्वयन गर्न अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वय सुदृढि गर्ने
- विकास समस्या समाधान गर्ने संयन्त्रहरु सुदृढि गर्ने
- निर्वाचन पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने

## १०.३.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा लक्ष्य | बजेट( हजार) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. | १.१. | १.१.१. | क | रणनैतिक योजनाहरुको कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयसंग सहकार्य र समन्वय | प्रणाली | | १ | | | | | १ | २००० | |
| २ | | | १.१.२. | ख | स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिको भूमिका सुदृढिकरण | प्याकेज | | १ | | | | | | ५०० | |
| ३ | | | १.१.३. | ख | स्थानीय तहको समितिको क्षमता वृद्धि | संख्या | | | | | | | | १००० | |

## १०.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७९/०८० | उपलब्धि ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव:** तीन तहका सरकार बीच आपसी समन्वय र सहकार्यमा उत्कृष्ट नतिजा हासिल भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | तीन तहका सरकारको कार्याक्षेत्र र क्षेत्रअधिकार प्रष्ट गर्न आयोजनाहरुको वगीकरण भएको हुने | नेपाल सरकार, प्रदेश सरकार बाट नगरपालिका लाई हस्तानरण भएका आयोजना | प्रतिशत | | | | | | | | | | | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | ठुलो र रणनीतिक आयोजनाहरुको लागि आवश्यक स्रोतको व्यवस्था भएको छ | स्रोत व्यवस्था भएका ठुलो आयोजना | संख्या | | | | | | | | | | | ८ | १६ | ८ |
| **प्रतिफल १.२** | जनतामा सेवाप्रवाह गर्ने साना | स्थानीय तहसंग सहकार्यमा | संख्या | | | | | | | | | | | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | | | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | आधार वर्ष ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | आयोजनाहरुको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय तहसंग सहकार्य भएको हुने | कार्यन्वयन भएका आयोजना | | | | | | | | | | | | | | |

### १०.३.९ अपेक्षित उपलब्धि

तीन तहको सरकार बीचको समन्वयमा अभिबृद्धि गरी विकास निर्माण, सेवाप्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयलाई प्रभावकारी भएको हुनेछ। तीन तहबीच समन्वय कायम गर्नको लागि आवश्यक कानुन निर्माण भई कार्यान्वय नभएको हुनेछ।

## १०.४ अनुगमन तथा मूल्याङ्कन

### १०.४.१ पृष्ठभूमि

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी र जवाफदेही पूर्ण बनाउन अनुगमन तथा मूल्याङ्कनको भूमिका रहन्छ । आगामी योजनामा अनुगमन तथा मूल्याङ्कनलाई नतिजा मूलक बनाउन योजनाको नतिजा खाका तयार गरिएको, नतिजामूलक अनुगमन खाका योजना तथा मूल्याङ्कन दिग्दर्शन कार्यान्वयनमा ल्याइएको र अनुगमन तथा मूल्याङ्कन विधेयकको मस्यौदा तयार गर्नुका साथै क्षमता विकासमा जोड दिइएको थियो । यसैगरी विकास आयोजनाहरूको प्रगति प्रतिवेदन गर्ने प्रणालीलाई सूचना प्रविधिको प्रयोग र नतिजामूलक बनाउन आयोजना व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर विकास गरी पाइलटिङ समेत गरिएको छ ।

### १०.४.२ चुनौती तथा अवसर

सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा योजना प्रक्रिया तथा अन्तरसम्बन्धित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु, दिगो विकासका लक्ष्य लगायतका असर तथा प्रभावतहका सूचकहरूको खण्डीकृत एवम् सर्वेक्षणमा आधारित सूचना सिर्जना गर्नु र विभिन्न तह तथा निकायमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिलाई यस कार्यमा आकर्षित गरिराख्नु प्रमुख चुनौती रहेका छन् ।

नयाँ संविधान अनुरूप प्रशासकीय पुनसंरचनाका क्रममा साङ्गठनिक पुनर्गठन तथा क्षमता विकास गर्दा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थालाई थप सुदृढ गर्न सकिने र दिगो विकासका लक्ष्यको अनुगमन तथा मूल्याङ्कनलाई जोड दिनेगरी सन् २०१६ देखि २०२० सम्मको अन्तर्राष्ट्रिय मूल्याङ्कन कार्यसूची ल्याइएकाले विकास साझेदार लगायतको सहयोगमा समेत यसलाई थप संस्थागत गर्न सकिने अवसर छ।

### १०.४.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्थामार्फत समावेशी, समन्यायिक तथा दिगो विकास ।

**लक्ष्य**

विकास कार्यक्रम तथा आयोजनालाई लक्षित परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न गराई योजनाका लक्ष्यहरू हासिल गर्न सहयोग गर्नु ।

**उद्देश्य**

१. अनुगमन तथा मुल्यांङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।

२. योजनाको अनुगमन तथा मुल्यांङ्कनलाई प्रभावकारी बनाउनु ।

### १०.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| उद्देश्य १: अनुगमन तथा मूल्यांकन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु | |
| १.१ अनुगमन तथा मुल्यांङ्कनको लागि स्पस्ट नीति बनाई लागू गर्ने | १.१.१. अनुगमन तथा मुल्यांङ्कन दिग्नदर्शन पुनरावलोकन गरी प्रभावकारी ढंगबाट कार्यन्वयन गरिनेछ |
| उद्देश्य २ :योजनाको अनुगमन तथा मुल्यांङ्कनलाई प्रभावकारी बनाउनु | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१.. योजना कार्यन्वयन र अनुगमन तथा मुल्यांङ्कनलाई यथार्थ प्ररक र परिणामुख बनाउने | २.१ं.१ं. अनुगमन तथा मूल्यांकन दिग्नदर्शनको प्रयोग बारे अभिमुखिकारण कार्यक्रम संचालन गरिने छ<br>२.१.२.अनुगमन तथा मुल्यांङ्कन क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M&E Matrix, Project Performance Information System Software, M&E data को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिनेछ |

**१०.४.६ कार्यक्रमका प्राथमिकता**

- अनुगमन तथा मूल्यांकनको प्रणालीको विकास तथा क्षमता वृद्धि गर्ने ।
- आयोजनाको नियमित अनुगमन तथा मुल्यांङ्कन गर्ने ।

### १०.४.७ विस्तृत कार्यक्रम

| क्र.सं | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष ०७९/०८० | लक्ष्य | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | लक्ष्य | बजेट(हजार) | |
| १ | १. | १.१. | १.१.१. | क | अनुगमन तथा मुल्यांङ्कन दिग्नदर्शन तयारी गरी कार्यन्वयन गर्ने | संख्या | | १ | | | | | १ | ५०० | |
| २ | २ | २.१. | २.१.१. | क | अनुगमन तथा मुल्यांङ्कनको सोफ्टवेयर निर्माण तथा तालिम | व्यक्ति | | | | | | | | २५०० | |
| ३ | | | २.१.२. | क | छनोट भएका आयोजनाको प्रभाव मुल्यांङ्कन | प्याकेज | | | | | | | ५ | ५००० | |


### १०.४.८ नतिजा


| नतिजा स्तर | नतिजा | सूचक | उपलब्धि | | | | | | | योजना अवधिको जम्मा उपलब्ध | सूचनाको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुसं संकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | आधार वर्ष ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| **प्रभाव:** आयोजनाको नतिजा प्रभावहरुको प्रभावकारी मापन भएको हुने | | | | | | | | | | | | | | | | |
| **असर १** | योजनाहरुको अनुगमन तथा मुल्यांङ्कन प्रभावकारी भएको हुने | समस्या समाधान समितिले पहिचान गरेका र समाधान भएका समस्याको अनुपात | प्रतिशत | | | | | | | | | | | ८ | १६ | ८ |
| **प्रतिफल १.१** | अनुगमन तथा मुल्यांङ्कन दिग्नदर्शन | अनुगमन तथा मुल्यांङ्कन तालिम | सहभागि संख्या | १० | | | १५ | | १० | ३५ | | | | ८ | १६ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | उपलब्धि | | | | | | | योजना अवधि को जम्मा उपलब्ध | सूचना को स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | प्रसमुंसंकेत | दिविल संकेत | दीराल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | आधार वर्ष ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | | | | | | | |
| | को प्रयोग बारे अभिमुखिकरण कार्यक्रम संचालन भएको हुने | | | | | | | | | | | | | | | |
| **प्रतिफल १.२** | आयोजना मुल्यांङ्कन भएको हुने | प्रभाव मुल्यांङ्कन भएको आयोजना | संख्या | | | | | | | सबै | | | | ८ | १६ | ८ |


### १०.४.९ अपेक्षित उपलब्धि


- योजनाको कार्यन्वयन कार्यतालिका अनुसार काम भएको हुनेछ।
- आयोजना, परियोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न भएको हुनेछ।
- आयोजना कार्यन्वयनका लागि लगानी तथा साधनको प्रभाह समुचित ढंगले भएको हुनेछ ।
- नतिजामुलक अनुगमन तथा मूल्यांकन पद्दतिबाट चौमासिक तथा वार्षिक नियमन समिक्षाका अलावा विभिन्न सरोकारवालाहरुको सहभागितामा वर्षको कम्तिमा १ पटक रणनितिक योजना कार्यन्वयनको वार्षिक समिक्षा भएको हुनेछ



Chaudandigadhi Municipality
Location Map
86°50'0"E
87°0'0"E
87°10'0"E
26°50'0"N
26°40'0"N
1
2
3
4
5
6
7
8
9
10
F057
F064
N
NEPAL
Sudurpaschim Province
Karnali Province
Gandaki Province
Bagmati Province
Province No:1
Lumbini Province
Madhesh Province
HUMLA
DARCHULA
BAJHANG
BAITADI
BAJURA
MUGU
DADELDHURA
DOTI
KALIKOT
JUMLA
DOLPA
ACHHAM
KANCHANPUR
DAILEKH
JAJARKOT
MUSTANG
KAILALI
RUKUM_E
MYAGDI
MANANG
SURKHET
SALYAN
GORKHA
BARDIYA
ROLPA
BAGLUNG
KASKI
LAMJUNG
RASUWA
PARBAT
BANKE
PYUTHAN
GULMI
SYANGJA
TANAHU
DHADING
NUWAKOT
SINDHUPALCHOK
DANG
ARGHAKHANCHI
DOLAKHA
SOLUKHUMBU
PALPA
KATHMANDU
SANKHUWASABHA
TAPLEJUNG
KAPILBASTU
RUPANDEHI
CHITAWAN
KABHREPALANCHOK
RAMECHHAP
MAKAWANPUR
LALITPUR
OKHALDHUNGA
PARSA
SINDHULI
KHOTANG
BHOJPUR
TERHATHUM
PANCHTHAR
BARA
RAUTAHAT
SARLAHI
DHANKUTA
MAHOTTARI
DHANUSHA
UDAYAPUR
ILAM
SIRAHA
SAPTARI
MORANG
JHAPA
Udayapur District
Tapli Gaunpalika
Sunkoshi Gaunpalika
Udayapurgadhi Gaunpalika
Rautamai Gaunpalika
Katari Nagarpalika
Triyuga Nagarpalika
Chaudandigadhi Nagarpalika
Belaka Nagarpalika
Koshi Tappu Wildlife Reserve
Legend
Municipality_office
National Highway
Boundary
Chaudandigadhi Municipality
Office of the Rural Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale 1:175000
0
3,500
7,000
14,000
m
Projection System: Modified UTM_87, Speroid : Everest 1830



Chaudandigadhi Municipality
Ward Division Map
(Strategic Road Network)
N
86°50'0"E
86°55'0"E
87°0'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Khotang District
Bhojpur District
Triyuga Municipality
Triyuga Municipality
Belaka Municipality
Saptari District
14DR019
14DR018
14DR017
F57
F64
Ranitar
Bangshila
Dhodeni
Todke
Sanwadanda
Sugachari
Gadanta
Chaudandigadhi
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Birendrabazaar
Kattike
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Lamechauri
Makamdanda
Beltar
Sugare
Mangalbare
Bhulke
Belkha
Devdhar basti
Barkhedanda
Lauwagadhi gaun
Patwari tole
Jhorpata
Kechuwa
Egharaghare
Hadiya
Shivanagar
Jiraittol
Andheri
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality_office
Ward_office
District roads
Feeder roads
Boundary
Chaudandigadhi Municipality
Office of the Rural Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830

# Chaudandigadhi Municipality Landuse Map





Chaudandigadhi Municipality
Slope Map
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Belaka Municipality
Saptari District
Bangshila
Dhodeni
Ranitar
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Birendrabazaar
Kattike
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Lamechauri
Makamdanda
Beltar
Sugare
Mangalbare
Bhulke
Barkhedanda
Belkha
Devdhar basti
Lauwagadhi gaun
Patwari tole
Jhorpata
Kechuwa
Hadiya
Egharaghare
Shivanagar
Jiraittol
Andheri
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
86°45'0"E
86°50'0"E
86°55'0"E
87°0'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Legend
Municipality_office
District roads
Feeder roads
Boundary
Slope(Degrees)
0 to 5
5 to 12
12 to 25
25 to 40
40 to 67
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Department Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830



Chaudandigadhi Municipality
Elevation Map
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Triyuga Municipality
Belaka Municipality
Saptari District
86°50'0"E
86°55'0"E
87°0'0"E
86°45'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Bangshila
Dhodeni
Ranitar
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Kattike
Birendrabazaar
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Lamechauri
Makamdanda
Beltar
Sugare
Mangalbare
Bhulke
Barkhedanda
Belkha
Lauwagadhi gaun
Devdhar basti
Patwari tole
Jhorpata
Kechuwa
Egharaghare
Hadiya
Jiraittol
Shivanagar
Andheri
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality_office
District roads
Feeder roads
Boundary
Elevaion,metre
Value
99 - 200
201 - 400
401 - 600
601 - 800
801 - 1,060
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830




Chaudandigadhi Municipality
River Network Map
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Triyuga Municipality
Belaka Municipality
Saptari District
86°50'0"E
86°55'0"E
87°0'0"E
86°45'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Sunkoshi Nadi
Bangshila
Dhodeni
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Ranitar
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Kattike
Birendrabazaar
Bhitte
Chuniya Khola
Kusumchauri
Simaltar
Dhappad
Madibas
Makamdanda
Lamechauri
Beltar
Mangalbare
Duwar khola
Sugare
Teliya Khola
Bhulke
Late Khola
Barkhedanda
Belkha
Devdhar basti
Lauwagadhi gaun
Dwar Khola
Kali Khola
Jhorpata
Lama khola
Patwari tole
Hadiya
Kechuwa
Egharaghare
Shivanagar
Jiraittol
Andheri
Shrilangkatol
Triyga nadi
Raksaha
Siwai chowk
Pradhan tole
Sibai Khola
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality_office
Rivers
District roads
Feeder roads
Boundary
Lakes and pond
Riverbed
Waterbody
HillSha_DEM111
Value
254
127
0
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Department Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830




Chaudandigadhi Municipality
Road Network Map
(Heirarchy by Surface)
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Belaka Municipality
Saptari District
86°45'0"E
86°50'0"E
86°55'0"E
87°0'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Bangshila
Ranitar
Dhodeni
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Kattike
Birendrabazaar
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Lamechauri
Makamdanda
Beltar
Sugare
Mangalbare
Bhulke
Barkhedanda
Belkha
Devdhar basti
Lauwagadhi gaun
Patwari tole
Kechuwa
Jhorpata
Egharaghare
Hadiya
Jiraittol
Shivanagar
Andheri
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality_office
Road Surface
Blacktop
Gravel
Earthern
Bridge
Rocky
Boundary
Buildup area
Chaudandigadhi fort area
Cultivation
Forest
Lakes and pond
Landslide area
Riverbed
Waterbody
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830


Chaudandigadhi Municipality
Road Network Map
(Heirarchy by Width)
N
Khotang
District
Bhojpur
District
Triyuga
Municipality
Belaka
Municipality
Triyuga
Municipality
Saptari
District
Bangshila
Dhodeni
Ranitar
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
1
Lungintar
Darula
Pandite
Turlungtar
Kattike
8
Birendrabazaar
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Makamdanda
Lamechauri
2
3
Beltar
7
Sugare
Mangalbare
Bhulke
Barkhedanda
Belkha
Lauwagadhi
gaun
Devdhar basti
10
6
Jhorpata
Patwari tole
Kechuwa
4
Egharaghare
Hadiya
Shivanagar
Jiraittol
Andheri
9
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
5
86°50'0"E
86°55'0"E
87°0'0"E
86°45'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Legend
Municipality_office
Widthclass
less than 4m
4.5m to 6m
7m to 9m
10m to 14m
Boundary
Buildup area
Chaudandigadhi fort area
Cultivation
Forest
Lakes and pond
Landslide area
Riverbed
Waterbody
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830




Chaudandigadhi Municipality
Road Network Map
(Heirarchy by Priority)
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Belaka Municipality
Saptari District
Bangshila
Dhodeni
Ranitar
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Kattike
Birendrabazaar
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Lamechauri
Makamdanda
Beltar
Sugare
Mangalbare
Bhulke
Barkhedanda
Belkha
Lauwagadhi gaun
Devdhar basti
Patwari tole
Jhorpata
Kechuwa
Egharaghare
Hadiya
Jiraittol
Shivanagar
Andheri
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
86°45'0"E
86°50'0"E
86°55'0"E
87°0'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Legend
Priority
1, Existing
1, New
2, Existing
2, New
3, Existing
3, New
4, Existing
4, New
5, Existing
5, New
Legend
Municipality_office
District roads
Feeder roads
Boundary
Buildup area
Chaudandigadhi fort area
Cultivation
Forest
Lakes and pond
Landslide area
Riverbed
Waterbody
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830


# Chaudandigadhi Municipality Physical Infrastructure Map




# Chaudandigadhi Municipality
# Social Infrastructure Map




# Chaudandigadhi Municipality
# Economic Infrastructure Map




# Chaudandigadhi Municipality
# Proposed A class Road Map




Chaudandigadhi Municipality
Proposed B Class Road Map
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Triyuga Municipality
Belaka Municipality
Saptari District
86°50'0"E
86°55'0"E
87°0'0"E
86°45'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
Bangshila
Ranitar
Dhodeni
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Kattike
Birendrabazaar
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Makamdanda
Lamechauri
Beltar
Sugare
Mangalbare
Bhulke
Belkha
Lauwagadhi gaun
Devdhar basti
Barkhedanda
Patwari tole
Jhorpata
Kechuwa
Egharaghare
Hadiya
Shivanagar
Andheri
Jiraittol
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
B001
B002
B003
B005
B006
B007
B008
B009
B010
B011
B012
B013
B015
B016
B017
B018
B019
B020
B021
B022
B023
B025
B026
Legend
Municipality_office
A
B, Existing
B, New
Feeder roads
Boundary
Buildup area
Chaudandigadhi fort area
Cultivation
Forest
Lakes and pond
Landslide area
Riverbed
Waterbody
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Department Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830

# Chaudandigadhi Municipality
# Proposed C Class Road Map





Data Source:Department Of Survey
Field Survey 2022


*Scale 1:100000* 0 2,500 5,000 10,000 m

Projection System: Modified UTM_87, Speroid : Everest 1830

86°45'0"E 86°50'0"E 86°55'0"E 87°0'0"E

# Chaudandigadhi Municipality Consodilated Road Network Map




Chaudandigadhi Municipality
Proposed D class Road Map
86°45'0"E
86°50'0"E
86°55'0"E
87°0'0"E
26°55'0"N
26°50'0"N
26°45'0"N
26°40'0"N
N
Khotang District
Bhojpur District
Triyuga Municipality
Triyuga Municipality
Belaka Municipality
Saptari District
Bangshila
Dhodeni
Ranitar
Todke
Sugachari
Gadanta
Chaudandigadhi
Sanwadanda
Apraha
Lungintar
Darula
Pandite
Turlungtar
Birendrabazaar
Kattike
Bhitte
Kusumchauri
Simaltar
Dhappad
Madibas
Makamdanda
Lamechauri
Beltar
Sugare
Mangalbare
Bhulke
Barkhedanda
Belkha
Lauwagadhi gaun
Devdhar basti
Patwari tole
Jhorpata
Kechuwa
Egharaghare
Hadiya
Jiraittol
Shivanagar
Andheri
Shrilangkatol
Raksaha
Siwai chowk
Pradhan tole
Aminikharka
Lalbhitte
Gadhi tole
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality_office
Feeder roads
D, Existing
D, New
C Class road
B Class road
A Class road
Boundary
Buildup area
Chaudandigadhi fort area
Cultivation
Forest
Lakes and pond
Landslide area
Riverbed
Waterbody
Chaudandigadhi Municipality
Office of the Municipality Executive
Beltar,Udayapur
Province no: 1, Nepal
Data Source:Departmant Of Survey
Field Survey 2022
Scale
1:100000
0
2,500
5,000
10,000
m
Projection System: Modified UTM_87,
Speroid : Everest 1830